



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक २४ काठमाडौं | ३० फागुन २०७६ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 13, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ

# अनअराइभल भिसा वैशाख १८ सम्म बन्द

- स्थल मार्गबाट पनि विदेशी आउन नपाउने
- भारततर्फको आउजाउ निश्चित नाकाबाट मात्रै
- हिमाल आरोहण र श्रम स्वीकृति बन्द

**जगदीश्वर पाण्डे** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको त्रास बढेसँगै नेपाल र भारतबीच आउजाउका लागि केही निश्चित सीमा नाका मात्र सञ्चालन गरिने भएको छ। उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले व्यवस्थित भन्सारसहितका नाकाबाट मात्र स्वास्थ्य परीक्षण गरी आवागमनको व्यवस्था मिलाउने निर्णय गरेको छ। भारतीय स्वास्थ्य मन्त्रालयले पनि बुधबार सूचना जारी गर्दै 'सडक मार्ग हुँदै आउने विदेशीको आवागमनलाई पर्याप्त स्वास्थ्य परीक्षण सुविधा भएका अध्यागमन जाँच चौकीसहितका नाकामा सीमित गरिने' भनेको थियो।

अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले कोभिड-१९ को महामारीबाट बच्न भारतसँग जोडिएका खास-खास नाकाबाट मात्र व्यवस्थित रूपमा आउजाउ गर्न गृह र परराष्ट्र मन्त्रालयले समन्वय गरेर काम गर्ने बताए। व्यवस्थित नाकामा काँकडभिट्टा, जोगबनी, रक्सौल, भैरहवा र कञ्चनपुर छन्। चीनतर्फका नाका बन्द गरिसकिएका छन्।

खतिवडाले बैठकमा संक्रमण जोखिमको समीक्षा गरिएको बताए। 'दक्षिणतर्फ भारतमा पनि संक्रमित व्यक्तिहरू बढ्दै गरेकाले हामीले कस्तो सतर्कता अपनाउने भनेर बैठकमा छलफल गर्‍यौं,' उनले भने। **बाँकी पृष्ठ ५**

**कोरोना संक्रमणसम्बन्धी थप समाचार पृष्ठ ५ मा**


रासस


पर्वत पोर्तेल

**प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक (बायाँ)। र, काँकडभिट्टास्थित पूर्वी नाकामा रहेको हेल्थ डेस्कमा युक्रेनी दम्पतीको ज्वरो नापिँदै। ज्वरो १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि हुनुका साथै रुघाखोकीसमेत लागेकाले आइसोलेसनमा बस्न आग्रह गर्दा नमानेपछि उनीहरूलाई भारततर्फ फर्काइएको छ।** समाचार पृष्ठ ५।

## नेपाली र भुटानीबाहेकलाई भारत प्रवेशमा रोक

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

कोभिड-१९ को संक्रमण विस्तारसँगै भारतले शुक्रबारबाट लागू हुने गरी विदेशी नागरिकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएको छ। त्यस्तो रोक भिसा लिनुपर्ने मुलुकहरूका लागि मात्र भएकाले नेपालीले आउजाउ गर्न पाउनेछन्।

भारतीय उच्च अधिकारीहरूको बुधबारको बैठकले शुक्रबार १२ बजेबाट लागू हुने गरी भिसा लिनुपर्ने मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको हो। नेपाल र भुटानका नागरिकले भारत पस्न भिसा लिनुपर्दैन। भारतले तेस्रो मुलुकका नागरिकलाई हवाई मार्ग हुँदै आउन रोक लगाएको हो। कोभिड-१९ संक्रमणको शंका लाग्यो भने हवाई मार्ग हुँदै भारत आउने नेपालीले १४ दिन क्वारेन्टाइनमा बस्नैपर्छ।

भारतले कोभिड-१९ संक्रमणको जोखिम घटाउन स्थल मार्गका प्रवेशबिन्दुहरूमा पनि कडाइ गरेको छ। नेपालतर्फ पनि पर्याप्त स्वास्थ्य परीक्षण सुविधासहित केही ठूला नाका मात्र सञ्चालन गर्ने तयारी छ। अन्य साना नाका बन्द गरिए रोजगारीलगायतका प्रयोजनका लागि भारत आउने नेपाली प्रभावित हुनेछन्। यसले तराईका ग्रामीण भेगका बासिन्दालाई ज्यादा असर पार्नेछ।

नेपाल-भारतबीचको १७५१ किलोमिटर खुला सीमामा औपचारिक रूपमा करिब दुई दर्जन नाका चलेका छन्। तीमध्ये पाँच प्रमुख नाका हुन्। दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता हरि ओडारीले नाकामा स्वास्थ्य परीक्षणबाहेक अन्य कुनै किसिमको अवरोध नभएको बताए। **बाँकी पृष्ठ ५**

## आपूर्तिमा असर पर्दैन : मन्त्रालय

**कृष्ण आचार्य र राजु चौधरी** (काठमाडौं)

कोभिड-१९ संक्रमण फैलिन नदिन मानिसको आउजाउमा कडाइ गरिए पनि नेपाल र भारतबीचको आपूर्ति प्रणालीमा असर नपर्ने सरकारले जनाएको छ। संक्रमणको जोखिमले मानिसको आउजाउमा कम हुँदै गई आपूर्ति प्रणालीमा समस्या देखिए के गर्ने भनेर विकल्पमा समेत गृहकार्य थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

'भारतीय दूतावासले नेपाली नागरिकको आउजाउ नरोक्ने भनिसकेको छ, त्यसैले हाम्रो व्यापारको प्रमुख मुलुक भारतसँगको आयात-निर्यातमा समस्या पर्दैन,' आपूर्ति सचिव बैकुण्ठ अर्यालले भने।

नेपालमा दैनिक उपभोग्य, औषधि, पेट्रोलियम पदार्थसहित ६० प्रतिशतभन्दा बढी सामग्री भारतबाट आयात हुन्छ। नेपालबाट निर्यात पनि सबैभन्दा बढी भारतमै हुन्छ। तेस्रो मुलुकबाट पनि भारत हुँदै सामान नेपाल भित्र्याइन्छ। भन्सार विभागको तथ्यांकअनुसार यस वर्षको ७ महिनामा विश्वभरबाट आयात भएका सामग्रीमध्ये ६१ प्रतिशत भारतबाट हो। यस अवधिमा ८ खर्ब ३ अर्ब रुपैयाँको सामग्री आयात भएकामा भारतबाट करिब ४ खर्ब ९६ अर्ब रुपैयाँको सामान भित्रिएको छ। **बाँकी पृष्ठ ५**

**भित्र**

**समाचार । २**



'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

**समाचार । २**

अब मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

**समाचार । ३**

नेकपा एमसीसी कार्यदलको निष्कर्ष- 'पूरक सम्झौता गर्नु बेइमानी'

**समाचार । १०**

किशोरी अपहरण गर्ने चन्द समूहका १४ जना हतियारसहित पक्राउ

**अर्थ वाणिज्य । १३**



घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

## कञ्चनपुरको ५० बिघा भूभाग भारततिर

**भवानी भट्ट** (कञ्चनपुर)

- बेलौरी नगरपालिकाका ४० परिवारको जग्गा र महाकाली सिँचाइ आयोजनाको नहर पनि भारतपट्टि
- सीमास्तम्भ गाड्न भारतले नेपाली भूमिमा खाल्डो खन्न थाल्यो

सीमासम्बन्धी संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाटै हटाइयो **पृष्ठ १४**

तत्कालीन बैतडी जिल्ला पञ्चायतले कञ्चनपुरको सीमा क्षेत्रमा पूर्वसैनिकलाई बसोबास गराउने निर्णय गरेपछि दार्चुलाको लाली क्षेत्रका दिलराज पन्त भारतीय सेनाको जागिर छाडेर घर फर्किए। उनी हालको बेलौरी नगरपालिकाको भुडा क्षेत्रमा बसोबास गर्न थाले।

त्यतिबेला उनले पाएको डेढ बिघा जमिन अहिले भारतीय क्षेत्रमा परेको छ। पछिल्लो पटक संयुक्त सीमा सर्भे टोलीले विगतको सीमाभन्दा निकै वर आएर पिल्लर गाड्न खोजेको छ। 'यही सीमा रक्षाका लागि हामी चोर र डाँकाहरूसँग लडेर यहाँ बस्यौं,' पन्त भन्छन्, 'अहिले त्यही जमिन पनि भारतमा पर्ने देखिएको छ।'

साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ। चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ। यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा परेको छ।

'हामीसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छौं, पानीपोत पनि तिरिरहेका छौं,' पन्त भन्छन्, 'अहिले आएर यो जमिन भारतमा कसरी पर्‍यो, जसको रक्षाका लागि हामीलाई बसाइयो, त्यही जमिन भारतमा कसरी हालियो।' उनका अनुसार गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ। ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएका हुन्।

खेमराज पन्तको पनि २०२८ मा बुबा जयदत्त पन्तले पाएको आधा बिघा जमिन अहिले भारतमा परेको छ। जयदत्त दिलराजसँगै २०२८ मा पूर्वसैनिकलाई सीमामा बसाउन थालेपछि यहाँ आएका हुन्। उनले पनि डेढ बिघा जमिन पाएका थिए। 'सुरुमा चार बिघा दिने भनिएको थियो, २०५४ मा नापी हुँदा डेढ बिघा मात्रै दिइएको हो,' खेमराजले भने, 'सरकारले यसरी दिएको जमिनमा अहिले संयुक्त टोलीले पिल्लर हाल्दै छ।'

बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीको पनि अढाई बिघा जमिन पूरै भारततर्फ परेको छ। 'भारतीय भूभाग थियो भने हामीलाई कसरी लालपुर्जा दिइयो, अनि भारतीय भूभागमै नहर कसरी निर्माण भयो ?' उनले सोधे। उनका अनुसार ४० भन्दा बढी परिवारको ५ कट्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतमा जाने देखिएको छ। **बाँकी पृष्ठ १४**




## उकालो लाग्दै बाघ

स्याटेलाइट रेडियो कलरको रेकर्डमा एउटा बाघ प्रेमिका (पोथी) को खोजीमा नहर, खेत, जंगल र सडक हुँदै दुई हजार किमिसम्म हिंडेको देखिन्छ, जसले बाघ धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ

**अब्दुल्लाह मियाँ** (काठमाडौं)

पहाडी क्षेत्रका विभिन्न भेगमा चितुवा आतंक बढिरहेका बेला पाटे बाघ पनि उच्च भागतिर बसाइँ सर्न थालेका छन्। राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल कम भएकाले बाघ उँभो चढेका हुन्। भुटानमा ४२ सय र भारतको उत्तराखण्डमा २९ सय मिटरमा भेटिएका बाघ नेपालमा पनि ८ सय मिटर उचाइसम्म उक्लिसकेका छन्। चुरे र दुन क्षेत्रका बस्तीमा यिनीहरू देखिन थालिसकेका छन्।

जलवायु परिवर्तनका कारण आहारमा आएको फेरबदलले बाघका आहार मृग प्रजाति र बँदेल



उच्च भागतिर सर्दै गएकाले बाघ पनि उकालो लागेको हो। नेपाल र भारतमा बाघ प्रायः तल्लो तटीय क्षेत्रको सयदेखि दुई सय मिटर उचाइमा छन्। पछिल्लो अध्ययनले नेपालमा २ सय ३५ र भारतमा २ हजार ९ सय ६७ बाघ देखाएको छ। दुई वर्षअघिको सर्वेक्षणमा नेपालका १२ जिल्ला बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, सल्यान, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा बाघ भेटिएका थिए। डब्लूडब्लूएफ नेपालका बाघविज्ञ कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार उपलब्धता र कोलाहल नहुने हो भने नेपालमा पनि तल्लो क्षेत्रमा रहेका बाघ उच्च भागसम्मै जान सक्छन्। **बाँकी पृष्ठ १४**

## छोटकरी

### प्रधानमन्त्रीको पिसाबमा संक्रमण देखिएन : चिकित्सक



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीलाई संक्रमण भएको आशंका गरिए पनि पिसाब कल्चरको रिपोर्ट सामान्य आएको छ । निजी चिकित्सक डा. दिव्यासिंह शाहका अनुसार कल्चरको रिपोर्टमा प्रधानमन्त्रीको पिसाबमा कुनै संक्रमण देखिएको छैन । प्रधामन्त्रीलाई पिसाबको संक्रमण भएको हुन सक्ने आशंका गर्दै चिकित्सकहरूले ४८ घण्टाअघि उनको पिसाब जाँच गर्न पठाएका थिए । स्रोतका अनुसार प्रधानमन्त्रीको शरीरमा केरिटिनिनको स्तर सामान्य रहे पनि उनको पिसाब केही टर्बिड (हेर्दा सफा नभएर केही बाक्लो देखिने) देखिएपछि चिकित्सकले संक्रमणको आशंका गरेका थिए । कल्चरको रिपोर्ट सामान्य आएपछि शुक्रबार बिहानको राउन्डपछि ओलीलाई डिस्चार्ज गर्ने या अस्पतालमै राख्ने भन्ने निर्णय गरिने डा. शाहले बताइन् । उनका अनुसार कल्चरको रिपोर्टसँगै बिहीबार अन्य परीक्षणको रिपोर्ट पनि सामान्य आएको छ । यसअघि प्रधानमन्त्री निवास बालुवाटारमा पनि मन्त्रिपरिषद् बैठकलगायत अन्य भेटघाटका लागि विशेष प्रकारको व्यवस्था मिलाउन केही समय लाग्ने भएकाले प्रधानमन्त्रीको डिस्चार्ज मिति केही पछि धकेलिएको जानकारी दिइएको थियो ।

### सम्पत्ति शुद्धीकरणमा साहलाई ५ वर्ष कैद सजाय

काठमाडौं (कास)- विशेष अदालतले सम्पत्ति शुद्धीकरणको अभियोगमा पूर्वराज्यमन्त्री सञ्जय साहलाई ५ वर्ष कैद सजाय सुनाएको छ । दुई साताअघि १४ करोड २५ लाख बिगो र त्यति नै जरिवाना सुनाएको विशेष अदालतले साहमाथि बिहीबार कैद तोकेको हो । विशेष अदालतका सदस्यहरू कृष्ण गिरी, शान्तिसिंह थापा र चन्द्रबहादुर सारूको इजलासले सम्पत्ति शुद्धीकरणको अभियोगमा साहको १४ करोड २५ लाख १ हजार रुपैयाँको स्रोत खुल्न नसकेको ठहर गरेको थियो । विशेष अदालतले सम्पत्ति शुद्धीकरण निवारण ऐन जारी हुनुभन्दा अघिको आर्जनको सवालमा दोषी ठहर गर्न नमिल्ने फैसला गरिसकेको छ । नयाँ मुलुकी अपराध संहिताअनुसार ३ वर्षभन्दा बढी कैद किटान हुने फौजदारी अभियोगमा सजाय तोक्न छुट्टै सुनुवाइ हुनुपर्छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले साहविरुद्ध ३२ करोड ४ लाख रुपैयाँ बिगो मागदाबी गरी विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

### घूससहित कर्मचारी पक्राउ

बुटवल (कास)- कपिलवस्तु जिल्ला अदालतका एक कर्मचारी दुई लाख रुपैयाँ घूससहित पक्राउ परेका छन् । दोभासेका रूपमा करारमा कार्यरत विश्वनाथ कुर्मी (चौधरी) ठगी मुद्दा सहजीकरण गरिदिने भन्दै बिहीबार सेवाग्राहीसँग घूस लिँदै गर्दा पक्राउ परेका हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले कपिलवस्तु नगरपालिका-१ स्थित महामाया प्रेस गौढीचोक, तौलिहवामा घूस रकम लिँदै गर्दा उनलाई नियन्त्रणमा लिएको हो । थप अनुसन्धानका लागि उनलाई बुटवल ल्याइएको सूचना अधिकृत सुरेश भुसालले जानकारी दिए ।

### साहको हत्या अभियुक्त थुनामा

बारा (कास)- बारा जिल्ला अदालतले पत्रकार वीरेन्द्रकुमार साहको हत्याका मुख्य अभियुक्त कुन्दन भनिने नरेन्द्र फौजदारलाई मुद्दाको थप पुष्टिका लागि बिहीबार थुनामा पठाउने आदेश दिएको छ । न्यायाधीश खिलनाथ रेग्मीको इजलासले बिहीबार फौजदारलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो । प्रहरीले फौजदारलाई घटनाको १२ वर्षपछि गत आइतबार घरबाटै पक्राउ गरेको थियो । बारागढी गाउँपालिका-६ गडहल गाउँका ५१ वर्षीय फौजदार राजनीतिक संरक्षणमा लुकिछिपी बस्दै आएका थिए ।




दाङको घोराहीमा बिहीबार बालविवाहविरुद्ध आयोजित सचेतनामूलक र्‍यालीमा सहभागी किशोरी । तस्बिर : दुर्गालाल केसी/कान्तिपुर

# 'योग्यता पुगेका सबै न्यायाधीश हुन सक्दैनन्'

**कृष्ण ज्ञवाली** (काठमाडौं)

सर्वोच्च अदालतले योग्यता पुगेका सबै व्यक्ति न्यायाधीश नियुक्त हुन नसक्ने व्याख्या गरेको छ । सुशीला कार्की प्रधानन्यायाधीश भएका बेला ८० जनालाई उच्च अदालतको न्यायाधीशमा नियुक्त गर्ने निर्णयविरुद्ध परेको मुद्दामा सर्वोच्चले 'वरिष्ठताका आधारमा मात्रै न्यायाधीश नियुक्तिमा हकदाबी गर्न नमिल्ने' जनाएको हो । सर्वोच्चले नियुक्ति नपाएकै कारण योग्यता पुगेकाहरूको हक हनन भयो भन्न नमिल्ने ठहर गरेको छ ।

८० न्यायाधीश नियुक्ति गर्दा सरकारी वकिल समूहमा आफू वरिष्ठतम अधिकृत हुँदासमेत अवसर नपाएको भन्दै नायब महान्यायाधिवक्ता दुर्गाबन्धु पोखरेललगायतका चार जनाले रिट निवेदन दर्ता गरेका थिए । अर्को रिटमा अधिवक्ता तोयानाथ ढुंगानाले आफूलाई नियुक्त नगरिएका कारण संविधानले दिएको रोजगारीको हक हनन भएको तर्क गरेका थिए । पाँच वटा निवेदनको एकमुष्ट सुनुवाइ गर्दै सर्वोच्चले गत वर्ष चैत २९ मा सबै निवेदन खारेज गरेको थियो । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले निवेदन खारेज गरेको हो ।

हालै सार्वजनिक भएको फैसलाको पूर्ण पाठमा न्याय सेवाका अधिकृत कर्मचारीहरूले न्यायाधीश पदलाई बढुवाबाट प्राप्त हुने उपलब्धिका रूपमा बुझ्न नहुने व्याख्या गरिएको छ । 'आफ्नो सेवामा बढुवा भएसरह गणितीय आधारमा न्यायाधीश पदमा नियुक्त हुने भन्ने कुरा संविधान तथा कानुनी व्यवस्थाको अध्ययनबाट देखिँदैन,' फैसलामा छ, 'नियुक्तिको प्रक्रियाबाट न्यायाधीश पद प्राप्त हुने हुँदा त्यसलाई कर्मचारीको बढुवा वा पदोन्नति जस्तो समान रूपमा लिन मिल्ने देखिँदैन । न्यायपरिषद् ऐनमा केवल न्यायाधीश नियुक्ति गर्ने प्रक्रियालाई आधारका रूपमा वरिष्ठतालाई मानक मानेको हो ।' फैसलाले वरिष्ठताका साथै अन्य मापदण्डलाई पनि मनन गर्नुपर्ने भनेको छ ।

ऐनले वरिष्ठताका साथै अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमानदारी, निष्पक्षता, पेसागत तथा नैतिक आचरणजस्ता संवेदनशील पक्षलाई समेत उल्लेख गरेको भन्दै फैसलाले केवल वरिष्ठताका आधारमा मात्रै न्यायाधीश नियुक्ति हुन नसक्ने मत अघि सारेको छ । त्यसबाहेक फैसलाले अन्य विषयलाई पनि नियुक्तिको आधारका रूपमा लिइने भन्दै योग्यता पुगेका कर्मचारीले न्यायाधीश पदलाई बढुवा वा पदोन्नति हुनैपर्ने भन्ने अर्थमा लिन नमिल्ने राय दिएको छ । जिल्ला र उच्च अदालतको न्यायाधीश नियुक्तिका क्रममा आफूहरूलाई विभेद गरिएको भन्दै सरकारी वकिलहरूले बारम्बार गुनासो गर्ने गरेका छन् । उनीहरूको तुलनामा न्याय प्रशासन समूहमा काम गर्नेहरूले प्राथमिकता पाउँछन् । संविधान र कानुनमै वरिष्ठतालाई समेत आधार बनाएको अवस्थामा नियुक्तिका क्रममा न्यायपरिषद्ले विभेद गर्न नहुने भनी नायब महान्यायाधिवक्ता पोखरेलले निवेदन दिएका थिए ।




**सर्वोच्चको व्याख्या**

- नियुक्ति नपाएकै कारण हक हनन नहुने
- वरिष्ठताका आधारमा मात्रै दाबी गर्न नमिल्ने
- बढुवामा जस्तो दाबी गर्न उचित नहुने
- स्वार्थ पूरा नभएपछि सार्वजनिक सरोकार भन्न नमिल्ने

नियुक्ति पाउनुपर्ने दाबीसहित निवेदन दिने अधिवक्ता ढुंगानाको अर्को मुद्दाको व्याख्याका क्रममा सर्वोच्चले 'योग्यता पुगेका सबै व्यक्तिले न्यायाधीशमा नियुक्ति पाउन नसक्ने' व्याख्या गरेको छ । कसैलाई रोजगारीको हक सुनिश्चित गराउन न्यायाधीश पद सिर्जना नगरिएको भन्दै सर्वोच्चले फैसलामा त्यो पदमा नियुक्ति नपाउँदैमा कसैको हक हनन नहुने व्याख्या गरेको छ । 'न्यायपरिषद्मा दरखास्त दिएर नियुक्ति नभएपछि उक्त विषयलाई सार्वजनिक सरोकारको विषय भनी उठान गरेको देखियो,' फैसलामा छ, 'व्यक्तिगत अभीष्ट पूरा गर्न कसैले दाबी गर्दैमा सार्वजनिक सरोकारको रोहमा ग्रहणयोग्य देखिएन ।' आफूलाई लाभ नभएपछि कुनै विषयलाई सार्वजनिक सरोकार भनी अर्थ लगाउन नमिल्ने निष्कर्ष सर्वोच्चको छ ।

न्यायाधीश नियुक्तिका लागि पटकपटक छलफल र गृहकार्य भएको देखिएको भन्दै सर्वोच्चले उच्च अदालतमा नियुक्ति गर्दा वरिष्ठताका साथसाथै अन्य मापदण्ड पनि तोकेकाले त्यसलाई हेर्नुपर्ने व्याख्या गरेको छ । वरिष्ठताको अक्षरशः पालना नगर्दैमा नियुक्ति गैरकानुनी हुन नसक्ने भन्दै सर्वोच्चले अन्य मापदण्ड र सर्तहरूलाई पनि त्यसक्रममा मूल्यांकन गर्नुपर्ने फैसला गरेको छ । फैसलामा भनिएको छ, 'नियुक्ति गर्दा संविधान र ऐनको कुनै प्रावधान र व्यवस्थाको प्रत्यक्ष उल्लंघन भएको भनी निवेदनमा उल्लेख गर्न सकेको देखिएन ।'

२०७३ पुस २८ मा न्यायपरिषद्ले उच्च अदालतमा रिक्त ८० न्यायाधीशको नाम सिफारिस गरेको थियो । भोलिपल्टदेखि वरिष्ठतम न्यायाधीश वैद्यनाथ उपाध्यायले अवकाश पाई उनको ठाउँमा गोपाल पराजुली पुग्ने भएपछि न्यायाधीश सिफारिसका क्रममा विवाद हुन सक्ने ठानेर अघिल्लै दिन प्रधानन्यायाधीश सुशीला कार्कीको जोडबलमा न्यायाधीशहरूको नाम सिफारिस भएको थियो । तत्कालीन प्रधानन्यायाधीश कार्कीले शैक्षिक प्रमाणपत्र र जन्ममितिको विवरण खोजेपछि वरिष्ठतम न्यायाधीश पराजुलीसँग उनको सम्बन्ध बिग्रिएको थियो । न्यायाधीश नियुक्तिका क्रममा पराजुलीले झनै असहयोग गर्ने ठानेर अघिल्लै दिन कार्कीको नेतृत्वमा निर्णय भएको थियो ।

नियुक्तिका क्रममा आफ्नो रुचिका व्यक्तिहरू सिफारिस गराएका न्यायपरिषद् सदस्य रामप्रसाद सिटौला बीचैमा बैठक छाडेर हिँडेका थिए । वरिष्ठतम न्यायाधीश उपाध्याय 'नियुक्तिमा मेरो विमति छैन' भन्दै बैठकमा उपस्थित थिएनन् । बैठकबारे जानकारी भएकै अवस्थामा दुई सदस्यले छाड्दैमा नियुक्ति गैरकानुनी भन्न नमिल्ने भन्दै सर्वोच्चले त्यसलाई कानुनसम्मत ठहर्‍याएको हो ।

आफूलाई छलेर न्यायाधीश नियुक्त गरिएको ठानेका तत्कालीन वरिष्ठतम न्यायाधीश गोपाल पराजुलीले केहीलाई रिट निवेदन दर्ता गर्न लगाएका थिए भने केहीले आफैं निवेदन हालेका थिए । कार्कीको अवकाशपछि प्रधानन्यायाधीश भएका पराजुलीले नियुक्ति खारेज गरेर फेरि आफूअनुकूल नियुक्ति गर्न खोजेका थिए । प्रमाणपत्र विवादबाट आफैं बहिर्गमन भएपछि समेत उनले आफूपछिका प्रधानन्यायाधीश ओमप्रकाश मिश्रलाई प्रयोग गरेर नियुक्ति खारेज गर्न खोजेका थिए । न्यायपरिषद्ले त्यतिबेला न्याय प्रशासन, सरकारी वकिल र कानुन सेवाको विशिष्ट श्रेणीबाट पाँच जनाको नाम सिफारिस गरेको थियो ।

# मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

**ऋषिराम पौड्याल** (काठमाडौं)

प्रतिनिधिसभाले बहुराष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पूरक आलेख 'पालेर्मो प्रोटोकल' बिहीबार अनुमोदन गरेको छ । अब मानव बेचबिखन (महिला तथा बालबालिका) सम्बन्धी मुद्दा अन्तर्राष्ट्रिय अदालतमा चल्ने भएको छ । विदेशमा बेचिएका वा बेचिन लागेका र विभिन्न प्रलोभनमा पारेर काम लगाइदिने भन्दै बेचिएकै अवस्थामा पुगेका नेपालीको संरक्षणमा सम्बन्धित मुलुकको पनि दायित्व हुनेछ ।

नेपाल उक्त आलेख (अभिसन्धि) अनुमोदन गर्ने १ सय ७४ औं मुलुक हो । आलेख अनुमोदनको प्रस्ताव गृहमन्त्री रामबहादुर थापाले संसद्मा राखेका थिए । जसलाई सर्वसम्मत रूपमा पारित गरिएको हो । थापाले प्रस्ताव राख्ने क्रममा सत्ता र प्रतिपक्ष सांसदहरूले वैदेशिक रोजगारीका नाममा बेचबिखनको जोखिम बढेको भन्दै यसको नियन्त्रण र कानुनी उपचारका लागि आलेखलाई अनुमोदन गर्नुपर्ने बताएका थिए । आलेख अनुमोदनका लागि गत असारमा संसद्मा दर्ता गरिएको थियो । राष्ट्रिय सभाले आलेख अनुमोदन गरिसकेको छ ।

मानव बेचबिखन तथा ओसारपसारका सम्पूर्ण पक्षलाई सम्बोधन गर्ने विश्वव्यापी लिखत नभएको सन्दर्भ उल्लेख गर्दै संयुक्त राष्ट्रसंघले यो आलेख ल्याएको हो । अन्तर्राष्ट्रिय रूपमै बेचबिखन रोक्न र सजाय गर्न इटालीको पालेर्मोमा सन् २००० डिसेम्बरमा हस्ताक्षर खुला गरिएको थियो । त्यसैले यसलाई पालेर्मो प्रोटोकल पनि भन्ने गरिएको हो ।

आलेखमा हस्ताक्षर गरेका मुलुकले बेचबिखनमा परेका पीडितको सुरक्षा, शिक्षा, क्षतिपूर्ति, आवास, कानुनी तथा स्वास्थ्योपचार पाउने गरी आन्तरिक कानुन निर्माण गर्नुपर्नेछ । आलेखको धारा ७ ले पीडित जहाँको नागरिक भए पनि बेचिएको वा आतिथ्य प्रदान गर्ने मुलुकले उसलाई स्थायी वा अस्थायी बसोबासको अनुमति दिन सक्ने व्यवस्था गरेको छ । आलेखले १८ वर्ष पूरा नभएकालाई बालबालिका मानेको छ । आलेखको धारा ८ (१) मा भनिएको छ, 'मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्ति आतिथ्य प्रदान गर्ने राज्य पक्षको इलाकामा प्रवेश गर्दाका बखत जुन राज्यको नागरिक रहेको थियो वा जहाँ त्यस्तो व्यक्तिको स्थायी बसोबासको अधिकार रहेको थियो, त्यस्तो राज्य पक्षले सुरक्षामा उचित ध्यान दिई अनुचित वा अनावश्यक विलम्ब बिना फिर्ता ल्याउन सहजीकरण गर्ने र स्वीकार गर्नेछ ।'

आलेखका पक्षमा रहेका मुलुकले सीमाबाट पार भएका वा हुन लागेका व्यक्तिको विषयमा बेचबिखनका सूचना आदानप्रदान गर्नेछन् । यसबाट पीडित वा पीडकको अनुमतिपत्र, अनुमतिपत्रको किसिम, संगठित आपराधिक समूहले प्रयोग गरेको माध्यमलगायतका विषय आदानप्रदान गरिनेछ । बेचबिखनमा प्रयोग हुने नाका नियन्त्रण गर्ने, बेचबिखनमा प्रयोग भएका सवारीसाधनलाई रोक लगाउने जस्ता काम सम्बन्धित सरकारले गर्न सक्ने व्यवस्था छ । अन्तर्राष्ट्रिय सीमापार गर्ने यात्रुले जुन सवारीसाधन प्रयोग गरे पनि यात्रा अनुमतिपत्र राख्नुपर्नेछ ।

**धारा १५ मा 'रिजर्भेसन'**

सरकारले आलेखको धारा १५ को विवाद समाधानसम्बन्धी प्रावधानमा भने 'रिजर्भेसन' राखेको छ । उक्त धाराको उपधारा २ मा दुई मुलुकबीच विवाद भए अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्ने उल्लेख छ । गृहमन्त्री थापाले अदालतमा होइन कूटनीतिक र राजनीतिक रूपले हल गर्नुपर्छ भन्ने मान्यताअनुसार रिजर्भेसन राखेको जानकारी संसद्लाई दिएका छन् ।

स्रोतका अनुसार उक्त धारामा उल्लेख भएअनुसार नेपालमा रहेका शरणार्थी, द्वन्द्वकालीन मुद्दामा संलग्न व्यक्ति र अधिकारकर्मीलगायतलाई बलपूर्वक फिर्ता लैजाने र अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्न सक्ने खतरा रहेकाले यस्तो रिजर्भेसन राखिएको हो । आलेखमा उल्लिखित विषयमा विवाद भए मध्यस्थताकर्ताको समन्वयमा समाधान खोजिनेछ ।

# 'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

चीनको ताक्लाकोटमा मैदा लिन गएका हुम्ला, सिमकोटका २८ वर्षे **दावा लामा** जोखिम मोलेर हिउँको बाटो हुँदै घर फर्किए । उनका खुट्टाका औंला हिउँले 'खाएको' छ, अनुहारमा पनि हिउँले 'खाएका' खत छन् । जिल्लामा उपचार सम्भव नभएपछि नेपालगन्ज झरेर उनी यतिखेर भेरी अस्पतालमा भर्ना भएका छन् । हाल ताक्लाकोटमा १ सय ४८ जना नेपाली अलपत्र छन्, कोरोना संक्रमणको डरले नेपाल फर्कन चाहे पनि दुवै देशको सहमतिमा सीमा नाका बन्द गरिएकाले उनीहरू आउन नपाएका हुन् तर दावा कसरी हिउँ छिचोल्दै सिमकोट आइपुगे ? कोरोना संक्रमणको आशंकामा उनले कस्तो दुःख झेल्नुपर्‍यो ? कान्तिपुरकर्मी *मधु शाही*लाई उनले आफ्नो कथा यसरी सुनाए :

गएको वर्ष ८ क्विन्टल मैदा किनेको थिएँ ताक्लाकोट पुगेरै । हामी हिमाली भेगका मन्छे मैदाको परिकार निकै मन पराउँछ । मैदाबाट 'टी मोःमो' बनाएर खान रुचाउँछ । मैदाको पिठो मुछेर लाम्चो बनाई बीचमा काट्ने अनि बाफमा पकाएर तरकारीसित खाने चलन छ । जाडोमा यसले न्यानो गराउँछ । यो वर्ष जाडो एक महिनाअघि नै सकियो । घरमा बुढा बुबाआमा छन् । उनीहरूले मोःमो खान मन गरिरहेका थिए । बुबाआमाको माया लागेर मैदा लिन ताक्लाकोट गएको हुँ ।

दिनभरि मजदुरी गरी कमाएको दुई/चार पैसा बोकेर तीन साताअघि तिव्वतको ताक्लाकोट बजारतिर हिँडें । तीन दिन लगाएर पुगें तर हिउँ यति धेरै पर्‍यो कि बजारसम्म पुगेर सामान खरिद गर्नै सकिनँ । त्यहाँ नपुग्दै वारिबाट घर फर्कनुपर्‍यो । हिउँ परेर घुँडासम्मै पुग्यो । हुन त जुत्ता लगाएको थिएँ । हिउँ लागेपछि जुत्ताले काम गर्दैन भनेर बुढापाकाले भनेको सुनेको थिएँ । आफैंले भोग्दा डरै लाग्यो ।

हिल्सामा होटल टन्नै थिए । एक रात त्यहीं बसेर हिउँ मत्थर भएपछि घर फर्किएको भए पनि हुन्थ्यो तर एक रात हिल्साको टुरिस्ट होटलमा बस्न मेरो हैसियत थिएन । एक रात बसेको ७ सय युवान (चिनियाँ मुद्रा) लाग्छ, जुन हामी सामान्य मजदुरले सक्दैन । मसँग पैसा थियो । खर्च गरूँ भने मैदा किन्ने पैसा सकिन्छ । बरु हिउँको बाटो हुँदै घर फर्किने निधो गरें । दिनरात हिँडें । तीन दिनपछि मोचु भन्ने गाउँमा पुगें । त्यहाँसम्म म खुट्टाले भन्दा पनि हिम्मतले हिँडेको थिएँ । जुत्ता



चीनको ताक्लाकोटबाट फर्किएर नेपालगन्जस्थित भेरी अस्पतालमा उपचाररत हुम्ला, सिमकोटका दावा लामा । तस्बिर : कान्तिपुर

पूरै हिउँ बनेको थियो । हिउँ यति बाक्लो थियो । कहीं डुबाउन खोज्थ्यो । चिनेको बाटो भएर अनुमान लगाउँदै हिँडें ।

खुट्टाका औंला गलेर फत्रक्कै भएका थिए । मोचुदेखि एक पाइला हिँड्न सकिनँ । त्यहाँ प्रहरीले साथ दिए । प्रहरी क्याम्पमा तीन दिन बसें । गाउँका मन्छेले खुट्टामा 'खम्बु' को तेल लगाएर मालिस गरिदिए । न्याना लुगा दिए । खान दिए । न आफन्त न कोही । मोचुका मन्छेहरूको मन ठूलो रहेछ । धेरै सहयोग गरे । हिउँले खाएर खुट्टाको छाला सबै निस्किएको थियो । सुन्निएर भुइँ टेक्न नसक्ने भयो । प्रहरीले आफन्तलाई फोन गरिदिए । खबर पाएपछि दुई दिन पछि दाइ लिन आए । घरघरमा घोडा प्रशस्त छन् तर मोचु गाउँमा घोडा कसैले एकैछिनलाई भाडामा दिएनन् । दाइले ६५ हजार रुपैयाँमा घोडा किनेर त्यसैमा राखी हुम्लाको सिमकोट पुर्‍याए ।

एक दिन आधा लगाएर घोडामा सिमकोट अस्पताल पुगियो । रात परिसकेको थियो । हाम्रा गाउँका अस्पताल त्यति सुविधासम्पन्न छैनन् । डाक्टरले दुई दिन राखे र सलाइन पानी चढाए । यहाँ उपचार गर्नुभन्दा नेपालगन्ज गए राम्रो हुने सल्लाह दिए । हामीले उहाँले भने जस्तै गर्‍यौं । तीन दिनपछि हवाईजहाज हुँदै नेपालगन्ज आयौं । राँझा एयरपोर्टमा आउँदा मेरो मुख पूरै हिउँले खाएको थियो । खुट्टा सुन्निएको थियो । हिउँकै चिसोले ज्वरो आएको थियो । दाइले बोकेर ल्याएका थिए । यहाँको एयरपोर्टमा कोरोना संक्रमणको लक्षण जाँच गर्न थर्मामिटर राखेका रहेछन् । निधारमा लगाइदिए । १ सय १ डिग्री ज्वरो आएको र कोरोना भाइरसको आशंका भएको भन्दै पर्चामा लेखिदिएका रहेछन् । मलाई थाहा थिएन । त्यही पर्चा लगेर नेपालगन्जको भेरी अस्पताल पुगियो ।

बिहान भर्ना गर्न भनेको डाक्टरले आनाकानी गर्‍यो । खै किन भर्ना गरेन ? मनमनै सोचें- हामी हिमाली भेगका मन्छेको भाषा नबुझेर होला । दाइले अलिअलि अंग्रेजी जानेको रहेछ । पर्चामा पढेर कोरोनाको आशंका भएको लेखेको थाहा पायो । रुघा लागेको थिएन, खुट्टा सुन्निएको थियो । हिउँले खाएर उपचार गर्न आएको भन्दा समेत डाक्टरले पत्याएनन् । यसको पुष्टि गर्न दिनभरि वडा कार्यालय हुम्ला सिमकोट-३ का आफन्त र प्रहरीबीच डाक्टरलाई कुरा गर्न लगायौं । बेलुका मात्र अस्पतालले बेड नम्बर १०१ मा भर्ना गर्न मान्यो । नेपालगन्जमा उपचार गर्दै गरेको ८ दिन भयो । अहिले खुट्टा सुन्निन कम भएको छ । मुख बिस्तारै उज्यालो हुँदै छ ।

बेलैमा उपचार नपाएको भए हिउँले थोक्लै मर्ने थिएँ (झन्डै मर्ने थिए) । नेपालगन्ज भेरी अस्पतालमा भर्ना हुन आउँदा शरीरले थेग्न नसक्ने गरी बाक्ला लुगा लगाएको थिएँ । अहिले एकसरो टिसर्ट पनि फालुँझैं भएको छ, गर्मीले । रातभरि कानमा मच्छड कराउँछ । यो वर्ष हिउँ अलि बढी पर्‍यो । नत्र यसरी खुट्टा खाने थिएन । अस्पतालको बेडमा सुतिरहँदा उही आफ्नै हिमाली भेग सम्झिरहन्छु । र, सोच्छु, हिमालमा मच्छड लाग्दैन, हिउँको मात्र दुःख हो ।

नेकपा एमसीसी कार्यदलको निष्कर्ष

# ‘पूरक सम्झौता गर्नु बेइमानी’

एमसीसीसँगको सम्झौता कार्यान्वयनका लागि बनेको मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसीए) नेपालले अध्ययन-अनुसन्धान र कार्यालय सञ्चालनका लागि अहिलेसम्म १ करोड ६० लाख अमेरिकी डलर खर्च गरेको छ ।

**बिनु सुवेदी** (काठमाडौं)

अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सँगको अनुदान सम्झौताबारे अध्ययन गर्न बनेको नेकपाको कार्यदलले मूल सम्झौतालाई संसद्बाट अनुमोदन नगरी पूरक सम्झौता गरेर काम थाल्नु ‘राष्ट्रप्रतिको गम्भीर बेइमानी’ भएको निष्कर्ष निकालेको छ । कार्यदलले नेकपा अध्यक्षद्वयलाई बुझाएको विस्तृत अध्ययन प्रतिवेदनमा पूरक सम्झौता गरेर रकम निकासा गरिएको उल्लेख छ ।

‘यता मूल सम्झौता अनुमोदन भएको छैन, उता अर्थ मन्त्रालयले १०/१२ वटा पूरक सम्झौता गरेर बजेट पनि रिलिज गरिसकेको छ,’ कार्यदलसम्बद्ध स्रोतले कान्तिपुरसँग भन्यो, ‘यो जिम्मेवार पदमा बसेर राष्ट्रियतामाथि गरिएको बेइमानी हो । सरकारको सिटमा बसेर कमाउने अभियानमा लागेको जस्तो देखियो ।’

एमसीसीसँगको सम्झौता कार्यान्वयनका लागि बनेको मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसीए) नेपालले अध्ययन-अनुसन्धान र कार्यालय सञ्चालनका लागि अहिलेसम्म १ करोड ६० लाख अमेरिकी डलर खर्च गरेको छ । यो खर्च अर्थ मन्त्रालयसँग भएका पूरक सम्झौताका आधारमा गरिएको र मूल सम्झौता अनुमोदन नभए नेपाल सरकारलाई घाटा लाग्छ भन्ने नसोचिएको कार्यदलको निष्कर्ष छ । ‘यो नेपाल सरकारकै गम्भीर कमजोरी हो,’ प्रतिवेदनमा छ ।




अर्थमन्त्री युवराज खतिवडाले भने एमसीए-नेपालका लागि आवश्यक खरिद, कर्मचारी भर्ना, वन तथा जग्गा प्राप्ति र विद्युत्सम्बन्धी केही उपसम्झौता गर्नुपर्ने प्रावधानअनुसार पूरक सम्झौताहरू गरिएको प्रस्ट पारिसकेका छन् । ‘यी सम्झौता एमसीए र सम्बन्धित मन्त्रालय तथा निकायहरूसँगको समझदारीपछि गरिएका हुन्, दशकौंदेखि सहायता परिचालन सम्बन्धमा गरिआइएका उपक्रम हुन् यी,’ कान्तिपुरसँगको कुराकानीमा खतिवडाले भनेका थिए, ‘सहायक सम्झौता भने पनि, एग्रिमेन्ट भने पनि आयोजना कार्यान्वयनका लागि सहजीकरण गर्ने गरी गरिने समझदारी/सम्झौताहरू हुन् । एमसीसीका हकमा पनि यही मात्रै भएको हो ।’

कार्यदलका संयोजक झलनाथ खनालले आफूहरूले विस्तृतमा अध्ययन गरेर अध्यक्षद्वयलाई प्रतिवेदन बुझाएको र त्यो कार्यान्वयन हुनेमा शंका नरहेको बताएका छन् । कार्यदलले एमसीसीलाई इन्डो-प्यासिफिक रणनीति (आईपीएस) अन्तर्गतकै भनेर व्याख्या गरेको छ । ‘हामीले नेपाल र एमसीसीबीच भएको सम्झौता पनि विस्तृतमा अध्ययन गर्‍यौं, आईपीएसबारे अमेरिकाको मूल डकुमेन्ट पनि अध्ययन गर्‍यौं,’ स्रोतले भन्यो, ‘मूल डकुमेन्टले एमसीसीलाई आईपीएसअन्तर्गतकै हो भनेको छ, सहायक डकुमेन्टले हैन भनेर हुन्छ ? अमेरिकाले फसाउने भनेकै यस्तैमा हो ।’

त्यसैले अमेरिकाले नेपालसँग भएको एमसीसी सम्झौता आईपीएसअन्तर्गतको हैन भनेर लिखित रूपमै दियो भने मात्रै सम्झौता अनुमोदन गर्नुपर्ने सुझाव कार्यदलले नेतृत्वलाई दिएको छ । यस्तै सम्झौताको भाषामा भएका गल्तीका शृंखलाहरू पनि सच्याउँछौं भनेर अमेरिकी पक्षले लिखित प्रतिबद्धता जनाएपछि मात्रै सम्झौता संसद्बाट अनुमोदन हुन सक्ने कार्यदलको निचोड छ । ‘एमसीसी सम्झौतामा नेपालले डेढ सय मिलियन, उनीहरूले ५ सय मिलियन हाल्ने भनिएको छ, एमसीसीलाई नेपालले किन अनुदान दिने ?’ अध्ययन प्रतिवेदनले प्रश्न उठाएको छ । ‘यस्तै लेखापरीक्षण गर्दा न्युयोर्क स्टेटको कानुनअनुसार हुने भनिएको छ, यो सरासर अमेरिकाको कानुन नेपालमा लागू गर्न खोजिएको हो, हामी सचेत हुनुपर्छ,’ कार्यदलको प्रतिवेदनमा उल्लेख छ ।

कार्यदलले नेपाल भ्रमणमा रहेका एमसीसीका सहायक उपाध्यक्ष जोनाथन ब्रुक्ससँग गत माघ २७ गते भएको भेटमा लामो संवाद गरेको थियो । ‘त्यतिखेर हामीले सम्झौतामा अस्पष्ट रहेका १०/१२ वटा बुँदाबारे प्रश्न गरेका थियौं,’ कार्यदलको प्रतिवेदनको सार छ, ‘त्यसमा उनीहरूकै अलमल देखियो, कतिपय प्रश्नमा आफ्ना कानुनविद्सँग छलफल गरेर मात्रै जवाफ दिने भनेका छन्, ती विषयमा स्पष्ट हुन आवश्यक छ ।’

गत माघ १५ देखि १९ गतेसम्म बसेको नेकपा केन्द्रीय कमिटी बैठकमा एमसीसीका बारेमा अत्यधिक प्रश्न उठेपछि वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा स्थायी कमिटी सदस्यहरू भीम रावल र प्रदीप ज्ञवाली सम्मिलित कार्यदल बनाइएको थियो । सुरुमा १० दिनको समयावधि पाएको कार्यदलले पछि १० दिन थप गरेर बीसौं दिनमा अध्ययन प्रतिवेदन सचिवालय बैठकमा पेस गरेको थियो । सचिवालयले प्रतिवेदनका भाषिक त्रुटि सच्याउने जिम्मा कार्यदल स्वयं र प्रतिवेदनबारे निर्णय गर्ने जिम्मा अध्यक्षद्वयलाई दिएको थियो । पछिल्लो समय उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने/नबनाउने विषयमा नेकपाभित्र विवाद भएपछि एमसीसीको बहस किनारा लागेको थियो । लगत्तै प्रधानमन्त्री केपी शर्मा ओली मिर्गौला प्रत्यारोपणका लागि अस्पताल भर्ना भएपछि छलफल अघि बढ्न सकेको छैन । तर कार्यदलले आफ्नातर्फबाट गर्नुपर्ने सबै काम सकेको र बाँकी निर्णयको जिम्मा अध्यक्षद्वयको नै रहेको संयोजक खनालले बताए ।

सम्झौता अनुमोदन भए आउँदो असार १६ गतेदेखि कार्यान्वयनमा जान्छ । त्यसअघि कार्यान्वयन स्थलहरूमा पहुँच मार्ग बनाउने र मुआब्जा वितरण गर्ने काम सकिसक्नुपर्छ । अन्तरदेशीय प्रसारण लाइनमा भारतसँग निर्माण र सञ्चालन मोडालिटीमा भने यसअघि नै सैद्धान्तिक सहमति भइसकेको छ । त्यसैले संसद्को बर्खे अधिवेशनबाटै एमसीसी सम्झौता अनुमोदन गर्ने तयारी भएको थियो । नेकपाभित्रकै द्वन्द्वका कारण एमसीसीको भविष्य अहिले पनि अन्योलमा छ ।

## ‘अनुमोदन हुनेमा अमेरिका विश्वस्त’

**देवेन्द्र भट्टराई** (काठमाडौं)



एमसीसीसँगको सम्झौताबारे सत्तारूढ दलभित्रै पक्ष-विपक्ष बहस चर्किरहेका बेला अमेरिकी दूतावासले सम्झौता संसद्बाट अनुमोदन हुने विश्वास व्यक्त गरेको छ ।

अमेरिकी दूतावासकी प्रवक्ता एन्डी डी आर्मेन्टले नेपाल सरकारकै प्रस्तावमा एमसीसीका योजना छनोट भएकाले नेपाल र नेपालीका हितमा यो कार्यक्रम निर्देशित रहने बताएकी छन् । ‘नेपालका आफ्नै प्राथमिकताका आधारमा र नेपाली साझेदारसँगको परामर्शमा पारदर्शी ढंगले एमसीसी कार्यक्रम प्रस्ताव भएको हो,’ उनले कान्तिपुरसित भनिन्, ‘सम्झौताका बुँदा पनि अन्तर्राष्ट्रिय अभ्यास र विश्वमा चलेको एमसीसीको सफल कार्यान्वयनको आधारलाई मानेर तयार भएका छन् । यसको पारदर्शितामा शंका गर्ने ठाउँ छैन ।’

यो योजनामा झन्डै ५५ अर्ब रुपैयाँको बजेट निर्धारित छ । अमेरिका र नेपाल सरकारबीच २०७४ भदौ २९ मा सम्झौता भएको थियो । सम्झौता लागू भएको मितिबाट पाँच वर्षमा तोकिएको रकम ऊर्जा र यातायात विकास पूर्वाधारका क्षेत्रमा परिचालन गरिसक्नुपर्ने हुन्छ ।

‘आपसी समझदारीका आधारमा एमसीसी सम्झौताको भाषा निर्धारण गरिएको हो,’ प्रवक्ता एन्डीले भनिन्, ‘एमसीसी विकासको मोडेलमा वित्तीय पारदर्शिता, निश्चित समयतालिका र सम्बद्ध (होस्ट) मुलुकको सम्पूर्ण एकाधिकार निर्देशित छ । यही आधारमा कार्यक्रमको पूर्ण सफलताका लागि दुवै सरकारले सम्झौता अनुमोदन गर्नेछन् ।’ नेपाल सरकारले सम्झौता चाँडै अनुमोदन गर्नेमा अमेरिका विश्वस्त रहेको र यसो गर्नासाथै सहयोग कार्यक्रम अघि बढ्न सक्ने विश्वास उनले व्यक्त गरेकी छन् ।

एमसीसीसँग चार सय केभी क्षमताको प्रसारण लाइन र रातमाटे, दमौली र बुटवलमा सबस्टेसन निर्माण गर्ने भएको हो । ३०५ किलोमिटर सडकको स्तरोन्नति गरिने पनि सम्झौतामा उल्लेख छ ।

## ‘हाम्रो सुझाव पार्टीले स्विकार्छ’

**एमसीसी सम्झौता अध्ययन गर्न बनेको कार्यदलको काम सकिएको हो ?**

केन्द्रीय कमिटीले दिएको दायित्व निर्वाह गर्न करिब २० दिन समय लियौं । हामीले एमसीसीसँगको सम्झौता र एमसीसी र आईपीएसबीचको सम्बन्धलाई अध्ययन गर्‍यौं । सविस्तार प्रतिवेदन बनाई दुवै अध्यक्षलाई सचिवालयको बैठकमा बुझाइसकेका छौं ।

**तर पूरै प्रतिवेदन बुझाइएको छैन भन्ने कुरा आएको थियो नि ?**

हामीले प्रतिवेदन बुझायौं ।

**कार्यदलको निष्कर्ष के हो ?**

सम्झौतामा कमीकमजोरी हामीले देखेका छौं । त्यसबारे प्रतिवेदनमा विस्तारमा लेखेका छौं । आईपीएससँग एमसीसीको सम्बन्ध पनि अध्ययन गरेका छौं । यी कुराको समग्र दस्तावेज प्रकाशन गर्ने निर्णय पार्टीले गरिसकेको छैन । प्रकाशन गरेपछि पुस्तिकाका रूपमा सार्वजनिक हुन्छ ।

**एमसीसी सम्झौतालाई अगाडि बढाउने या नबढाउने अथवा यही अवस्थामा अघि नबढ्ने भन्ने केही न केही सुझाव त होलान् नि ?**



**झलनाथ खनाल**, कार्यदल संयोजक

हामीले कमीकमजोरी हटाउन र कतिपय विषय स्पष्ट गर्न आवश्यक छ भनेर सुझाव दिएका छौं । ती सुझाव कार्यान्वयन भयो भने सम्झौता अनुमोदन हुन्छ, कार्यान्वयन भएन भने अनुमोदन हुँदैन, यो स्पष्टै छ ।

**सुझाव के-के छन् ?**

हाम्रो सुझावले नेपाल र अमेरिकाको सम्बन्ध बिगार्दैन, अझै सुमधुर बनाउँछ । नेपालको स्वाधीनता, स्वतन्त्रता, आत्मसम्मान आदिलाई ध्यानमा राखेर सुझाव दिएका छौं । सुझाव के गर्ने भन्ने पार्टी नेतृत्वको कुरा हो ।

**एमसीसी सम्झौतामा थुप्रै राष्ट्रघाती वाक्यांश छन् भनेर तपाईंहरूले भन्नुभएको थियो, त्यो भनेको के हो ?**

हाम्रो निष्कर्ष दस्तावेजका रूपमा सार्वजनिक हुन्छ ।

**अर्थमन्त्री युवराज खतिवडाले सम्झौतामा राष्ट्रिय स्वाधीनतामा आँच आउने कुरा छन् भन्नु अभिव्यक्ति स्वतन्त्रताको उपभोग गरेको मात्रै हो भन्नुभएको थियो नि ?**

त्यसो भन्नुभएको हो भने उहाँले पनि अभिव्यक्ति स्वतन्त्रता उपभोग गर्नुभएको हो ।

**नेकपाभित्र यसले स्पष्टै गुट निर्माण गर्‍यो हैन ?**

हाम्रो पार्टीमा कुनै त्यस्तो गुट छैन ।

**प्रधानमन्त्री र केही मन्त्रीले सम्झौता अनुमोदन गर्नुपर्छ भन्नुभएको छ, तपाईंहरूको सुझावले त सरकार अप्ठ्यारोमा पर्ला नि ?**

हाम्रो सरकार पार्टीद्वारा निर्देशित, सञ्चालित हो । पार्टीको निर्णयलाई सरकारले सर्वोपरि मान्छ ।

**कार्यदलको सुझाव पार्टीले अनुमोदन गर्नुपर्छ भन्ने हो ?**

मलाई विश्वास छ, हामीले दिएको सुझावलाई पार्टीले स्वीकार गर्छ ।

## एसईईको प्रश्नपत्रमा दोहोरो सिलबन्दी

काठमाडौं (कास)- राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले आगामी चैत ६ देखि हुने एसईईको प्रश्नपत्रलाई दोहोरो सिलबन्दी गरेको छ । गत वर्ष सिरहामा प्रहरी कार्यालयबाटै प्रश्नपत्र बाहिरिएर प्रदेश २ मा परीक्षा स्थगित गर्नुपरेकाले यस वर्ष थप सजगता अपनाइएको बोर्डले जनाएको छ ।

परीक्षा नियन्त्रक रामराज खकुरेलका अनुसार पहिला सबै विषयको प्रश्नपत्र छुट्टाछुट्टै खाममा राखेर हरेक परीक्षा केन्द्रका लागि कपडाको एउटा थैलामा सिलबन्दी गरेर पठाइन्थ्यो । यसपटक खामबन्दीपछि पनि प्रत्येक विषयको प्रश्नपत्र छुट्टाछुट्टै कपडाका थैलामा सिलबन्दी गरेर पठाइएको छ । गत वर्ष कपडाको मूल पोकाको सिलबन्दी तोडेपछि खामभित्र रहेका अन्य विज्ञान र सामाजिक विषयका प्रश्नपत्र बाहिरिएको भेटिएको थियो । प्रदेशपिच्छे फरक/फरक प्रश्नपत्र हुन्छन् ।

प्रश्नपत्र ७७ जिल्लाको परीक्षा समितिको जिम्मामा जिल्ला प्रहरी कार्यालयहरूमा सुरक्षित राखिएको परीक्षा नियन्त्रक खकुरेलले बताए ।

यस वर्ष एसईईमा मुलुकभरबाट ४ लाख ८२ हजार २ सय १९ परीक्षार्थी सहभागी हुनेछन् जुन गत वर्षभन्दा ६ हजार ९ सय ४४ जनाले बढी हो । खकुरेलका अनुसार यसपालि परीक्षा केन्द्र १ हजार ९ सय ९४ वटा तोकिएका छन्, जुन पोहोरभन्दा २५ वटाले बढी हो ।

यस वर्ष विद्यार्थीले अनलाइनबाटै परीक्षा आवेदन फाराम भरेका थिए । यसअघि विद्यालयले पठाउने आवेदन फारामका आधारमा साबिकको जिल्ला शिक्षा कार्यालयले सिम्बोल नम्बर तोक्थे ।







## छोटकरी

### १११ वर्षीय त्यागीनाथको निधन

काठमाडौं (कास)- पशुपति भष्मेश्वरघाटस्थित अघोरी आश्रमका योगी त्यागीनाथ अघोरीको १११ वर्षको उमेरमा निधन भएको छ । चेला हरिनाथ अघोरीका अनुसार उनी ६ महिनादेखि अशक्त थिए । रामनाथ अघोरीको शिष्यका रूपमा उनी यहाँ बस्दै आएका थिए । उनलाई उनी बसेकै आश्रमभित्र समाधि गरिएको छ । यहाँ समाधि गर्न सुरुमा पशुपति क्षेत्र विकास कोषले अनुमति दिएको थिएन । 'उनका चेलाले त्यहाँ पूजापाठ गर्न सक्छन् । तर यहीँ साधना गरेकाले अब चेलाहरूले यहीँ समाधिस्थल बनाउँछु भन्न नपाउने सर्तमा स्थान उपलब्ध गराएको छौं,' कोषका सदस्य सचिव प्रदीप ढकालले भने । त्यागीनाथ अघोरी परम्पराअनुसारको साधना र आयुर्वेदिक उपचारमा ख्यातिप्राप्त थिए । उनले आयुर्वेद, धर्म, संस्कृति, तिब्बती तन्त्र अध्ययन गरेर पुस्तक प्रकाशन गरेका थिए ।

### रक्तदानमा सचेत हुन अपिल

काठमाडौं (कास)- नेपाल स्वयंसेवी रक्तदाता समाजले कोरोना प्रभावका बेला पनि रक्तदान कार्यलाई निरन्तरता दिन रक्तदाताहरूमा अनुरोध गरेको छ । समाजका केन्द्रीय अध्यक्ष प्रेमसागर कर्माचार्यले एक अपिल जारी गरी सकेसम्म रक्तसञ्चार केन्द्रमै पुगी रक्तदान गर्न आह्वान गरेका हुन् । रक्तदान गर्न जाँदा भिडभाडबाट टाढा रहन, रक्त संकलन शिविरलाई भिड हुनबाट जोगाउन, डिस्पोजिबल ग्लोब पुनः प्रयोगमा नल्याउन, शिविरमा पर्याप्त पानीको प्रयोग गर्न आग्रह गरिएको छ । यस्तै, रुघाखोकीको शंका लागेका व्यक्तिलाई रक्त संकलन शिविरमा सहभागी हुनबाट जोगाई आवश्यक उपचार सल्लाह दिन र शिविरलाई स्वच्छ र सफा राख्नसमेत कर्माचार्यले अपिल गरेका छन् ।

### राजोपाध्याय सम्मानित

ललितपुर (कास)- धर्म, संस्कृति, परम्पराको अध्ययन अनुसन्धानमा योगदान पुऱ्याएबापत महेश्वर जुजु राजोपाध्याय सम्मानित भएका छन् । राजोपाध्याय समाजद्वारा राजधानीमा आयोजित समारोहबीच उनलाई सम्मान गरिएको हो । बास्केटबलका राष्ट्रिय खेलाडी सुब्रत राजोपाध्यायलाई पनि सम्मान गरिएको छ । समाजका महासचिव विराजकाजी राजोपाध्यायले समाजभित्र लुकेर बसेका प्रतिभाको खोजी गर्ने क्रममा यस वर्ष गायन प्रतिभाको खोजी गरिने बताए । समाज उपत्यकाका देव ब्राह्मण राजोपाध्यायहरूको छाता संगठन हो ।

### हरिसिद्धिमा देवी नाच

ललितपुर (कास)- फागुपूर्णिमाको अवसरमा नचाइने हरिसिद्धि भवानी देवी नाच बिहीबार देखाइएको छ । १८ भागमा देखाइने नाच रामायणको अरण्य काण्ड र किष्किन्धा काण्डमा आधारित छ । नाचका नाइके राइटर महर्जनले भने, 'जोडीबाट सुरु हुने नाचमा अष्टमातृकाको चार र राजा विक्रमादित्यको एक गरी पाँच जोडीले नृत्य गर्छन् । अर्को दृश्यमा तमन्ना द्यो (ऋषि) ले दाँया हातले योमरी आकारको धातुको वस्तु लिई ताण्डव नृत्य देखाइन्छ ।' विश्वमित्र ऋषि कुटीमा यज्ञ गरिरहेको, रामले पहरा दिइरहेको र यज्ञको गन्धले कुटीतिर मारीच राक्षस आएको प्रसंग नाचमा देखाइएको हो । अन्तमा राम र राक्षसबीच भएको युद्ध, सुग्रीवले बाली वध गरेको र मालीले हनुमानलाई माला ल्याइदिएको दृश्य पनि प्रस्तुत गरियो । नाचमा दमोखिं, प्वांगा, भुस्याहा, छुस्याहा र ताः बाजा प्रयोग गरिएको थियो ।

### आइसोलेसन बेड थपियो

चितवन (कास)- कोभिड-१९ को संक्रमण रोक्न भरतपुर अस्पतालको आइसोलेसन वार्डमा बेड संख्या बढाएर १९ पुऱ्याइएको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. श्रीराम तिवारीले शंकास्पद लक्षण देखिएका व्यक्तिलाई सिधै वार्डमा लैजाने प्रबन्ध मिलाइएको बताए । बिहीबार मात्रै शंकास्पद एक व्यक्ति वार्डमा आएका छन् । उनको नमुना परीक्षणका लागि केन्द्रीय प्रयोगशालामा पठाएको छ । अस्पतालले हालसम्म तीन जनाको नमुना परीक्षण गरेको छ । दुई जनामा संक्रमण नदेखिएको अस्पतालले जनाएको छ ।

# सिजनमै छैनन् पर्यटक

## लाङटाङ क्षेत्रका साथै दामन, चित्लाङ, मार्खुलगायतका पर्यटकीय गन्तव्यमा आगमन घट्दो



रसुवा सदरमुकाम धुन्चेबाट प्रसिद्ध धार्मिक तीर्थस्थल गोसाइँकुण्ड पदमार्गतर्फ लाग्दै पर्यटक ।

*फाइल तस्बिर : कान्तिपुर*

**सुवास विडारी** (मकवानपुर) र **बलराम घिमिरे** (रसुवा)

कोरोना भाइरस संक्रमणको प्रभाव मकवानपुर जिल्लाको पर्यटन क्षेत्रमा पनि देखिएको छ । मुख्य पर्यटकीय गन्तव्यको रूपमा रहेको थाहा नगरपालिकास्थित दामन पालुङ, चित्लाङ, इन्द्रसरोवरको मार्खुलगायतका क्षेत्रमा आउने पर्यटक घटेका हुन् । आन्तरिक पर्यटकसमेत यात्रामा निस्कन छाडेका छन् । गत माघ ६ गते थाहा नगरपालिकाको दामनस्थित होटलमा निसासिएर ८ भारतीय पर्यटकको मृत्यु भएदेखि नै दामन पालुङ क्षेत्रमा आउने पर्यटक घटेको थाहानगर होटल एसोसिएसनका अध्यक्ष शिवकुमार खत्रीले बताए ।

'यहाँ पर्यटक अड्याउन सकिने कुनै नयाँ संरचना नै बनेनन् । जहिलै आउँदा पनि दामनको भ्युटावरबाट हिमाल र डाँडाकाँडा हेर्ने अनि एकरात सुत्ने मात्रै भयो,' उनले भने, 'पर्यटकीय संरचना नहुँदा पर्यटक आउनै छाडे । भारतीय पर्यटकको मृत्युपछि रिसोर्टलाई पर्यटन विभागले बन्द गरायो । पर्यटकमा भने दामनका सबै होटल बन्द भए भन्ने भ्रम परेको छ ।'

चित्लाङमा आउने पर्यटक पनि घटेका छन् । कतिपय सरकारी कार्यालयले होमस्टे तथा रिसोर्टका लागि गरेका अग्रिम बुकिङ रद्द गराएका छन् । माघयता चित्लाङमा पर्यटक आउने सिजन भए तापनि गत वर्षको जस्तो धेरै चाप नरहेको चित्लाङ अर्गानिक भिलेज रिसोर्टका सञ्चालक देवेन्द्र नेपालले बताए । 'हाम्रातिर बाह्यभन्दा पनि आन्तरिक पर्यटक बढी आउने गर्छन् । कोरोना प्रभावले बाह्य पर्यटकको आवागमन भने ठप्प छ,' उनले भने, 'आन्तरिक पर्यटकको संख्या पनि केही घटेको छ ।' सरकारी कार्यक्रमहरूका लागि भएको सबै बुकिङ फिर्ता भएको उनले बताए ।

चित्लाङ र इन्द्रसरोवरको मार्खुमा विशेषगरी काठमाडौंबाट एक रात वा दुई रातसम्म बिताउने गरी पर्यटक आउने गरेका छन् । काठमाडौंबाटै ट्राभल एजेन्सीमार्फत चन्द्रागिरि हुँदै चित्लाङ, मार्खु, इन्द्रसरोवरमा डुंगा सयर, बाख्रा फार्म, अल्पाका फार्म अवलोकनका लागि प्याकेजमै पर्यटक ल्याउने र लैजाने गरिएको छ । अहिले भने पर्यटकको संख्यामा निकै कमी आएको होटल व्यवसायीको भनाइ छ । 'यतिबेला हाम्रोमा पर्यटक आउने मुख्य सिजन हो, पहिले कुनै दिन पनि होटल खाली हुँदैन थिए,' मार्खुस्थित होटल इन्द्रसरोवरका सञ्चालक रामप्रसाद श्रेष्ठले भने, 'यसपालि आउनेजाने घटेका छन् । प्रायः शुक्रबार मात्र होटल भरिन्छन् ।'

#### लाङटाङमा आगमन घट्यो

लाङटाङ क्षेत्र घुम्न आउने पर्यटकको संख्यामा पनि निकै कमी आएको छ । पर्यटकले भरिभराउ हुने तामाङ सम्पदामार्ग, लाङटाङ र गोसाइँकुण्ड पदमार्ग यतिखेर सुनसान बनेका छन् । मार्चदेखि पर्यटक आउने मुख्य सिजन सुरु हुन्छ । ती पदमार्गमा फाट्टफुट्ट विदेशी पर्यटकमात्र भेटिन्छन् ।

चालु आर्थिक वर्षको फागुनमा यहाँ ७ सय ६८ विदेशी पर्यटक घुम्न आएका छन् । अघिल्लो आर्थिक वर्षको सोही महिनामा १ हजार ३ सय १९ पर्यटक आएको लाङटाङ राष्ट्रिय निकुञ्जले बताएको छ । कारोना प्रभावकै कारण लाङटाङ क्षेत्र घुम्न आउने पर्यटक ह्वात्तै घटेको निकुञ्जको प्रमुख संरक्षण अधिकृत सुष्मा रानाले बताइन् । यो सिजनमा निकुञ्जको ब्राबल चेक प्वाइन्टबाट दैनिक सयौं विदेशी पर्यटक प्रवेश हुने गरेकोमा अहिले घटेर १५ देखि २० को संख्यामा छ ।

रसुवा आउने पर्यटक पदयात्राका लागि लाङटाङ, गोसाइँकुण्ड र तामाङ सम्पदामार्ग जाने गर्छन् । रसुवामा तीन वटा पदमार्ग छन् । धुन्चे गोसाइँकुण्ड हुँदै सिन्धुपाल्चोकको हेलम्बुसम्म गोसाइँकुण्ड पदमार्ग, स्याफ्रुबेसी हुँदै लाङटाङसम्म लाङटाङ पदमार्ग र स्याफ्रुबेसीदेखि गोल्जुङ, गत्लाङ, चिलिमे, थुमन, टिमुरे, बृदिम हुँदै स्याफ्रुबेसीसम्म तामाङ सम्पदा मार्ग छ ।

'लाङटाङ पदमार्गका होटल व्यावसायीलाई यतिबेला भ्याइनभ्याई हुन्थ्यो,' क्याङजिनका होटल व्यवसायी ग्याल्बु तामाङले भने, 'मुख्य सिजनमा पर्यटक छैनन् । होटल खाली छन् ।' पर्यटक नआउँदा चीज बिक्री हुन छाडेको उनले बताए । तामाङ सम्पदामार्ग पनि सुनसान छ । गोसाइँकुण्ड आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको दुई वर्षजति भयो । यहाँ पनि पर्यटक आउने क्रम घटेको छ । टिमुरे, स्याफ्रु, सदरमुकाम धुन्चेका बजार पनि सुनसान छन् । पर्यटकको आगमन घट्दा होटल,ससाना रेस्टुरेन्ट, पोर्टर, गाइड, यातायात, अन्य पसल लगायतमा असर परेको व्यवसायी बताउँछन् ।

# अस्पतालमै बन्छ स्यानिटाइजर

काठमाडौं (कास)- बजारमा मेडिकल स्यानिटाइजरको अभाव भएसँगै राजधानीका अस्पतालले आफै स्यानिटाइजर बनाउन थालेका छन् । माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पताल, हरिसिद्धिको नेपाल क्यान्सर अस्पताल र धापासीस्थित ग्रान्डी अस्पतालले स्यानिटाइजर बनाइरहेका छन् । 'हामीले पहिले पनि अस्पतालमै स्यानिटाइजर बनाएर सबै चिकित्सक र स्वास्थ्यर्मीका लागि प्रयोग गर्थ्यौं,' अन्नपूर्ण न्यूरोका मेडिकल डाइरेक्टर डा. शरदहरि गजुरेलले भने, 'नियमित रूपमा औषधि सप्लाई गर्ने सस्लायर्सले स्यानिटाइजर दिन छाडेपछि पुनः बनाउन थालेका हौं ।'

कोभिड संक्रमणको हल्ला भएदेखि अस्पतालले ५० लिटर स्यानिटाइजर बनाइसकेको छ भने चार सय लिटर बन्ने प्रक्रियामा छ । यति परिमाणले दुई वर्षसम्म खपत गर्न पुग्ने डा. गजुरेलले बताए । 'स्यानिटाइजर बनाउन अल्कोहल, हाइड्रोजन, ग्लिसिरिन र डिस्टिल वाटर चाहिन्छ,' उनले भने, 'सर्जिकल हाउसमा सजिलै पाइने यी पदार्थलाई निश्चित फमुर्लामा मिसाएर ७२ घन्टा घुल्न दिएपछि तयार हुन्छ ।' विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले बनाएको फर्मुला प्रयोग गर्न सके घरमै पनि स्यानिटाइजर बनाउन सकिने उनले बताए ।

विकासोन्मुख मुलुकमा कम खर्चमै स्यानिटाइजर उत्पादन गर्न सकियोस् र महामारीका बेला अभाव टार्न सकियोस् भनेर डब्लूएचओले स्यानिटाइजरको फर्मुला बनाएको छ । यही फर्मुलाअनुसार क्यान्सर अस्पतालमा समेत स्यानिटाइजर बन्ने गरेको अस्पतालको संक्रमण नियन्त्रण कमिटीका सदस्य रनिश श्रेष्ठले बताए । 'हामीले त अस्पताल बनेदेखि आफै स्यानिटाइजर बनाएर प्रयोग गर्दै आइरहेका थियौं,' उनले भने, 'आफूमात्रै होइन अन्य अस्पताललाई बजार मूल्यभन्दा कम मूल्यमा बेचेका पनि थियौं ।' कम समयमा थोरै मूल्यका कच्चा पदार्थ प्रयोग गरी बनाइने यस्ता स्यानिटाइजर स्वास्थ्यकर्मी, बिरामी र कुरुवालाई प्रयोग गर्न पुगिरहेको उनले बताए ।

ग्रान्डी अस्पतालले पनि पाँच वर्षदेखि आफै स्यानिटाइजर तयार गरिरहेको छ । 'मुख्यतः अस्पतालमा कुनै संक्रमण नफैलियोस् भनेर हामीले आफै स्यानिटाइजर बनाउन थालेका थियौं,' अस्पतालका निर्देशक डा. चक्रराज पाण्डेले भने । सस्तो मूल्यमा बनाउनेभन्दा गुणस्तरका लागि आफै उत्पादन गरिएको उनले बताए । अभावको समयमा यस्ता स्यानिटाइजर बनाएर सरकारी अस्पताललाई सहयोग गर्नसमेत आफूहरू तयार रहेको उनले बताए ।

बानेश्वरस्थित निजामती अस्पताल (सिभिल) मा स्यानिटाइजर सकिएपछि साबुनपानीले हात धुने अभ्यास सुरु गरिएको छ । स्यानिटाइजरभन्दा साबुनपानीले हात धुँदा किटाणुमुक्त भइने अस्पतालका निर्देशक डा. दीर्घराज आरसीले बताए । 'स्यानिटाइजर नै बनाउने हो भने पनि हामी सक्छौं, जनशक्ति पनि छन्,' उनले भने ।

बजारमा पाइने स्यानिटाइजर र विशेष फर्मुला प्रयोग गरी स्थानीय रूपमा बनाइने स्यानिटाइजर प्रयोग गर्न उत्तिकै सुरक्षित रहेको सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले बताए । 'स्यानिटाइजरले ७० प्रतिशत किटाणु मारिदिन्छ,' उनले भने, 'यसलाई हातमा राम्ररी माडेर लगाएपछि हात आँखा, मुख र नाकमा जाँदा कुनै पनि किटाणु शरीरमा प्रवेश गर्न पाउँदैन, संक्रमणबाट धेरै हदसम्म जोगाउँछ ।'

# 'कार्यकर्ता भर्तीकेन्द्र नबनाऊ'

मकवानपुर (कास)- वाग्मती प्रदेश सरकारले प्रदेशका सबै जिल्लामा युवा समिति गठन गर्ने भएको छ । सामाजिक विकास मन्त्रालयले तयार गरेको युवा परिषद् विधेयकमा प्रत्येक जिल्लामा पाँच सदस्यीय युवा समिति गठन गर्न सकिने प्रस्ताव छ । प्रदेशमा भने १७ सदस्य रहने परिषद् गठन गर्ने प्रस्ताव गरिएको छ । सम्बन्धित मन्त्री अध्यक्ष र कार्यकारी अधिकार भएको उपाध्यक्षसहित विषय विज्ञको सहभागिता रहने गरी १७ सदस्यीय परिषद् प्रस्ताव गरिएको हो ।

परिषद्ले युवासम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी प्रदेश सरकारसमक्ष सिफारिस गर्ने, युवासम्बन्धी योजना तथा कार्यक्रम बनाएर कार्यान्वयन गर्ने, सीप, मनोरन्जन, स्वयंसेवा, नेतृत्व विकास, उद्यमशीलता, रोजगार, विज्ञान, सूचना तथा प्रविधिको क्षेत्रमा युवाको प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गर्न सक्ने, युवा विकास, सशक्तिकरण एवं मूल प्रवाहीकरणसम्बन्धी विषयमा प्रदेश सरकारलाई सुझाव दिने गरी परिषद्ले काम गर्न सक्ने प्रस्ताव विधेयकमा गरिएको छ । सामाजिक विकास मन्त्रालयका सचिवको अध्यक्षतामा अन्य दुई जना विज्ञ रहेको तीन सदस्यीय समितिले उपाध्यक्ष सिफारिस गर्ने र प्रदेश सरकारले उपाध्यक्ष नियुक्ति गर्ने प्रस्ताव विधेयकमा गरिएको छ । परिषद्अन्तर्गत उपाध्यक्षको नेतृत्वमा पाँच सदस्यीय कार्यकारी निकायको रूपमा काम गर्ने कार्यकारी समिति गठन गर्ने प्रस्ताव पनि गरिएको छ । उक्त समितिले परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद्समक्ष पेस गर्ने, युवासम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने, सूचना व्यवस्थापनको काम गर्नेछ ।


विधेयक शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा दफावार छलफलमा छ । सैद्धान्तिक छलफलमा सहभागी सांसदले परिषद्लाई युवा भर्तीकेन्द्रको रूपमा अगाडि बढाउन नहुने सुझाव दिएका छन् । 'युवाको समग्र विकासका लागि परिषद्ले काम गर्नुपर्छ,' कांग्रेस प्रमुख सचेतक राधा घलेले भनिन्, 'यो कार्यकर्ताको भर्तीकेन्द्र नहोस् ।' नेकपा सांसद नारायणप्रसाद सिलवालले नियुक्तिका लागि मात्रै परिषद् गठन गर्न नहुने बताए ।

# सम्झौता नगर्ने भूकम्पपीडित सूचीबाट हटे

सिन्धुली (कास)- तोकिएको समयभित्र घर बनाउन सम्झौता नगर्ने ७ सय ६८ भूकम्पपीडितलाई लाभग्राही सूचीबाट हटाइएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको समयसीमामा सम्झौता नगरेपछि सूचीबाट हटाउन सिफारिस गरिएको प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन कार्यालयले जनाएको छ । २०७६ असार मसान्तसम्म सम्झौता गर्ने समयसीमा दिइए पनि पनि थप गरी २०७६ पुस मसान्तसम्म मौका दिइएको थियो । उक्त समयमा पनि सम्झौता गर्न नआएपछि लाभग्राही सूचीबाट लगत कट्टा गर्न केन्द्रसमक्ष सिफारिस गरिएको आयोजना प्रमुख सूर्यप्रकाश विष्टले जानकारी दिए । असारदेखि पुस मसान्तसम्म १ सय १५ जनाले सम्झौता गरेका छन् ।

सिन्धुलीमा ३४ हजार २ सय ५६ जनाको नाम लाभग्राही सूचीमा परेको थियो । कार्यालय प्रमुख विष्टका अनुसार जिल्लामा अहिले गुनासोबाट थपिएका सहित ३८ हजार ५ सय ६२ जना लाभग्राही रहेका छन् । सम्झौता गर्न नआउने बाँकी लाभग्राही भूमिहीन र ऐलानी जग्गामा बसोबास गरेका छन् । जिल्लामा अहिले निजी आवास बनाउन सम्झौता गरी पहिलो किस्ता लैजाने ३६ हजार ८ सय ८०, दोस्रो किस्ता लैजाने ३० हजार २ सय र तेस्रो किस्ता २२ हजार ८ सय ३४ जनाले लगेका छन् ।

कार्यालयका अनुसार जिल्लामा प्रबलीकरणका १४ हजार ४ सय ४१ लाभग्राही छन् । यीमध्ये ११ हजार २ सय ७० जनाले सम्झौता गरी पहिलो किस्ता रकम लगेका छन् । प्रबलीकरणका लाभग्राहीले भने दुई किस्तामा ५०/५० हजार रुपैयाँ पाउनेछन् ।













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | कान्ति क्षय | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकंक्षा पुर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | दुविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | वैभव प्राप्ति | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल चैत्र १ गते शनिबार तदनुरुप १४ मार्च २०२० चैत्र कृष्णपक्ष पञ्चमी तिथि दिनको १२:३० बजेसम्म उप्रान्त षष्टि तिथि, विशाखा नक्षत्र साझँको ६:२० बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, हर्षण योग रात्रिको ११:२५ बजेसम्म उप्रान्त वज्र योग, तैतिल करण दिनको १२:३० बजेसम्म उप्रान्त गर करण, तुला राशिमा चन्द्रमा दिनको १२:३८ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | ह्वाट द फ्लप (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | बलियो घर (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | सुमनसँग (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार (रिपिट) |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हेर्ने कथा (रिपिट) |
| ३:०० | ह्वाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | सुमनसँग (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | फिल्म टनिक |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हर्के हल्दार |
| १०:०० | फिल्म टनिक (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | फिल्म टनिक (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हर्के हल्दार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | प्राविधिक डायरी |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (महिमा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | शैली (भूपेन्द्र) |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (सागरिका) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (महेश) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (महेश) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | द राहुल भुजेल सो |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेटोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ओल्डी गोल्डी (स्मीता) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११६५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७६३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३९५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७००२३ |
| ओम समाज अस्पताल | ४३१३५०२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२०२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२०४/४७८३०२४ |
| काठमाडौं नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# महामारी घोषणासँगै सतर्कता बढाइयो

जोखिमबाट बच्न अत्यावश्यकबाहेकका उडान बन्द गर्ने, आयात-निर्यात रोक्ने, पकेट एरिया लक डाउन गर्ने, उपकरण र जनशक्ति एकत्रित गरी व्यवस्थापन गर्ने तथा मोबाइल अस्पताल सञ्चालन गर्ने तयारी छ ।

**कान्तिपुर संवाददाता** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) लाई विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले विश्वव्यापी महामारी घोषणा गरेपछि सरकारले थप सतर्कता अपनाएको जनाएको छ । संक्रमणको जोखिम फैलन सक्ने आकलन गरी विभिन्न तीन तहका योजना बनाइएको हो ।

भविष्यमा हुन सक्ने जोखिमबाट बच्न 'प्लान-ए', 'बी' र 'सी' को परिकल्पना गरिएको छ । यसअन्तर्गत संक्रमण देखिएको खण्डमा अत्यावश्यकबाहेकका उडान बन्द गर्ने, आयात-निर्यात रोक्ने, पकेट एरिया लक डाउन गर्ने, उपकरण तथा जनशक्ति एकत्रित गरी व्यवस्थापन गर्ने तथा मोबाइल अस्पताल सञ्चालन गरिने स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले बताए ।

'यो भाइरस हो, लुकेर बस्ने होइन । त्यहीअनुसार तयारी गरिएको छ,' डा.देवकोटाले भने, 'हामीले तयारी नगरी बसेका छैनौं ।' कोभिड-१९ का संक्रमितमध्ये ९० प्रतिशत चीन, दक्षिण कोरिया, इटाली र इरानमा रहेको देवकोटाले बताए । उनले भने, 'अन्य देशमा भने पछि सुरु भएकाले सामान्य तथा मध्यम अवस्थामा रहेको छ ।' डब्लूएचओका महानिर्देशक डा. टेड्रोस अदनोम घेब्रेयससले बुधबार राति जेनेभामा पत्रकार सम्मेलन गर्दै कोभिड-१९ लाई महामारी घोषणा गरेका हुन् । 'हामीले आकलन गरेका छौं कि कोभिड-१९ लाई महामारीका रूपमा पहिचान गर्न सकिन्छ,' उनले भने । उनले अगामी दिनमा यसबाट संक्रमित हुने तथा ज्यान गुमाउनेको संख्या अझ बढ्न सक्ने जनाएका छन् ।

राजधानीका ठूला अस्पतालमा निमोनियालगायत छातीको संक्रमणसँग सम्बन्धित रोगको उपचार गराएका बिरामीलाई निगरानी गर्न इपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखाले स्वास्थ्यकर्मीलाई तालिमसमेत दिइरहेको छ । महाशाखाका निर्देशक डा. वासुदेव पाण्डेले कोभिड-१९ विरुद्ध सक्रिय निगरानी सुरु गरिसकिएको बताए । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा ४ र पाटन अस्पतालमा २ जना कोभिड-१९ का शंकास्पद बिरामीलाई आइसोलेसनमा राखिएको डा. देवकोटाले जनाए । अधिकारीहरूका अनुसार सकभर 'प्लान-बी' लागू गर्नु नपर्नेतर्फ सचेतता अपनाइएको छ ।

### संसद् र विद्यालय बन्द गर्न सांसदहरूको सुझाव

सांसदहरूले संसद्, विद्यालय र सार्वजनिक स्थलमा हुने चहलपहल बन्द गर्न माग गर्दै कोभिड-१९ विरुद्ध सरकारले गरेको प्रयास अपर्याप्त रहेको बताएका छन् । उनीहरूले छिमेकी देश भारतमा समेत यसको संक्रमण फैलिएको र विश्वका विकसित देशले पनि यसविरुद्ध लड्न विशेष पहल गरेको अवस्थामा नेपालको तयारीप्रति असन्तुष्टि जनाए ।

त्यसका साथै सांसदहरूले कोभिड-१९ को बहानामा मास्क, सेनिटाइजर, खाद्यान्नलगायत अत्यावश्यक वस्तुको कालोबजारी बढेको प्रति सरकारको ध्यानाकर्षण गराए । कांग्रेस सांसद भीमसेनदास प्रधानले कोभिड-१९ निकै छिटो फैलन सक्ने भएकाले संसद्, विद्यालय र सार्वजनिक स्थलमा हुने भीडभाड रोक्नुपर्ने बताए । 'यो सरुवा (इपिडेमिक) रोग होइन,' उनले भने, 'कोरोनाले भयावह स्थिति सिर्जना गरे नेपालले रोक्न सक्दैन ।'

कांग्रेस सांसद रामबहादुर विष्टले बजारमा मास्क र सेनिटाइजर नपाउने अवस्थाको अन्त्य गर्न माग गरे । उनले कोरोनाविरुद्ध लड्न सर्वदलीय र सर्वपक्षीय सहमति हुँदा पनि सरकार उदासीन भएको भन्दै जवाफ माग गरे । समाजवादी पार्टीकी सांसद रेणुकुमारी यादवले १०/१० मिनेटमा हात धुन भनिए पनि सदनभित्रै साबुन नभएको भन्दै सरकारको आलोचना गरिन् । उनले विज्ञापन र भाषणमा केन्द्रित हुनुभन्दा भीडभाड हुने क्षेत्र तत्काल बन्द गर्न माग गरिन् ।

### युक्रेनी दम्पतीलाई भारत फर्काइयो

काँकडभिट्टा- पूर्वी नाकाबाट बिहीबार नेपाल प्रवेश गर्न लागेका युक्रेनी दम्पतीलाई कोरोना संक्रमणको आशंकामा भारततिरै फर्काइएको छ । काँकडभिट्टा नाकाको हेल्थ सेन्टरमा जाँच गर्दा १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि ज्वरो देखिएको र रुघाखोकीसमेत लागेको पाइएपछि उनीहरूलाई फर्काइएको हो ।

हेल्थ सेन्टरकी स्वास्थ्यकर्मी भद्रिका विसुंखेले ३४ वर्षीय एन्ड्रिन लार्जेगिन र ४३ वर्षीया ओलेना क्लिन्कोमा अधिक ज्वरो देखिएपछि मेचीनगरको स्वास्थ्य शाखामा खबर गरेकी थिइन् । स्वास्थ्य शाखाको टोलीले उनीहरूलाई आइसोलेसनका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाउने निर्णय गरेको थियो । तर, काठमाडौं घुम्न आएका उनीहरू धरान जान नमानेपछि उनीहरूकै इच्छाअनुसार भारत फर्काइएको हो । उनीहरू दिल्ली हुँदै दार्जिलिङ घुमेर बिहीबार दिउँसो नेपाल आएका थिए । मेचीनगरको स्वास्थ्य शाखाकी प्रमुख शशिकला राईले झापामा आइसोलेसन नहुँदा समस्या भएको बताइन् ।



म्याग्दीको बेनीस्थित तातोपानी पोखरीमा नुहाउन आएकाहरू मास्क लगाएर डुबुल्की लगाउँदै । पोखरीमा मास्क अनिवार्य गरिएको छ । *तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

## अन्तर्राष्ट्रिय उडान कटौती

काठमाडौं (कास)- विश्वव्यापी रूपमा कोभिड-१९ को संक्रमण फैलिँदै गएपछि त्यसको असर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडानमा समेत परेको छ ।

सामान्य अवस्थामा विमानस्थलबाट दैनिक १५ हजार हाराहारी अन्तर्राष्ट्रिय यात्रुको ओहोरदोहोर हुन्थ्यो । तर बुधबार काठमाडौंबाट विदेशतर्फ उड्ने यात्रुको संख्या ३ हजार ५ सयमात्रै रह्यो । यो ७७ प्रतिशतले कम हो । विमानस्थलका अधिकारीका अनुसार यो संख्या घट्दो क्रममा छ । 'हरेक दिन काठमाडौंबाट बाहिरिने र विदेशबाट फर्कने यात्रु घटिरहेका छन्,' विमानस्थलका प्रवक्ता देवचन्द्रलाल कर्णले भने, 'कुनै समय थियो बेलुकी साढे ५ बजे खुट्टा राख्ने ठाउँ पाइँदैनथ्यो तर हिजोआज सुनसान छ ।' ३ सय सिट क्षमताको थाई एयरवेजले बैंककबाट बुधबार ७४ जनामात्रै यात्रु लिएर काठमाडौं उत्रेको उनले जनाए ।

कर्णका अनुसार, दिनानुदिन एयरलाइन्सले यात्रुको अभावमा उडान कटौती गर्दै आइरहेका छन् । उनका अनुसार चाइना साउदर्नबाट बुधबार ९८ जना यात्रु आउनुपर्नेमा १२ जनामात्रै आए । जसमा दुई जना नेपाली र १० चिनियाँ छन् । कुवेत सरकारले आफ्नो विमानस्थल कमर्सियल उडानका लागि बन्द गरेपछि त्यहाँको जजिरा एयरवेजले शुक्रबारदेखि नेपालमा हुने उडान अर्को सूचना जारी नभएसम्मका लागि रोकेको छ । भुटानको ड्रयुक एयरले यात्रु अभावमा शुक्रबारको उडान स्थगन गरेको जनाएको छ । कतार एयरवेजले भने यसअघि रद्द गरेको दोहा-काठमाडौं उडान शुक्रबारदेखि सुचारु गर्ने जनाएको छ । यात्रुको मागका कारण चैत ८ सम्म उडान गरिने एयरवेजले जनाएको छ ।

## अनअराइभल भिसा...

सरकारले नेपालमा आउने सबै विदेशी र गैरआवासीय नेपालीसमेतलाई प्रवेश विन्दुमा दिइने अनअराइभल भिसा आउँदो शनिबार राति १२ बजेदेखि २०७७ वैशाख १८ (अप्रिल ३०) सम्मका लागि बन्द गरेको छ । 'सुरुमा हामीले ५ वटा मुलुकबाट आएका पर्यटकलाई भिसामा रोक लगाएका थियौं । संक्रमण बढेपछि केही देश थप्यौं । संक्रमित देश बढ्दै गएपछि अरू देशका लागि हामीले भिसा रोक्नुपर्ने भयो,' उनले भने । नेपालले यसअघि इटाली, चीन, इरान, जापान र दक्षिण कोरिया, जर्मनी, स्पेन र फ्रान्सका पर्यटकलाई भिसा दिन छाडिसकेको छ । यसअघि नै भिसा लिइसकेका विदेशीले भने नेपालको आगमन बिन्दुमा आइपुग्ने मितिदेखि सात दिनअघिसम्मको स्वास्थ्य जाँच प्रमाणपत्र पेस गर्नुपर्नेछ । अति जरुरी काम परेर नेपाल आउनुपर्ने विदेशीले पनि स्वास्थ्य जाँच प्रमाणपत्र पेस गर्नुपर्नेछ । स्थल मार्ग हुँदै तेस्रो मुलुकबाट आउनेहरूलाई पनि रोक लगाइएको छ ।

सरकारले अन्तर्राष्ट्रिय उडान रोक्ने निर्णय भने गरेको छैन । 'भिसामा कटौती गरेपछि स्वतः सेवा कटौती हुन्छ भनेर एयरलाइन्सलाई अहिले बन्द गर्ने निर्णय गरेका छैनौं,' मन्त्री खतिवडाले भने ।

- सिनेमा हल, सभा/समारोह, मेला/महोत्सवमा सहभागी नहुन आह्वान
- विदेशमा रहेका नेपालीलाई अत्यावश्यक अवस्थामा बाहेक यात्रा नगर्न अनुरोध
- विद्यार्थीलाई एनओसी बन्द
- नेपाल भित्रिनेले क्वारेन्टाइनमा १४ दिन बस्नैपर्ने
- तत्काल विद्यालय बन्द र परीक्षा स्थगित नहुने

### सेल्फ क्वारेन्टाइन बस्नुपर्ने

शनिबारपछि नेपाल भित्रिने विदेशीले 'सेल्फ क्वारेन्टाइन' र नेपालीले 'होम क्वारेन्टाइन' मा १४ दिन बस्नुपर्ने भएको छ । व्यावसायिक, अध्ययन र कामदार भिसा प्राप्त गरेका विदेशीले पनि नेपाल भित्रिएपछि १४ दिन सेल्फ क्वारेन्टाइनमा बस्नुपर्ने समितिको निर्णय छ ।

### श्रम स्वीकृति बन्द

नेपालबाट विदेशमा काम गर्न जानेलाई श्रम स्वीकृति बन्द गरिएको छ । समितिले अर्को सूचना नभएसम्म श्रम स्वीकृति नदिने निर्णय गरेको हो । विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई पनि अप्रिल ३० सम्म 'नो अब्जेक्सन सर्टिफिकेट' नदिने निर्णय भएको छ । सगरमाथासहित सम्पूर्ण हिमाल आरोहण पनि तत्कालका लागि स्थगन गर्ने निर्णय भएको छ ।

### तत्काल विद्यालय बन्द नहुने

सरकारले विद्यालयहरू बन्द र परीक्षा स्थगन भने तत्काल नगर्ने निर्णय गरेको छ । 'संक्रमणको जोखिम बढ्यो भने यस विषयमा निर्णय गर्न सक्छौं,' मन्त्री खतिवडाले भने । उनले अहिले विद्यालय नियमित रूपमै सञ्चालन गरेर समस्या आइहाले तत्कालै 'एक्सन' मा जाने निर्णय भएको जानकारी दिए । सार्वजनिक समारोह, राजनीतिक भेला, सामाजिक कार्यमा निरुत्साहन गरिने भएको छ । 'भेलाहरू नगर्न सार्वजनिक रूपमै आह्वान गर्नेछौं,' मन्त्री खतिवडाले भने ।

### सातै प्रदेशमा आईसीयूसहितको पूर्वाधार

संक्रमणको रोकथाम र नियन्त्रणका लागि आवश्यक पर्ने सामग्री खरिदका लागि कानुनलाई केही खुकुलो बनाउने निर्णय समितिले गरेको छ । सार्वजनिक खरिद ऐनको 'विशेष परिस्थिति' सम्बन्धी प्रावधान प्रयोग गरी 'फास्ट ट्र्याक' बाट स्वास्थ्य मन्त्रालयले खरिद गर्ने तयारी गरिएको हो ।

मन्त्री खतिवडाले स्वास्थ्य मन्त्रालयले तयारीका सन्दर्भमा क्वारेन्टाइन सेन्टर र उपकरणलाई व्यवस्थित गर्ने तथा स्वास्थ्यकर्मीलाई सुरक्षित तरिकाले उपचारमा संलग्न गराउने बताए । उनले संक्रमित देखिए घनाबस्तीभन्दा टाढा हुने गरी प्रारम्भिक रूपमा उपचार गर्ने तयारी रहेको बताए । मन्त्री खतिवडाले आवश्यक पर्दा सुरक्षाकर्मीले पनि सहकार्य गर्ने जानकारी दिए । 'चाँडै संरचना बढाउने तयारी छ । आवश्यक पर्‍यो भने मेडिकल कलेज, रेडक्रस, स्काउटलगायतका संस्थाबाट स्वयंसेवी परिचालन गर्ने तयारी छ,' उनले भने, 'अहिले पूर्वतयारीको अवस्थामा रहनुपर्ने भएको छ ।' मन्त्रालयलाई आईसीयूसहितको आइसोलेसन कक्ष भएको पूर्वाधार काठमाडौंलगायत सातवटै प्रदेशमा तयार गर्ने गरी प्रस्ताव ल्याउन समितिले निर्देशन दिएको छ । समितिको अर्को बैठकमा स्वास्थ्य मन्त्रालयले प्रस्ताव पेस गर्नुपर्नेछ ।

समितिको बैठकमा गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, शिक्षामन्त्री गिरिराजमणि पोखरेल, कृषि तथा पशुपन्छीमन्त्री घनश्याम भुसाल, स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई, अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री खतिवडा, मुख्य सचिव लोकदर्शन रेग्मी र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव नारायणप्रसाद बिडारी थिए । सेना, अध्यागमन र नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधिहरू पनि बैठकमा थिए ।

## नेपाली र...

'नेपाल र भारतका सम्बन्धमा अहिले जे व्यवस्था छ, त्यही निरन्तर छ कुनै अवरोध छैन,' उनले भने । उनले दूतावासले भारतको पछिल्लो अवस्था र त्यसले पार्न सक्ने असरलाई अध्ययन गरिरहेको बताए ।

काठमाडौंस्थित भारतीय दूतावासले पनि पछिल्लो निर्णयबाट हवाई तथा स्थलमार्ग हुँदै भारततर्फ यात्रा गर्ने नेपालीलाई असर नपर्ने जनाएको छ । दूतावासले जारी गरेको सूचनामा नाकामा स्वास्थ्य परीक्षणका क्रममा भारतीय, नेपाली वा तेस्रो मुलुकका यात्रुमा कोभिड-१९ को लक्षण देखिए वा चीन, इटाली, इरान, दक्षिण कोरिया, फ्रान्स, स्पेन, जर्मनीमध्ये कुनै एक मुलुकको १५ फेब्रुअरीपछि भ्रमण गरेको पाइए क्वारेन्टाइनमा राख्न सकिने उल्लेख छ । भारतले म्यानमारसँगको सीमा भने मंगलबारबाटै बन्द गरिसकेको छ ।

भारतको दिल्ली राज्य सरकारले संक्रमणको जोखिम घटाउन आगामी ३१ मार्चसम्म सबै विद्यालय, कलेज र सिनेमा हल बन्द गर्न निर्देशन दिएको छ । हालसम्म दिल्लीमा ६ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । भारतभरमा भने ७३ जनामा संक्रमण पुष्टि भएको छ । तीमध्ये १७ जना विदेशी छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मन्त्रीहरूको विदेश भ्रमणमा रोक लगाइएको जनाएका छन् । मोदीले ट्वीट गर्दै नागरिकलाई पनि अत्यावश्यक काममा बाहेक यात्रा नगर्न अनुरोध गरेका छन् । कोभिड-१९ महामारीको चपेटामा सबैभन्दा बढी भारतीय अर्थतन्त्रमा परेको छ । विश्व स्वास्थ्य संगठनले महामारी घोषणा गरेको भोलिपल्ट भारतको सेयर बजारमा इतिहासकै सबैभन्दा ठूलो गिरावट देखिएको छ । भारतको प्रमुख बजार बम्बे स्टक एक्सचेन्जको प्रमुख परिसूचक सेन्सेक्स बिहीबार ८.१८ प्रतिशतले घटेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको घट्दो भाउ र कोभिड-१९ को विश्वव्यापी संक्रमणलाई सेयर बजार घट्नुको प्रमुख कारण ठानिएको छ ।

कोभिड-१९ संक्रमणको असर पर्यटन क्षेत्रमा पनि बढी देखिएको छ । हवाई कम्पनीहरूले अन्तर्राष्ट्रियदेखि घरेलु उडानमा कटौती गर्दै लगेका छन् । भारतमा मार्च र अप्रिल पर्यटकीय समयका रूपमा चिनिन्छन् । भारतमा वर्षभरि आउने पर्यटकमध्ये १५ प्रतिशतभन्दा बढी यी दुई महिना मात्र भित्रिन्छन् । भारतमा काम गर्नेमध्ये ६० प्रतिशतभन्दा बढी होटल, रेस्टुराँ र कारखानामा काम गर्छन् । सुदूर र मध्यपश्चिम पहाडबाट भारत आएका नेपालीमध्ये अधिकांश होटल र रेस्टुराँमै काम गर्छन् । भारतले चिनियाँ पर्यटकको आवागमनमा रोक लगाएकाले उनीहरूलाई लक्ष्य गरी खोलिएका रेस्टुराँ र होटललाई ठूलो असर परेको छ । ती रेस्टुराँ तथा होटलमा पनि नेपाली कार्यरत छन् ।

कोभिड-१९ ले विश्वव्यापी महामारीको रूप लिएसँगै संक्रमणविरुद्ध जुध्न भारत सरकारले १ सय २३ वर्ष पुरानो कानुन लागू गरेको छ । सन् १८९७ मा बनेको महामारी रोगविरुद्धको ऐनअन्तर्गतको खण्ड २ को व्यवस्था लागू गर्ने निर्णय गरिएको हो ।

## आपूर्तिमा...

नेपालले त्यही अवधिमा ६४ अर्ब ९७ करोड रुपैयाँको निर्यात गरेकामा भारततर्फको हिस्सा मात्रै ४५ अर्ब ३९ करोड रुपैयाँको छ । 'मानिसको आउजाउ निकै कम भयो भने सामान आयातमा केही असर पर्न सक्नेमा हामी सचेत छौं,' अर्यालले भने, 'हामीले विकल्पमा गर्नुपर्ने कामको गृहकार्य थालिसकेका छौं ।'

### खाद्यान्न आयातमा कडाइ

सरकारले कोभिड-१९ को संक्रमणबाट प्रभावित मुलुकहरूबाट हुने खाद्यान्न आयातमा कडाइ गर्ने भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले केही मुलुकसँगको कृषि तथा पशुजन्य, बिरुवा तथा बिरुवाजन्य र खाद्यवस्तुको आयात रोक्नुपर्ने भन्दै वाणिज्य मन्त्रालयलाई सिफारिस गरेको छ । 'कोभिड-१९ बाट अति प्रभावित चीन, दक्षिण कोरिया, इटाली, जापान, इरानबाट पशु तथा पशुजन्य, बिरुवा तथा बिरुवाजन्य तथा खाद्यवस्तु आयातको सिफारिस दिन रोकिएको छ,' मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले भने ।

उद्योग वाणिज्य तथा आपूर्ति सचिव अर्यालले भने कुनै पनि मुलुकसँगको आयात रोक्ने निर्णय भइनसकेको बताए । कोभिड-१९ बाट प्रभावित मुलुकबाट आयात हुने सामग्रीमाथि कडा निगरानी गर्ने निर्णय भने भइसकेको उनले जानकारी दिए । ती मुलुकबाट न्यून मात्रामा मात्रै खाद्यान्न आयात हुनाले यहाँ कुनै समस्या हुने छैन ।

कृषि मन्त्रालयले पशु र मासुजन्य सामग्रीको आयातमा पनि कडाइ गरिएको जनाएको छ । कृषिका प्रवक्ता केसीले भारतले आयात नरोकेसम्म यहाँ कुनै समस्या नपर्ने बताए । भन्सार विभागका अनुसार २०७५/७६ मा जापानबाट ३३ करोड ८४ लाख ७१ हजार, चीनबाट ५३ लाख १ हजार र इटालीबाट २३ हजार रुपैयाँको मात्रै खाद्यान्न आयात भएको छ । चालु आर्थिक वर्षको पहिलो ७ महिनामा जापानबाट १८ करोड ८७ लाख ३६ हजार, चीनबाट ८२ लाख र कोरियाबाट १८ लाख रुपैयाँको खाद्यान्न आयात भएको छ । पशु सेवा विभागका महानिर्देशक वशी शर्माले मासुजन्य बस्तुमा कुनै समस्या नहुने बताए । 'मासुको उत्पादन स्वदेशमै पर्याप्त छ,' उनले भने ।

### महासंघले औषधि बाँड्ने

नेपाल उद्योग बाणिज्य महासंघले आवश्यकता र प्राथमिकताका आधारमा मास्क, सेनिटाइजर, औषधिलगायतका सरसफाइका सामग्री बाँड्ने भएको छ । महासंघले अन्य संघसंस्थाको सहकार्यमा सामग्री संकलन र वितरण गर्ने जनाएको छ । महासंघले उपकरण संकलन तथा वितरण गर्न महासंघका उपाध्यक्ष उमेशलाल श्रेष्ठको संयोजकत्वमा कार्यदल गठन गरेको छ ।



सम्पादकीय

# सैन्य अधिकृतहरूको आर्थिक पारदर्शिताको प्रश्न

नेपाली सेनाको इतिहासमै पहिलो पटक प्रधानसेनापति पूर्णचन्द्र थापाले गत भदौमा आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेको विषय आफैंमा सकारात्मक छ तर उनको यो कदम त्यतिबेला मात्र अर्थपूर्ण बन्छ, जतिबेला उनी मातहतका अरू सैनिक अधिकृतले पनि यसैगरी आफ्नो सम्पत्ति सार्वजनिक गर्नेछन् । अहिलेसम्म सात जना अधिकृतले मात्रै प्रधानसेनापतिलाई पछ्याउँदै आफ्नो सम्पत्ति विवरण बाहिर ल्याएका छन् । यस्तो विवरण सार्वजनिक नै गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था नभए पनि 'चेन अफ कमान्ड' मा चल्ने संस्थामा कमान्डरको पदचिह्न र आह्वानको अनुसरण गर्ने-नगर्ने प्रश्न अन्य अधिकृतका लागि नैतिकताको विषय बन्नुपर्छ । प्रधानसेनापति स्वयंले पनि आफ्नो सार्वजनिक खपतका लागि मात्र सम्पत्ति विवरण सार्वजनिक गरेका होइनन् भने कुनै न कुनै रूपमा यस कार्यका लागि अरू अधिकृतलाई पनि तयार पार्नुपर्छ ।

संगठनकै कमान्डरले सम्पत्ति विवरण सार्वजनिक गरेपछि मातहतका सबैलाई आआफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्न दबाब पर्नुपर्ने हो । करिब ९६ हजारको दरबन्दी रहेको सेनामा दुई रथी, २० जनाजति उपरथी र ७० भन्दा बढी सहायक रथी छन् तर दोस्रो वरीयताका बलाधिकृत रथी शरद गिरीले नै हालसम्म सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् । बलाध्यक्ष रथी गौरव तण्डुल, उपरथीत्रय प्रभुराम शर्मा, अनन्त कार्की र रघु भण्डारी तथा सहायक रथीद्वय विज्ञानदेव पाण्डे र प्रेम शाही अनि महासेनानी अच्युतप्रसाद अधिकारीले मात्रै सेनाको वेबसाइटमा सम्पत्ति विवरण राखेको देखिएको छ ।

भ्रष्टाचार निवारण ऐन-२०५९ को दफा ५०(१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन-२०५८ को दफा ३१(१) अनुसार सार्वजनिक पदधारण गरेको व्यक्तिले ६० दिनभित्र तोकिएको निकाय वा अधिकारीलाई आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्छ । यसैअनुसार सेनाले पनि सम्पत्ति विवरणसम्बन्धी एउटा निर्देशिका जारी गरेको छ, जसअनुसार सहायक रथीसम्मको सम्पत्ति विवरण प्रधानसेनापति कार्यालयमा राख्नुपर्नेछ भने त्यसपछि धेरै बजेट चलाउनुपर्ने खालका विशेष कार्यालयका अधिकृत र सम्पूर्ण कर्मचारीले हरेक वर्ष सम्पत्ति विवरण आआफ्नो विभागमा पेस गर्नुपर्छ । प्रधानसेनापति थापाले छ महिनाअघि आफ्नो सम्पत्ति सार्वजनिक गरेको बखत यसै वर्षबाट रथी तथा अधिकृतहरूको सम्पत्ति विवरणको दुरुस्त अभिलेख राख्ने र आवश्यकताअनुसार अनुगमन गर्ने विशेष व्यवस्था गर्न लागिएको बताएका थिए, उक्त घोषणाको पनि उचित कार्यान्वयन गरिनुपर्छ ।


कतिपय सैनिक अधिकारीमाथि भ्रष्टाचारको आक्षेप लागिरहेका बेला संस्थागत सुधारका निम्ति प्रधानसेनापतिको यो कदम आफैंमा महत्त्वपूर्ण छ । सम्पत्ति विवरण बाहिर ल्याउँदैमा भ्रष्टाचार नहुने भन्ने नभए पनि यसको सांकेतिक अर्थ हुन्छ । यस्तो कामले पारदर्शितालाई प्रवर्द्धन गर्नेछ । त्यसैले पनि प्रधानसेनापतिकै बाटो अनुसरण गरी सेनाका अरू अधिकृतले पनि आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु उचित हुन्छ । कम्तीमा उच्च तहका अधिकृतले यसलाई आफ्नो जिम्मेवारी ठानेमा बाँकीले पनि त्यसलाई पछ्याउने वातावरण बन्छ । सेनाभित्र अनियमितता र भ्रष्टाचार भएको भन्ने उजुरी प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा समेत परेको पृष्ठभूमिमा सैन्य अधिकृतहरूको आर्थिक जीवनप्रति यसै पनि आम चासो बढेको छ । समितिले उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल र प्रधानसेनापति थापासँग यसबीच परेका उजुरीमा केन्द्रित रही छलफल गर्ने तयारी पनि गरेको छ । यस्तो परिप्रेक्ष्यमा सेनाका अधिकारीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दा त्यसले पारदर्शिता प्रवर्द्धन गर्नुका साथै समग्र संगठनको छवि सकारात्मक बनाउन पनि मद्दत पुर्‍याउँछ ।

मुलुकको अत्यन्त संवेदनशील सुरक्षा निकाय- नेपाली सेनाले आफूलाई जति बढी पारदर्शी राख्न सक्छ, त्यति नै यसको गरिमा पनि उच्च रहिरहन्छ । काठमाडौं-तराई द्रुतमार्गलगायत खर्बौं रुपैयाँका विकास निर्माणमा समेत हात हालेका बेला सेनाका सबै विवेकशील अधिकृतहरू यसबारे गम्भीर हुनुपर्छ । आफूहरूको सम्पत्तिमाथि आम चासो भएको र त्यो अन्ततः संगठनको छविसँग पनि जोडिएको उनीहरूले बुझ्नुपर्छ । संगठनको स्वच्छताका लागि यो किन जरुरी छ भनेर प्रधानसेनापति थापाले आफू मातहतका अधिकारीलाई बुझाउन सक्नुपर्छ ।

सेनालगायत मुलुकका अन्य महत्त्वपूर्ण निकायका उच्चपदस्थ अधिकारीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने विषयलाई मुलुकको राजनीतिक नेतृत्वले पनि गम्भीरतापूर्वक लिनुपर्छ किनभने मन्त्रिपरिषद्का २३ सदस्यमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा प्रधानमन्त्रीलगायत १० जनाको मात्रै सम्पत्ति विवरण राखिएको छ । अरू मन्त्री/राज्यमन्त्रीको सम्पत्ति विवरण नराखी 'प्राप्त भएको' भन्ने मात्र उल्लेख छ । त्यसैले, सर्वप्रथम त सबै मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । राज्यकोषबाट तलब-सुविधा प्राप्त गर्ने जोकोहीले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुलाई नैतिक दायित्व सम्झनुपर्छ ।

# दिल्ली हिंसाको अन्तर्य

भारतमा महासामन्त मोदीको नागरिकता संशोधन ऐन र नागरिक पञ्जीकरण अभियान हिटलरको न्युरेम्बर कानुनद्वारा प्रभावित भएको प्रतीत हुन्छ ।



ध्रुव कुमार




अहिंसात्मक आन्दोलन तथा सत्याग्रहको उपज भए पनि साम्प्रदायिक हिंसाको गर्भबाटै स्वतन्त्र भारतको जन्म भएको थियो । अहिंसाका प्रवर्तक राष्ट्रपिता महात्मा गान्धीको वध पनि हिन्दु अतिवादका समर्थक गोड्सेबाट भएको थियो । तिनै गोड्से भारतीय जनता पार्टी (भाजपा) की नेतृ प्रज्ञा ठाकुरका लागि आराध्यदेव भएका छन् । स्वतन्त्र भारतको संविधानप्रदत्त धर्मनिरपेक्षता, धार्मिक सहिष्णुता, जातीय समानता, अल्पसंख्यकको मर्यादा र संरक्षणजस्ता लोकतान्त्रिक मान्यता राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को हिन्दुत्व र हिन्दु राष्ट्रको मूल आदर्श विपरीतको संस्थापन थियो ।

सन् २०१४ मा भारतीय राजनीतिक रंगमञ्चमा भाजपाको नेतृत्व सम्हाल्दै आरएसएसका पुराना कार्यकर्ता नरेन्द्र मोदीले आफ्नो उदयपछि मुलुकलाई हिन्दुत्वको महायज्ञमा होमेका छन् । मोदीले आफ्नो पहिलो कार्यकाल हिन्दुत्व अभियानको सार्थकताको निम्ति मुख्यतः दुईवटा काममा समय खर्चे । एक, आन्तरिक राजनीतिमा व्यक्तिगत नियन्त्रण र प्रभुत्व कायम गर्न उनले मुस्लिम समुदायविरुद्ध कार्यकर्ताहरूको हिंसात्मक कारबाही (लिन्चिङ) प्रति मौनता ग्रहण गर्दै आफ्ना कटु आलोचकहरूलाई देशद्रोहीको आरोप लगाउँदै मुद्दा खेपाएर हतोत्साहित गर्ने अभियान चलाए । भाजपा सरकार आफ्ना नीतिको विरोधीलाई राष्ट्रिय सुरक्षाको निम्ति जोखिम भनी परिभाषित गर्न समेत चुकेन । मोदीले भारतीय सञ्चार माध्यमलाई निचोर्ने काम तदारुकताका साथ बढाए । मोदीले मिडियालाई 'गोदी' लिएको सर्वत्र अनुभव गर्न थालियो । यो नियोजित नीति अनुसार अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्दै निर्वाचित नेतृत्व वैधताको आडमा मोदीले मुलुकलाई फासीवादतिर डोर्‍याउने उपक्रममा लागेको स्पष्ट संकेत दिँदै दोस्रो काम फत्य गरे ।

भारतीय जनतामा मौलाउँदो शक्तिशाली नेतृत्वको आकांक्षा र आफ्नो लोकप्रियतावादी नीतिबीचको तादात्म्यले गर्दा २०१९ को लोकसभा निर्वाचन दोस्रोपटक अपार बहुमतले जिती कार्यकाल सुरुआत गर्नुसितै मोदीले हिन्दुत्वको योजनालाई तीव्रतासित अघि बढाएका छन् । मुस्लिमबहुल एक मात्र राज्य जम्मु र कश्मीरको स्वायत्तता खोसिएको छ । कश्मीर र लद्दाख टुक्रिएर केन्द्र शासित प्रान्तहरूमा परिणत भएका छन् । लगत्तै नागरिकता संशोधन ऐन र राष्ट्रिय नागरिक पञ्जीकरण अभियान जारी गरिएको छ । केन्द्र सरकारका यी निर्णयहरूको सार्वजनिक विरोध चर्किँदै छ । नागरिकता संशोधन ऐनविरुद्ध सडकमा उत्रिएका, खासगरी मुस्लिम समुदायका कम्तीमा ३० प्रदर्शनकारीहरू उत्तर प्रदेशमा मात्र प्रहरीद्वारा मारिएका छन् । गत डिसेम्बर १५ देखि दिल्लीका शाहिनवागमा यही मुद्दालाई लिएर मुस्लिम महिलाले निरन्तर प्रदर्शन गर्दै आएका छन् । केन्द्र सरकारको विभेदकारी नीतिलाई लिएर भारतका अन्य सहरमा पनि प्रदर्शन भएका छन् । बंगलादेश, पाकिस्तान र अफगानिस्तानबाट धपाइएका मुसलमान बाहेकका अन्य धर्मावलम्बीहरूलाई सहजै नागरिकता दिने सरकारी नीतिले भाजपाको मुस्लिम समुदायप्रतिको घृणित दृष्टिकोण उदाङ्गिएको छ । भारतवासी मुस्लिम समुदायको राष्ट्रिय पहिचान भाजपाको विभेदकारी नीतिकै कारण धरापमा परेको छ । संघीय सरकारको केन्द्र दिल्लीमा भाजपाको मौन समर्थन वा सहमतिसितै फेब्रुअरी २३ देखि लगातार ४ दिनसम्म उग्र हिंसात्मक ताण्डव नृत्य सुरु हुनुको कारण मुसलमानहरूको असन्तुष्टि दबाउनु नै थियो ।

संयोगले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दिल्लीमा राजकीय समारोहका बेला पनि अर्को छेउमा अल्पसंख्यकको दमन र हिंसा रोकिएको थिएन । त्यहाँ हिन्दुहरूसमेत ५३ जना मारिए, ४ सयभन्दा बढी घाइते भए र हजारौंको संख्यामा जनता घरबारविहीन भए । आगजनीबाट ध्वस्त र लुटिएको सम्पत्तिको लेखाजोखा हुन बाँकी नै छ । पहिचानका निम्ति गरिएको अल्पसंख्यक समुदायको संघर्षलाई बहुसंख्यकद्वारा निर्वाचित दल भाजपाले मुस्लिम धार्मिक प्रतिवाद (रेसिस्टेन्स) भनी परिभाषित गर्दै विद्वेष फैलाउने चेष्टा गर्दै आएको छ । यहाँ उदेकलाग्दो प्रसंग के भने, आफ्नो रंगभेदी नीतिलाई हिंसामा परिवर्तन गर्न असफल राष्ट्रपति ट्रम्प आफ्नै उपस्थितिका बेला दिल्लीमा भड्किएको साम्प्रदायिक हिंसाप्रति मौन रहे तर भारतले स्वतन्त्रता र परम्परागत धार्मिक सहिष्णुताप्रति देखाएको प्रतिबद्धताप्रति प्रधानमन्त्री मोदीको प्रशंसा गर्न चुकेनन् । भाजपा दोषमुक्त भयो । प्रतिपक्षी कांग्रेस लोकतन्त्रको जगेर्ना गर्ने जिम्मेवारीबाट पन्छियो । फेब्रुअरी ८ मा मात्र दिल्ली विधानसभाको चुनाव तेस्रोपटक पनि अविश्वसनीय बहुमतले जितेको आम आदमी पार्टी (आप) निरीह रह्यो । त्यसैले भारतको मुस्लिम समुदायले राजनीतिक दलहरूको नीतिहीनता र अल्पसंख्यकप्रतिको उपेक्षाका कारण आफ्नो भविष्यप्रति अनिश्चितता, बाँच्नुको विवशता, निरीहता र निःसहाय हुनुको अनुभवले झनै असुरक्षित महसुस गर्न थालेको छ ।

> यथार्थमा समग्र भारत नै मुसलमानहरूका निम्ति बन्दीगृहमा परिणत हुँदै छ । के गर्ने, कहाँ जाने ? भाजपाले चाहेजस्तो पाकिस्तान मुसलमानहरूको गन्तव्य त कदापि होइन ।

दिल्ली संघीय भारतको राजधानी सहर मात्र नभई केन्द्र सरकारको शक्तिपीठ पनि हो । शक्तिपीठका महन्त प्रधानमन्त्री मोदीले राज्यशक्तिको सदुपयोग गर्नु सट्टा दुरुपयोग गर्नाले राष्ट्रिय संस्था र संरचनाहरू धराशायी हुँदै गएको ज्वलन्त उदाहरण भएको छ, दिल्लीको साम्प्रदायिक हिंसा । त्यसैले प्रहरी, अर्धसैनिक बल (सीआरपीएफ) तथा अन्य सुरक्षा निकायहरूसमेत निस्क्रिय हुन पुगे । प्रहरी राज्य सरकार मातहत नभई केन्द्र सरकार अधीनस्थ हुँदा आप सरकार हिंसाको मूकदर्शक र साक्षी मात्र हुनपुग्यो । मृतकका परिवारलाई जनही १० लाख क्षतिपूर्ति दिने उद्घोषसिवाय मुख्यमन्त्री केजरीवाल निस्काम रहे । चार दिनसम्म हिंसात्मक कारबाही निर्बाध चल्दा पनि जननिर्वाचित केन्द्रीय र राज्य सरकार प्रभावहीन भए । मतदान पेटीमा वयस्क जनताले समानताकै आधारमा मत खसालेका थिए । तिनै मतदाताहरूमध्ये कसैलाई गैरनागरिकको व्यवहार गर्न बहुमतीय आधारमा नागरिकता संशोधन ऐनजस्तो कानुनी हत्कण्डा अपनाएर भाजपा सरकारले संविधानको बर्खिलाप गरेको छ । अल्पसंख्यक समूहलाई राष्ट्रिय संरक्षणबाट अलग्याउने सरकारी नीतिले बहिष्कृत अनागरिक जन्माउँछ । तिनलाई संविधानप्रदत्त अधिकारबाट वञ्चित गराउँछ । नागरिकता संशोधन ऐन र राष्ट्रिय नागरिक पञ्जीकरण अभियानले अल्पसंख्यक मुसलमानहरूमा यो भयावह स्थिति अंकुरित गरेको छ । अघिल्लो शताब्दीको सन् १९३५ मा नाजी जर्मनीले न्युरेम्बर कानुन पारित गरी जातीय स्वच्छताका निम्ति अल्पसंख्यक यहुदीविरुद्ध अमानवीय राज्य आतंक सुरु गरेको थियो । हिटलरको आदेशमा 'डिटेन्सन क्याम्पस' र 'ग्यास च्याम्बर' हरू खडा गरिएका थिए । ती पछि यहुदीहरूको अकाल मृत्युगृह बने । भारतमा पनि महासामन्त मोदीको नागरिकता संशोधन ऐन र नागरिक पञ्जीकरण अभियान हिटलरको न्युरेम्बर कानुनद्वारा नै प्रभावित भएको प्रतीत हुन्छ । सम्भावित अनागरिकहरूको निम्ति असम लगायत अन्य कतिपय राज्यहरूमा 'डिटेन्सन क्याम्प' स्थापना त्यही प्रयोजनका निम्ति सुरु गरिएको बुझ्न सकिन्छ । यथार्थमा भारत नै मुसलमानहरूका निम्ति बन्दीगृहमा परिणत हुँदै छ । के गर्ने, कहाँ जाने ? भाजपाले चाहेजस्तो पाकिस्तान मुसलमानहरूको गन्तव्य त कदापि होइन ।

राजनीतिक परिवेशमा हिंसा अप्रत्याशित घटना नभई अति सुझबुझका साथै योजनाबद्ध तवरबाट कुनै व्यक्ति, समूह वा दलले आफ्नो मूलभूत उद्देश्य पूर्तिका निम्ति गर्छ । व्यक्ति वा समूहको आपराधिक तथा आतंककारी गतिविधि फौजदारी ऐन र प्रतिआतंककारी कारबाहीले अवरुद्ध अनि निर्मूल गर्न सकिन्छ । तर राज्यहिंसा र आतंकको सीमितता हुँदैन । त्यसैले दिल्ली हिंसापछि मृतकको संख्या होइन, प्रवृत्तिको प्रश्न उठेको छ । राजनीतिक उद्देश्य पूर्तिका निम्ति हिंसालाई प्रश्रय दिइएको छ । त्यो कुनै आतंकवादी समूहको कर्तुत नभई सत्तारूढ दलबाट अभिप्रेरित अहिंसात्मक आन्दोलनकारीमाथिको बर्बरता थियो । त्यसैले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले दिल्ली हिंसालाई दंगा होइन, नरसंहार थियो भन्नुको अर्थ छ । त्यसरी नै अल्पसंख्यक समूह व्यानल (मार्च ५) को प्रतिवेदन अनुसार हिंसा पूर्वनियोजित योजना अनुसार घटाइएको थियो । दिल्ली विधानसभा चुनावमा भाजपा समर्थकहरूमा उत्तेजना फैलाउन जसरी नेताहरू आक्रामक प्रचार र प्रस्तुतिमा उत्रेका थिए, त्यही नै हिंसा भड्काउने प्रस्थानविन्दु भएको थियो । भाजपाले चुनाव हारेपछि मोदीले 'गोदी' लिएका जीटीभीका एक 'एन्कर' ले मुस्लिम आततायीहरूले विगतमा भारतमा जसरी आधिपत्य जमाएका थिए, दिल्लीका मतदाताहरूले अल्पसंख्यक मुसलमानहरूलाई त्यसरी नै मुलुक कब्जा गर्न सघाएको आरोप लगाउनसमेत नचुक्नुले भाजपाको अन्तर्य बुझ्न सकिन्छ । प्रतिशोधको राजनीतिले हिंसा जन्माएको यस कथनले पुष्टि गर्छ । भाजपाको नियोजित राष्ट्रिय उद्देश्य र राजनीतिक अभियान बहुसंख्यक हिन्दु र बहुमतीय शासकीय पहिचान रहेको छ, जुन खासगरी अल्पसंख्यक मुस्लिम पहिचान विपरीत छ । भाजपाको राष्ट्रिय संकथनमा मुस्लिम पहिचान राष्ट्रिय एकताका निम्ति अपसगुन हुनाले मुलुकको सामाजिक र राजनीतिक संरचनामा समस्याको जड भई वञ्चितीकरणको स्थितिमा पुगेको छ । दिल्ली हिंसा असामाजिक तत्त्वहरूले फैलाएको दंगा थिएन, त्यो भारतीय समाज विभाजित गर्ने उपक्रम थियो । यसले भारतभित्रै विभाजनको रेखा कोरेको छ ।

दिल्ली हिंसाले केही प्रश्न उठाएको छ । मुस्लिम समुदायको बाक्लो बस्ती भएको उत्तर-पूर्वी दिल्लीमा हिंसा चर्के पनि यमुना नदीवारिको मध्यदिल्ली हिंसा प्रभावित भएन, बाँकी दिल्ली शान्त रह्यो । हिंसाग्रस्त क्षेत्रमा पनि हिन्दुहरूले छिमेकी मुसलमानहरूलाई आश्रय दिएको र मुसलमानहरूले हिन्दुहरूलाई जोगाएको तथ्य पनि अघि आएको छ । तसर्थ भारतका ८० प्रतिशत हिन्दु जनता हिन्दुत्वको महायज्ञमा मोदीसित एकबद्ध भएका छन् भन्ने भ्रम फैलाउनु निरर्थक छ । त्यसैगरी २० करोडको हाराहारीमा रहेका भारतीय मुसलमानहरूलाई गृहमन्त्री अमित शाहले भारतीय भूमिबाट निर्मूल गर्ने प्रण सर्वस्वीकार्य हुन्छ भन्ने छैन । यी अहंकारी नीतिहरूले सामाजिक सद्भाव खलबल्याउनुसितै द्वन्द्व बढाउन भने सघाउनेछन् । यसलाई भाजपाले आफू अनुकूल प्रयोग गर्ने अवसर बनाउनेछ । यसले गर्दा साम्प्रदायिक दंगा तथा हिंसाको पूर्व सम्भावना आकलन गर्ने, रोकथाम गर्ने अनि प्रत्यक्ष हस्तक्षेप गरी शान्ति सुरक्षा कायम गर्ने सरकारी संयन्त्रहरू शिथिल हुन सक्नेछन् । धर्मान्धता मिश्रित भाजपाको राजनीतिका कारण आगामी ४ वर्ष मुसलमानहरूक निम्ति सकसपूर्ण रहनेछ । विभाजित भारतीय समाज पहिचानको हिंसात्मक रणभूमि हुने सम्भावना नकार्न सकिँदैन । यसले अल्पसंख्यकको मर्यादाबिनाको लोकतन्त्र जसरी अकाल्पनिक हुन्छ, त्यसैगरी मोदीको हिन्दु राज्यको स्वप्न भंग पनि हुनसक्छ । यसैसित ५ ट्रिलियन डलरको भारतीय अर्थतन्त्रसहित विश्वमा शक्तिराष्ट्रहरूको पंक्तिमा उभिने मोदीको महत्त्वाकांक्षा पनि चकनाचुर हुनसक्छ ।

लोकतन्त्रको आवरणमा रहेको मोदीको चरम दक्षिणपन्थी अभिभावकत्वका निम्ति क्षितिजमा देखापरेका यी चुनौतीहरूबाट सिर्जित संकटको व्यवस्थापन गहन दायित्व हुनेछ । यसको सफलता वा असफलताले नै सन् २०२४ को आमनिर्वाचनमा भाजपा अनि मोदीको भविष्य निर्धारण गर्नेछ ।

## सम्पादकलाई चिठी

### धितोपत्र बोर्डले ध्यान देओस्

सेयर बजार सामान्य हल्ला चल्ने बित्तिकै अस्वाभाविक रूपमा चलायमान हुन्छ । यस्तोमा सीमित व्यक्ति वा संस्थाले बजारको फाइदा उठाउँछन् । त्यसैले नेपालको सेयर बजार परिपक्व छैन । सरकार र नियामक निकायको काम बजारका अस्वाभाविक प्रकृतिलाई सम्भव भएसम्म नियम र कानुनमा बाँध्ने हो । कानुनी बाटोबाट बजारमा देखिएका समस्याको हल खोजिनुपर्छ । बजार सर्किट लागेर बन्द हुने अवस्थामा किन्न चाहने र बेच्न चाहने ठूलो संख्या सेयर खरिद वा बिक्री गर्न पाउँदैनन् । यस्तो समस्या सीमित व्यक्ति वा समूहको कारण हुन्छ । यो परिस्थितिको समाधान खोज्नु अपरिहार्य भइसकेको छ । धितोपत्र बोर्डले यसमा ध्यान दिनुपर्छ ।

– **नवीन घिमिरे**, *काठमाडौं*


### प्रधानमन्त्रीलाई आरामको आवश्यकता

प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यका कारण सरकार र नेकपा पार्टीको गतिविधि ठप्प भएझैं लाग्छ । मिर्गौला प्रत्यारोपण जटिल प्रक्रिया हो । पूर्णरूपमा निको हुन ६ महिना लाग्ने चिकित्सक बताउँछन् । ओलीले पहिले आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्छ, अनि मात्र देशको बारेमा सोच्ने हो । बिरामी अवस्था वा अस्पतालको शैयाबाट देश चलाउने सोच राख्नु राम्रो हुन्न । यस्तोमा प्रधानमन्त्रीले कार्यवाहक जिम्मा अरुलाई दिएर आफ्नो सम्पूर्ण ध्यान स्वास्थ्यमा लाउनुपर्छ । कुनै पनि सरकारी कर्मचारी वा अन्य सरकारी लाभको पदमा बस्नेले कुनै जटिल रोगको उपचार गर्नुपरे लामो बिदा लिन्छन् । अनि पूर्ण स्वस्थ भएपछि बल्ल काममा फर्कन्छन् । यस्तो सुविधा हाम्रो प्रधानमन्त्रीले पनि पाउनुपर्छ । जनताले प्रधानमन्त्रीको स्वास्थ्यलाभको कामना गरिरहेका छन् । उनी पूर्ण रुपमा स्वस्थ हुन पर्याप्त आराम चाहिन्छ । प्रधानमन्त्रीको पदले व्यक्ति ओलीलाई आराम गर्न दिएको छैन । प्रधानमन्त्री पद २४ घण्टानै काम गर्नुपर्ने प्रकृतिको हो । तत्काल निर्णय गर्नुपर्ने स्थिति आइलाग्न सक्छ । त्यसैले प्रधानमन्त्रीले केही समय कार्यकारी अधिकार हस्तान्तरण गर्दा देश र जनतालाई राम्रो होला ।

– **गोपाल देवकोटा**, *जोरपाटी, काठमाडौं*

### कोरोना त्रासमा खोइ सरकारको भरोसा ?

विश्वव्यापी रूपमा फैलिँदै गएको कोरोना भाइरसबाट मुलुक ढुक्क भएर बस्ने स्थिति छैन । कथंकदाचित चीन, इटाली, दक्षिण कोरिया, इरान लगायतका देशमा झैं एकैपटक धेरैजनामा संक्रमण देखिएमा के गर्ने ? यसका लागि सरकारले गम्भीरतापूर्वक यथेष्ट रोकथाम र नियन्त्रणका योजना तर्जुमा गर्नुपर्ने विज्ञहरू बताउँछन् । अहिलेसम्म वुहानबाट फर्केर क्वारेन्टाइनमा बसेका ४ सय ५० जना र ६६ स्वदेशी वा विदेशी पर्यटकको मात्र नमुना लिइएको छ ।
सर्वप्रथम छिमेकी मुलुकसितका नाका वा विमानस्थलबाट प्रवेश गर्नेलाई राम्ररी जाँच गरी अलग्गै उपचार गर्ने र संक्रमण फैलिन नदिने व्यवस्था गरिनुपर्छ । साथै नेपाल-भारत आवत-जावत गर्ने साना नाकाहरूमा पनि आवश्यक स्रोत-साधनको व्यवस्था गर्नैपर्छ । दोस्रो, प्रकोप फैलिहालेमा परीक्षण, उपचार एवं संक्रमण नियन्त्रण गर्ने काममा छिटो गनुपर्ने हुन्छ । हतारमा यसो गर्दा नियन्त्रण गर्न गाह्रो हुनेछ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामार्फत परीक्षण गर्न उपकरण तथा जनशक्तिसहितको सुरक्षा व्यवस्था मिलाउने दायित्व सरकारको हो । केही व्यक्तिमा मात्र भाइरस संक्रमण देखियो भने तीव्र रूपमा फैलिनेछ । तर प्रयोगशालामा केवल १ हजार ५ सय जनाको मात्र परीक्षण सम्भव देखिन्छ । त्यसैले कम जोखिम भएकालाई घरमै भए पनि अरुको संसर्गमा नरहने गरी बस्न सरकरले आग्रह गर्नुपर्छ । परीक्षण र उपचार व्यवस्थाका लागि गतिलो योजना बनाई तीनै तहका सरकार, निजी क्षेत्र र समाजका सबै तप्काले जोगिने हर उपाय अपनाउनुपर्ने हुन्छ ।
पूर्व तयारीमा ध्यान नपुर्‍याउने तर संक्रमण भयावह भैसकेपछि हतार-हतार नियन्त्रण गर्न हारगुहार गर्ने हाम्रो पुरानै संस्कार हो । नोबल-कोरोना भाइरसको खास उपचार केही छैन । कोरोना रोकथामका लागि खोपमात्र अचुक उपाय भएपनि अनुसन्धान र परीक्षण हुन बाँकी छ । यो भाइरस त्यत्तिकै शरीरभित्र उत्पत्ति हुँदैन । हाम्रो जीवनशैली स्वस्थ भएमा धेरै हदसम्म यसको संक्रमणबाट बाँच्न सकिन्छ । त्यसकारण खाना बनाउँदा, खानु पहिले र पछाडि गरी दिनको



कम्तीमा ४/५ पटक साबुन-पानीले हात धुने, हाच्छिउँ गर्दा रुमालले राम्ररी नाक-मुख छोप्ने र काम नपरेसम्म घरबाहिर ननिस्कने गर्नुपर्छ । त्यस्तै उमालेको पानी मात्र पिउने, पोषिलो र सन्तुलित खानामात्र खाने, माछा, मासु र अन्डा राम्ररी पकाएर मात्र खाने र प्रभावकारी मास्क (एन ९०, एन ९५, एन १००) को प्रयोग नै नोबल कोरोना भाइरसबाट बाँच्ने गतिलो उपाय हो । धनगढी उपमहानगरपालिकाले जस्तो हल्दी, बोझो र लसुनको सेवनले कोरोना भाइरसको संक्रमणबाट बच्न सकिने भनी उल्टो सन्देश फैलाउनु कदापि हुँदैन । घाँटी दुख्ने, उच्च ज्वरो आउने र श्वास फेर्न कठिन हुनासाथ नजिकको स्वास्थ्य संस्थामा जँचाउनुपर्छ । कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्न सजिलै सबैले बुझ्ने सन्देशमार्फत व्यापक जनचेतना अभिवृद्धि गर्ने काम र कर्तव्य सरकारको हो ।

– **गंगाराज अर्याल**, *पाणिनि-८, अर्घाखाँची*

●●●

हाम्रो सरकारले देशलाई कोरोनामुक्त घोषणा गरेर बसेको छ । अहिलेसम्म नेपालमा संक्रमित भेटिएको छैन । तर छिमेकी देश भारतमा कोरोना भाइरस भेटिएको छ । यसका कारण भारतबाट आउने खाद्यान्न र सामग्री छिट्टै नै बन्द हुने अवस्था छ । पर्यटक संख्या घटेर हाम्रो पर्यटन व्यवसायको स्थिति नाजुक भइसक्यो । त्यसैले कोरोना भाइरसले अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । कोरोनासँग जुध्न त परे जाओस्, हामी अलि सचेत भएर सोच्नपनि सकेका छैनौं । कोरोनाको उपचार पूर्व तयारीमात्र हो । कोरोना भइरसका कारण यदि भारतबाट खाद्यान्न आएन भने हाम्रो स्थिति के हुन्छ ? हल्लैहल्लालेकालोबजारी मौलाउन थालेको छ । औषधि, मास्क, ग्यास र खाद्यान्न व्यापारीले लुकाउन थालेका छन् । यसले आम मानिसको जीवन कष्टकर बनेको छ । राज्यले अत्यावश्यक सामग्रीको प्रवाहमा ध्यान पुर्‍याउनुपर्छ । तीन तहका सरकारबीच समन्वय यस्तै अप्ठ्यारो बेला झन् महत्त्वपूर्ण हुन्छ । जिम्मेवारीबाट विमुख हुने सजिलो उपाय खोजेर सरकार उम्कन पाउँदैन । सबै पार्टी र सरकार मिलेर यस अत्यन्त कठिन परिस्थितिको सामना गर्नुपर्छ । कोरोनाका कारण जनमानसमा ठूलो त्रास सिर्जना भएको छ । यस्तो अवस्थामा सरकारले जनतालाई भरोसा दिने हो । सम्भावित जोखिमलाई मध्यनजर गर्दै लम्बेतान सरकारी प्रक्रियालाई घटाउनुपर्छ । सरकारी प्रक्रिया चुस्त र छरितो हुन आवश्यक छ ।

– **भरतबहादुर विष्ट**, *टीकापुर- १ कैलाली*

### सिकाइमा परिवर्तन जरुरी

हाम्रा विद्यालयमा पढाउने अधिकांश शिक्षकले कक्षा प्रवेश गर्नुअघि खासै तयारी गर्दैनन् । विद्याथीलाई पट्यारलाग्दो सूत्र घोकाएर भुत्ते बनाइदिन्छन् । विद्यार्थीले केही जिज्ञासा राखे भने ऊ अनुशासनहीनमा गनिन्छ । यसका कारण विद्यार्थी कक्षाकोठामा गुम्सिएर बस्नुपर्छ । प्रतिभालाई फस्टाउन दिइँदैन । विषयगत तयारी, शैक्षिक सामग्रीको व्यवस्थापन र अध्ययनमा हामी कमजोर छौं । विद्यार्थी केन्द्रित बालमैत्री शिक्षा प्रणाली हामीमा छैन । बालबालिकालाई प्रश्न सोध्न प्रोत्साहन गर्नुपर्छ । पिट्ने वा अभद्र व्यवहार गर्ने काम शिक्षकले गर्ने होइन ।

– **कृष्ण कुम्परे**, *आदमटार, धादिङ*

# कसको रह्यो संघीयता र धर्मनिरपेक्षता ?



हुलाकी

उज्ज्वल प्रसाईं



संघीयता र धर्मनिरपेक्षता चर्चामा छ। संवैधानिक प्रावधानबारे विभिन्न कोणबाट विमर्श चल्नु अस्वाभाविक होइन। सत्तरी हिउँद पचाइसकेको भारतीय संविधान अद्यापि बहस र विवादको विषय बनिरहेको छ। चार वर्षअघि आन्दोलन र रक्तपातबीच जारी नेपालको संविधान वा संविधानका प्रावधानबारे अहिले बहस हुनु अनौठो होइन। पहिलो र दोस्रो दुवै संविधानसभामा पेचिला बनेका संघीयता र धर्मनिरपेक्षता जस्ता विषय कार्यान्वयन गर्दा चुनौती देखिनु असामान्य पनि होइन। तर अहिलेको चर्चा ती चुनौतीको सामना गर्न, व्यवस्थालाई सबल बनाउन, तिनको चुस्त कार्यान्वयन गर्न र लोकतन्त्र सुदृढ तुल्याउनमा केन्द्रित छैन। बरु संविधानसभाको नब्बे प्रतिशतले औपचारिक रूपमा स्वीकार गरेको संविधानका यी मुख्य प्रावधान खारेजीको चर्चा सुरु भएको छ।

संघीयता र धर्मनिरपेक्षता खारेज गर्न चाहने शक्ति को हुन् र तिनले केका आधारमा त्यस्ता प्रयत्न गर्दै छन् भनेर सोच्नुअघि उठाउनैपर्ने केही पुराना प्रश्न छन्। संविधानमा संघीयता र धर्मनिरपेक्षताका प्रावधान राख्ने मुख्य राजनीतिक शक्तिमा हालको नेकपा र नेपाली कांग्रेस हुन्। यी राजनीतिक शक्ति सैद्धान्तिक एवं व्यावहारिक रूपमा कमजोर साबित हुँदा वा खुलेर दक्षिणपन्थमा प्रवृत्त हुँदा यी व्यवस्था खारेज गर्न कुनै ठूलो शक्ति चाहिँदैन। त्यसैले पुरानै केही प्रश्न पटक-पटक सोधिरहनुपर्ने यिनै राजनीतिक शक्तिलाई हो। कसैलाई झिँजो लाग्न सक्छ, तर यी जरुरी प्रश्नको सान्दर्भिकता बढेको छ।

धर्मनिरपेक्षता सम्बन्धी पहिले उठाइसकेका केही प्रश्न दोहोर्‍याऔं। नेकपा र नेपाली कांग्रेस धर्मनिरपेक्षताबारे स्पष्ट हुन नचाहेका वा जानीबुझी अस्पष्ट देखिएका ? पुष्पलाल श्रेष्ठ, बीपी कोइराला वा मदन भण्डारी – यी कुनै पनि संस्थापक नेताहरू कहिल्यै अस्पष्ट नभएको विषयमा अहिले क्रियाशील 'वामपन्थी एवं लोकतान्त्रिक' नेताहरूमा देखिएको अलमलको अर्थ सकारात्मक निस्कँदैन। राजनीतिक सिद्धान्तको आधारभूत विषयमा समेत अलमलिनुलाई तत्तत् पार्टीका आमकार्यकर्ताले क्षमा गर्नसमेत मिल्दैन। तर, धर्मनिरपेक्षताको अर्थ, परिभाषा, मर्म एवं यसको नेपाली सन्दर्भलाई बेवास्ता गर्दै यिनै पार्टीले अशोभनीय व्याख्या गरे। भाषाको छली खेलमार्फत नागरिक झुक्याउने प्रपञ्च रचे। सनातन धर्मको संरक्षण गर्ने बताउँदै हिन्दु धर्मलाई राज्यको धर्मका रूपमा सुरक्षित बनाउन खोजे। अन्तरिम संविधानले कुनै सन्देह उब्जन नदिने गरी स्पष्ट रूपमा व्याख्या गरेको प्रावधानलाई संविधानसभाबाट पारित संविधानमा एक कदम पछि हटेर हिन्दु धर्मनिरपेक्षता बनाए। आमनेता तथा कार्यकर्ताले मौन समर्थन गरे।

धर्मनिरपेक्षता पक्षधर एवं विरोधी दुवैलाई एकै पटक झुक्याउन हास्यास्पद कोसिस भयो। 'सनातन धर्मको संरक्षण' जस्तो वाक्यांशको प्रयोगमार्फत भारतीय हिन्दुवादी सत्ता रिझाउने कोसिस हो भने पनि त्यो सफल हुन सकेन। धर्मनिरपेक्षताको औचित्य बुझ्ने एवं सो मागलाई महत्त्वपूर्ण ठान्ने जमातले संविधानमा गरिएको अपव्याख्यालाई स्विकारेन। धर्मनिरपेक्षताप्रति तीव्र अरुचि देखाउने र विदेशीले थोपरेको एजेन्डाका रूपमा व्याख्या गर्नेहरूलाई पनि यो व्याख्याले ढुक्क बनाएन। कुनै पनि फल हात लागी नभएको यस्तो छली व्याख्याले बरु राजनीतिक दलहरूको कमजोर वैचारिकी उदांगो पारिदियो। राजनीतिक दलहरू रकमी राजनीतिका झुर खेलाडी मात्र हुन् भन्ने पुनर्पुष्टि गरिदियो। ती कमसल खेलाडीलाई काँधमा बोकिदिने कार्यकर्तामा राजनीतिप्रति नै उदासीनता देखियो। बीपीको लोकतन्त्रमा चोट पर्‍यो, मदन भण्डारीको बहुदलीय जनवाद घाइते भयो।

अब संघीयता सम्बन्धी उठिरहने पुरानै प्रश्न फेरि एक पटक दोहोर्‍याऔं। संघीय संरचनाको मर्म अनुरूप काम गर्ने र सो व्यवस्थाको सफलतामार्फत लोकतन्त्रलाई सुदृढ बनाउने सवालमा नेकपा र नेपाली कांग्रेस इमानदार छन् ? संघीय व्यवस्थाको सान्दर्भिकता पुष्टि गर्न एवं सो व्यवस्थाको राजनीतिक पैरवी गर्न उनीहरू के गर्दै छन् ? यी दुई पार्टीका नेता तथा अगुवा कार्यकर्ता संघीयताको पैरवी गर्दै हिँडेका छन् वा संघीयता बेकामे भयो भन्ने प्रचारमा व्यस्त छन् ? कर्मचारीतन्त्रको यथास्थितिवादी मानसिकतालाई चिर्न र बदलिने ऊर्जा थप्न राजनीतिक इच्छाशक्ति प्रदर्शन हुन सकेको छ ?

> पुष्पलाल श्रेष्ठ, बीपी कोइराला वा मदन भण्डारी – यी कुनै पनि संस्थापक नेताहरू कहिल्यै अस्पष्ट नभएको विषयमा अहिले क्रियाशील 'वामपन्थी एवं लोकतान्त्रिक' नेताहरूमा देखिएको अलमलको अर्थ सकारात्मक निस्कँदैन।

संघीयता सम्बन्धी यी प्रश्नसँग सान्दर्भिक ठहर्ने केही उदाहरण हेरौं। अनेक प्रपञ्च गरेर सके प्रधानमन्त्री बन्ने, नसके राष्ट्रिय सभाको सदस्यसम्म बन्ने कोसिसमा लागेका वामदेव गौतमले दुई वर्षअघि 'नेपाल नवनिर्माण : महाअभियान' शीर्षक पुस्तक प्रकाशन गरे। नयाँ संविधानले संघीयता स्वीकार गरिसकेको समयमा गौतमकृत पुस्तकले संघीयतालाई बेकामे ठहर गर्ने जबर्जस्त कोसिस गर्‍यो। आर्थिक समृद्धिका जादुयी सपना कोरलिएका पानामा पटक-पटक एउटै वाक्य दोहोरिएको छ, 'हाम्रोजस्तो मुलुकमा संघीयता उपयुक्त हुँदैन।' संघीयताप्रति पटक्कै विश्वास नभएका गौतम एक्ला नेता होइनन्। पूर्वएमाले र कांग्रेसमा गौतमहरू कति छन् कति ! हिजो संघीयताको चर्को वकालत गर्ने पूर्वमाओवादीसमेत शक्ति केन्द्रीकृत गर्ने ध्याउन्नमा छन्। प्रदेश एवं स्थानीय सरकार सबल भएको र तिनले आफ्नो उपादेयता पुष्टि गरेको देख्न चाहनेहरू कम छन्। संघीय व्यवस्थालाई चुस्त बनाउन आवश्यक कानुन, संस्था एवं संरचनाको द्रुत निर्माणमा ती उदासीन छन् भनेर पटक-पटक पुष्टि भइसकेको छ।

गौतमहरूबाट प्रशिक्षित कार्यकर्ता गाउँ-सहरमा संघीयताप्रति सन्देहको उनकै भाका दोहोर्‍याउँदै हिँडिरहेका छन्। आफ्नै पार्टी नेतृत्वमा भएका प्रदेश, केन्द्र वा स्थानीय सरकारका सबै कमजोरीलाई संघीयताको कमजोरीका रूपमा व्याख्या गर्नेहरूको संख्या यथेष्ट छ। संघीय संरचनाको पैरवी गर्ने र आम नागरिकमा यसको अपनत्व बढाउने काममा नेकपा एवं नेपाली कांग्रेस दुवै दलका नेता-कार्यकर्ता हदैसम्म उदासीन छन्।

प्रदेश तहमा केन्द्र सरकारको केन्द्रीकृत मानसिकता एवं कर्मचारीतन्त्रको नबदलिएको थितिप्रति गुनासो धेरै सुनिन्छ। केन्द्र सरकारलाई संघीयताप्रति जवाफदेही एवं कर्मचारीतन्त्रलाई समय अनुसार फेरिन बाध्य बनाउन सक्ने सबैभन्दा उपयुक्त संयन्त्र नै राजनीतिक पार्टी हुन्। पार्टीको प्रत्येक मञ्चमा संघीयताबारे निरन्तर विमर्श हुने र आमकार्यकर्ता तहमा संघीय संरचनालाई गहिरोसँग आत्मसात् गराउने वातावरण बन्न जरुरी छ। संघीयताको बदनामीका प्रयासलाई सामान्य कार्यकर्ताले समेत चुनौती दिनसक्ने भए मात्र राजनीतिक नेतृत्व, केन्द्र सरकार एवं सबै जिम्मेवारहरू गम्भीर बन्नेछन्। तर, अवस्था ठीक उल्टो छ। संघीयता र धर्मनिरपेक्षता हाम्रा मुद्दा हुन् भनेर हाँकका साथ पैरवी गर्ने उल्लेख्य कार्यकर्ता पंक्तिसहितको राजनीतिक शक्ति रहेन।

संविधानका सबल भनिएका पक्षमा अनेक छिद्र हुनु चुनौती हो। शक्तिशाली राजनीतिक पार्टीमा संवैधानिक प्रावधानप्रति स्पष्टता र अपनत्व नहुनुले संविधानमार्फत संस्थागत गर्न खोजिएको लोकतन्त्र संकटग्रस्त छ। दक्षिणपन्थी बहावमा सहजै हेलिन थालेको राजनीतिक नेतृत्वले त्यसो गर्नुमै आफ्नो उपादेयता सिद्ध भएको महसुस गरिरहेको होला। आमकार्यकर्ता र नागरिकमा समेत उदासीनता छाउन थाले दक्षिणपन्थको मार्ग सुगम र तीव्र बन्छ। रवीन्द्र मिश्र नेतृत्वको साझा पार्टीको दाहिने झुकाव नयाँ विषय होइन। संघीयता एवं धर्मनिरपेक्षताबारे मिश्रहरूको पछिल्लो निर्णय भने नेपाली समाजमा दक्षिणपन्थको प्रभाव बलियो हुन थालेको सामान्य प्रमाण हो।

भारतको हिंस्रक हिन्दुत्ववाद विस्तार हुन थाल्नु अर्को चुनौती हो। मधेशका सहरदेखि काठमाडौंका अखबारसम्म, विश्वविद्यालयदेखि राजनीतिक दलका गुटसम्म हिन्दुत्ववादको प्रभाव महसुस हुन थालेको छ। त्रिभुवन विश्वविद्यालयको सेन्टर फर नेपाल एन्ड एसियन स्टडिजले गत पुस १८ र १९ मा आयोजना गरेको धर्मनिरपेक्षताबारे गोष्ठीमा राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का अभियन्ता प्रशिक्षण शैलीको कार्यक्रम सञ्चालन गरेर फर्के। कार्यक्रमलाई सेमिनार भनिए पनि त्यहाँ आरएसएस विचारधाराको एकोहोरो प्रचार गरियो। कार्यक्रममा निम्त्याइएका केही विश्वसनीय पत्रकारका अनुसार, आरएसएसकै अग्रसरतामा सो कार्यक्रम आयोजना गरिएको थियो। भारतबाट निम्त्याइएका वक्ताको नाम आफैमा सग्लो प्रमाण हो।

केही दिनअघि मात्रै नेपाली कांग्रेसका नेता शशांक कोइराला, मीनेन्द्र रिजाल लगायतको टोलीले योगी आदित्यनाथको 'दर्शन' गर्‍यो। यो दर्शनभेटको मेसो मिलाउने पनि संघ नै हो भन्छन्, जानकारहरू। आगामी कांग्रेस महाधिवेशनमा 'हिन्दु राज्य' मुख्य मुद्दा बन्ने लखकटाइ हुनु र यी भेटघाट जारी रहनु अर्थपूर्ण छ। सत्ताच्युत भइसक्दा समेत हिन्दु सम्राट् बनाएर ज्ञानेन्द्र शाहको महिमामण्डन गर्ने योगीले नेपाललाई हिन्दु राज्य बनाउने सपना बारम्बार दोहोर्‍याएका छन्। योगी र मोदीका हिन्दु राज्यका सपना पूरा गर्न नेपालका पुराना र वैकल्पिक दुवै दक्षिणपन्थी शक्ति एकोहोरिने सम्भावना बढेको छ।

एकातिर संघीयता र धर्मनिरपेक्षतालाई आत्मसात् गर्ने बलियो शक्ति नहुनु र अर्कातिर दक्षिणपन्थी शक्तिहरूको प्रभाव विस्तार हुन थाल्नु नेपाली राजनीतिको त्रासदी हो।

# विद्यालय बन्द गर्न ढिलो भो



सम्झना वाग्ले भट्टराई

कोरोना भाइरस (कोभिड-१९) ले विश्व आतंकित छ। विश्व स्वास्थ्य संगठनका अनुसार अहिलेसम्म सयभन्दा बढी देशमा १ लाखभन्दा बढी मानिस संक्रमित भैसकेका छन्। विश्व स्वास्थ्य संगठन तथा संक्रमण देखिएका अधिकांश देशले यसलाई महामारीका रूपमा स्विकारेको र आवश्यक सजगता अपनाउन गरेको सार्वजनिक आह्वानले यो रोग र यसको फैलावटको गम्भीरता कस्तो छ, बुझ्न सकिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालमा हालसम्म कोरोना संक्रमण नभेटिएको जानकारी दिनु खुसीको कुरा भए पनि जोखिम थोरै छैन। हामीसँग उपलब्ध प्रविधि, हाम्रो तदारुकता तथा आम मान्छेको चेतनाको तह आदिका कारण संक्रमणको चेकजाँच र अन्य पक्षबारे हामी अनभिज्ञ भएका त होइनौं भन्ने सवालले बढी त्रस्त बनाएको छ। र, त्रस्त नहुनुपर्ने कुनै उपायबारे ठोस जानकारी खासै पाइएको छैन। केही प्रयास नभएका होइनन्, तर तिनले हाम्रो चिन्ता र चासोलाई सम्बोधन गर्न सकेका छैनन्।

हालैको एक बिहान म दसवर्षे छोरो पढ्ने विद्यालय पुगेकी थिएँ। विद्यालय प्राङ्गण झन्डै उस्तै उमेरका केटाकेटीले खचाखच थियो। त्यसो त स्कुलको साँघुरो खुला ठाउँ पहिले पनि यस्तै हुन्थ्यो। तर यतिखेर भने यो भीडले मलाई झनै त्रस्त बनायो।

> कोरोना भाइरस संक्रमणको त्रासले चीन, जापान, इटालीमा शैक्षिक संस्थाहरू निश्चित समयका लागि बन्द गरिएका छन्। केही अमेरिकी राज्यमा संकटकाल घोषणा गरिएको छ।

नेपालमा कक्षा १ देखि १२ सम्म ७२ लाखभन्दा बढी तथा उच्च शिक्षामा झन्डै ५ लाख विद्यार्थी अध्ययनरत रहेको तथ्यांक छ। देशको कुल जनसंख्याको झन्डै २६ प्रतिशत हो यो। सरकारले नै कुनै भीडभाड तथा सभा, सम्मेलन नगर्न सार्वजनिक आह्वान गरिसकेको छ। शिक्षा मन्त्रालयले पनि कोरोना भाइरसको संक्रमण रोकथाम सम्बन्धमा विद्यालय र शिक्षण संस्था, विद्यार्थी, शिक्षक तथा अभिभावकमा अनुरोध भन्दै सूचना जारी गरेको छ। सूचनामा भीडभाड भएका ठाउँमा सकभर नजाने, हात नमिलाउने र टाढैबाट नमस्कार गर्ने तथा साबुन-पानीले पटक-पटक राम्ररी हात धुनेजस्ता सुझाव दिइएको छ।

विद्यालय प्राङ्गण आफैँमा भीडभाड हुने स्थान हो। विद्यालयहरूमा स्थान अभावका कारण हिँड्दा पनि आपसमा कुम ठोक्किने अवस्था छ भने, त्यस्तो ठाउँमा हात नमिलाउन र टाढैबाट नमस्कार गर भन्नु कत्तिको व्यावहारिक होला ? हात धुन साबुन-पानीको व्यवस्था कति विद्यालयमा होला ? स्थिति सहज नभएसम्म अभिभावक भेला, वार्षिकोत्सव, सांस्कृतिक कार्यक्रम, पिकनिक वा शैक्षिक भ्रमण लगायत नगर्नु अवश्य राम्रो हो। तर विद्यालयमा हुने विद्यार्थीको भीड नै व्यवस्थापन हुन नसकी संक्रमणको जोखिम कसरी न्यून गर्न सकिएला ? जनसंख्याको २५ प्रतिशतभन्दा बढी विद्यार्थी रहेको अवस्थामा अर्थात् प्रत्येक चारमा एक जनालाई संक्रमणको जोखिमबाट पर राख्ने प्रयास बिनाजोखिम कसरी कम गर्न सकिएला ? झन्डै हरेक घरमा विद्यालय तथा उच्च शिक्षाका लागि क्याम्पस जाने सदस्य हुने सम्भावना रहेको अवस्थामा यसले त प्रत्येक परिवारमा संक्रमणको जोखिम बढाउँछ।

जोखिम कम गर्ने प्रयासस्वरूप नै कतिपय देशका पर्यटकलाई 'अन अराइभल भिसा' नदिने तथा भिसाका लागि निरोगिताको प्रमाणपत्र आवश्यक पर्ने सरकारले जनाएको छ। विदेशबाट फर्कनेहरूलाई विमानस्थल तथा अन्य नाकामा चेकजाँचको व्यवस्था गरिएको छ। आमजनता पनि सामान्य शंका लागेको अवस्थामा 'सेल्फ क्वारेन्टाइन' मा बस्नुपर्ने स्वास्थ्यमन्त्रीले नै बताएका छन्।

यति हुँदाहुँदै पनि विद्यालयहरूमा भने आवश्यक सजगता अपनाएको देखिँदैन। शिक्षा मन्त्रालयले चैत ५ गतेसम्म परीक्षा सक्न परिपत्र जारी गरेकाले विद्यालयले पनि त्यसै अनुसार तालिका सार्वजनिक गरेका छन्। यो आफैँमा उदेकलाग्दो छ। यो समयावधि केका आधारमा तोकिएको हो ? कुनै महामारी पनि 'तिमी छिटछिटो काम सम्पन्न गर अनि मात्र म प्रवेश गर्छु' भनेर आउँछ र ? त्यस्तै, चैत ६ मा सुरु हुने एसईई तथा अन्य माथिल्ला तहका परीक्षाहरू पनि स्थगित नहुने शिक्षा मन्त्रालयले जनाएको छ। यो त पूर्वसावधानी भएन।

मैले छोराको विद्यालयमा नियमित हुने प्रार्थनासभा तथा परीक्षाबारे कुरा गरेकी थिएँ। विद्यालय प्रशासनले राष्ट्रगानका लागि बिहानीसभा अनिवार्य तथा अन्तिम परीक्षा भएकाले रोक्न नसकिने जानकारी गरायो। साँघुरो विद्यालय परिसरमा निश्चित दूरी कायम गर्ने, नियमित र पटक-पटक साबुन-पानीले हात धुने, मास्क (अझ निश्चित विधिसहित) प्रयोग गर्ने जस्ता कुरालाई केटाकेटीले भनिएजसरी नै अभ्यास गर्न सक्लान् ?

त्यस्तै, विद्यालयमा परीक्षा त्यति धेरै महत्त्वपूर्ण हुन्छ, महामारीको त्रासमा पनि रोक्न नसकिने ? अर्को कुरा, आधारभूत तहको हकमा त वर्षभरिमा विद्यार्थीहरूको मूल्यांकन आकस्मिक परीक्षा, युनिट परीक्षा, त्रैमासिक परीक्षा तथा शिक्षकको दैनिक अनुगमन तथा निरीक्षणमार्फत भैरहेको हुन्छ। विद्यार्थीहरूको क्षमता, सिकाइको तह, आनीबानी जस्ता कुराको मूल्यांकन शिक्षकहरूले नियमित गरेका हुन्छन्। उत्तीर्ण वा अनुत्तीर्णका लागि ती नियमित मूल्यांकन नै काफी हुँदैनन् र ? अझ त्यसमाथि अधिकांश विद्यालय शिक्षामा संरचनात्मक मूल्यांकन पद्धति लागू गरिएको भनिन्छ भने अन्तिम परीक्षाको आवश्यकता नै किन ? सामान्य अवस्थामा भएको भए, परीक्षाको अनिवार्यतालाई स्विकार्न कुनै कठिनाइ हुने थिएन। यस्तो असामान्य अवस्थामा पनि अन्तिम परीक्षाको रट लगाउनु तर्कसंगत छैन।

अहिलेको जटिल अवस्थालाई ध्यानमा राखी चीन, जापान, इटाली लगायतमा शैक्षिक संस्थाहरू निश्चित समयका लागि बन्द गरिएका छन्। केही अमेरिकी राज्यमा पनि संकटकाल घोषणा गरिएको छ। न्युयोर्कमा विद्यालय, प्रार्थना क्षेत्र लगायत दुई हप्ताका लागि बन्द गरिएका छन्। राष्ट्रगानको विषयले होस् वा परीक्षाको विषयले, बालबालिकाको जीवन जोखिममा पार्नु हुँदैन। विद्यालयहरू बन्द गरी घरमै सुरक्षित रहने वातावरण मिलाउनैपर्छ। धेरै मान्छेसँग सम्पर्क हुने ठाउँमा नजान सार्वजनिक आह्वान भैसकेको अवस्थामा पनि शैक्षिक संस्थाहरू चालु रहनुले संक्रमणको जोखिम झनै बढ्न सक्ने हुँदा केही समयका लागि बन्द गरिनुपर्छ।

wagle.samjhana@gmail.com

# दिगो विकासका चार तगारा




मधुकर उपाध्या

दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका विषयबारे सरोकारवालालाई बुझाउन सकिएन भने तीप्रति अपेक्षित जनचासो हुँदैन। जनचासो नभएमा महत्त्वपूर्ण विषय पनि औपचारिकतामा मात्र सीमित हुन्छ। झन्डै चार वर्षअघि लगभग एकै समयमा सुरु भई अहिले संसारभर चर्चामा रहेका दिगो विकास लक्ष्य र जलवायु परिवर्तन न्यूनीकरणका लागि राष्ट्रिय रूपमा निर्धारित योगदान अर्थात् एनडीसी हाम्रो दैनिकीसँग प्रत्यक्ष जोडिएका विषय हुँदाहुँदै पनि यी चियापसल र चौतारोका गफ बन्न सकेका छैनन्।

सन् २०३० सम्म गरिबी हटाउने र कोही भोको नरहने भनी दिगो विकास लक्ष्यले लिएको अठोट ती समुदायको विषय हो, जो एक्काइसौं शताब्दीमा पनि गरिबी र भोकको चक्रबाट मुक्त हुन सकेका छैनन्। यस अर्थमा दिगो विकास लक्ष्य घरेलु मामिला हो, हामीले आफ्नै लागि गर्नुपर्ने हो। उता एनडीसी भने जलवायु परिवर्तनलाई न्यून गर्न कार्बन उत्सर्जन कम गर्ने विषय हो। हाम्रो कार्बन उत्सर्जन नगण्य नै भए पनि विश्वसमुदायको एक सक्रिय सदस्यका हैसियतले जलवायु परिवर्तनको गतिलाई मन्द गर्न आफ्नो पनि सहभागिता रहने यस कार्यमा २०१६ मा न्यून कार्बन सम्बन्धी केही लक्ष्य निर्धारण गरिएका थिए। तर जलवायु परिवर्तनको असर पूर्वानुमानभन्दा व्यापक, बढी नकारात्मक र द्रुत गतिमा देखा पर्न थाल्यो, जलवायु संकटका रूपमा। तसर्थ जलवायु परिवर्तनको प्रमुख कारक मानिएको कार्बन उत्सर्जनको क्रमलाई सोही अनुपातमा तीव्र गतिमा घटाउन आवश्यक भएकाले एनडीसी अन्तर्गत २०१६ मा निर्धारण गरिएको लक्ष्यलाई थप परिमार्जन गर्ने काम हुँदै छ।

एनडीसीको लक्ष्य दिगो विकासको जसरी किटिएको छैन। एनडीसी अन्तर्गत कार्बन उत्सर्जन घटाउन कहिलेसम्म केकति गर्ने, यो हरेक मुलुकले आफ्नो अनुकूलता हेरी निर्णय गर्ने विषय हो। त्यसैले यसलाई राष्ट्रिय रूपमा निर्धारित योगदान भनिएको हो। लक्ष्य जे लिए पनि विकासका सबैजसो मोर्चामा धेरै काम गर्न बाँकी रहेको, तर स्रोतसाधन सीमित भएको हाम्रो सन्दर्भमा दिगो विकास वा एनडीसी अन्तर्गत गरिने कार्य हाम्रा अन्य आवश्यकतासँग जोडिनैपर्छ। कम्तीमा अर्को एक दशकका विकासका कुरा यी दुवैको सेरोफेरोमा केन्द्रित हुने हुँदा अब निम्नलिखित चार विषयलाई सम्बोधन गर्नैपर्छ :

१. एक्काइसौं शताब्दीमा नयाँ पुस्ताको आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्नुपर्छ। राष्ट्रसंघीय मानव विकास प्रतिवेदन-२०१९ ले यसलाई एउटा चिन्ताको विषयका रूपमा औंल्याएको छ। प्रतिवेदन अनुसार विगतका विकास प्रयासका कारण विश्वका थुप्रै मानिस गरिबीको चक्रबाहिर त आए, तर समाजमा व्यक्तिको स्थान अझै पनि प्रायः लिङ्ग, जात र बाबुआमाको सम्पत्तिले निर्धारण गर्ने गरेकाले, आफ्नो जीवनलाई दिशानिर्देश गर्न आवश्यक अवसर र स्रोतमा पहुँच नभएका मानिसको संख्या गरिबीबाट उम्केकाको भन्दा बढी छ। फलतः धेरै मुलुकका धेरै मानिसका लागि उन्नत भविष्यको सम्भावना कम भएको छ। योग्यता र क्षमता कम नभए पनि उनीहरू लैङ्गिक, जातीय र बाबुआमाका सम्पत्तिबाट लाभ लिएकाहरूले द्रुत गतिमा गरेका प्रगति टुलुटुलु हेर्न बाध्य छन्। यस अवस्थामा दिगो विकास वा एनडीसी अन्तर्गत गरिने लगानी र विकासे क्रियाकलापले कम्तीमा नयाँ पुस्ताको आवश्यकता पूरा गर्ने जग बसाल्न सक्नुपर्छ।



२. विगतको विकासशैलीले दूरदराजका समुदायलाई ५० वर्षमा पनि छुन नसकेको स्पष्टै छ। त्यसमाथि विद्यमान नीतिहरूका कारण बढ्दो आर्थिक असमानताका कारण तिनको जीवनयापन झनै कष्टकर बनेको छ। यस्तो अवस्था अब स्वीकार्य हुन सक्दैन। दिगो विकास वा एनडीसी अन्तर्गत गरिने क्रियाकलापले विकासका सन्दर्भमा पछाडि परिरहेका त्यस्ता समुदायलाई छुन सक्नुपर्छ र यो विषय छलफलको केन्द्रमा रहनुपर्छ।

३. बढ्दो व्यापारघाटाले हाम्रो उत्पादन क्षेत्र कमजोर बन्दै गएको छ। कृषिप्रधान मुलुक भइकन पनि कृषिजन्य वस्तुको आयात हाल आएर कुल आयातको १७ प्रतिशत पुग्नु दिगो विकासका लागि सम्भवतः सबैभन्दा ठूलो तगारो हो। तसर्थ अब गरिने दिगो विकास वा एनडीसी लगायतका कुनै पनि विकास क्रियाकलापले आयात प्रतिस्थापन गर्दै आर्थिक वृद्धिमा केकति योगदान गर्न सक्छ भन्ने पनि सुनिश्चित गर्नुपर्छ।

४. जलवायु परिवर्तनको जोखिमले आगामी दिनमा आर्थिक क्रियाकलाप प्रभावित हुने हुँदा जोखिम घटाउने विषय विकासको केन्द्रमा रहनेछ। एनडीसीको उद्देश्य नै जलवायु परिवर्तन न्यूनीकरण भएकाले यसका क्रियाकलापले त्यसमा योगदान गर्छन् नै। दिगो विकासका सत्र लक्ष्यमध्ये झन्डै आठ वटा जलवायु परिवर्तनबाट प्रभावित हुने खालका छन्। त्यसैले दिगो विकासका क्रियाकलापले त्यस्ता सम्भावित असरलाई सम्बोधन गर्दै समुदायको जोखिम घटाएको यकिन गर्ने आधार स्थापित गर्न सक्नुपर्छ।

> कृषिप्रधान मुलुक भइकन पनि कृषिजन्य वस्तुको आयात हाल आएर कुल आयातको १७ प्रतिशत पुग्नु दिगो विकासका लागि सम्भवतः सबैभन्दा ठूलो तगारो हो।

उपर्युक्त चारमध्ये कुनै एक वा दुई विषयलाई मात्र सम्बोधन गरेर गरिने दिगो विकास वा एनडीसीका कार्यबाट प्रगति योयो भयो भन्न सकिए पनि तिनको प्रयोजन आधिकारिक मात्र हुनेछ। बदलिँदो सामाजिक परिवेशमा विकासको विषय पनि जेलिँदै र जटिल बन्दै गएकाले माथिका चार बुँदालाई सम्बोधन गर्दा अन्य केही पक्षलाई पनि ध्यान दिनुपर्ने हुन्छ। पारम्परिक ढाँचाका हाम्रा संस्थागत संरचनाहरू अबको विकास आकांक्षा र तिनको जटिलतालाई सम्बोधन गर्न निभाउनुपर्ने नेतृत्वदायी भूमिकामा कमजोर हुँदै गएका छन्। संस्थागत नेतृत्वको अभावमा कतिपय विषय औपचारिकतामा सीमित भएका छन्। उदाहरणका लागि विकासमा लैङ्गिक समानता कायम गर्नुलाई लिन सकिन्छ। सहभागिता र उपस्थितिभन्दा अघि बढेर महिलाका सरोकारलाई सम्बोधन नगरी न दिगो विकास लक्ष्य हासिल हुन्छ, न त एनडीसी नै। तसर्थ यसमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अगुवाइ हुन सके मात्र संस्थागत बल मिल्ने अपेक्षा गर्न सकिन्छ।

विकासमा जेलिएको अर्को विषय हो– निजी क्षेत्रको भूमिका। मुलुकको विकासमा मात्र होइन, हाम्रो दैनिक जीवनमा पनि निजी क्षेत्रले प्रत्यक्ष-अप्रत्यक्ष अहम् भूमिका खेलेको हुन्छ। जस्तो– खाद्य प्रणाली, जसले दिगो विकास लक्ष्य-२ सम्बद्ध हाम्रो खाद्य सुरक्षा सुनिश्चित गर्छ, सम्पूर्ण रूपमा निजी क्षेत्रबाटै सञ्चालित छ। एकाध अपवादलाई छाड्ने हो भने एनडीसीसम्बद्ध यातायात क्षेत्र पनि निजी क्षेत्रकै जिम्मामा छ। तसर्थ दिगो विकास र एनडीसीको सफलताका लागि सम्भाव्य सबै विषयमा निजी क्षेत्रको भूमिकाको पहिचान गरी त्यसलाई प्रभावकारी रूपमा परिचालन गर्नेबारे चर्चा थाल्न आवश्यक छ।

दिगो विकासमा सर्वसाधारण प्रत्यक्ष चासो राख्न सक्छन्, तर एनडीसी सरकारको बढी सरोकारको विषय हो। किनकि कार्बन न्यूनीकरणलाई सरकारले लिने नीति र गर्ने सहजीकरणले बढी निर्धारण गर्छ। तैपनि दिगो विकास र एनडीसीबीच कतिपय सन्दर्भमा प्रत्यक्ष सम्बन्ध हुने भएकाले यी दुवैलाई एकैसाथ लानुपर्ने हुन्छ। नेतृत्वदायी संस्थाहरूले यी दुवैलाई रणनीतिक रूपमा कुन-कुन क्षेत्रमा जोड्न सकिन्छ भन्नेबारे निरन्तर संवाद गरी आवश्यक समन्वय गर्न जरुरी छ।

दिगो विकास र एनडीसीको कार्यान्वयन प्राविधिकभन्दा बढी सामाजिक-आर्थिक विषय हुन्। संविधानले सुनिश्चित गरेको सफा र स्वच्छ वातावरणमा बाँच्न पाउने, खाद्य सुरक्षा, समानता लगायतका अधिकारका विषयहरू दिगो विकास र एनडीसीसँग जोडिएका छन्। तसर्थ सामाजिक-आर्थिक विकास र अधिकारबारे आवाज उठाउने खास गरी गैरसरकारी क्षेत्रमा कार्यरत संस्थाहरूको सहयोगलाई पनि दिगो विकास र एनडीसीको कार्यान्वयनको महत्त्वपूर्ण अंग बनाउनु वाञ्छनीय हुन्छ।

# जोनसनविरुद्ध खनिए सांसद



## हवावेलाई 'फाइभ जी' नेटवर्क विस्तार गर्न दिने निर्णयको विरोध

लन्डन (एजेन्सी)- बेलायती सांसदहरूले चिनियाँ दूरसञ्चार कम्पनी हुवावेलाई 'फाइभ जी' नेटवर्क विस्तारका लागि अनुमति दिएको भन्दै प्रधानमन्त्री बोरिस जोनसनको विरोध गरेका छन् ।

सत्तारुढ कन्जरभेटिभ्स दलकै ३० देखि ५० जना सांसदले 'फाइभ जी' सेवा विस्तार गर्न दिने सरकारी निर्णयको विरोध गरेका हुन् । हुवावेलाई बेलायतमा नेटवर्क विस्तार गर्न दिनेबारेको दूरसञ्चार पूर्वाधार विधेयकबाट सरकारलाई पछि हट्न वा संशोधन गर्न बाध्य बनाउने योजनामा विरोधी सांसदहरू रहेको समाचार संस्था रोयटर्सले जनाएको छ । यसका लागि उनीहरूले हस्ताक्षर अभियानसमेत चलाएका छन् ।

बेलायती सुरक्षा विज्ञले उच्च जोखिपूर्ण बिक्रेताको सूचीमा राखेका हुवावेजस्ता कम्पनीलाई सन् २०२२ को अन्त्यसम्ममा सबै नेटवर्कबाट हटाउन पनि उनीहरूले सरकारसँग माग गरेका छन् । 'उच्च जोखिममा रहेका भनेर चिनिएका कम्पनीले उत्पादन गरेका हार्डवयर राख्न उत्सुक सरकारले तत्काल निर्णय परिवर्तन गर्नेमा हामी आशावादी छौं,' दूरसञ्चार पूर्वाधार विधेयक संशोधनसम्बन्धी मागमा हस्ताक्षर गरेका कन्जरभेटिभ्स सांसद डेभिड जोन्सले बताए ।

थेरेसा मेलाई पदस्थापन गर्दै प्रधानमन्त्री बनेपछि जोनसनले पहिलोपटक आफ्नै दलका सांसदहरूको विरोधको सामना गर्नुपरेको छ । जोनसन नेतृत्वको बेलायत सरकारले गत जनवरीमा हुवावेबाट सुरक्षा चुनौती नरहेको भन्दै 'फाइभ जी' नेटवर्क विस्तारमा ३५ प्रतिशत सहभागिताका लागि स्वीकृति दिने निर्णय गरेको थियो । बेलायती निर्णयपछि सुरक्षा दृष्टिकोणले पश्चिमा राष्ट्रमा 'अर्को पुस्ता सञ्चार प्रणाली' मा चिनियाँ कम्पनीलाई बाहिर राख्नुपर्ने धारणाको पक्षपाती अमेरिका आक्रोशित बनेको थियो । लामो समयदेखिको युरोपेली साझेदार बेलायतलाई हुवावेबारे गरिएको निर्णयबारे पुनर्विचार गर्न उसले आग्रह गर्दै आएको छ । हुवावेले पश्चिमा राष्ट्रका गोप्य विवरण संकलन गरेर चीन सरकारलाई उपलब्ध गराउने गरेको अमेरिकी आरोप छ । हुवावेले भने यस्ता आरोप अस्वीकार गर्दै आफूहरू विशुद्ध व्यावसायिक कम्पनी रहेको र उपभोक्ताको गोपनीयताबारे सधैं सचेत रहेको बताउँदै आएको छ ।

हुवावेलाई 'फाइभ जी' सेवा विस्तारका लागि अनुमति दिने सरकारी निर्णयविरुद्ध सत्तारुढ कन्जरभेटिभ्स दलकै सांसद देखिए पनि नीति परिवर्तनका लागि दबाब दिन आवश्यक बहुमत भने उनीहरूसँग छैन । समयअगावै भएको मतदानमार्फत बहुमत प्राप्त गरेर भर्खरै गठन भएको जोनसन सरकारविरुद्ध थप २० सांसद जुटाउन सकेको अवस्थामा भने 'हार्डलाइनर' भनेर चिनिएका प्रधानमन्त्रीलाई उनीहरूले झुकाउन सक्ने विश्वास व्यक्त गरिएको छ ।


GEMS ESTD 1984

# ADMISSION NOTICE

## GEMS SCHOOL

Announces New Admission Schedule for Academic Session 2077 (2020/21)

**GEMS School**, a leading educational institution in the country, founded in 1984 A.D., is a residential cum day, co-educational school with world class infrastructure located at Dhapakhel, Lalitpur. It has been bestowed upon multiple national and regional awards.

The school primarily focuses on the overall-development of the students with the alignment of the **International Primary Curriculum (IPC)** at the Primary Level incorporating modern teaching pedagogies.

- Distribution of application forms:
  **Till 5th Chaitra, 2076 (Till 18th March, 2020)**
- Number of seats available:

| CLASS | NUMBER OF AVAILABLE SEATS |
|---|---|
| I | 144 (6 sections by the ratio of 24) |
| IV | 35 |
| V | 9 |
| VI | 19 |
| VII | 8 |
| VIII | 2 |

- Admission Test:
  **Saturday, 8th Chaitra, 2076 (21st March, 2020)**
- Application forms may also be downloaded from:
  **www.gems.edu.np/admissions**

School prospectus, application forms and other information will be available at the school office at Dhapakhel from **Sunday** through **Saturday between 8:00 AM and 3:00 PM.**

For further details, please visit **www.gems.edu.np/admissions** or contact us via phone **5275111 (Dhapakhel).**

GEMS GROUP



LITTLE ANGELS' SCHOOL

# ADMISSION NOTICE

## For Academic Session of 2077 (2020-21)

**DAY BOARDING**
**From Grades I - VII (School Hours: 9:00am-5:00pm)**
Introducing Cambridge Primary Curriculum along side National Curriculum

| | |
|---|---|
| DAY SCHOLARS | Grades I - VIII |
| HOSTEL | Grades I - VIII |

**Application forms will be distributed from 2nd Chaitra 2076 between 9:00am to 3:00pm.**

**For further details, please contact**

**Tel: +977-1-5251111, Hattiban, Lalitpur, Nepal**
**E-mail: info@las.edu.np**
**Web: www.las.edu.np**


# उच्च जोखिम सकियो : चीन

- वुहानमा एक दिनमा ८ जना मात्र नयाँ संक्रमित
- हुबेईबाहिर ७ जना प्रभावित


बेइजिङ (एजेन्सी)- चीनले कोभिड-१९ संक्रमणको उच्च जोखिम सकिएको जनाएको छ ।

राष्ट्रिय स्वास्थ्य आयोगका प्रवक्ता मी फेङले बिहीबार राजधानी बेइजिङमा पत्रकार सम्मेलन गर्दै कोभिड-१९ को उच्च जोखिम सकिएको बताएका हुन् । 'चीनमा महामारीका रूपमा फैलिइएको कोभिड-१९ संक्रमणको प्रभाव निकै कम भएको छ,' उनले भने, 'हुबेई प्रान्तको राजधानी वुहानमा पहिलोपटक संक्रमित संख्या एक अंकमा झरेको छ ।'

मीका अनुसार वुहानमा बुधबार ८ जनामा मात्र नयाँ संक्रमण पाइएको छ । त्यस्तै हुबेईबाहिर ७ जनामा संक्रमण देखिएकोमध्ये ६ जना अन्यत्रैबाट संक्रमित भएर चीन आएको उनले बताए । चीनमा बुधबार भाइरसका कारण मात्र ११ जनाको मृत्यु भएको छ ।

'हुबेईका अन्य सहरमा पनि संक्रमितको संख्या एक सातायता घट्ने क्रममा रहेकोले चीन कोभिड-१९ विरुद्धको लडाइँमा जितनजिक पुगेको अनुमान गर्न सकिन्छ,' प्रवक्ता मीले भने, 'चीनको उच्च प्राथमिकता नागरिकको स्वास्थ्य र उपचार रहेकाले अझै केही समय नियन्त्रण प्रयास जारी रहनेछ ।' मंगलबार मात्रै चिनियाँ राष्ट्रपति सी चिनफिङले वुहानको भ्रमण गरेका थिए ।

देशका सर्वोच्च व्यक्तिले नै भाइरस उद्गमस्थलको भ्रमण गर्नुको अर्थ चीनले चाँडै नै संक्रमणबारे नयाँ घोषणा गर्ने अनुमान गरिएको थियो । संक्रमण दर घट्दै गएको भन्दै उसले वुहानमा निर्माण गरेका सबै १६ वटै अस्थायी अस्पताल पनि बन्द गरिसकेको छ । संयोग के भने, विश्व स्वास्थ्य संगठनले कोभिड-१९ प्रकोपलाई महामारी घोषणा गरेको केही समयमै भाइरस फैलिएको चीनले संक्रमणको उच्च प्रभाव टरेको घोषणा गरेको छ । भाइरस संक्रमणको उच्च प्रभाव टरेको भन्ने चीनको घोषणा आउनुअघि बुधबार विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले कोभिड-१९ को संक्रमणलाई विश्वव्यापी महामारीका रूपमा घोषणा गरेको थियो । महामारीको संज्ञा दिँदै डब्लूएचओ प्रमुख ट्रेडोस अधानोम ग्रेहबेयससले पछिल्लो दुई साता चीनबाहिर कोरोना संक्रमण १३ गुणाले वृद्धि भएकोले विश्वभर चिन्ताजनक तहमा अनिर्णयको अवस्था भएको बताएका थिए । कोभिड-१९ लाई लिएर डब्लूचएओले यसअघि आपत्काल मात्रै घोषणा गरेको थियो । एकै समयमा एउटा रोग धेरै देशमा फैलिए त्यसलाई 'प्यान्डेमिक' अर्थात् महामारीको संज्ञा दिइन्छ ।



**वुहानस्थित वुचाङ अस्थायी अस्पतालमा कोभिड-१९ का बिरामी नभएपछि राष्ट्रिय झन्डासहित खुसीयाली मनाउँदै स्वास्थ्यकर्मी ।** *तस्बिर : एजेन्सी*

### अमेरिकामा युरोपबाट हुने यात्रा प्रतिबन्ध

अमेरिकाले युरोपेली मुलुकमाथि यात्रा प्रतिबन्ध लगाएको छ । कोभिड-१९ ले चीनपछि सबैभन्दा प्रभावित युरोपबाट कोही पनि संक्रमित अमेरिका प्रवेश नगरुन् भनेर ३० दिनका लागि यात्रा प्रतिबन्धको घोषणा गरिएको हो । राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार टेलिभिजन सम्बोधनमार्फत घोषणा गरेको प्रतिबन्धले युरोपका २६ राष्ट्र प्रभावित हुनेछन् । बेलायत, उत्तरी आयरल्यान्ड र सेन्जेन सदस्य नभएका देशलाई नयाँ प्रतिबन्ध लागू हुने छैन ।

प्रतिबन्धबारे प्रस्ट्याउँदै राष्ट्रपति ट्रम्पले 'कडा तर आवश्यक' कदमले अमेरिकी नागरिकको सुरक्षा हुने बताए । नयाँ नियम शुक्रबार मध्यरातबाट लागू हुनेछ । अमेरिकी कदमको युरोपेली संघले भने विरोध गरेको छ । उसले संक्रमण रोक्न मिलेर अघि बढ्नुपर्ने बेला अमेरिकाले चालेको कदमले थप भयावहको अवस्था आउन सक्नेतर्फ चेतावनी दिँदै यसबारे सोच्न भनेको छ । अमेरिकामा कोभिड-१९ बाट हालसम्म ३८ जनाको मृत्यु भइसकेको छ भने १ हजार १ सय ३५ जनाभन्दा बढी संक्रमित छन् ।

कोभिड-१९ को संक्रमण अहिले विश्वका १ सय १८ देशमा पुगेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । १ लाख २४ हजार ५ सय १८ भन्दा बढी संक्रमित पुष्टि भएका छन् र ४ हजार ६ सय ७ जनाको मृत्यु भएको छ ।

सबैभन्दा धैरै चीनमा ८० हजार ९ सय ८० मा संक्रमण पाइएको छ र मृतक संख्या पनि चीनमै सबैभन्दा धैरै ३ हजार १ सय ७२ जना छन् । चीनपछि इटाली, इरान, दक्षिण कोरियालगायतका राष्ट्र कोभिड-१९ बाट अधिक प्रभावित छन् । पोल्यान्ड र अल्जेरियामा पहिलोपटक बिहीबार एक-एकजनाको मृत्यु भएको छ ।

पाकिस्तानमा संक्रमितको संख्या २१ पुगेको छ । कोरोनाकै कारण भारतको जम्मु-कश्मीर क्षेत्रका विद्यालय बन्द गरिएका छन् ।

## बेलायतले १२ अर्ब पाउन्ड खर्च गर्ने

**नवीन पोखरेल** (लन्डन)

बेलायतले कोभिड-१९ नियन्त्रणका लागि १२ अर्ब पाउन्ड खर्च गर्ने भएको छ । अर्थमन्त्री ऋषि सुनाकले बुधबार संसद्मा पेस गरेको यस वर्षको बजेटमार्फत कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि १२ अर्ब पाउन्ड छुट्ट्याइएको हो ।

भाइरसले अर्थतन्त्रमा पार्न सक्ने सम्भावित असरलाई मध्यनजर गर्दै बैंक अफ इंग्ल्यान्डले बुधबार बिहानै हाल रहेको ब्याजदरमा ०.५ प्रतिशत घटाएर ०.२५ बनाएको छ । बेलायतमा कोरोना भाइरसका कारण बिहीबारसम्म १० जनाको मृत्यु भएको छ भने ५ सय ९६ जनामा संक्रमण भेटिएको छ ।

बेलायतकी कनिष्ठ स्वास्थ्य मन्त्री नदिन डोरिज पनि भाइरसबाट संक्रमित छन् । बेलायतमा २५ हजार बढीले यसको परीक्षण गराइसकेका छन् । नेसनल हेल्थ सर्भिस (एनएचएस) बेलायतले प्रत्येक दिन १० हजार व्यक्तिको कोरोना परीक्षण गर्ने योजना बनाएको छ भने नतिजा सरदर २४ घण्टाभन्दा अगाडि नै दिने लक्ष्य लिएको छ ।

बेलायत सरकारले कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि चारवटा चरणको योजना तय गरेको छ । जसअनुसार अहिले रोकथाममा विशेष ध्यान दिइए पनि मृतक र संक्रमितको संख्यामा वृद्धि भएपछि दोस्रो चरण 'डिले' लागू गर्ने तयारी गरिएको छ ।


CHHIMEK

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, मध्य वानेश्वर काठमाण्डौं । फोन नं. ०१–४४९०५१३

## कर्मचारी आवश्यकता

**(प्रथम पटक सूचना प्रकाशित मिति :२०७६/११/३०)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको लागी देहाय बमोजिमको पदमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०७६।१२।२५ गते भित्र यस वित्तीय संस्थाको तल उल्लेखित ठेगानामा आइपुग्ने गरि दरखास्त आव्हान गरिएको छ । दरखास्त फारमका साथ दरखास्तवालाको वायोडाटा, पासपोर्ट साइजको ३ प्रति फोटो, शैक्षिक योग्यता, नागरिकता, तालिम तथा अनुभवहरुको प्रमाणपत्रको प्रतिलिपीका साथ सम्पर्क फोन नं. उल्लेख गरि पेश गर्नुपर्नेछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तर्वार्ता परीक्षामा समावेश गरिने छ । संस्थाको हितलाई ध्यानमा राखि प्राप्त दरखास्तहरु कारण खोलि वा नखोलि अस्वीकृत गर्ने वा विज्ञापन रद्द गर्ने सम्मको अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

**तपशिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | आवश्यक न्युनतम योग्यता | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ०२/०७६/७७ | अधिकृत | अधिकृत आठौ तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक तह उतिर्ण गरि बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको । | बैक तथा वित्तीय संस्थामा Core Banking System, Networking, Database Administration, Linux and Windows Server Administration सम्बन्धि कार्य अनुभव भएकालाई बिशेष ग्राह्यता दिइनेछ । |
| २ | ०३/०७६/७७ | सहायक अधिकृत | अधिकृत सातौं तह | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टड एकाउण्टेन्टस् (CA, ACCA) उतिर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा कम्तिमा द्धितीय श्रेणीमा (जि.पि.ए. कम्तीमा १.८ ल्याई) स्नातक तह उतिर्ण गरी चार्टड एकाउण्टेन्सी कोर्सको CAP-II / IPCC Level (Semi Qualified CA) उतिर्ण गरेको । | बैक तथा वित्तीय संस्था वा कुनै संगठित संस्थामा कार्य गरेको अनुभव भएकालाई बिशेष ग्राह्यता दिइनेछ । |
| ३ | ०४/०७६/७७ | सहायक अधिकृत | अधिकृत सातौं तह | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा कम्तिमा द्धितीय श्रेणीमा (जि.पि.ए. कम्तीमा १.८ ल्याई) BBA उतिर्ण गरेको । | अंग्रेजी भाषामा राम्रो दख्खल भएकोलाई बिशेष ग्राह्यता दिईने छ । |
| ४ | ०५/०७६/७७ | सहायक अधिकृत | अधिकृत सातौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन संकायमा कम्तिमा द्धितीय श्रेणीमा स्नातक तह उतिर्ण गरेको । | बाणिज्य कानुनमा स्नातकोत्तर तह उतिर्ण गरेको, अधिवक्ताको लाईसेन्स लिई वकालत पेशामा कम्तिमा ३ वर्षको अनुभव, कम्पनी, बैंक तथा वित्तीय संस्थासँग सम्बन्धीत मुद्धा तथा कार्यहरु गरेको अनुभव भएकोलाई विशेष ग्राह्यता दिईने छ । |
| ५ | ०६/०७६/७७ | सहायक ईकाई प्रवन्धक | सहायक चतुर्थ तह | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह द्धितीय श्रेणीमा (जि.पि.ए. कम्तिमा १.८ ल्याई) उतिर्ण गरेको । | # ताप्लेजुङ, पाँचथर, खोटाङ, सोलुखुम्वु, सिन्धुपाल्चोक र वागलुङ जिल्लाबाट नागरिकता प्रमाण पत्र प्राप्त गरेको तथा एस.एल.सि./एस.ई.ई. सोही जिल्लाहरुको शैक्षिक संस्था वाट उतिर्ण गरेको लाई बिशेष ग्राह्यता दिइनेछ । **# वान्छनिय योग्यता :** ग्रामिण एवं दुर्गम क्षेत्रमा बसी काम गर्न इच्छुक तथा कम्प्युटर तालिम प्राप्त गरेको । |

**अन्य आवश्यक कुराहरु :**

**(क) उमेर : अधिकृत आठौं तथा अधिकृत सातौं तहको लागी** २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र **सहायक चतुर्थ तहको लागी** १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको । महिला उम्मेदवारको हकमा अधिकतम उमेरमा ५ वर्ष थप हुनेछ ।

**(ख) छनौट प्रकृया :** लिखित र अन्तर्वार्ता ।

**(ग) दरखास्त फाराम पाउने तथा बुझाउने स्थान : # अधिकृत आठौं तथा अधिकृत सातौं तहको लागी** आवेदन फारम संस्थाको केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौंबाट प्राप्त गर्न सकिनेछ । आवेदन फारम वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौंमा बुझाउनु पर्नेछ । **# सहायक चतुर्थ तहको लागी** आवेदन फारम छिमेक लघुवित्त वित्तीय संस्था लि.को निम्न कार्यालयहरुबाट प्राप्त गर्न तथा बुझाउन सकिनेछ : **(१) फुङलिङ शाखा (ताप्लेजुङ)** सम्पर्क फोन नं.०२४-४६१०४८ **(२) नागी शाखा (पाँचथर)** सम्पर्क मो. नं. ९८१५३२३७६२ **(३) दित्तेल शाखा (खोटाङ)** सम्पर्क फोन नं. ०३६-४२०५१९ **(४) सल्लेरी शाखा (सोलुखुम्वु)** सम्पर्क फोन नं.०३८-५२०१४८ **(५) सिन्धुपाल्चोक शाखा** सम्पर्क फोन नं. ०११-६२०१९३ **(६) बागलुङ शाखा** सम्पर्क फोन नं. ०६८-५२१२२० **(७) केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौं** सम्पर्क फोन नं. ०१-४४९०५१३ । साथै दरखास्त फाराम यस वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट पनि download गर्न सकिनेछ ।

**(घ) सेवा सुविधा :** वित्तीय संस्थाको नियमानुसार ।

**(ङ) दरखास्त दिन पाउने अन्तिम मिति :** २०७६/१२/२५ गते कार्यालय समय भित्र ।

**(च) परीक्षा दस्तुर :** रु.५००।- (अक्षरेपी पाँच सय रुपैयाँ मात्र ।)

**(छ) लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति, समय र स्थान :** वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट जानकारी दिईनेछ ।

**(ज) नियुक्ति प्रकृया : # अधिकृत आठौं तथा अधिकृत सातौं तहको लागी** लिखित तथा अन्तर्वार्ता परीक्षामा उतिर्ण भएका उम्मेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार १ वर्ष अवधिको लागी परिक्षण कालको नियुक्ति दिईनेछ । काम सन्तोषजनक भएमा त्यस पश्चात स्थायी नियुक्ती दिईनेछ । **# सहायक चतुर्थ तहको लागी** लिखित तथा अन्तर्वार्ता परीक्षामा उतिर्ण भएका उम्मेदवारहरुलाई कम्तीमा ६ महिनाको विषयगत तथा वस्तुगत तालिममा समावेश गराईनेछ । ६ महिनाको तालिम पश्चात पुनः परीक्षा लिई उतिर्ण भएका उम्मेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार १ वर्ष अवधिको लागी परिक्षण कालको नियुक्ति दिईनेछ । काम सन्तोषजनक भएमा त्यस पश्चात स्थायी नियुक्ती दिईनेछ ।

**(झ) अन्य :** विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुको जानकारी वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट लिन सकिनेछ । रितपुर्वक प्राप्त नभएका आवेदनहरु स्वतः रद्द हुनेछन् ।


# म्यान्मार सेनाको भूमिका घटाउने प्रस्ताव खारेज

याङ्गुन (एजेन्सी)- म्यान्मारमा सेनाको भूमिका घटाउन सत्तारुढ दलले प्रस्तुत गरेको प्रस्तावलाई संसद्ले खारेज गरिदिएको छ ।

नेतृ आङसाङ सुकीको दलले लगभग एक दशकपछि देशको शक्तिशाली सेनाको भूमिका कटौती गर्नेबारेको प्रस्ताव संसद्मा पेस गरेको थियो । प्रस्तावित संविधान संशोधनबारे भएको पहिलो दिनको मतदानमा सांसदहरूले सेनाको अधिकार कम गर्नेबारे सत्तारूढ दलको प्रस्तावलाई मंगलबार अस्वीकार गरेका हुन् । सन् २००८ मा तत्कालीन सैन्य जुन्ता सरकारले बनाएको संविधान परिवर्तन आवश्यक रहेको भन्दै नेतृ सुकीको दलले संसद्मा संशोधन प्रस्ताव दर्ता गराएको थियो ।

सेना समर्थित सांसद संख्या कटौती र रक्षा सेवाका 'कमान्डर-इन-चिफ' लाई सर्वोच्च मान्ने संवैधानिक व्यवस्था खारेजीका लागि सरकारले संसद्मा प्रस्ताव लगेको थियो । म्यानमारको संविधानअनुसार संसद्मा सेनाको एक चौथाइ प्रतिनिधित्वको ग्यारेन्टी गरेको छ । संविधानका कुनै पनि धारा वा भाग संशोधन गर्न विद्यमान सांसदको दुई तिहाइ आवश्यक रहन्छ । संविधानले सेनालाई संसद्मै प्रभावकारी भिटो प्रयोगको अधिकार पनि सुनिश्चित गरेको छ ।

संविधान संशोधन प्रस्ताव असफल भएकाबारे नेतृ सुकीको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) र सरकार दुवैले केही प्रतिक्रिया जनाएका छैनन् ।

संसद्ले देशको राजनीतिक व्यवस्थालाई परिभाषित गर्ने 'अनुशासित' शब्द हटाउन पनि अस्वीकार गरेका छन् । म्यान्मारको राजनीतिक प्रणालीलाई 'सच्चा, अनुशासित र बहुदलीय प्रजातान्त्रिक प्रणाली' का रूपमा व्याख्या गर्ने गरिएको छ । निजामती कर्मचारीलाई राजनीतिक दलको सदस्यता लिन अनुमति दिनेबारेको संशोधन प्रस्ताव भने संसद्ले पारित भएको छ । लामो समय नजरबन्दमा रहेकी नोबेल शान्ति पुरस्कार विजेता नेतृ आङसाङ सुकीमाथि देशको संविधान सुधारमा ढिलासुस्तीको आरोप छ । सन् २०१६ को आमनिर्वाचनमा लोकतान्त्रिक सुधार र देशमा जारी गृहयुद्ध अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै विजयी भएकी सुकीमाथि सन् २०१७ को अगस्टमा भएको रोहिङ्याविरोधी सैन्य कारबाही रोक्न नसकेको भन्दै अन्तर्राष्ट्रिय दबाब छ ।

# अविनको अर्को कार्टुन कृति

कान्तिपुर संवाददाता (काठमाडौं)

सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा हुने विकृति, विसंगतिमाथि चोटिलो प्रहार गर्ने सशक्त माध्यम बनेको छ- व्यंग्य चित्र अर्थात कार्टुन । २०५० को दशकपछिको राजनीतिक संक्रमणसँगै उब्जेका थुप्रै विकृतिलाई कार्टुन चित्रकै माध्यममा चोटिलो व्यंग्य गर्दै आएका कार्टुनिस्ट अविन श्रेष्ठले 'बेस्ट अफ अविन, अविनको कार्टुन संग्रह-भाग २' ल्याएका छन् ।

बिहीबार राजधानीमा वरिष्ठ पत्रकार किशोर नेपाल, अखिलेश उपाध्याय, युवराज घिमिरे, नारायण वाग्ले, सुधीर शर्मा र जीवेन्द्र सिम्खडाले संग्रहको लोकार्पण गरे । बुक आर्ट नेपालले प्रकाशन गरेको संग्रहमा विशेषगरी २०६२/६३ को जनआन्दोलनपछि मुलुकको अवस्थालाई चिरफार गरेका कार्टुन संग्रहित छन् ।




कार्टुन कृति सार्वजनिक गरेपछि राजधानीमा बिहीबार वरिष्ठ पत्रकारहरूसँग कार्टुनिस्ट अविन श्रेष्ठ । *तस्बिर : कान्तिपुर*

लोकार्पणकै क्रममा श्रेष्ठले कार्टुनको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन छापा माध्यमका दिग्गज सम्पादकहरूको उल्लेखनीय भूमिका रहेको उल्लेख गरे । सानैदेखि आफूलाई चित्रकलामा रुचि भएको बताउने श्रेष्ठले समाज बुझ्दै जाँदा त्यसभित्र भएका विकृतिले मन पोल्दै गएपछि व्यंग्य चित्रमार्फत अभिव्यक्ति दिन थाले । 'त्यो बेला गोरखापत्रमा मेरो कार्टुन छापिन थालेपछि ठूलै ठानेर जागिर खोज्न लागेँ,' आफ्नो कार्टुन-यात्राबारे स्मरण गर्दै उनले 'त्यसबेला एक पत्रिकाका सम्पादकले नै कार्टुन चित्रको परिभाषा सोध्दा आफू अनुत्तरित भएको' सुनाए । पछि उनैले जागिर दिएपछि अविनको कार्टुन यात्राले निरन्तरता पायो । त्यसपश्चात् हिमालय टाइम्स, राजधानी, समय, नागरिक र कान्तिपुर दैनिकजस्ता छापा माध्यममा उनले तत्कालीन अवस्थाका विषयमा सिर्जना गरेका कार्टुन प्रायः सम्पादकले विशेष स्थान दिएको सुनाए । साढे दुई दशकको यात्रालाई अगाडि बढाउन सम्पादकहरूले विशेष भूमिका खेलेको उनले जनाए । 'उहाँहरू नभइदिएको भए मैले बाटो बिराइसक्थेँ होला,' अविनले थपे, 'कार्टुनलाई माया गर्ने र बुझ्ने सम्पादक पाउनु मेरो अहोभाग्य हो ।'

कार्यक्रममा सिम्खडा, नेपाल, वाग्ले, घिमिरे, शर्मालगायतकाले श्रेष्ठको कार्टुन संग्रह र पृथक् सिर्जनाबारे चर्चा गरे । सिम्खडाले पात्र, रेखा र समसामयिकता समेटेको कार्टुन ऐतिहासिक र रानीतिक दस्तावेजका रूपमा रहेको दाबी गरे । त्यस्तै, वाग्लेले कार्टुन चित्र अहिले पत्रिकाको अनिवार्य विषयवस्तु भइसकेको बताए । उनले श्रेष्ठको कार्टुनमा शब्दभन्दा बढी भावार्थ हुने सुनाए । शर्माले पनि श्रेष्ठको एउटा कार्टुनले हजारभन्दा बढी शब्द बोल्न सक्ने बताउँदै अरूको भन्दा उनको सिर्जनात्मक कलामा मौलिक स्केच र पृथक् पहिचान रहेको बताए ।

# टम हाङ्क्सलाई कोरोना



**दुई** पटक ओस्कार अवार्ड जितिसकेका हलिउड अभिनेता टम हाङ्क्सलाई कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको छ । फिल्म छायांकनका क्रममा अस्ट्रेलियामा रहेका टमले आफू र पत्नी रिटा विल्सनलाई कोरोना संक्रमण देखिएको बुधबार स्वयंले सामाजिक सञ्जालमार्फत जानकारी गराएका हुन् । एल्भिस प्रेस्लीको जीवनीमा आधारित उक्त फिल्मको छायांकनमा पत्नीसहित अस्ट्रेलिया पुगेका टमले शरीरमा चिसो, दुखाइ र थकान अनुभव गरेपछि जाँच गराएका थिए । टमले आफ्ना शुभचिन्तकलाई पनि सुरक्षित रहन आग्रह गर्दै आफूहरू स्वास्थ्यकर्मीले भनेअनुसार निको नहुन्जेल 'आइसोलेसन' मा बस्नुको विकल्प नभएको उल्लेख गरेका छन् । उनले भनेका छन्, 'र, चेकजाँचका क्रममा भइरहेका गतिविधिलाई विश्वसमक्ष अपडेट गराउँदै जाने छौं ।' – *एजेन्सी*

## VACANCY ANNOUNCEMENT

UKaid from the British people | The Leprosy Mission Nepal

**The Leprosy Mission (TLM)** is present in more than 30 countries around the world and is working in Nepal since 1957 with its Health and Disability interventions, Inclusive Development, Research and Advocacy activities. TLM Nepal is leading a consortium implementing the "**FOUND Project**" in 5 districts - Kapilvastu, Rupandehi, Lalitpur, Kathmandu and Morang over 4 years with support from **UK Aid.** The goal of the project is to contribute towards full and productive employment and decent work for all women and men, including persons with disabilities, and equal pay for work of equal value.

| Position | No. | Location |
|---|---|---|
| Business Development Officer | 5 | Butwal, Biratnagar, Lalitpur |

| Minimum Qualification | Requirements |
|---|---|
| • Bachelor's degree in Communication, Marketing, Public Relation or relevant area;<br>• At least 3 years working experience in relevant field.<br>• Excellent presentation and persuasive skill | • Understand varieties of positions and skill sets required by current market; Visit varieties of employers and generate formal and self-employment opportunities for people with wide ranges of disability.<br>• Work closely with FOUND recruited Employment Counselor to understand the skills, personality traits and aptitude of people with disability and identify matching job for them.<br>• Identify existing and new employers keen to hire people with disabilities and adopt reasonable accommodation in their workplace.<br>• Build rapport with employers/networks and influence them to hire people with disability. |

**Application process**

- Link to detailed TOR: https://preview.tinyurl.com/BDO-FOUND

Submit application form, CV with 3 references clearly indicating the position to recruitment@tlmnepal.org closing date for application is 27 March 2020. Failure to submit requested documents will result in the application being rejected.

Priorities will be given to local candidates and people with disability. Only shortlisted candidates will be called for an interview.

**"TLM Nepal is an equal opportunity employer. We encourage candidates of diverse backgrounds, women and persons with disability, to apply" TLM Nepal is committed to safeguarding; protecting children and vulnerable adults and as such candidates will be subject to pre-employment checks.**

## Study in India
## Singhania University
## MBA & M. Tech.

Masters Program

- Physics
- Chemistry
- Zoology
- Botany
- Biochemistry
- M.Sc. IT
- Environmental Science

MBA, M. Phil. in all streams.

**City Edu. Foundation**, Koteshwor
01-4602033/9841206019
Email: cityfoundation@gmail.com

## WANTED

An Engineering consultany located at Kapan invites application.

**Architect Engineer: 4 Nos**

**Qualification:** B. Arch. & Excellent in Auto CAD, Sketchup or Revit Architecture is must.

**Civil Engineer: 1 No.**

**Qualification:** Bachelors in Civil engineering, Proficient in Etabs & AutoCAD is must.

**Salary:** Very attractive.

Please send your Resume/CV with contact details within 1 week.

**Email: hwnpltd@yahoo.com**
**Mob: 9804011540, 9860499348**

## Vacancy Announcement

| Department | Post | Required Nos. | Required Qualification |
|---|---|---|---|
| Nursing | Lecturer | Few | M N or M.Sc Nursing |
| | Instructor | Few | B.Sc Nursing /PBBN/BNS with 2year Experience |
| Radiology | Instructor | 1 | Bachelor of Science in Medical Imaging Technology (B.Sc MIT) |
| Administration | Office Assistant (3rd Level) | 1 | SEE/SLC with IT background |

Apply within 5 days with hand written application.
**Notice:** Passed candidates of IOM MBBS entrance exam 2076 are informed to contact at IOM to join BPH & BSC MLT programs in MMIHS by 2076/12/02.

**For Details, Contact**
**Manmohan Memorial Institute of Health Sciences**
Soalteemode, kathmandu, Phone :- 4030781and 4030785
Email: info@mmiohs.edu.np, Website : www.mmihs.edu.np

# BE A PART OF OUR TEAM

**CE Construction Pvt. Ltd.** founded in 1992, is a corporate holding company operational in areas of Construction, Consultancy, Construction Management, Property Development, Manufacturing, Education, Finance, Health, Hospitality and Hydropower. The organization is looking for competent and qualified candidates for the following positions for it's several upcoming Hydropower Projects.

### Project Managers (Hydropower)-2

Project Manager will be responsible for coordinating with various clients and consultants, preparing BOQ for real estate/hydropower projects, allocating and monitoring human resources, planning and monitoring CPM for new and existing projects, coordinating with site execution team and profit maximization of projects. Further, Project Manager will also be responsible for various post construction activities and customer relationship management.

**Job Requirement:**

- Must have Bachelor/ Master's Degree in Civil Engineering
- Minimum 3 years of direct experience as Project Manager and 5 years field experience in hydropower construction within Nepal
- Proficient in MS Project and MS Office applications

### Assistant Project Managers (Hydropower)-2

Asst. Project Manager will be responsible for coordinating with project manager, various clients and consultants, preparing BOQ for real estate/hydropower projects, allocating and monitoring human resources, planning and monitoring CPM for new and existing projects, coordinating with site execution team and profit maximization of projects. Further, Asst. Project Manager will also be responsible for various post construction activities and customer relationship management.

**Job Requirement:**

- Must have Bachelor/ Master's Degree in Civil Engineering
- Minimum 1 year of direct experience as Asst. Project Manager and 3 years field experience in hydropower construction within Nepal
- Proficient in MS Project and MS Office applications

### Tunnel Engineer-2

Tunnel Engineer will be responsible for supervising for blasting works, guiding to use equipment's for tunnel works & manage the team.

**Job Requirement:**

- Bachelor or Diploma level with at least 7 years of experience in tunnel works
- Planning and managing the team.
- Knowledge about methodology of blasting/ knowledge about explosives used for blasting.
- Knowledge about equipments used for tunnel works.
- Good knowledge of safety

### Senior Engineers- 2

Senior Engineer will be responsible for carrying out and delivering practical engineering solutions for assigned projects. S/he will be responsible on projects for planning, cost control, supervision, material, contract administration, quality, safety, quantity surveying and timely delivery.

**Job Requirement:**

- Must have Bachelor's Degree in Civil Engineering
- Minimum 4 years demonstrated experience in a residential/ commercial/ hydro power construction
- Proficiency in MS Project, other MS Office applications, and reporting skills

### Geologist- 2

Geologist will be responsible for study of composition, structure, and history of the earth's crust to identify and determine the sequence of processes affecting the development of the earth. S/he will be responsible for preparing geological reports and maps and interpreting research data to recommend further action for study and in site based mobilization for site investigation/ construction supervision.

**Job Requirement:**

- M.Sc. Degree in Geology with minimum 5 years of work experience preferably in Hydropower Project & capable of managing tunnel works
- Should have in-depth technical knowledge in guiding the tunnel excavation as per the natural geology
- Must be willing to be located outside valley and have strong spoken and written communication skills

### QA/QC Senior Engineer-1

Sr. QAQC Engineer will be responsible quality control of all the civil engineering works in construction site and ensures the quality of the site installations is consistent with the company's policy requirements together with national and international standards and the customer's specifications.

**Job Requirement:**

- BE in Civil with minimum 3 years of work experience in related field
- Implement the QA/QC management system at site
- Coordinate with quality inspections with all the site subcontractors and vendors coordinate all nondestructive testing on site
- Coordinate with the customer's representative on all quality matters.

### QA/QC Engineer-1

QA/QC Engineer will be responsible for quality control of all the civil engineering works in construction site and ensures the quality of the site installations is consistent with the company's policy requirements together with national and international standards and the customer's specifications.

**Job Requirement:**

- BE or Diploma in Civil with minimum 1 years of work experience in related field
- Distribute relevant QA/QC documentation to site subcontractors
- Verify that the quality related site activities are in accordance with the applicable codes and standards
- Participate in the site internal and external site audits
- Ensure all quality control documentation is compiled and completed for as-built hand over through the QC turnover engineer
- Control all non-conformance reports and undertake remedial action

### Quantity Surveyor - 2

Quantity Surveyor will be responsible for carrying out detailed quantity estimations of different structures/ items as per drawings and rate analysis for assigned residential/ commercial buildings. S/he will be preparing Bill of Quantities of Real-estate and other construction including hydropower structure projects and estimation of tentative material requirement for construction works.

**Job Requirement:**

- Diploma/Bachelor's Degree in Civil Engineering with at least 5 years of work experience in quantity surveying
- Proficient in the use of Microsoft Office programs, AutoCAD and SWDTM/ land development shall be preferred for hydropower projects

### Plant In charge -1

Plant In charge will be responsible for direct and oversee daily operations and periodic maintenance and service of all the mechanical equipment, heavy equipment and vehicles present at site. She/he must develop processes that will maximize stewardship, safety, quality and productivity.

**Job Requirement:**

- Bachelor's Degree in Mechanical Engineering with at least 2 years of work experience as Plant In charge in Hydro Power.
- Should have in-depth technical knowledge about the mechanical equipment, heavy equipment and vehicles that are used in Hydropower.
- Strong team building, decision-making and people management skills
- Proficient in the use of Microsoft Office programs

### Electrical Engineer-1

Electrical engineer will be responsible for direct and oversee electrical engineering projects at construction sites, resolving issues and ensuring that work is completed according to specifications. Electrical site engineers also ensure that plans and work are completed according to local and national electrical codes. Additionally, electrical site engineers conduct testing and maintenance on electrical systems.

**Job Requirement:**

- BE / Diploma level in Electrical with at least 2 years of experience.
- Knowledge of designing electrical system, direct electrical contractor, resolves electrical issue.
- Develop the cost estimation.
- Good knowledge of safety

### Mechanical Engineer-1

Mechanical Engineer will be fully responsible for service and maintenance of all the mechanical equipment, heavy equipment and vehicles present at ongoing projects. Conduct market research on spares parts, machines & vehicle. Procurement of required and genuine spares parts from the different vendors and maintaining inventory and consumption report of spare parts.

**Job Requirement:**

- Bachelor's Degree in Mechanical Engineering with at least 2 years of work experience in automobile and heavy equipment.
- Should have in-depth technical knowledge about the mechanical equipment, heavy equipment and vehicles
- Strong team building, decision-making and people management skills
- Proficient in Microsoft Office programs

### Tunnel Supervisor - 6

Tunnel Supervisor will be responsible for supervising for blasting works, guiding to use equipment's for tunnel works & perform other tasks as assigned by the supervisor.

**Job Requirement:**

- Diploma/ Intermediate level with at least 4 years of experience in tunnel works
- Knowledge about methodology of blasting/ knowledge about explosives used for blasting.
- Knowledge about equipment's used for tunnel works
- Good knowledge of safety

### Geomatic Engineer - 3

Geomatic Engineer will be responsible for analyzing data using plans, maps, charts and computer applications such as CAD and GIS, presenting data as required, advising about technical matters and whether the construction plans are viable, preparing survey drawings, & perform other duties as assigned.

**Job requirement:**

- Bachelor's degree in Geomatic Engineering
- More than or equals to 2 years of work experience
- Proficient in Microsoft Office programs, AutoCAD and SWDTM/ land development

### Scheduler - 2

Scheduler will be responsible for providing overall scheduling of project activities and other administrative support to Project Manager. S/he will also be responsible for maintaining calendar, meetings, communicating needs, priorities, and decisions.

**Job Requirement:**

- Bachelor's degree in Civil Engineering with minimum 2+ years of experience in relevant role
- Excellent verbal and written communication skills with meticulous attention to detail
- Ability to work and handle multiple priority tasks, work as a team player with superior interpersonal skills
- Computer proficiency in MS Office, Excel, Publisher, and web-based research.
- Proficient in MS Project scheduling software with at least 2 years' experience in project monitoring using this software

### Store Coordinator - 2

Store Coordinator will be responsible for monitoring store keepers, material management, asset movement, documentation, asset & material reconciliation, rental charge, machinery equipment maintenance, servicing and report keeping.

**Job requirement:**

- Bachelor's degree
- 2-3 years' work experience in related field
- Knowledge of store keeping, asset management & inventory control
- Computer knowledge: MS-Word, MS-Excel

### Store Keeper- 4

Store Keeper will be responsible for preparing, recording & maintaining materials stock information, updating about inventory status, storing the materials, keeping detailed entries of inbound & outbound materials.

**Job requirement:**

- Intermediate Level
- Preferably 1-2 years of work experience in related field
- Knowledge of store keeping, inventory control & asset management
- Computer knowledge: MS-Word, MS-Excel
- Should have experience of working in hydro power

### HR Officer- 1

HR Officer will be responsible for preparing HR reports (Punctuality report, Attendance report, overall leave report and others) & assist in coordinating/ executing training sessions, workshops & other events.

**Job requirement:**

- Bachelor degree with specialization in HR
- More than or equals to 2 years of work experience in related field
- Proficient in the use of Microsoft Office programs
- Should be an initiator
- Excellent verbal & written communication skill
- Ability to form working relationships with people at all levels.

### Senior PR Officer- 2

Senior PR Officer will be responsible for assisting in the effective management & mobilization of workforce, resolving internal/ external issues & perform other tasks as assigned by supervisor.

**Job requirement:**

- Bachelor's degree
- More than or equals to 2 years of work experience
- Excellent communication, interpersonal & leadership skills

**How to Apply:** Suitable candidates meeting the criteria for above mentioned positions are requested to apply with updated CV and cover letter at career@ce-construction.com by 28th March, 2020. CE reserves the right to qualify/disqualify applications in any case. Only shortlisted candidates will be called for an interview.

CE CONSTRUCTION

# नक्कली डाक्टर पक्राउ

सुर्खेत (कास)- अर्काको नेपाल मेडिकल काउन्सिल (एनएमसी) दर्ता नम्बर प्रयोग गरेको आरोपमा एक जना डाक्टरलाई प्रहरीले पक्राउ गरेको छ। काउन्सिलको पत्रका आधारमा वीरेन्द्रनगरस्थित शुभलक्ष्मी कलेज अफ हेल्थ साइन्सका प्रबन्ध निर्देशक डा. दीपेन्द्र काफ्ले पक्राउ परेका हुन्।

प्रहरीका अनुसार काफ्लेले २०३८८ नम्बरको एनएमसी नम्बर प्रयोग गरेर बिरामी जाँच्दै आएका थिए। वीरेन्द्रनगर-८ आवास क्षेत्रमा रहेको शुभलक्ष्मी उनका बुबा ओमप्रकाशका नाममा रहेको अस्पताल हो। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी रवि रावलले बिहीबार तीन दिनको म्याद थपेर अनुसन्धान अघि बढाइएको बताए। अस्पतालका सञ्चालक ओमप्रकाशले छोराले बंगलादेशबाट एमबीबीएस पास गरे पनि एनएमसी नम्बर नलिएको स्विकारे। छोरो डाक्टर भए पनि अस्पतालको व्यवस्थापकीय जिम्मेवारीमा रहेको उनको भनाइ छ। 'अस्पतालमा पाँच जना डाक्टर छँदै छन्, बिरामीको उपचार उनीहरूले गर्छन्,' उनले भने।


नेपाल सरकार
खानेपानी मन्त्रालय
**ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति**
शवमार्ग, महाराजगंज, काठमाडौं

**सहयोगी संस्था र उपभोक्ता समितिको लागि अत्यन्त जरूरी सूचना**

प्रकाशित मिति :- २०७६/११/३०

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको आर्थिक सहयोगमा दशौं समूह अन्तर्गत विभिन्न सहयोगी संस्था (गैरसरकारी संस्था) हरूको सहजीकरण तथा प्राविधिक सहयोग एवं उपभोक्ता समितिहरूको प्रत्यक्ष संलग्नतामा देशका विभिन्न जिल्लामा संचालित ग्राभिटी तथा सतही पम्पिङ लिफ्ट, स्यालो ट्यूबवेल, ओभरहेड ट्यांक प्रविधिका खानेपानी तथा सरसफाइ आयोजनाहरूको निर्माण कार्य भैरहेकोमा कतिपय सहयोगी संस्था एवं उपभोक्ता समितिहरूले विभिन्न समयमा गरेका लिखित प्रतिबध्दता अनुसार कार्य प्रगति नदेखिएको, कार्य प्रगति अगाडि बढाउन गम्भीर नदेखिएको, कार्य सम्पन्न प्रतिवेदन नबुझाएको र यस कार्यालयबाट पटक पटक मौखिक, टेलिफोन तथा पत्राचार मार्फत ताकेता गर्दा समेत बेवास्ता तथा अटेर गरेको पाइएकोले सम्पन्न भएका खानेपानी तथा सरसफाइ आयोजनाहरूको कार्य सम्पन्न प्रगति प्रतिवेदन यथाशीघ्र पेश गर्न र सम्पन्न हुन बांकी खानेपानी तथा सरसफाइ आयोजनाहरूको हकमा यथाशीघ्र कार्य सम्पन्न गरी अनिवार्य रूपमा आयोजना सम्पन्न प्रगति प्रतिवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचनालाई समेत बेवास्ता तथा अटेर गरी काम सम्पन्न नगर्ने खानेपानी तथा सरसफाइ आयोजनासंग सम्बन्धित सहयोगी संस्थाका अध्यक्ष, टीम लीडर तथा उपभोक्ता समितिको नाम आदि उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्न यस समिति बाध्य हुनेछ। साथै, त्यस्ता सहयोगी संस्थाहरूलाई नियमानुसार कारवाही समेत गरिने व्यहोरा जानकारी गराइन्छ।

**कार्यकारी निर्देशक**


# चन्द समूहका १४ समातिए

**अजित तिवारी** (जनकपुर)
**डिल्लीराम खतिवडा** (उदयपुर)

धनुषाको गाईगोठबाट अपहरित किशोरीको उद्धारमा खटिएको प्रहरी टोलीले चन्द समूहका १४ जनालाई उदयपुरबाट पक्राउ गरेको छ। किशोरी पनि अपहरणमुक्त भएकी छन्।

सिन्धुलीको दुधौली-३ की १४ वर्षीया करिना मोक्तानलाई चन्द समूहले बुधबार साँझ धनुषाको गणेशनाथ नगरपालिका-५, गौरीखोलामा रहेको गाईगोठबाट अपहरण गरेको थियो। करिनाको गाईगोठ र घरको दूरी २ किलोमिटर छ। बुधबार साँझ पुगेका चन्द समूहका कार्यकर्ताले गाईगोठमै भात खाएर करिनालाई लडाकु बनाउन सँगै लगेका थिए। करिनाका बुबा लालबहादुर त्यति बेला बाहिर गएका थिए। उदयपुरको कटारी नगरपालिका-१ खसीबाँसस्थित चन्द समूहको आश्रयस्थलमा बिहीबार अपरेसन गरेर करिनालाई उद्धार गरिएको प्रदेश २ का प्रहरी प्रमुख डीआईजी प्रद्युम्न कार्कीले जानकारी दिए।



चन्द समूहबाट प्रहरीले बरामद गरेका हातहतियार तथा दस्तावेज। *तस्बिर : कान्तिपुर*

उनका अनुसार अपहरणको सूचना पाएपछि नेपाल प्रहरीका ८० र सशस्त्र प्रहरीका ३० जना खोजीमा परिचालन गरिएको थियो।

किशोरी उद्धार गर्ने क्रममा चन्द समूहका ९ पुरुष र ५ महिला पक्राउ परेका छन्। प्रहरीका अनुसार चन्द समूहका इलाम फाकफोकका २० वर्षीय मुस्कान राई, सुनसरी इटहरीका २८ वर्षीय विवेक खड्का, सर्लाही लालबन्दीकी १६ वर्षीया रीता कार्की, ताप्लेजुङ खोकलिङका २० वर्षीय विकास राई, इलाम बतासेका १७ वर्षीय आपुस मगर, उदयपुर ताविलका १८ वर्षीय अविनाश तामाङ, उदयपुर गाईघाटका २० वर्षीय आशिष लामा पक्राउ परेका छन्। यस्तै, ताप्लेजुङकी १६ वर्षीया रञ्जना राई, धनकुटा पाखिबासकी १९ वर्षीया अनिता राई, कैलालीकी १९ वर्षीया अनुष्का राउत, मोरङ आइतबारेकी १७ वर्षीया सपना राई, भोजपुरका ४५ वर्षीय मनोराम राई, मोरङका १५ वर्षीय आशिष श्रेष्ठ र सिन्धुली जुवाडेका १९ वर्षीय इधर पुन मगर पनि समातिएका छन्। डीआईजी कार्कीले उनीहरूको साथबाट ३ वटा पेस्तोल, १२ वटा सकेट बम, एउटा प्रेसरकुकर बम, खुकुरी २ थान, डेटोनेटर तार र दस्तावेज बरामद गरिएको जानकारी दिए। 'उनीहरू लुकेर बसेको ठाउँ अलिअलि जंगल र थोरै बस्ती भएको इलाका हो,' डीआईजी कार्कीले भने, 'सुरक्षाकर्मीले चारैतिरबाट घेरा हालेर उनीहरूलाई नियन्त्रणमा लिएको थियो।'

### उदयपुर सचिव नियन्त्रणमा

नेत्रविक्रम चन्द समूहका उदयपुर सचिव जितबहादुर पुलामी मगर पक्राउ परेका छन्। उदयपुरगढी गाउँपालिका-७ अँधेरीस्थित चित्रबहादुर खपांगी मगरको घरबाट उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। ५४ वर्षीय पुलामी मगरको घर उदयपुरगढी-४ मा पर्छ। 'चन्द समूहका नाममा योजना बनाएको, गतिविधि बढाएको सूचना पाएपछि खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो,' प्रहरी उपरीक्षक वीरबहादुर बुढा मगरले भने।


# बर्गिकृत विज्ञापन

## घर जग्गा

सुन्दरीजल नयांपाटीमा सस्तो टुक्रा घडेरी विक्रीमा, ९८५१०६६३९३, ९८५११२१९१२

कपनआकाशेधारा, चोकैमा ०-६-०-०, कपनबालुवाखानीमा, ०-५-१-०, ९८४१३४५००५

ललितपुको.जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रीको लागी 9849188782

पेप्सीकोला चोकबाट १०० मीटर अगाडी मेन हाइवेसंगै जोडीएको हाइवेसंगै जग्गा खाली र बंगला विक्रीमा, ९८५१०३५७८०

शाखु नपुग्दै मेन हाईवेबाट नजिकै टुक्रा तथा एकमुष्ट घडेरी विक्रीमा, ९८५१०३५७८०, ९८४९५२५१८०

ललितपुरमा घरजग्गा खरिद विक्रीलाई 9851071590

भक्तपुर, ताथली, सुडाल, चांगुनारायण, सिपाडोल एरियामा आकर्षक घडेरीहरू ५-लाख देखि १५-लाख सम्म सम्पर्क: 01-6616129, 9813801939, 9851148171, 9851176381

कपनमा घरजग्गा बिक्रिमा ९८६३६०१८८१, ९८४१९०४७०१, ९८४३०४१२७३

ललितपुर गोदावरि विष्टछापमा प्लटिङको जग्गा विक्रीमा मुल्य रु.८,००,०००/-, 9823125116, 9847930017

सातदोबाटो नजिकै हरिसिद्धिमा नयांघर ९८५१०६८६७७

पेप्सीकोला सनसिटीपछाडी २.५तल्ले घरविक्रिमा 9818069405

घर, जग्गासंग साट्न सकिनेघर ९८५१२५५२७७

अमेरीकन एम्बेसी अगाडी ०-२०-०-०, ९८०३१९८७१४

राम्रो सस्तो घडेरी १०आना, ९८६३२७६७२३

नयाँघर बानेश्वर, शंखमुल, बुढानिलकण्ठ, ईमाडोलमा जग्गाबिक्रीमा 9841594417

चावेलनेर, धुम्बाराहीनेर टुक्राजग्गा तु.चाहियो 9849302323

बसुन्धारामा ४६२.६०ब.मि. बनेको घरबिक्रीमा ८,९०,००,०००/- 9851010600.

**बुढानिलकण्ठ हाईटमा स्वच्छवातावरणयुक्त घडेरी जग्गाहरू विक्रीमा सिधासम्पर्क:- ९८५१०३९४३२, ९८०१२३३१३५**

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

टेकु अम्बेपछाडि ०-४-२-३ 9851200079, 9860782979

भुकम्पपछिको Prime Location को घर विक्रीमा भक्तपुर 9849616422

बुढानिलकण्ठको पन्चकन्यामार्गमा २६ फुटेबाटोमा एकरोपनी जग्गा विक्रीमा ९८४१२६४६०४

गठ्ठाघरचोक नजिक ०-१०-० आनाको ३० लाख, ०-५-२-० आनाको ६५ लाख ९८५१०३५८७०

टौदह मेनसडकमा २रोपनी जग्गा बिक्रिमा ९८५१०७०१०४, ९८५१०६२२०७, ९८५१०७६६४७

शान्तिनगर मेनरोडमा ४आनामा बनेकोघर 9841907126, 9849046172

शान्तिनगर २६फिट बाटोमा १४आनाजग्गा टुक्रपनि मिल्ने पशुपतिगुठी 9841907126, 9849046172

लोकन्थली हाईट अरनिको हाईवेनजिक ०-५-०-० जग्गा बिक्रिमा ९८५१२२५६४१, ९८५१०८५४६८

बसुन्धारामा 0-4-1-0 नयांघर 2,95,00,000/- 9851027364

भक्तपुर ताथलीको हाइवेनजिक आकर्षक ६टुक्रा घडेरी बिक्रीमा 9851019831, 9866823723

सुन्धारामा होटलभएको घर बिक्रीमा 9818320094

ओमकारेश्वर शान्तिनगरमा ३.५ देखि १०-आना, ९८५५०५६९८८

भक्तपुर, ताथलीमा प्लटिङ्गको घडेरीहरू ९८४८९०५७२४

बासबारीमा ०-४-२-१ धुम्बराहिमाघर 3,75,00,000 9818509742

ललितपुर इमाडोल, टीकाथली, बागडोल गोदामचौर टुका घडेरीहरू ९८५११९९८२६

गौरिघाटचोकको ३३फिटे बाटोमा १रोपनि कमर्शियल जग्गाबिक्रिमा 9851087273

मुलपानी क्रिकेटग्राउण्ड हाइटको ०-१२-०-०, ९८५१०९३६६२

कपन, गुम्बामुनी पांचआनामा तिनतल्ले विक्रीमा, ९८४०७४६७४२

ललितपुर गोदावारी बिष्टछापमा प्लानिङ्गका टुक्राजग्गा ७.५०-आनाको 9847930017

भरतपुर, कालिका नगरपालीकामा १५ कठ्ठा विक्रीमा ९८५१०५७७६८

थलीडाछी मुख्य सडकबाट ५०मिटर भित्र ०-४-२-२ आकर्षक जग्गा विक्रीमा, 9818164008

धापासीमा ०-४-१-२ प्रतिआना २३,००,०००/- ९८५१०७४००१

टोखामा ०-३-२-० प्रतिआना १२,२५,०००/- ९८६०११९९४७

भैंसीपाटीमा दशआना राजकुलो बाटो, ९८४१४८३१८६

धादिङ्ग नौबिसे थानकोट हाईवेबाट ६किमि भित्र २०फिटे ग्राभेलरोडमा ६०रोपनि जग्गा रोपनिको ५लाख बिक्रिमा ९८४३२२९६४१

बर्दिबासचोक नजिकै जग्गा बिक्रिमा 9819641428

भक्तपुरमा रु९० लाखदेखि जग्गा समेत नयांघर बनाएर दिइनेछ ९८६३३३७१८८

संतुगल दहचोकमा टुक्रा जग्गाहरू 9849848000

थानकोटमा तपाईको मनलोभ्याउने आकर्षण घरहरू 9851098406

हेटौंडा हुप्रा मेनेजमेन्ट रोड १ कठ्ठामा बनेको २ तल्ले घर विक्रीमा ९८५१२३६२३८

कपनको आकर्षक घर विक्रीमा, 9849389667

सितापाईलामा नयां घर विक्रिमा 9851002123

कालिमाटीमा नयां घर बिक्रीमा ९८१८२०३६३६

बालकोटको चाङ्गाथलीमा ०-४-२-३ घडेरी 9867436622

चन्द्रागिरी हाइभिजनमा ०-४-०-० बिक्रिमा ९८४३९४६४८६

क्षेत्रपाटी धोवीचौर गोरेटोबाटोमा ३/४आनाका घडेरीबिक्रीमा 9851061926

मैतिदेवी मन्दिरनजिक ०-५-०-० बनेको ३.५-तलेघर बिक्रीमा 9880537923

चितवन, रामपुरचोक नजिकै ४५धुर ६५,००,०००/- एकमुष्ठ ९८५१२१८१३२, ९८२३३१०१३२

गोठाटार, पुलनजिकै ०-४-०-० बनेको घरबिक्रिमा २,९५,००,०००/- 9841056804

धुम्बाराहीको ओरियन्टल अपार्टमेन्ट बिक्रीमा 9841513418

माछापोखरीबाट लोकतान्त्रिक चोकहाईटमा ०-३-०-० माबनेको आधुनिक नयांघर तुरुन्तैबिक्रीमा 9864248472

विजेश्वरीचमती प्लानिङमा १३फिट्को बाटोमा ०-५-२-० जग्गा तुरुन्तैबिक्रीमा टुक्राएरपनि दिनमिल्ने 9860193128

## सवारी साधन

स्कार्पियो सस्तोमा रिजर्भ /भाडामा ९८४१३०९४३५

नया कार भाडामा चाहिएमा ९८५१२१८१३२

स्कर्पियो,कार रिजर्भमा चाहिएमा ९८२३८१६५२६

2016 onhand आइटेनग्रान 22,75,000/ 9741440584

2017 मोडलको मारुती कार्गो वमनी भ्यान तु.विक्रीमा 9851136521

बिभिन्न मोडलका पुराना मिनिट्रक/बस/ट्रिप्परहरू फाइनान्स सुविधा सहित उपलब्ध छ। 9802311548, 9869052327

## सम्पर्क

सस्तोमा धितो फुकुवा सम्पर्क: 9851053106

सस्तोमा Cash Deposit धितोफुकुवा 9851032104

सेकेण्डह्याण्ड फर्निचर खरिद विक्री ९८४१५३२९१७

बिधार्थीलाई सस्तोमा Cash Deposit 9826104122

Hometuition All subjects/ Computer Courses: 9803303166

सस्तोमा धितोफुकुवा क्यास डिपोजिट 9841738993

सस्तोमा Bank Deposit 9863646909, 9803702227

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८०३१२३५७८

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

सहुलीयत कर्जा, धितो लिनदिन, 9851063843

Cash Deposit without collateral 9841756349

Australia education loan deposit documentation 9864591320

सस्तोमा बैंक डिपोजिट, धितो फुकुवा ९८५११२१२०४

धितो फुकुवा Bank Deposit 9848830604

विद्यार्थीकोलागी सस्तोमा Cash Deposit, 9851195401

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

सस्तोमा धितो फुकुवा/ बैंक डिपोजिट, 9849389067

## विविध विक्रीमा

टिकाथलीमा कृषिफर्म बिक्रीमा 9851208312

न्यूरोडको कपडा पसल बिक्रिमा ,9851140457

नयांबानेश्वरमा चलिरहेको किरानापसल बिक्रिमा ९८४३०९९५००

क्याफेको सामान विक्रिमा ९८४१२५९७०२, ९८४१४८०४५१

न्युरोड झोंछे नजिकैको म:म पसल बिक्रीमा 9823655100

स्पेशलमम, खाजाघर बिक्रीमा जडिबुटी ९८५११२५००१, ९८०८४५९४४३

किराना पसल बिक्रिमा ५,००,०००/– ९८०८५२५३५५

हस्पिटलअगाडि चलिरहेको रेष्टुरेण्टबिक्रिमा /भाडामा ९८५१२५५२७७

होस्टेल, क्याफे बिक्रीमा वुद्धनगर बानेश्वर 9843487770, 9846728807

ग्वार्कोचोकैको फास्टफुड मात्र ५००,०००/- ९८४९४४९९९३

चलिरहेको रेस्टुरेण्टबिक्रि लगनखेल ९८६१२३६२५८, ९८४०१९९५८५

बुद्धनगरको Café तु. बिक्रीमा 9869802283

बानेश्वरको Montessori School र Class- 1 को लाइसेन्स विक्रीमा, 9810078929

धापाखेल हाईटमा टुका घडेरी, ९८५१०९३०८७, ९८५१०५२७०७

बसन्तपुरमा १०० सिट क्षमताकोरेष्टुरेण्ट ९८०८९०७१५८

किराना बिक्रिमा, कलंकी २,२७,०००/- ९८०२४०३६०१

कस्मेटिक पसल, पार्लरपनिहुने बिक्रीमा बौद्ध 9803366200

तिनकुनेमा बेकरी एण्ड कफिसप बिक्रिमा ९८४९०४७१७८

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

सफ्टिट्यांकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

भ्याकुमबाट सेफ्टिटैंकी सफाई ९८४३४५८१३५, ९८५१२१८४३५

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9847183577, 9851061331

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9851009672

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सेफ्टिटैंकी, ढलमंगाल जामखोल्ने सस्तोमा 9860878067

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9841663698, 9843749855

ढलट्वाइलेट, मंगाल, जामखोल्ने मर्मतगरिन्छ ९८५१०१९८८९

सेफ्टीटैंकी सफाई ३०००। ९८४१६७३२३०, ९८५१०९९५७२

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9841691494, 9823859294

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

गाडीमेसीनबाट सेफ्टीट्याङ्की ढलट्वाईलेट सफाई 9851247369

भ्याकुमबाट सेफ्टिटैंकी सफाई 015712671, 014114455, 9851152299, 9851052299

प्रोफेशनल पानीटैंकी सफाई 9851152299, 9841367851

ढलट्वाइलेट, मंगाल जामखोल्ने इनारसफाई, प्लबिङ्ग 9843192344

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

बोरिङ्गगर्ने, इनारखन्न, इनारससफाई, प्लम्बिङ्ग, धाराजामखोल्ने, पहेलोपानिफिल्टर, 9851168028

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

## भाडामा

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

1400sq.ft. 1stfloor apartment Ekantakuna 9851067168

जग्गा, टहरा भाडामा चाहियो 9808644674

विशालनगर चण्डोलमा एउटा बेडरुम डाइनिङ किचेन लिभिङ रुम स्टोर, कारपार्किङ २४ घण्टा पानि फ्ल्याट भाडामा, सम्पर्क, 9849058645

अफिस/ मन्टेश्वरीलाई कुलेश्वर आवास ९८१३५९७०८६

सामाखुशीमा पार्किङ्गसहितको तिनतलाभाडामा अफिसलाईपनि उपयुक्त 9823268664

पुरानोबानेश्वरमा अफिस, स्कुललाई घरभाडामा 9841601845

कलंकी मेनरोडमा सटर तथा गोदाम भाडामा 9851073380

घामलाग्ने पानिभएको फ्ल्याट भाडामा ९८०८०५९९९८

काठमाडौंमा घरफ्ल्याट लिनुदिनु परेमा 9846578599

सानेपा रिंगरोड नजिक एकरोपनी एकआनामा बनेको घर गोदाम/रेष्टुरेण्टकोलागी 9851095465

काठमाडौंमा कोठाफ्ल्याट भाडामा चाहिएमा, 9828565606, 9823582919, www.samajkalyansewa.com

बागबजारमा अफिसलाई फ्ल्याट भाडामा 9849355138

गौरिघाट गुह्येश्वरी मन्दीर नजिकै फ्ल्याट भाडामा 9851226512, 9851110805

## चाहियो

ग्वार्को गुणहलसंगै USकम्पनीलाई कामदारहरू चाहियो सवैलेगर्नमिल्ने 21500/ 9828721889, 9849450645

कालिमाटीचोकमा पढेनपढेका महिला/पुरुष कर्मचारी अर्जेन्ट कामघरैमा रु.२८,०००/- ९८१३५८६५२२, ९८४५२७९७६३

Typing Counseling (English) 15,000/- 9851002503

डल्लुखैलौना धुपअगरवति पेपरकटिङ टिवेटियनमालामा कामदार २४,५००/- 9808544589, 9840352832

गोंगबु अफिसलाई कर्मचारी 15,499/- 9813317881, 9849365964

ग्वार्कोचोकैको PGLअफिसलाई अफिसस्टाफ अर्जेन्ट 18500/- सवैलेगर्नमिल्ने 9808728580, 9846599866

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000/ 9813209817

गोपीकृष्णनजिकै अफिसियल कर्मचारी अर्जेन्ट 27500/ 9861497188, 9823691949

गोपिकृष्णनजिकै अफिसलाई कामदारअर्जेन्ट 31,000/ बसभाडाखाजा पढेनपढेका महिलापुरुष सवैलेगर्नमिल्ने 01-4820559, 9810342257

तीनकुनेचोकैको CSSकम्पनीलाई पढेनपढेका सोह्रवर्षमाथिका अफिसस्टाफहरू 29,500/ खाजाभाडाबोनष, 01-5199302, 9823705671

सेक्यूरीटी अर्जेन्ट 14000-20000 9841687964 9808787334

सेक्युरिटी अर्जेन्ट तलब २०,०००/- ९८१०२०९४८२, ९८४३७४८३९३

खानबस्नसहित कर्मचारी बल्खु 18,500/- 9823091703, 9860909328

सेक्युरिटीगार्डको तु.आवश्यकता १८,०००-२१,०००/- 9803121700

चक्रपथ अफिसलाई स्टाफ 15,500/- Fixed 9851158524, 9818431535

खानबस्नसहित कलंकी अफिसलाई कर्मचारी 15,500/ 9851024779, 9818554555

कस्मेटिकमा ईमान्दार कर्मचारी 15,500/ 9813370285

Salesboys/ Salesgirl आवश्यकता 15,500/- चावहिल 9847754629, 9808624200

मसाल्ची चाहियो तलब १२,०००/-, ९८५११९३०८५

भक्तपुरको पोल्ट्रीफार्म ह्याचरीमा एकल तथा जोडीदम्पत्ती कामदार चाहियो 9851169728

All Roundercook -1 Salary-25000 Waiter-2 Lahan, Siraha 9861393111, 9816331539

महिलापुरुष सेक्यूरीटी आवश्यकता 17000-19000 9823448503

तु डि फार्म २जना ९८०३२४४३७१

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000 9813210032

Store Helper 10 Driver 10 Guard खानबस्न 10 सुख्खा10 015235176 9851079597

उपत्यका बाहिर होटल कर्मचारी 9803594121

जुनसुकै कामवा कामदार चाहिएमा ९८२३२६२३९३

रेष्टुरेन्टको लागि वेटर आवश्यकता ९८५१००२१९२

**कार Suv जिपभाडामा चाहियो 9801101911**

कस्मेटिकमा खानबस्न कर्मचारी 12700/- 9808508600

+2 पास मोटरसाइकल भएको Staff 9851032865

रोटिमास्टर चाहियो पुतलिसडक 9862785884

खानेबस्ने सुविधा फिक्सतलव ९०००-१५०००/- इमान्दार मेहनतीलाई धेरैसुविधा, राम्रोकाम, ९८५११३३१९९

पसलमा, होटलमा घरायसी कामगर्ने ९८२८७६६८६३

Female Receptionist/ Counselors 9803023740, 014250841

म:म मिस्त्री/वेटर तलब १००००/- ९८४१३१११४२

प्रतिष्ठित कम्पनीलाई Electronic Technician (CTEVT) चाहियो 9863196884

पशुपति होटलको लागि कुक चाहियो 9811046753, 9813318820

पुतलीसडक, बागबजार, न्यूप्लाजा, डिल्लीबजार, माइतीघर, हनुमानस्थान क्षेत्रमा होस्टल सञ्चालनकोलागि उपयुक्त घर चाहियो 9851162772, 9851047494

गट्ठाघरको बिहानी साकोसलाई केहि बजार प्रतिनिधीहरू चाहियो ०१-६६३९५६५, ९८४१८५०६०३

**नेपाल प्रहरीका भुपु सइ, असइ चाहिएकाले इच्छुक ब्यक्तिले सम्पर्क गर्नुहोला 9803344222**

क्लिनिकको लागि लेडिज CMA 9841218743

भाडा माझ्ने १००००-१२००० पुल्चोक 9849353928(नागरिकता अनिवार्य)

डेलिभरी दिने केटा चाहियो 4482457

बाईक लाईसेन्स भएको केटा ९८६७०६८४६६

लाईट ड्राईभर हेबी ड्राईभर ९८०८८९००८६

टौदह रिसोर्टकोलागी कुक, हेल्पर, वेटर, सेफ, गार्ड खानेबस्ने ९८५१०३८५७६

कुक अर्जेन्ट चाहियो 9849636246

अफिसलाई कर्मचारी आवश्यकता, ९८६६९२१२३९, ९८४१६४४६१२

एक प्रतिष्ठित उद्योगलाई +2 पास सुपरभाइजर तुरुन्तै चाहियो ९८४१३७४१३०

जनसुकै कर्मचारी काम चाहिएमा ९८०८९६१९८३

समाजकल्याण सेवाकोलागि कर्मचारी चाहियो, 9848777023

चलिरहेको रेष्टुरेण्टलाई २जना फाष्टफुड कुकचाहियो ९८५१०६२९२०

वाइक लाइसेन्स केटाहरू चाहियो ९८६६२४२६७२

भांडामाझ्ने खानबस्नसहित १०,०००/- वेलकम रेष्टुरेन्ट नयांबानेश्वर शंखमूलरोड ९८४१६१९८९७

होटलको लागि वेटर मसाल्ची ९८४१२६५६७०

म:म पसलमा कामदार चाहियो 9869626428

करि कुक चाहियो 9847912442

कोटेश्वरमा फास्टफुडको लागि वेटर-१ 9849715771

खानबस्न सुबिधासहित नयांअफिस बालाजुलाई थपकर्मचारी 15,500/- 01-4388962, 9818349301

हिमालयन होटलकोलागि कुकचाहियो मनाङ्ग 9860459974

रेष्टुरेण्टकोलागि लेडिज/ जेन्सस्मार्ट वेटरचाहियो ९८५११५७२९६

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 15,500/- 9863884857, 9813644084

## मर्मत

ढलट्वाइलेट, मंगलाबनाउने, जामखोल्ने 9844531660, 9841516395

LED/TV, Computer, CCTV ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

ढलट्वाइलेट, मंगालको जामखोल्ने सेफ्टीट्याङ्की 9851109635

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा ?9847356432

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841072969

TVLED जुनसुकै कम्पनीको ग्यारेन्टीकासाथ घरैमा-मर्मत, 9862374642

ढलट्वाइलेट मंगाल जामखोल्ने ट्ङ्कीसफाई 9851039094

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

घरैमा LED.Tv फ्रिज, वासिङमेसिन, 9841296192

## भर्ना

गर्ल्सहोस्टेलमा निशुल्क भर्नाखुल्यो सुबिधानगर तिनकुनेमा फ्रिवाईफाई हाईजेनिकखाना सफावातावरण तातोपानीकोसुबिधा 9868023040, 9815629104

## तालिम

डोजर (एस्काभेटर, JCB), फोर्कलिफ्ट अपरेटर तालीमकेन्द्र CTEVT सम्बन्धनप्राप्त: 9851122136

CTEVT मान्यता मन्टेश्वरीतालिम 9851098136, 01-4475063

निशुल्कमा मोबाइल, टेलिभिजन, हाउसवायरिङ्ग 9803471693

## उपचार

लिङ्गकोसाईज बढाउने Herbal Supplement 9851014602

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

हुम्लाको खुर्पानीको वियाँ, ताजा गोमुत्र, गुर्जो(गिलोय) कोरोना देखि क्यान्सरसम्म 9851133199

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-५१९९६११/९८५११७८८३० |
| जिरो मिडिया | अनामनगर | ५७०५६९५ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्युनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सर्ट | अनामनगर | ४१०२८२८ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५५२५५५०, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

बर्गीकृत डिस्प्ले
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

बर्गीकृत विज्ञापन
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-
* मू.अ.क. बाहेक

# अर्थ वाणिज्य








भक्तपुर दरबार स्क्वायर क्षेत्रमा माटाका भाँडा बनाउँदै ७५ वर्षीय गणेशभक्त । उनले ५० वर्षदेखि माटाका भाँडा बनाउँदै आएका छन् । तस्बिर : इलिट जोशी/कान्तिपुर

# राइड सेयरिङबारे केन्द्रको सूचना र प्रदेश कानुन बाझिए

**विजय तिमल्सिना** (काठमाडौं)
**सुवास बिडारी** (मकवानपुर)

संविधानले यातायात क्षेत्र सञ्चालन र व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको भए पनि केन्द्र सरकारले टुटल र पठाओजस्ता राइड सेयरिङ सेवा सञ्चालन रोक्ने प्रकृतिको सूचना जारी गरेपछि कानुन र क्षेत्राधिकार बाझिएको छ ।

यातायात व्यवस्था विभागले मंगलबार टुटल र पठाओजस्ता राइड सेयरिङलाई लक्ष्य गर्दै गैरकानुनी सेवा बन्द गर्न सूचना जारी गरेको थियो । तर वाग्मती प्रदेशले गत माघ १८ गते राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सवारी तथा यातायातसम्बन्धी ऐन कार्यान्वयनमा ल्याइसकेको छ । जसमा टुटल र पठाओजस्ता राइड सेयरिङ सेवाको सञ्चालन तथा नियमन गर्ने प्रकृतिका व्यवस्था छन् ।

ट्याक्सी चालक र व्यवसायीको दबाबमा उपत्यकामा लोकप्रिय बन्दै गएको राइड सेवा बन्द गर्ने गरी विभागले जारी गरेको सूचनाको विरोध भइरहेको छ । यातायात क्षेत्रको अधिकार संविधानले प्रदेश सरकारलाई दिएकाले राइड सेयरिङबारे पनि प्रदेश सरकारको कानुन नै आकर्षित हुने भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्त नेम्वाङले बताए ।

'प्रदेश सरकारले यसको व्यवस्थापन गर्न कानुन बनाइसकेको छ,' उनले भने, 'यसअघि पाटन उच्च अदालतले समेत टुटल र पठाओजस्ता सेवा बन्द नगर्न कानुन बनाएर नियमन गर्नू भनेकाले यो विषय प्रस्ट छ ।'

वाग्मती प्रदेशले तयार पारेको प्रदेश सवारी तथा यातायातसम्बन्धी ऐन गत वर्ष माघ १८ मा प्रदेश राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आइसकेको छ । उक्त ऐनको दफा १३ को उपदफा ४ मा निजी प्रयोजनका लागि दर्ता प्रमाणप्राप्त चारपांग्रे तथा दुईपांग्रे सवारीले तोकिएको प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बिमा गरी यात्री ओसारपसार गर्न सक्ने उल्लेख छ । 'केन्द्रले यातायात क्षेत्रको नीतिगत व्यवस्थापन गर्ने मात्रै हो,' मन्त्री नेम्वाङले भने, 'राइड सेयरिङ सेवाका विषयमा पनि प्रदेश ऐन आकर्षित हुन्छ ।'

प्रदेशको क्षेत्राधिकार र उच्च अदालतकै आदेशअनुसार हुनुपर्ने धारणा राख्ने मन्त्री नेम्वाङले यातायात व्यवस्था विभागले किन सूचना जारी गरी सेवा बन्द गर्ने चेतावनी दिएको भन्ने प्रश्नमा घुमाउरो जवाफ दिए । 'अदालतले बन्द नगर्नू भनेको र प्रदेशको क्षेत्राधिकार भएको यस विषयमा प्रदेशले कानुनसमेत बनाइसकेकाले त्यसैअनुसार हुने' भन्ने जवाफ दिए । विभागले मंगलबार वेबसाइटमा सूचना प्रकाशन गरेको भए पनि बिहीबार साँझ सूचना हटाइसकेको छ ।

राइड सेयरिङ सेवा बन्द नगर्न र कानुन बनाएर नियमन गर्न गत फागुन २ गते उच्च अदालत पाटनले आदेश दिएकाले पनि राइड सेयरिङ रोक्ने अधिकार कसैलाई नभएको उनले बताए । ट्याक्सी चालक र व्यवसायीले टुटल र पठाओजस्ता राइड सेयरिङ सेवा कानुनसम्मत नभएकाले तत्काल रोक लगाउन माग गर्दै दायर गरेको रिटमा पाटन उच्च अदालतका न्यायाधीशद्वय श्रीमणकुमार गौतम र मीना गौचन सेढाईंको इजलासले यस्ता आदेश दिएको थियो । उक्त आदेशमा यस्ता सेवा सार्वजनिक सरोकारको विषय भएकाले रोक लगाउन नमिल्ने र कानुन बनाएर नियमन गर्न भनिएको छ । ट्याक्सी चालकहरूले पठाओ र टुटलका चालकहरूलाई पटकपटक दुर्व्यवहार गर्दै आएका छन् । यसअघि ट्राफिक प्रहरीले नै पठाओ र टुटल चालकलाई कारबाही गर्दै जरिवाना गराउन थालेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले यस्ता सेवालाई बन्द नगर्न र कानुन बनाउन निर्देशन दिएका थिए । गत वर्ष माघ पहिलो साता तत्कालीन भौतिक योजना तथा यातायातमन्त्री रघुवीर महासेठलाई टुटल र पठाओजस्ता सेवा नरोक्न भनेका थिए ।

बाँकी पृष्ठ १३ ▶▶

## डराई डराई सेवा

**प्रशान्त माली**

रामेछापका ३५ वर्षीय डोरराज मगरले पठाओ सेवामा दुईपांग्रे सवारीमार्फत यात्रु ओसार्न थालेको दुई साता मात्र भयो । वैदेशिक रोजगारीको सिलसिलामा मकाउमा दुई वर्ष बसेर फर्किएका उनी साथीको सल्लाहमा यो पेसामा लागेका हुन् ।

स्कुटरबाट यात्रु बोकेर राम्रो आम्दानी हुन थालेपछि उनले स्वदेशमै श्रम गर्ने सोच बनाए । तर यातायात व्यवस्था विभागले टुटल, पठाओजस्ता सेवा सञ्चालन गर्नेलाई कारबाही गर्न निर्देशनात्मक सूचना जारी गरेपछि अहिले उनी दोधारमा छन् ।

भन्छन्, 'यही व्यवसाय गर्ने सोचले ऋण गरेर स्कुटर किनें । पहिलो किस्ता पनि तिर्न पाएको छैन । दुई सातामै सरकारले बन्द गर्न सूचना निकाल्यो ।' खटेर चलाए मासिक खर्च कटाएर १८ हजार रुपैयाँ जोगाउन सकिने आशा रहेको उनको भनाइ छ । 'तर अहिले ट्राफिक प्रहरीले समाउला भनेर डराईडराई चलाउनुपरेको छ,' उनले भने ।

उदयपुर गाईघाटका ३० वर्षीय सञ्जीव राई पनि कतार जान छाडेर यो पेसामा लागेका हुन् । विभागको सूचनाले आफूहरूलाई समस्या पारेको उनको भनाइ छ । यात्रु र चालक दुवै जोखिम मोलेर यात्रा गर्नुपरेको उनले बताए । 'टिप पनि घेटेको छ,' उनले भने । **बाँकी पृष्ठ १३ ▶▶**






संसद्मा पुँजीबजार बहस

# खारेजीदेखि कालोधन प्रयोगसम्मको माग

**यज्ञ बञ्जाडे** (काठमाडौं)

'संविधानमा लेखिएको समाजवाद उन्मुख हो । धितोपत्रसम्बन्धी विधेयकको उद्देश्यमा पुँजीबजार लेखिएको छ, जुन संविधानको मर्मविपरीत भयो । पुँजीबजारले लुटतन्त्र बढाउँछ । यो उत्पादनमूलक होइन । मान्छेलाई अल्छी बनाउँछ ।'

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालको भनाइ हो यो । अर्थमन्त्री युवराज खतिवडाले बिहीबार प्रतिनिधिसभा बैठकमा धितोपत्र सम्बन्धी पहिलो संशोधन विधेयक, ०७६ प्रस्तुत गरेपछि सांसदहरूले आफ्नो भनाइ राख्ने समय पाए । यही क्रममा चौथो नम्बरमा सुवाल मञ्चमा उभिए ।

'नेपालको पुँजी त केही व्यक्तिको पकडमा छ । अस्ति भर्खर पत्रिकामा प्रकाशित भएको थियो । नेपालमा त १० जनाधनीसँग मात्र धेरै पुँजी छ । यसकारण समाजवाद उन्मुख संविधानको प्रावधानअनुसार यो विधेयक मिल्दैन,' उनले भने ।

यत्तिमै उनको राय सकिएन । थपे, 'विधेयकमा धितोपत्र कारोबार भनिएको छ । कारोबार भनेको काम हो । काममा परिणाम निस्कनुपर्छ । विज्ञानले भन्छ 'फोर्स' मात्र प्रयोग गरेर काम हुँदैन । काममा 'डिस्बर्समेन्ट' पनि आवश्यक हुन्छ । एउटा कोठामा बसेर गरिने धितोपत्र कारोबारले केही उत्पादन हुँदैन । यसले मानिसलाई अल्छी बनाउँछ ।'

सुवालले यसो भनिरहँदा बैठकमा उपस्थित सांसद कोही हाँस्न थाले त कोही कानेखुसी गर्न थाले । त्यसपछि सुवाल केही समय बोलेनन् । फ्लोर हेरे । अनि भने, 'जनतालाई सेयर बजारमा लागाउने होइन, राज्यले उत्पादनमूलक काममा लागउने हो ।'

'सारा मान्छेलाई कोठाभित्रै सेयर खरिदबिक्रीमा लगाएर देशमा उत्पादन बढ्छ ?' उनले प्रतिप्रश्न गरे, 'सबैले परिश्रम गर्नुपर्छ, इन्जिनियरले त डिजाइन पो गर्ने हो । अब इन्जिनियर, शिक्षक, कर्मचारी सबै सेयर बजारमा लागेर कहीँ हुन्छ ? अर्थमन्त्रीले विधेयक फिर्ता लिनुपर्छ ।' बैठकमा बोल्ने अन्य केही सांसदले पनि धितोपत्र विधेयक संविधानको मर्मविपरीत भएको प्रतिक्रिया दिए । सांसद दिव्यमणि राजभण्डारीले सेयर कारोबार गर्नेलाई 'दलाल' नभन्न सुझाए । 'धितोपत्र बोर्डका अध्यक्षले जस्तै कार्यकारी पदमा बसेका व्यक्तिले पनि अवकाशपछि केही समय धितोपत्र कारोबार गर्ने संस्थामा काम गर्न नपाउने व्यवस्था गरौं,' उनले भने ।



> सेयर बजारमा केही उथलपुथल देखिएको छ, यो अल्पकालीन हो । यसकै आधारमा दीर्घकालीन सोच बनाउनु हुँदैन
>
> – **युवराज खतिवडा**, अर्थमन्त्री

नेपालको सेयर बजार अर्थमन्त्रीको छायाले पनि डराउने गरेको सांसद राजेन्द्रकुमार केसीले टिप्पणी गरे । 'यस्तो किन भयो ? अर्थमन्त्रीले जवाफ दिनुपर्‍यो,' उनले भने । सेयर बजार सरकारप्रति डराउने नभई भरोसा गर्ने वातावरण बनाउन उनले सुझाए । पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पनि धितोपत्र विधेयक संविधानको मर्मविपरीत भएको दाबी गरे । 'संविधानले खुलाबजार अंगीकार गरेको छ । तर हाम्रा विधेयक नियन्त्रणमुखी छन् । धितोपत्र विधेयक पनि त्यस्तै छ,' उनले भने । धितोपत्र बोर्डलाई स्वायत्त र प्रतिस्पर्धी बनाउने गरी विधेयक समयअनुकूल बनाऔँ ।'

बैठकमा सांसद शेरबहादुर तामाङले धितोपत्रसम्बन्धी कानुन पर्याप्त नभएको प्रतिक्रिया दिए । 'यो विधेयक अनुदार भयो । यसलाई उदार बनाउनुपर्‍यो,' उनले भने । हाल बजारमा ब्रोकरहरूको सिन्डिकेट रहेको उनले बताए । '५० वटा ब्रोकरले बजार चलाएका छन् । आम जनताको पहुँचमा सेयर बजार भएन,' उनले भने, 'पुँजीबजारलाई प्रभावकारी, प्रतिस्पर्धात्मक र बनाऔँ ।' गैरआवासीय नेपालीमार्फत पुँजीबजारमा विदेशबाट पुँजी भित्र्याउने व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

'सेयर बजारमा ठगी भइरहेको छ,' अर्का सांसद गजेन्द्रबहादुर महतले भने, 'सीमित व्यक्ति र ब्रोकरको हालीमुहाली छ । नाटकीय कारोबार भएको छ ।' बजारमा सेतो धन नभएकाले पनि समस्या भएको उनले बताए । पैसालाई पंखासँग तुलना गर्दै उनले भने, 'पंखा जति तीव्र गतिमा चलायो, त्यति धेरै हावा फाल्ने हो, त्यस्तै पैसा जति धेरै कारोबार गर्‍यो, त्यति धेरै बढ्ने हो ।' तर सरकारले पैसा चलाउन नसकेको उनको आरोप छ । 'बजारमा सेतो धन छैन, कालो धनले सेयर किन्न पाइँदैन,' उनले भने, 'अर्थमन्त्रीले पैसा खेलाउन सक्नुभएन ।'

सांसद रामकुमारी झाँक्रीले नियमनकारी संस्थालाई बलियो बनाउनुपर्ने बताइन् । हाल इक्विटी (सेयर) मात्र कारोबार हुने भएकाले अरू औजार पनि थप्नुपर्ने उनको सुझाव छ ।

अर्थमन्त्री खतिवडाले भने नियमनकारी निकाय धितोपत्र बोर्डलाई बजारको सिद्धान्तअनुसार प्रतिस्पर्धी, पारदर्शी एवं कानुनसम्मत तुल्याउन नै विधेयक प्रस्तुत गरिएको दाबी गरे । 'विधेयकको उद्देश्य नियमनलाई प्रभावकारी बनाउने हो । सम्पूर्ण प्रणाली नियन्त्रण गर्ने होइन, व्यवस्थित बनाउने मात्र हो,' उनले भने ।

पुँजीबजार धनी र पुँजीपतिको मात्र नभएको उनले प्रतिक्रिया दिए । 'आफैंले ठूलो लगानी गर्न नसक्ने तर थोरै भए पनि जोखिम लिन्छु भन्नेका लागि पनि पुँजीबजारले अवसर दिएको छ,' उनले भने, 'साना र मझौला बचतकर्ताका लागि पनि पुँजीबजार उपयुक्त माध्यम हो । उनीहरूले सामूहिक लगानी कोषमार्फत लगानी गर्न सक्छन् ।'

थोरै पुँजी भए पनि नागरिकलाई कुनै न कुनै सम्पत्तिको मालिक बनाउन पुँजीबजार चाहिने उनले बताए । अर्थमन्त्रीकै कारण बजार घटेको आरोप लगाएका सांसदलाई लक्ष्य गर्दै उनले भने, 'सेयर खरिद गर्दा कम्पनीको वित्तीय अवस्था, सेयर बजारको उतारचढाव, अर्थतन्त्रका आर्थिक परिसूचकलगायत पक्ष हेर्ने हो,' उनले भने, 'सरकारको नीति कस्तो हुन्छ, त्यसको कार्यान्वयन कस्तो छ ? त्यसका आधारमा सेयर कारोबार गर्ने हो ।' विधि, नीति एवं व्यावसायिक सम्भावनाका आधारमा सेयरको मूल्य र कारोबार घटबढ हुने भएकाले व्यक्ति विशेषले केही गर्न नसक्ने उनले बताए ।

पछिल्लो समयमा विश्वभर फैलिँदै गएको कोरोना भाइरस (कोभिड-१९) ले घरेलु सेयर बजार पनि प्रभावित हुन सक्ने उनको भनाइ छ । 'सेयर बजारमा केही उथलपुथल देखिएको छ, यो अल्पकालीन हो । यसकै आधारमा दीर्घकालीन सोच बनाउनुहुँदैन,' उनले भने, 'थप छलफल भने गर्न सकिन्छ ।'

सातामा कारोबारको अन्तिम दिन सेयर कारोबार मापक नेप्से करिब ४५ अंकले घटेर १ हजार ३ सय ७७.१८ बिन्दुमा बन्द भएको छ । अघिल्लो दिनको तुलनामा यो ३.२३ प्रतिशतले कम हो । अघिल्लो दिन नेप्से ५ प्रतिशत बढेको थियो । करिब २३ हजार कारोबारबाट १ सय ८२ कम्पनीका ५६ लाख ८६ हजार कित्ता सेयर किनबेच भए । ती सेयर किनबेच हुँदा २ अर्ब २० करोड रुपैयाँ बराबरको सेयर कारोबार भयो । परिसूचक घटेपछि कुल बजार पुँजीकरण पनि घटेर १७ खर्ब ६१ अर्ब रुपैयाँमा सीमित भएको छ ।

# लोडसेडिङपछिको ६६ % शुल्क नतिर्ने उद्योगीको अडान

- करिब १६ करोड रुपैयाँ महसुल असुल गर्न उद्योगलाई प्राधिकरणको दबाब
- २० महिनापछि माग नै नगरेको विद्युत्को उच्च महसुल असुल गर्न खोजेको भन्दै नतिर्ने पक्षमा उद्योगी


**माधव ढुंगाना** (भैरहवा)

औद्योगिक सहर भैरहवालाई लोडसेडिङ मुक्त बनाउने विषयमा ०७४ चैत १२ मा विद्युत् प्राधिकरणका बुटवल र भैरहवाका कार्यालय प्रमुखको बैठक बस्यो । उक्त बैठकमा प्राधिकरणको बुटवल क्षेत्रीय कार्यालय प्रमुख भानुभक्त भट्टराई, बुटवल ग्रिड महाशाखाका श्रीराम पोखरेल, क्षेत्रीय कार्यालयका उपप्रबन्धक युवराज आचार्य, भैरहवा वितरण केन्द्रका प्रमुख उमेशकुमार झा सहभागी थिए । बैठकपछि बुटवल ग्रिड महाशाखाबाट भैरहवा हुँदै अमुवा सबस्टेसनसम्म पुर्‍याइएको न्यु-१ सर्किट काटियो । भैरहवा वितरण केन्द्रबाट अमुवालाई अलग बनाइयो । त्यस सर्किटबाट अमुवामा आपूर्ति हुँदै आएको १ सय ३० एम्पियर विद्युत् त्यसपछि भैरहवामै वितरण गर्न मिल्ने भयो । लगत्तै यो क्षेत्र लोडसेडिङमुक्त बन्यो ।

दुई वर्षअघि प्राधिकरणले मुलुक नै लोडसेडिङ मुक्त घोषणाको तयारी गरिरहेको थियो । त्यसबेला भैरहवाले लोडसेडिङ खेपिरहेको थियो । त्यसैले सहरलाई लोडसेडिङ मुक्त गराउन आवश्यक थप बिजुली बुटवलस्थित ग्रिड महाशाखाबाट यहाँसम्म आपूर्ति गर्ने बाटो (सर्किट) थिएन । ग्रिड महाशाखाबाट भैरहवालाई आपूर्ति गराइएको न्यु-१ नाम दिइएको सर्किट पूर्ण क्षमतामा थियो । उक्त सर्किटले थप लोड धान्ने स्थिति थिएन । त्यसैले भैरहवा हुँदै अमुवा सबस्टेसन पुग्ने बिजुली काटियो । अमुवा क्षेत्रमा बिजुली आपूर्तिका लागि ग्रिड महाशाखाबाट भरौलिया ग्राउन्ड वाटर सबस्टेसन पुर्‍याइएको सर्किटको प्रयोग गरियो । भरौलिया सबस्टेसनबाट बुटवल-भैरहवा सडक खण्डअन्तर्गतका १७ वटा उद्योग हुँदै अमुवासम्म विद्युत् सर्किट जोडियो ।

त्यही बेलादेखि भरौलिया सबस्टेसन सर्किटमा जोडिएका १७ उद्योग ट्रंक विद्युत् लाइनको मारमा परे । उद्योगीले ट्रंक लाइन माग गरेका थिएनन् । यस्तो लाइन जडान भएको पत्तै पाएनन् । प्राधिकरणले ट्रंक लाइनअनुसारको महसुल जोडेर बिल पठाएपछि उनीहरू झस्किए । चर्को महसुल भुक्तानी गर्नुपर्ने भएपछि विरोधमा उत्रिएका हुन् । बुटवल-भैरहवा प्रसारण लाइनअन्तर्गतका थप पाँच उद्योगलाई पनि प्राधिकरणले ट्रंक लाइनअन्तर्गत समावेश गर्‍यो । एउटा सबस्टेसनबाट अर्काको बीचबाट ग्राहकले जडान गर्ने विद्युत्लाई ट्रंक विद्युत् प्रसारण लाइनअन्तर्गत मानिन्छ । महसुल निर्धारण आयोगले ०७२ सालपूर्व पारित गरेको नियम र परिभाषाअन्तर्गत ती उद्योग परे । ट्रंक लाइनअन्तर्गत प्राधिकरणले निर्धारण गर्ने महसुल साधारणभन्दा ६६ प्रतिशत महँगो हुने गरेको छ । 'अहिले पनि पहिलाको जस्तै लाइन जोड्ने हो भने भैरहवा लोडसेडिङ मुक्त हुँदैन,' भैरहवा वितरण केन्द्रका सहायक प्रशासकीय अधिकृत कमलप्रसाद लम्सालले भने, 'भैरहवालाई आवश्यक बिजुली ग्रिड महाशाखाबाट ल्याउने अर्को बाटो छैन ।'

उनका अनुसार निर्माणाधीन मैनैया र धकधही सबस्टेसन पूरा भएपछि मात्र आवश्यक बिजुली पुर्‍याउने बाटो तयार हुनेछ । ट्रंक विद्युत् प्रसारण लाइनको माग नगरेको उद्योगीको दाबी छ । विद्युत् प्राधिकरणले एकतर्फी ढंगले दुई वर्षअघि ट्रंक विद्युत् लाइन जोडेको उनीहरूको भनाइ छ ।



अहिले महसुलको विषयलाई लिएर २२ वटा उद्योग र प्राधिकरणबीच चरम विवाद छ । प्राधिकरणले ती उद्योगमा ०७४ चैत १४ देखि ट्रंक विद्युत् प्रसारण लाइन जडान गरेको थियो । त्यसअघि साबिककै साधारण विद्युत्अन्तर्गत बिल जारी गर्दै आएको थियो । २० महिनापछि प्राधिकरणले ट्रंक विद्युत् प्रसारण लाइनअन्तर्गत तिर्नुपर्ने महसुल बक्यौता रहेको जनाउँदै सबै उद्योगलाई तिर्न सूचना जारी गरेपछि व्यवसायीले विरोध जनाएका हुन् ।

ट्रंक लाइनअन्तर्गत त्यस क्षेत्रका उद्योगबाट करिब १६ करोड रुपैयाँ महसुल असुली गर्न प्राधिकरणले उद्योगलाई दबाब दिँदै आएको छ । व्यवसायी भने माग नै नगरेको उच्च महसुल पर्ने विद्युत् लाइन प्राधिकरणले एकतर्फी रूपमा जोडेर २० महिनापछि जबर्जस्ती असुल गर्न खोजेको भन्दै तिर्ने पक्षमा छैनन् । बरु उद्योग नै बन्द गरेर ताला-चाबी सरकारको हातमा थमाएर आन्दोलनमा उत्रिने उनीहरूको चेतावनी छ । 'साधारण विद्युत् प्रसारण लाइनबाटै सञ्चालन हुँदै आएका उद्योगलाई बिनाजानकारी र व्यवसायीको मञ्जुरीबिना जोडिएको अति महँगो पर्ने विद्युत् महसुल व्यवसायीले कुनै पनि हालतमा तिर्न सक्दैनन्,' भलबारीस्थित भलबारी स्वचालित चामल कारखानाका सञ्चालक चन्द्रमान श्रेष्ठले भने, 'विद्युत् प्राधिकरणको यो शैलीले यस क्षेत्रका कुनै पनि उद्योग सञ्चालन हुन सक्दैनन् । सबै धराशायी हुनेछन् ।'

व्यवसायीका अनुसार पहिला प्रतियुनिट ८ देखि १० रुपैयाँ पर्ने विद्युत् महसुल अहिले ट्रंक लाइन भनिएपछि १८ रुपैयाँका दरमा बिलिङ गर्ने गरिएको छ । ट्रंक लाइनबाट विद्युत् लिनका लागि सम्बन्धित उद्योगले प्राधिकरणसमक्ष निवेदन दिई स्वीकृत भएपछि मात्र जडान भई त्यसै दरअनुसार महसुल भुक्तानी हुनुपर्ने हुन्छ । ट्रंक लाइनको माग नै नगरेका उद्योगमा कसरी ट्रंक लाइन जोडियो भन्नेबारे आफैंमा खोजी र प्रश्नको विषय भएको व्यवसायी बताउँछन् ।

भैरहवा-बुटवल ओद्योगिक क्षेत्रमा रहेका १७ वटा उद्योगलाई ०७६ मंसिरबाट र थप पाँच वटा उद्योगलाई माघबाट विद्युत् प्राधिकरणले ट्रंक लाइनको दरमा महसुल बिलिङ गरी पठाएको छ । प्राधिकरणले ०७५ वैशाखदेखि ०७६ कात्तिकसम्मको छुट रकम (बक्यौता) बुझाउन भनी सबै उद्योगलाई फागुन ८ गते ३५ दिने पत्राचार गरी दबाब दिएको छ । प्राधिकरणले माग गरेको छुट रकमअनुरूप साना उद्योगले ६० लाखदेखि ठूला उद्योगलाई ३ करोड रुपैयाँसम्म बक्यौता देखाई माग गरिएको व्यवसायीले बताए । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष कुलप्रसाद न्यौपानेले उद्योगीले माग नै नरेको विद्युत् लाइन प्राधिकरणले जबर्जस्ती जडान गरेर महँगो विद्युत् दर असुल्न खोजेको आरोप लगाए । 'सरकारले उद्योगीलाई सहयोगको वातावरण तयार गर्नुको साटो आफ्नो खर्च धान्न जसरी पनि कर संकलन गर्ने उद्देश्यले व्यवसायीलाई निचोर्न थालेको छ,' उनले भने, 'यो प्राधिकरणको दादागिरी हो ।'

नेपाल विद्युत् प्राधिकरण भैरहवा वितरण शाखाले भने ती उद्योगका विद्युत् ट्रंक लाइनमा परिणत भएपछि सबै उद्योगलाई प्राधिकरणले पत्राचार गरी जानकारी गराएको र ट्रंक लाइन विनियमावली र प्राधिकरणको बोर्ड बैठकले निर्णय गरेअनुरूप विद्युत् महसुल लगाइएको जनाएको छ । 'उद्योगमा ट्रंक लाइन विद्युत् जडान भएको पत्र सबै उद्योगले बुझेका छन्,' भैरहवा वितरण शाखाका प्रमुख जितेन्द्रकुमार झाले भने, 'भैरहवा क्षेत्रको विद्युत्को लोड व्यवस्थापन गर्ने क्रममा त्यस क्षेत्रका उद्योग ट्रंक लाइन प्रसारणमा पर्न गएका हुन् ।'

# मर्स्याङ्दीमा र्‍याफ्टिङ गर्ने घटे



लमजुङको बेंसीसहरस्थित मर्स्याङ्दी नदीमा र्‍याफ्टिङ गराइँदै । *तस्बिर : कान्तिपुर*

**आश गुरुङ** (लमजुङ)

मर्स्याङ्दी नदीमा जलविद्युत् आयोजना निर्माण भएपछि र्‍याफ्टिङ र कायकिङ गर्ने घटेका छन् । दशकअघि यो सिजनमा दिनदिनै र्‍याफ्टिङ हुने गरेकामा हिजोआज मेला महोत्सवमा मात्रै सीमित बनेको हो ।

बेंसीसहर-८ दनाइँफाँटमा सञ्चालित दोस्रो आदिवासी जनजाति लमजुङ सांस्कृतिक तथा पर्यटन महोत्सवको अवसरमा मर्स्याङ्दी नदीमा र्‍याफ्टिङ गरिएको छ । महोत्सव मूल आयोजक समितिका संयोजक एवं आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् लमजुङका अध्यक्ष हरिजङ तामाङका अनुसार र्‍याफ्टिङ रुचाउने पर्यटकलाई लक्षित गरी एउटा र्‍याफ्टिङ ल्याएर चलाइएको छ ।

सुइमा एडभेन्चर प्रालि काठमाडौंका र्‍याफ्टिङ गाइड जमानसिंह तामाङले यसअघिका महोत्सवमा पनि र्‍याफ्टिङ लिएर आएको बताए । 'मर्स्याङ्दीमा जलविद्युत् बनेपछि कहीँकतै मात्रै र्‍याफ्टिङ भयो, पर्यटकले रुचाएनन्,' उनले भने, 'अब त राम्रोसँग र्‍याफ्टिङ कुदाउने ठाउँ पनि भएन ।' हिमालयन रिभर गाइड एसोसिएसन नेपालका पूर्वअध्यक्ष युवराज अधिकारीका अनुसार अक्टोबर, नोभेम्बर र डिसेम्बर साथै मार्च, अप्रिल र मे महिना जलयात्राका लागि उपयुक्त मौसम हो । जनवरी, फेब्रुअरीमा पनि गर्न सकिन्छ । उनका अनुसार कायाकिङका प्रतियोगिता कहिलेकाहीँ हुने गरेकामा यस पटक देखिएको छैन । 'पछिल्लो समय कहिलेकाहीँ मेला महोत्सवमा ल्याएर र्‍याफ्टिङ चलाइएको छ । स्वतस्फूर्त चलाउन छाडे । मर्स्याङ्दीमा आउने पर्यटक अन्यत्रै जान थाले,' उनले भने ।

उनका अनुसार पहिले जलयात्री बेंसीसहरबाट भुलभुले, ङादी पुग्थे र त्यहाँबाट र्‍याफ्टिङ गर्दै फर्कन्थे । बेंसीसहर-चामे सडक बन्नुअघि बेंसीसहरबाट भुलभुलेसम्म ढुंगाहरू बोकाएर लगिने हुँदा रोजगारीको पनि राम्रै अवसर जुट्थ्यो । केहीले स्याँगेसम्म पुगेर लामो दूरीको र्‍याफ्टिङ गर्थे । अहिले मनाङसम्म मोटर गुड्न थालेपछि नदीमा ठूलाठूला ढुंगा खसाइएकाले पनि जलयात्री आउन छाडेका उनले बताए । ङादीबाट सुरु भएर र्‍याफ्टिङ वा कायाकिङ चितवनको नारायणगढ पुग्थे । पाँचदेखि सात दिनेको प्याकेज हुन्थ्यो । अधिकारीका अनुसार तनहुँमा मर्स्याङ्दी, लमजुङमा मध्यमर्स्याङ्दी र माथिल्लो मर्स्याङ्दी 'ए' आयोजना बनेपछि जलयात्रा हुन छाडेको हो ।


## अधिकृत वारेश बदर सम्बन्धी सूचना

म प्रगन मिश्रको नाति जंगी मिश्रको छोरा जिल्ला बारा साविक करैया गा.वि.स.वडा नं.५ घर भई हाल जिल्ला पूवी चम्पारण बिजुलपुर पोष्ट बिजुलपुर मोतिहारी भारतमा स्थायी बसोबास गर्ने भारतीय मतदाता परिचय पत्र नं.८४५४३७ सन ११/०३/२००३ को वर्ष ६० को बच्चा मिश्रले रामप्रित महतो तत्माको छोरी रमेश महतो तत्माको श्रीमती जिल्ला पर्सा गा.वि.स.लिपनी विर्ता वडा नं. १ हाल परिवर्तित विरगंज महानगरपालिका वडा नं. २१ मा बस्ने ना.प्र.नं.५५२७१९१८ मिति २०६१/४/२८ मा जि.प्र.का पर्साबाट जारी भएको बर्ष ३६ की श्याम मुनी देवीलाई मेरो पिता स्व.जंगी मिश्रको नाउँमा नाप नक्सा भई मा.पो.का बारामा स्रेस्ता कायम रहेको जिल्ला बारा करैया गा.वि.स.वडा नं.५(क) को कि.नं.२३ को ज.वि.२-१२-१७ जग्गा सम्बन्धि मुद्दा मामिला, बेचबिखन तथा हक हस्तान्तरण गर्नका लागि मुलुकी ऐन अ.ब.७१ ख.बमोजिम मिति २०७१/७/२ मा पर्सा जिल्ला अदालतबाट अधिकृत वारेस मुकार गरेकोमा सो अधिकृत वारेस साविक मुलुकी ऐन अ.ब.७१ ग.नं.(मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) बमोजिम बदर गरेको व्यहोरा जानकारी गराउदछौं ।



## Counseling Psychology & Social Studies College (CPSSC)
TRIBHUVAN UNIVERSITY (Affiliation)

### PGD Counseling Psychology मा भर्ना खुल्यो

त्रि.वि. सम्बन्धन प्राप्त यस कलेजमा शैक्षिक सत्र २०७७/७८ देखि सेमेष्टर प्रणालीमा भर्ना खुलेकोले स्नातक तह उत्तीर्ण भएका इच्छुक विद्यार्थीले भर्नाको लागि आवेदन फाराम भर्न सम्पर्क राख्न जानकारी गराइन्छ ।

पि.जी.डी. अन्तगर्त psychology, counseling तथा psychotherapy विषयमा पढाई तथा सीप सिकाईनुका साथै प्रत्येक महिना ५ दिनको कलेजको तालिम विज्ञहरुबाट अनिवार्य तालिम दिइने, प्रत्येक विद्यार्थीको मनोपरामर्शको सुपरभिजन तालिम प्राप्त सुपरभाइजरबाट हुने तथा मनोसामाजिक तथा मानसिक स्वास्थ, रोग बारे अनुसन्धान, तथा प्रकाशन गर्ने व्यवस्था रहेको साथै PGD Counseling Psychology दुई सेमेष्टरको हुने जानकारी पनि गराइन्छ ।

**Counseling Psychology & Social Studies College (CPSSC)**
**Buddhanagar, Naya Baneswor, Ph. 015905385**
**Mobile: 9841249937, 9810036843, 9843919935**
**www.counselingcollege.edu.np/cpssc facebook page**



## Request for Proposal (Technical and Financial) for Baseline Study of PRAYAS Project

VSO — EUROPEAN UNION

VSO has been in Nepal since 1964 and currently implementing its programmes in 25 districts of five Provinces. Currently VSO Nepal programme focuses on Education, Sexual and Reproductive Health and Rights, Health Education, Youth, Livelihoods, Gender & Inclusion, Governance, Climate Change and Resilience. Through Volunteering for Development (VFD) approach, VSO aims to be more responsive to and actively engaged in supporting disadvantaged groups.

VSO Nepal now seeks an external evaluator to lead on a Baseline study of EU funded **Promoting Inclusive Resilience and Accountability through Youth Association Strengthening (PRAYAS)** project in the target areas. The baseline will provide a sound understanding of the context related to Climate and Disaster Resilience (CDR) and role of youth to strengthen the CDR process. The findings from the study will primarily be used to benchmark the critical indicators and measures to understand its progress by the project management team, project partners and stakeholders to inform improvements in the delivery of the project during its lifetime. Therefore, baseline will support 1. improving the existing project's Intervention Logic and, 2. setting the key performance indicators (design of an indicator-based log-frame). Promoting Inclusive Resilience and Accountability through Youth Association Strengthening PRAYAS aims to strengthen the role of Youth-Led CSOs (YLCs) to effectively engage youth and other marginalised groups in local Climate and Disaster Resilience (CDR) processes in Nepal's new federal context,' which will contribute to the overall objective of 'Comprehensive CDR at municipal, provincial and national levels through inclusive and youth-responsive governance strengthened by strategic youth participation and leadership. The total budget for the study is NPR 480,000/- (In words: Rupees Four Hundred Eighty Thousand only).

Individual/firms having experiences in educational research, pre-baseline, baseline, mid line and end line research including situation analysis with specific focus on educational projects with sound academic background can send their technical and financial proposals. In case of individual/firms, **evidence of valid registration certificate, renewal of firms, VAT/PAN registration certificate and latest tax clearance certificate of FY 2075/76** are fundamental perquisites to be eligible in short listing process. The Terms of Reference (ToR) and PQQ is available upon request. Please send us duly filled Pre - Qualifying Questionnaire (PQQ) along with the above required documents, both technical and financial proposals in three separate sealed envelopes to the address below on or before **March 27, 2020.** PQQ, ToR and for further clarification and inquiries, please send email to **procurement.nepal@vsoint.org** and mention "Inquiries for Baseline Study of PRAYAS project" in the subject line.

VSO Nepal
Sanepa, Lalitpur
P.O. Box 207
Kathmandu, Nepal

***Only short-listed individual/ firms will be notified. Telephone inquiries will not be entertained.***


## अर्थ संक्षेप

### एनसेलको 'कल आयो पैसा पायो'

काठमाडौं (कास)- एनसेलले कस्टमर लोयल्टी कार्यक्रमअन्तर्गत बुधबार 'कल आयो पैसा पायो' योजना सार्वजनिक गरेको छ । योजनाअन्तर्गत ग्राहकले अब विश्वका जुनसुकै देशबाट आएको अन्तर्राष्ट्रिय आगमन कलमा २ मिनेट वा त्यसभन्दा बढी कुरा गर्दा प्रत्येक मिनेटको २ रुपैयाँ बोनस प्राप्त गर्छन् । योजना तीन महिनासम्मका लागि रहनेछ । एनसेलमा आएको कलमा कुरा गर्दा पहिलो दुई मिनेटपछि हरेक मिनेट ११ मिनेटसम्म २ रुपैयाँका दरले २० रुपैयाँसम्म बोनस पाउँछन् । उक्त बोनस ३ दिनसम्म प्रयोग गर्न सकिन्छ ।

### प्राइम-कैलाशको एकीकृत कारोबार



काठमाडौं (कास)- प्राइम कमर्सियल बैंकले कैलाश विकास बैंकलाई प्राप्तिपछिको कारोबार बिहीबारदेखि सुरु गरेको छ । बैंकका सञ्चालक समिति अध्यक्ष राजेन्द्रदास श्रेष्ठले कैलाशलाई प्राप्तिको कारोबारको उद्घाटन गरे । बैंकले वित्तीय संस्थालाई प्राप्ति गरी पुँजी वृद्धि गर्ने योजनाअन्तर्गत कैलाश बैंकलाई प्राप्ति गरेको हो । प्राप्तिपछि बैंकको चुक्ता पुँजी १३ अर्ब ९८ करोड रुपैयाँ पुगेको बैंकले जनाएको छ ।

### बन्धनको पीपीसी सिमेन्ट

काठमाडौं (कास)- नेपाल अल्ट्राटेक सिमेन्टले 'बन्धन पीपीसी सिमेन्ट' उत्पादन गर्ने भएको छ । यसअघि कम्पनीले बन्धन ओपीसी र पीएससी उत्पादन गर्दै आएको थियो । सिमेन्टको बढ्दो मागलाई ध्यानमा राख्दै गुणस्तरीय सिमेन्ट उत्पादन गर्ने लक्ष्य रहेको कम्पनीले जनाएको छ ।

### स्प्राइटको 'प्यास बुझाऊँ'

काठमाडौं (कास)- स्प्राइटले गर्मी हटाउन 'स्प्राइट लगाऊँ, प्यास बुझाऊँ' क्याम्पेन सार्वजनिक गरेको छ । गर्मीमा उपभोक्तालाई शीतल राख्न क्याम्पेन ल्याइएको कम्पनीले जनाएको छ । स्प्राइट रिफ्रेसिङ पेय पदार्थका रूपमा रहेकाले यसले शीतल राख्न सहयोग पुऱ्याउने कोका-कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले बताए ।

### सांग्रिलाको 'क्रमिक मुद्दती खाता'

काठमाडौं (कास)- सांग्रिला डेभलपमेन्ट बैंकले 'क्रमिक मुद्दती खाता' योजना ल्याएको छ । उक्त योजना न्यूनतम मौज्दात ५ सय रुपैयाँबाट सुरु गर्न सकिने बैंकले जनाएको छ । योजनाअन्तर्गत ग्राहकले ३६ महिनाको क्रमिक मासिक बचतमा ४२ महिना बराबरको भुक्तानी प्राप्त गर्न सक्छन् ।

### सिद्धार्थको नयाँ शाखा

काठमाडौं (कास)- ललितपुरको सुन्धारामा सिद्धार्थ बैंकले बिहीबारबादेखि नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकले उक्त शाखाबाट सबै प्रकारका निक्षेप, कर्जा कारोबार सुविधा, रकम भुक्तानीलगायत बैंकिङ सेवा पुऱ्याउने जनाएको छ ।

### बीओकेको 'सफलता मुद्दती खाता'




काठमाडौं (कास)- बैंक अफ काठमान्डू (बीओके) ले 'सफलता मुद्दती खाता' सार्वजनिक गरेको छ । यसमा ग्राहकले ११ लाख रुपैयाँसम्मको बिमा सुविधा र वार्षिक ९.७५ प्रतिशत ब्याजदर प्राप्त गर्न सक्छन् । २५ हजार रुपैयाँदेखि ग्राहकले यो मुद्दती खाता खोल्न सक्छन् ।

### क्लियरिङ हाउसमा आइपे आबद्ध

काठमाडौं (कास)- वैदेशिक रेमिट्यान्स कारोबार सिधै सेवाग्राहीको बैंक खातामा जम्मा हुने गरी सुविधा दिन नेपाल क्लियरिङ हाउसमा आइपे रेमिट आबद्ध भएको छ । आइपे क्लियरिङ हाउसको ई-पेमेन्ट (विद्युतीय भुक्तानी) प्रणालीमा आबद्ध भएको हो । अब सेवाग्राहीले आइपे रेमिटका मूल्यको भुक्तानी कारोबार क्लियरिङ हाउसको ई-पेमेन्ट प्रणालीमार्फत गर्न सक्छन् ।

### ग्लोबलबाट शंकरदेवको शुल्क



काठमाडौं (कास)- ग्लोबल आईएमई बैंक र शंकरदेव क्याम्पसबीच इन्टरनेटबाट क्याम्पसको शुल्क भुक्तानी गर्न सकिने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापछि क्याम्पसमा अध्ययनरत विद्यार्थीले बैंकको मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङबाट शुल्क भक्तानी गर्न सक्छन् । आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत परशुराम कुँवर क्षेत्री र क्याम्पस प्रमुख कृष्णप्रसाद आचार्यले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

### विद्यालयलाई सिटिजन्सको ५ लाख



काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनलले काठमाडौंको ज्ञानेश्वरस्थित महेन्द्र भवन माध्यमिक आवासीय विद्यालयलाई ५ लाख रुपैयाँ सहयोग गरेको छ । बिहीबार आयोजित एक समारोहमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयको शौचालय निर्माणका लागि उक्त सहयोग गरेको जानकारी दिइयो ।

### विद्यार्थीलाई जगदम्बाको पुरस्कार

काठमाडौं (कास)- जगदम्बा स्टिल्सले बिहीबार इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसकी २०७२ सालमा क्याम्पस प्रथम विद्यार्थी आयुषा खनाललाई स्वर्ण पदकसहित ५१ हजार रुपैयाँ पुरस्कार प्रदान गरेको छ । कम्पनीले ५ वर्षदेखि सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त क्याम्पसमा पुरस्कार तथा प्रमाणपत्र वितरण कार्यक्रम गर्दै आएको जनाएको छ ।


## FHI 360 Nepal

### Request for Quotation for Reagents for Qiagen Viral Load Machine

FHI 360, an international NGO, requests for quotation from locally registered agencies to supply reagents for Viral Load Machine manufactured by Qiagen. Detailed specifications of the reagents, required quantity and more details regarding requirements for quotation submission can be obtained via email request to atamang@fhi360.org

Hard copy of the quotation along with specified supporting documents requested can be submitted in a **sealed envelope** clearly marked **"Quotation for Reagents"** at the following address:

**FHI 360 Nepal Country Office**
**Gopal Bhawan, Anamika Galli**
**Baluwatar, Kathmandu**
**Contact No: 4437173**

**Deadline for submission of the quotation is March 19, 2020, 5:00p.m.** Quotation received after the deadline will not be considered for evaluation.

***FHI 360 reserves the right to accept or reject any or all the quotations without assigning any reason whatsoever.***



## UAE मा महिला तथा पुरूष PSBD Guard को आवश्यकता

कम्पनी: UNITED SECURITY GROUP LLC पूर्व स्वीकृत मिति: २०७६/१०/०७ पून विज्ञापन चलानी नं.: ६०१५०२५८ L.T. No.: 231489

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 76 | 47 | स. काममा दक्ष | 2000 | ६३,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ५ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा चैत १ र ८ गते (14 & 21 March) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत नं. ८५९/०६६/०६७

**Gulf Innovation Group Nepal Pvt. Ltd.**
Kupondol, Lalitpur, Phone: 01-5527196, 5524006, 5530694, Mob.: 9861158679, 9864409435
Email: info@gulfinnovationgroup.com, Web: www.gulfinnovationgroup.com


## नेपाल स्टक एक्सचेन्ज

२९ फागुन २०७६ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ४०६ | ३९७ | ६६३२८ | -९ |
| आंखुखोला जलविद्युत | ५३ | ५३ | ५५० | ० |
| अपी पावर कम्पनी | १३५ | १२७ | २२०९९७ | -८ |
| अरूण कावेली पावर | १२५ | १२१ | ११४१५६ | -४ |
| अरूणभ्याली हाइड्रोपावर | ९८ | ९८ | २५०५५ | ० |
| आशा लघुवित्त | ७१० | ६९८ | ३५४९ | -१२ |
| एसियन लाइफ इन्स्योरेन्स | ५९२ | ५५७ | ५२३९७ | -३५ |
| बैंक अफ काठमाडौं लि. | २४९ | २३९ | ५५९६५ | -१० |
| बरूण हाइड्रोपावर | ९४ | ९२ | १८१३ | -२ |
| बेस्ट फाइनान्स | १०३ | १०१ | २१६११ | -२ |
| विशाल बजार कम्पनी | १८१४ | १७९९ | ६० | -१५ |
| बोटलर्स नेपाल (तराइ) | ७३०० | ६६८३ | २३० | -६१७ |
| बुटवल पावर कम्पनी | ३५३ | ३५० | १७७०९ | -३ |
| सेन्ट्रल फाइनान्स | १३३ | १३५ | ६२९९ | २ |
| सेन्चुरी कमर्सियल बैंक | १८५ | १८१ | १६६४५३ | -४ |
| छिमेक लघुवित्त विकास बैंक | १०५१ | १०१४ | २८२४३ | -३७ |
| छ्याङ्दी हाइड्रोपावर | ९१ | ९१ | २५७ | ० |
| चिलिमे हाइड्रोपावर | ४१७ | ३९९ | १७५८० | -१८ |
| सिटिजन बैंक इन्टरनेशनल | २०२ | १९५ | ५१४९२ | -७ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | २७२८ | २६०२ | १५२०५ | -१२६ |
| सिटिजन म्युचुअल फन्ड | ९.९९ | ९.९५ | १२२०० | -०.०४ |
| सिभिल बैंक | १४८ | १४४ | १२३२७६ | -४ |
| सिभिल लघुवित्त वित्तीय संस्था | १११० | १०६३ | २२९० | -४७ |
| कर्पोरेट डेभलपमेन्ट | १२९ | १२८ | ४१० | -१ |
| डिप्रोक्स लघुवित्त वित्तीय संस्था | ८६८ | ८४९ | १६९१२ | -१९ |
| दिव्येश्वरी हाइड्रोपावर | ५१ | ५२ | ११९२ | १ |
| एभरेष्ट बैंक लि. | ७३८ | ७०६ | ५१०६७ | -३२ |
| एभरेष्ट इन्स्योरेन्स | ४०७ | ३९५ | ३७९२० | -१२ |
| एक्सेल डेपलपमेन्ट बैंक लि. | ४१० | ३९४ | २७६७८ | -१६ |
| फस्ट माइक्रोफाइनान्स | ५१४ | ४९६ | ७११२३ | -१८ |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | १५५५ | १४५८ | १२४६७ | -९७ |
| गणपति माइक्रोफाइनान्स | ८४७ | ८३२ | २०१९ | -१५ |
| गरिमा विकास बैंक | २४९ | २४० | ६६१४६ | -९ |
| घोडीघोडा लघुवित्त | ८२५ | ८१० | ६५० | -१५ |
| गोलोबल आईएमई बैंक | २८० | २७४ | १६३३५१ | -६ |
| गोलोबल आईएमई लघुवित्त वित्तीय | १३६४ | १२९५ | ८३२५ | -६९ |
| गुडविल फाइनान्स | १६१ | १५७ | ६६० | -४ |
| ग्रामीण विकास लघुवित्त | ५१५ | ४८६ | ५०८८० | -२९ |
| ग्रीन डेभ. बैंक | १२२ | १२० | ७३२ | -२ |
| गुहेश्वरी मर्चेन्ट बैंक एन्ड फाइनान्स | १४३ | १३५ | ३४८५ | -८ |
| गुराँस लघुवित्त वि. संस्था | ६८० | ६८० | १२४२ | ० |
| गुराँस लाइफ इन्स्योरेन्स | ४८४ | ४६० | ३०६५७ | -२४ |
| गुर्खाज फाइनान्स | १३५ | १२९ | ७० | -६ |
| हिमालय ऊर्जा विकास कं. | १०३ | १०१ | २०६० | -२ |
| हिमालयन बैंक | ५९६ | ५८४ | २२८७९ | -१२ |
| हिमालयन डिस्टिलरी | १५८५ | १५१६ | ४५६७५ | -६९ |
| हिमालयन जनरल इन्स्योरेन्स | ४१७ | ४०० | १९३९३ | -१७ |
| हिमालयन पावर पार्टनर | १४३ | १४३ | १७०० | ० |
| हाइड्रोसिटी इन्भे. एन्ड डेभ. क.लि. | १४० | १३५ | १७८०० | -५ |
| आईसीएफसी फाइनान्स लि. | १८९ | १८२ | ७७०६ | -७ |
| आईएमई जनरल इन्स्योरेन्स | ४३१ | ४०० | ७५४५ | -३१ |
| इन्फिनिटी लघुवित्त | ७७४ | ७३५ | ५८०१ | -३९ |
| जानकी फाइनान्स | १८० | १७२ | ६१९५ | -८ |
| जनउत्थान सामुदायिक लघुवित्त | १५७९ | १५०० | ३६२९ | -७९ |
| जोशी हाइड्रोपावर | ५८ | ५७ | २०२० | -१ |
| ज्योति विकास बैंक | १९० | १८४ | २४४१६ | -६ |
| कालिका माइक्रोक्रेडिट डेभ. बैंक | ८९५ | ८७९ | ५५०२ | -१६ |
| कालिका पावर कम्पनी | ११२ | ११० | १८५० | -२ |
| कामना सेवा विकास बैंक | १६८ | १६३ | १०८१८ | -५ |
| कर्णाली डेभलपमेन्ट बैंक | ११४ | ११० | ४३७४ | -४ |
| खानीखोला हाइड्रोपावर | ५६ | ५२ | ४७६ | -४ |
| कुमारी बैंक लि. | २०७ | २०० | १२९१७२ | -७ |
| लक्ष्मी बैंक | २२७ | २२१ | ३५६३६ | -६ |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था | १०८९ | १०३४ | ८६०२ | -५५ |
| लाइफ इन्स्योरेन्स कं.लि. | १४३४ | १४०० | १६३६१ | -३४ |
| लुम्बिनी विकास बैंक | १९३ | १८९ | ३३३३८ | -४ |
| लुम्बिनी जनरल इन्स्योरेन्स | ४८९ | ४६४ | १३२५५ | -२५ |
| माछापुच्छ्रे बैंक लि. | २४३ | २३५ | ९६३५० | -८ |
| महालक्ष्मी विकास बैंक | २१३ | २१३ | ३६५६० | ० |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ७६६ | ७७९ | ८२४ | १३ |
| मन्जुश्री फाइनान्स | २९७ | २८७ | ६५२३१ | -१० |
| मेगा बैंक | २३० | २२३ | १५९१८४ | -७ |
| मेरो माइक्रोफाइनान्स | ६८१ | ६५७ | ८६५८ | -२४ |
| मितेरी डेपलमपेन्ट बैंक | ३६९ | ३५० | ४१३० | -१९ |
| मिथीला लघुवित्तय वित्तीय संस्था | ७६९ | ७४१ | १०४२ | -२८ |
| मुक्तिनाथ विकास बैंक | ३४६ | ३३४ | ५८६३८ | -१२ |
| मल्टिप्रपोज फाइनान्स | १३० | १२३ | १०६८२ | -७ |
| नबिल बैंक | ८१५ | ७९० | ६५४०३ | -२५ |
| नबिल इक्विटी फन्ड | ८.३१ | ८.३६ | १६२५५ | ०.०५ |
| नेडेप लघुवित्त | ६७२ | ६४० | ४०१८ | -३२ |
| नेशनल हाइड्रोपावर कम्पनि लि. | ६१ | ५८ | २४६६५ | -३ |
| नेशनल लाइफ इन्स्योरेन्स | ६९७ | ६७० | ३९१२२ | -२७ |
| नेशनल माइक्रोफाइनान्स | १६८० | १६३१ | १४०३ | -४९ |
| नेको इन्स्योरेन्स | ५८४ | ५५४ | ६४२७३ | -३० |
| नेपाल बंगलादेश बैंक लि. | २२४ | २१५ | ९०४२३ | -९ |
| नेपाल बैंक लि. | २८३ | २७३ | २१३४८३ | -१० |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | १९७ | १९१ | १०८४३२ | -६ |
| नेपाल दूरसञ्चार | ६३९ | ६३३ | ८१२७ | -६ |
| नेपाल फाइनान्स लि. | १४० | १३० | ११०५ | -१० |
| नेपाल हाइड्रो डेभलपर्स | १४४ | १३७ | ६४९ | -७ |
| नेपाल इन्स्योरेनस | ४६५ | ४३५ | ५६०८८ | -३० |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ४१८ | ४०२ | ५६८०८ | -१६ |
| नेपाल इन्भेष्टमेन्ट बैंक प्र.से. | ३६१ | ३६० | ७४५३ | -१ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | १२१० | ११८७ | १६५३८७ | -२३ |
| नेपाल एसबीआई बैंक | ४५८ | ४४० | २४३३९ | -१८ |
| नेरूडे लघुवित्त | ७८२ | ७४६ | ७२१० | -३६ |
| न्याग्दी ग्रुप पावर | ११९ | ११७ | १३२७८ | -२ |
| एनआइसी एसिया बैंक लि. | ५६७ | ५५० | २१०१३५ | -१७ |
| एनआइसी एसिया ग्रोथ फन्ड | ९.३९ | ९.४० | ४५४०० | ०.०१ |
| निर्धन उत्थान | १०१८ | ९५३ | ८२१३ | -६५ |
| एनएलजी इन्स्युरेन्स कं. लि. | ६५२ | ६३० | ५५७२ | -२२ |
| एनएमबी माइक्रोफाइनान्स | ८२९ | ७९६ | ९६३६ | -३३ |
| एनएमबी बैंक लि. | ४४८ | ४३७ | २१३९७६ | -११ |
| ओरियन्टल होटल | ४२७ | ४०१ | १३०७६ | -२६ |
| पन्चकन्यामाई हाइड्रो | ७९ | ७९ | ७०० | ० |
| पाँचथर पावर क.लि. | ११७ | ११२ | १४३० | -५ |
| पोखरा फाइनान्स | १६६ | १५९ | १००३० | -७ |
| प्रभु बैंक | २५४ | २४४ | १४६८३४ | -१० |
| प्रभु इन्स्योरेन्स | ४४५ | ४२० | ३४५२७ | -२५ |
| प्राइम इन्स्योरेन्स | ५९७ | ५६० | १४१४४ | -३७ |
| प्राइम कमर्सियल बैंक | २९८ | २८७ | ११९८३४ | -११ |
| प्राइम लाइफ इन्स्योरेन्स | ६०४ | ५८८ | ५०४९९ | -१६ |

**कुल कारोबार मूल्य :** २,२०६,६६२,१८२ **कारोबार संख्या :** २३,२०५

**सेयर संख्या :** ५,६८६,६८१ **नेप्से :** १,३७७.१८ (-४५.९१)



भक्तपुर दरबार स्क्वायर क्षेत्रस्थित नेपाल कला संग्रहालय पुनर्निर्माण गरिँदै । ०७२ को भूकम्पमा संग्रहालय क्षतिग्रस्त बनेको थियो । तस्बिर : कान्तिपुर

# भूकम्पपीडितलाई दिने किस्ता रकम सकियो

**प्रक्रिया पूरा गरेकालाई ७० करोड वितरण गर्नुपर्ने भए पनि पुस १५ पछि रकम निकासा हुन सकेको छैन**

**हरिराम उप्रेती** (गोरखा)

सहिद लखन गाउँपालिका-७ बुंकोटकी पार्वती परियार भूकम्पपछिको घर निर्माण सकिएपछि तेस्रो किस्ता लिन ४ पटक बैंकमा पुगिन् । खातामा पैसा नआएको भन्दै बैंक कर्मचारीले उनलाई चारैपटक फर्काइदिए । अन्तिम किस्ताका लागि फाराम भरेको ३ महिनासम्म रकम नआएपछि उनी बुधबार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइको कार्यालय पुगिन् ।

रकम सकिएको भन्दै कर्मचारीले केही दिन पर्खनुपर्ने बताए । 'बैंकमा जहिले आएर सोध्यो, पैसा आएको छैन मात्र भन्नुभयो, आज कार्यालय आएर बुझ्दा थाहा भयो, पैसा सकिएको रहेछ,' परियारले भनिन् । सरसापट गरेर घर निर्माण सकेकाले रकम नआउँदा समस्यामा परेको उनले बताइन् । 'इँटाको पैसा र काम गर्नेलाई ज्याला दिन पनि सकेको छैन, किस्ता आउला र ऋण तिरौंला भनेको अझै समय लाग्छ रे,' उनले गुनासो गरिन् । उनीजस्ता किस्ता रकम निकासा नभएको गुनासो लिएर इकाइ कार्यालयमा दैनिक १० देखि १५ भूकम्पपीडित आउने गरेका छन् ।

निजी आवास पुनर्निर्माण गरेका भूकम्पपीडितलाई दिने रकम इकाइको खातामा पुस १५ देखि रित्तिएको छ । जसका कारण प्रक्रिया पूरा गरेर तेस्रो किस्ता माग गरेका २ हजार पीडितले रकम पाएका छैनन् । पहिलो र दोस्रो किस्ताका लागि एक/एक हजार लाभग्राहीले रकम माग गरेका छन् ।

भूकम्पपछिको निजी आवास पुनर्निर्माणका लागि भूकम्पपीडितले पहिलो किस्तामा ५० हजार, दोस्रोमा १ लाख ५० हजार र तेस्रोमा १ लाख गरी ३ लाख रुपैयाँ अनुदान पाउने प्रावधान छ । तर पछिल्लो समय रकम निकासा नहुँदा घर पुनर्निर्माणमा अलमल भएको छ ।

'करिब ७० करोड हाराहारीमा रकम निकासा गर्नुपर्ने छ,' इकाइ प्रमुख रामशरण आचार्यले भने, 'यसबारे केन्द्रलाई जानकारी गराइसकेका छौं ।' यसअघि आउने दातृ निकायको स्रोतबाट पैसा उपलब्ध नभएपछि वैकल्पिक स्रोतको खोजी गर्दा केही समय लागेको उनले बताए । 'अब एक सातामा रकम आउने जानकारी पाएका छौं,' उनले भने । चालु आर्थिक वर्षमा निजी आवास पुनर्निर्माणका लागि ६५ करोड निकासा भइसकेको छ । 'लाभग्राहीले फोनमार्फत जानकारी लिइरहनु हुन्छ,' उनले भने, 'स्थानीय निकायलाई पैसा नभएको समस्या भनिसकेका छौं, भूकम्पपीडितलाई पनि खबर पुगिसकेको छ ।'

भूकम्पको केन्द्रविन्दु रहेको गोरखामा ५ हजार ६ सय ५४ प्रबलीकरण (मर्मत) र ६६ हजार ८ सय ११ पुनर्निर्माण गरी ७२ हजार ४ सय ७५ लाभग्राही छन् । भूकम्प गएको ५ वर्ष पुग्नै लाग्दा ५६ हजार ८ सय लाभग्राहीले घर निर्माण सकेर तेस्रो किस्ताको रकम लगिसकेका छन् । तेस्रो किस्तालाई आधार मान्दा ८५ प्रतिशत पुनर्निर्माण सकिएको इकाइका अधिकारी बताउँछन् ।

४ हजार २२ पीडितले भने पहिलो किस्ताको अनुदान लिएका छैनन् । यस्तो अनुदान नलिने लाभग्राहीमध्ये एक हजार जनाको पहिलो किस्ताको ५० हजार निकासा हुने प्रक्रियामा छ । अन्य लाभग्राही पनि अनुदान सम्झौताका लागि आउने क्रममा रहेको आचार्यले बताए । गुनासोपछि लाभग्राहीको संख्या थपिँदै जाँदा पनि पहिलो किस्ता नलानेको संख्या बढेको देखिन्छ । लामो समयदेखि अनुदान सम्झौता नगर्ने लाभग्राहीलाई स्थानीय तहमार्फत सम्झौता नगर्नुको कारण खोजिएको इकाइले जनाएको छ । पुनर्निर्माण प्राधिकरणले समय सीमा थप्दै जाँदा यस्ता लाभग्राही पनि अनुदान सम्झौताका लागि आइरहेका छन् । ३ लाख अनुदानले घर बनाउनै नपुगेको पीडितको गुनासो छ । घर बनाउँदा धेरथोर ऋण लागेको पीडितको गुनासो छ ।


छुट तथा पुनः जाँच सर्वेक्षण २०७५/०७६ बाट लाभग्राही कायम भएका र प्राधिकरणबाट २०७६ मंसिरपश्चात् कायम भएका जोखिम तथा भूमिहीन लाभग्राहीलाई सम्झौताको समयावधि थप भएको छ । यस्ता लाभग्राहीले चैत मसान्तसम्म अनुदान सम्झौता गरी पहिलो किस्ता लिनुपर्ने प्राधिकरणले जनाएको छ ।

# घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

**होम कार्की** (काठमाडौं)

**कुन देशमा कति नेपाली**

| | | | |
|---|---|---|---|
| कतार | ३,५१,००० | कुवेत | ६९,००० |
| साउदी अरब | ३,५०,००० | दक्षिण कोरिया | ४०,००० |
| मलेसिया | ३,२५,००० | बहराइन | ३०,००० |
| यूएई | २,५०,००० | ओमन | १५,००० |




**कोरोना संक्रमण स्थिति**

| | | | |
|---|---|---|---|
| कतार | २६२ | कुवेत | ७२ |
| साउदी अरब | २१ | दक्षिण कोरिया | ७,८६९ |
| मलेसिया | १२९ | बहराइन | १८९ |
| यूएई | ७४ | ओमन | १८ |

कुवेतमा ४ वर्षदेखि कार्यरत सुरज मास्के एसियाली मूलका नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याइएको सालमियास्थित लुलु हाइपरमार्केट पुगे । दैनिक उपभोग्य सामान सुलभ मूल्यमा पाइने भएकाले उक्त मार्केट आप्रवासीको पहिलो रोजाइमा पर्छ तर बुधबार निकै सुनसान मार्केटका कामदारले मास्केलाई औषधि छर्दै सामान बोक्ने ट्रली दिए ।

उनी एक छाकका लागि कुखुराको मासु, सागसब्जी र दूध किन्न मार्केट पसेका थिए तर केहीबेरमै मार्केमा मान्छेको हुल नै आयो । हेर्दा हेर्दा मान्छे भरिए । ट्रलीमा धमाधम चाहिनेभन्दा बढी सामान राख्न थाले । यसो हुनुको कारण कुवेत सरकारले १४ दिनका लागि दिएको सार्वजनिक बिदा हो । 'सरकारले सार्वजनिक बिदाका समय मलमा भीडभाड गर्नसमेत प्रतिबन्ध लगाएको रहेछ,' उनले भने । मास्केले फेरि बच्चालाई चाहिने दूध र खानेकुरा थपे । 'सामान किन्ने मान्छे तँछाडमछाड गरिरहेका थिए । ट्रली खोसाखोस गरिरहेका थिए,' उनले भने, 'मैले ओमानमा ८ वर्ष र कुवेतमा ४ वर्ष बिताएँ । मार्केटमा यस्तो भीड कहिल्यै देखेको थिइनँ ।'

कुवेत सरकारले कोभिड-१९ को संक्रमण फैलिन नदिन बिहीबारदेखि लागू हुने गरी दुई साता (चैत १३) सम्म सरकारी र निजी क्षेत्रका लागि सार्वजनिक बिदा घोषणा गरेको छ । कुवेतमा कोभिड-१९ को संक्रमण बढ्दै गएपछि स्थितिलाई थप भयावह हुन नदिन आवश्यक सबै कदम चालिएको कुवेती अधिकारीहरूको भनाइ छ । कुवेतमा रहेका ४२ लाख मानिसमध्ये ७० प्रतिशत आप्रवासी कामदार छन् । यसमा वैधानिक नेपाली कामदारको संख्या ६९ हजार ६ सय १४ छ । कुवेतका लागि नेपालका राजदूत दुर्गाबहादुर भण्डारीले शुक्रबार रातिदेखि नेपाल र कुवेतबीचको हवाई उडानसमेत रोकिएको बताए । वैदेशिक रोजगार विभागबाट श्रमस्वीकृति पाइसकेका कामदार अर्को सूचना नआएसम्म कुवेत जान पाउनेछैनन् । कुवेतको रेस्टुरेन्ट, क्याफे र ठूला व्यापारीक केन्द्र (मल) बन्द गरिएका छन् । मानिसको चहलपहल ९० प्रतिशत घटेको छ । बैंक बन्द गरिएको छ । कामको प्रकृतिअनुसार कामदारले बिदा पाएको राजदूत भण्डारीले बताए । कुवेतमा बिहीबारसम्म ८० जनालाई कोभिड-१९ को संक्रमण देखिएको छ । नेपालीलाई भने देखिएको छैन ।

कतारको एउटै क्याम्पमा बस्ने २ सय ३८ जना आप्रवासी कामदारलाई कोरोना भाइरसको संक्रमण देखिएको त्यहाँ सार्वजनिक स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो एकै दिन पहिचान भएको हो । यसअघि २४ जनामा देखिएको थियो ।

उनीहरू गत आइतबार कोरोना संक्रमण देखिएका ३ जना कामदारको सम्पर्कमा थिए । कतारका लागि नेपाली राजदूत नारदनाथ भारद्वाजले क्याम्पमा संक्रमित कामदारमा नेपालीसमेत परेको हुन सक्ने आशंका गरे ।

कतार सरकारले दूतावासलाई कोभिड-१९ बाट संक्रमित व्यक्तिको पहिचान दिन नमिल्ने बताएको जानकारी भारद्वाजले दिए । कतारले तत्काल नेपालबाट कामदार ल्याउन स्थगन गरेपछि दूतावासले मागपत्र प्रमाणीकरणसमेत रोकेको उनले बताए । 'हामीले अत्यावश्यकबाहेकका नियमित कन्सुलर सेवालाई अर्को सूचना नभएसम्मका लागि बन्द गरेका छौं,' उनले भने, 'सामान्य सोधपुछका काम टेलिफोनबाटै गर्न सकिन्छ ।'

जोखिम बढेकाले दूतावासमा आउने सेवाग्राही पनि घटेका छन् । 'दूतावासले कतार सरकार र कामदारबीच समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ । आधिकारिक सूचनालाई नेपालीलाई दिइरहेका छौं,' उनले भने ।

कतारमा हाल ३ लाख ५१ हजार नेपाली कार्यरत छन् । उनीहरू कार्यरत क्याम्पमा ज्वरो पहिचान गर्ने कामसमेत भइरहेको छ । कतारका चिकित्सक गुणस्तरीय सेवा प्रदान गरिरहेकाले कोही पनि आत्तिनुपर्ने अवस्था नरहेको नेपालका लागि कतारी राजदूत युसुफ विन मोहम्मद अल हैलीले बताए । साउदी अरब सरकारले साउदी नागरिक र अवासीय भिसा भएका विदेशी नागरिकलाई ७२ घण्टाभित्र देशभित्र छिर्न सूचना जारी गरेको छ । यसअनुसार बिदामा फर्केका नेपाली कामदार ७२ घण्टाभित्र साउदी अरब गइसक्नुपर्नेछ ।

साउदीको आन्तरिक मन्त्रालयले साउदीबाहिरका परिचयपत्रवाला आप्रवासी कामदार र आफ्ना नागरिकलाई देश छिर्न समय तोकेको हो । साउदी प्रेस एजेन्सीका अनुसार थप १२ देशका नागरिकलाई प्रवेशमा रोक लगाइएको छ । यसअघि ३८ देशका नागरिकलाई साउदी प्रवेशमा रोक लगाइएको थियो । साउदीका लागि नेपाली राजदूत महेन्द्रसिंह राजपुतले साउदी सरकारले नेपाललाई सुरक्षित देशका रूपमा राखेको जनाए । 'साउदीमा भयग्रस्त अवस्था बनिसकेको छैन तर उसले सुरक्षाका लागि आवश्यक तयारी गरिरहेको छ,' उनले भने । कोभिड-१९ संक्रमणका बिरामी धेरै देखा परेका कारण अधिकारीहरूले साउदी अरबको पूर्वी क्षेत्रको महत्त्वपूर्ण व्यापारिक सहर दमाम नजिकैको स्थान कतिफको आवतजावतसमेत बन्द गरेका छन् ।

'साउदी सरकारको निर्णयबाट उक्त क्षेत्रमा थप संक्रमण हुन नदिन आवागमन नियन्त्रण गरिएको तथा कोही पनि नेपाली नागरिकमा संक्रमण भएको जानकारी प्राप्त भएको छैन,' राजपुतले भने । रियाद तथा दमामका घरफिर्ती केन्द्रमा नेपाली नागरिकको चाप बढ्दै गएकाले ती स्थानका कार्यालय प्रमुखसँग भेट गरी नेपाली नागरिकलाई जुनसुकै हवाईमार्गबाट भए पनि स्वदेश पठाइदिन अनुरोध गरिएको उनले जनाए । साउदी अधिकारीले भने आइतबारसम्म पर्खन अनुरोध गरेका छन् । अहिले साउदी अरबबाट हिमालयन, एयर अरेबिया र सलाम एयरबाट मात्रै नेपालीको यात्रा भइरहेको छ ।

## डराई...

उनी मोटरसाइकलबाट यात्रु ओसार्छन् । बौद्धका तारा लामा भने ट्याक्सीबाट यात्रु ओसार्छन् । सबै यात्रुले अनलाइनबाट ट्याक्सी बोलाउन थालेपछि पठाओमा आबद्ध भएको उनले बताए । 'टोल/चोकतिर बसेर यात्रु कुर्ने जमाना गयो भनेर यो पेसामा लागियो,' उनले भने, 'राम्रो कमाइ छ तर बेलाबेला सरकारले दुःख दिन्छ ।'

विभागको सूचनाले उनीहरूजस्तै पठाओमा आबद्ध ४० हजार चालक र १० लाख सर्वसाधारण मारमा परेको पठाओले जनाएको छ । मिटर ट्याक्सी व्यवसायी संघका अध्यक्ष हरिकृष्ण बस्नेतले भने टुटल र पठाओ कानुनविपरीत चलाइएकाले बन्द गर्नुपर्ने दाबी गरे । 'कि सरकारले मोटरसाइकलाई कालो नम्बर प्लेट दिएर वैधानिकता दिनुपर्‍यो,' उनले भने, 'नत्र बन्द गर्नुपर्‍यो ।' टुटलले तीन वर्षदेखि सेवा दिइरहेको छ भने पठाओ डेढ वर्षअघि सञ्चालनमा आएको हो । यातायात सेवा सञ्चालन गर्न यातायात व्यवस्था विभागमा दर्ता हुनुपर्ने प्रावधान छ । टुटल र पठाओ कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भएका छन् ।

## राइड...

तत्कालीन मन्त्री महासेठकै निर्देशनमा यस्ता सेवा बन्द गर्न ट्राफिक प्रहरी परिचालित भएपछि सामाजिक सञ्जालमा सरकारको आलोचना भएको थियो । पठाओ, टुटलजस्ता सेवाले उपत्यकाका सर्वसाधारणको दैनिकी केही वर्षयता सहज बनाइरहेका छन् । अव्यवस्थित सार्वजनिक यातायात र ट्याक्सीको महँगो भाडाको विकल्पमा राइड सेयरिङ सेवाले उपभोक्तालाई सस्तो र छिटो गन्तव्यमा पुर्‍याउन सघाइरहेका छन् । एपमार्फत उपभोक्ताले आफूले चाहेकै स्थानमा 'मोटरसाइकल बोलाउन सक्ने' भएकाले विश्वभरका सहरमा यस्ता सेवा सञ्चालनमा छन् । नेपालमा सञ्चालित टुटल, पठाओजस्ता राइड सेयरिङ सेवाका कारण २५ हजारले पूर्णकालीन वा आंशिक रोजगारी पाएको अनुमान छ ।

संविधानले यातायात क्षेत्र नियमन गर्ने अधिकार प्रदेश सरकारलाई दिएकाले यातायात व्यवस्था विभागले राइड सेयरिङ सेवा बन्द गर्न जारी गरेको सूचना गैरकानुनी भएको उक्त मुद्दामा बहस गरेका अधिवक्ता प्रवीण सुवेदी बताउँछन् । 'प्रदेशले आफ्नो अधिकारका विषयमा कानुन पनि बनाइसकेको छ,' उनले भने, 'उक्त कानुनमा राइड सेयरिङ सेवालाई समेत समेट्ने गरी दुईपांग्रे सवारीले तोकिएको प्रक्रिया पूरा गरी तोकिएको भाडा लिई यात्री ओसार गर्न सक्ने व्यवस्था गरिएको छ ।'

वाग्मती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव तेजराज भट्टले भने प्रदेश सरकारले बनाएको ऐनमा पर्यटकीय प्रयोजनलाई ध्यानमा राखेर निजी सवारीलाई भाडा लिन मिल्ने प्रावधान राखिएको भए पनि राइड सेयरिङ सेवाका लागि व्यवस्था नभएको दाबी गरे । 'हामी प्रदेश सवारी ऐन निर्माणपछि भर्खर नियमावली, निर्देशिका र मापदण्ड तयारीको चरणमा छौं । हामीले प्रदेश कानुनमा राइड सेयरिङ सेवा सञ्चालन गर्ने गरी व्यवस्था गरेको होइन,' उनले भने, 'पर्यटकीय क्षेत्रमा सञ्चालित सवारी व्यवस्थित गर्न यस्तो व्यवस्था गरेका हौं ।' नियमावली र निर्देशिका बनेसँगै टुटल, पठाओजस्ता राइड सेयरिङ सेवा सवारी दर्ता प्रक्रियामा आए प्रदेश सरकारको ध्यानाकर्षण हुने सचिव भट्टले बताए । 'अहिलेसम्म प्रदेश मातहतमा यस्ता सवारी दर्ता हुन आएका छैनन्,' उनले भने, 'यातायात क्षेत्रलाई व्यवस्थित गर्ने संविधानतः हाम्रो अधिकार भए पनि प्रदेश सरकार नयाँ संरचना भएकाले केही समस्या भइरहेको छ । तर हामी काम गरिरहेका छौं ।' नियमावली र निर्देशिकाको ड्राफ्ट अन्तिम चरणमा पुगिसकेको उनको भनाइ छ । 'दर्ताका लागि प्रदेशसँग सहकार्यमा टुटल, पठाओहरू आएको भए हामी त्यसलाई व्यवस्थित गर्नेतर्फ काम गर्न बाध्य हुने थियौं,' उनले भने, 'तर, उनीहरू आएनन् ।' संघीय सरकारले दर्ताबिना गैरकानुनी रूपमा सञ्चालित सवारी सञ्चालनमा रोक्दा आफूहरूको कुनै किसिमको आपत्ति नहुने उनले बताए ।



# सीमा संकल्प प्रस्ताव कार्यसूचीबाटै हट्यो

काठमाडौं (कास)- भारतले नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नोपट्टि पारेर राजनीतिक नक्सा जारी गरेको विषयमा दर्ता भएको संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाट तत्कालका लागि हटेको छ । यसअघि संकल्प प्रस्तावमा बिहीबार छलफल हुने कार्यसूची तय भएको थियो । सत्तारूढ नेकपाका सांसद खगराज अधिकारीको प्रस्ताव र सांसद रामकुमारी झाँक्रीको समर्थनमा संकल्प प्रस्ताव प्रतिनिधिसभामा दर्ता गरिएको थियो ।

सीमासम्बन्धी संकल्प प्रस्तावमा गत २३ गते नै छलफल गर्ने भनिए पनि त्यस दिन कोभिड-१९ का सन्दर्भमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव अघि बढाइएको थियो । 'कार्यसूचीबाट फेरि हटाउनुको कारण थाहा भएन, म त प्रस्ताव राख्ने तयारीमा थिएँ,' प्रस्तावक सांसद अधिकारीले बिहीबार भने ।

नेपालको भूभाग समावेश गरी भारतले नक्सा प्रकाशन गरेपछि कूटनीतिक र अन्य पहल गरेर समस्या सुल्झाउन तथा कालापानीमा रहेको विदेशी सेना हटाउन आवश्यक भएकाले संकल्प प्रस्तावमा छलफल हुने व्यहोराको सम्भावित कार्यसूची तयार गरिएको थियो । संकल्प प्रस्तावमा छलफल भएपछि सरकारले दिने जवाफ तयार नभएकाले अर्को बैठकमा राख्ने गरी त्यसलाई कार्यसूचीबाट हटाइएको सचिवालयका एक अधिकारीले जानकारी दिए ।

कार्यसूचीमा प्रस्ताव नदेखेपछि अधिकारीले विशेष समय लिएर बोल्दै नेपालको जमिन जोगाउन अन्तिम समयसम्म लडिरहने बताए । उनले यसबारे नेपालले पठाएको कूटनीतिक नोटलाई भारत सरकारले चासो नदिएको पनि बताए । 'एक इन्च जमिनमा पनि हामी हस्तक्षेप हुन दिँदैनौं । देशभक्तिलाई कसैले चुनौती दिन सक्दैन,' उनले भने ।

सांसद राजेन्द्रप्रसाद लिङ्देनले सीमा मिचिएको सम्बन्धी विषय कार्यसूचीबाट हटाइएकामा आश्चर्य प्रकट गरे । 'विपक्षले गर्न नसकेको प्रस्ताव सत्तापक्षबाट आए पनि फिर्ता भएछ,' उनले भने । सबै प्रमाणले कालापानी नेपालको हो भने पनि सरकार चुप लागेको उनले टिप्पणी गरे । 'हालै रक्षामन्त्री ईश्वर पोखरेलले हेलिकप्टरबाट कालापानीको भ्रमण गरेर के देख्नुभयो ? संसद्लाई जानकारी दिनुपर्छ,' उनले भने ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो नशोषयति मारुतः ।।

# हार्दिक समवेदना



जन्मः वि.सं. १९८९/०५/१०

स्वर्गारोहणः वि.सं. २०७६/११/१८

## स्व. भोजकला अर्याल

केएमसी एजुकेशनल नेटवर्कका प्रवन्ध निर्देशक रामेश्वर अर्यालकी ममतामयी आमा **भोजकला अर्याल**को असामयिक स्वर्गारोहण भएको आज १३ औँ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौँ ।

**काठमाडौं मोडेल मा.वि.** बागबजार, काठमाडौं
**काठमाडौं मोडेल कलेज** बागबजार, काठमाडौं
**काठमाडौं मोडेल मा.वि.** बालकुमारी, ललितपुर
**हिमालय कलेज अफ इन्जिनियरिङ्ग** च्यासल, ललितपुर
**केएमसी स्कुल** शंखमूल, काठमाडौं
**अपोलो इन्टरनेशनल कलेज** बानेश्वर, काठमाडौं
**द न्यू समिट मा.वि.** मैतिदेवि, काठमाडौं
**बुटवल मोडेल कलेज** पडसरी, रूपन्देही
**न्यू समिट/युनिभर्सल कलेज** शान्तिनगर, काठमाडौं
**युनिभर्सल इन्जिनियरिङ्ग एण्ड साईन्स कलेज**, चाकुपाट, ललितपुर

# कञ्चनपुरको ५० बिघा...

भुडामा देखिएको विवादपछि तत्कालका लागि सर्भेको काम स्थगित भएको छ । स्थानीयले विरोध जनाएपछि संयुक्त टोलीले काम स्थगित गरेको हो । 'सीमामा विवाद देखिएपछि काम स्थगित भएको छ,' कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नूरहरि खतिवडाले भने, 'स्थानीयले दर्ता जमिन भारततिर गएकाले नक्सा सच्याउनुपर्ने माग गरेका छन्, ज्ञापनपत्र पनि बुझाएका छन् ।'

उनका अनुसार बेलौरी नगरपालिकामा गत साता भएको छलफलमा काम रोक्ने सहमति भएको छ । स्थानीयले संघर्ष समिति पनि गठन गरेका छन् । उनीहरूले सरकारले भारतसँग छलफल गरेर नक्सा सच्याउनुपर्ने माग राखेका छन् । संयुक्त सर्भे टोलीमा रहेका नापी कार्यालय कैलालीका प्रमुख सुदर्शन धामीका अनुसार संयुक्त टोलीले बेलडाडीको झिलमिलादेखि सर्भेको काम सुरु गरेको थियो । जसमा जोर पिलर भारतले र बिजोर नेपालले मर्मत तथा निर्माण गर्नुपर्ने थियो । सोही क्रममा ७८२ को सहायक पिलर १ र २ भुडामा निर्माण गर्ने बेला विवाद भएको हो ।

धामीका अनुसार पछिल्लो पटक स्ट्रिप नक्साअनुसार नेपालको दर्ता जमिनमै सीमास्तम्भ देखिएको छ । विगतमा खोलानालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक दुई देशबीचको सहमतिअनुसार संयुक्त टोलीले नक्सामा भएका तथा फिल्डमा नभएका सीमास्तम्भ निर्माण गर्ने सहमति भएको उनले बताए । 'पुर्जा, नक्सा सबै भएको दर्ता जमिन छ तर स्ट्रिप नक्साले त्यसमै सीमास्तम्भ देखाएको छ,' धामीले भने, 'भोगचलन गरिरहेको जमिन उतापट्टि जान थालेपछि स्थानीय आक्रोशित भएका छन् ।' यस क्षेत्रमा ४ नं. नापी टोलीले फागुन १ देखि नापीको काम सुरु गरेको हो । सर्भेका क्रममा पुनर्वास र बेलौरीमा भारतीय पक्षले कब्जा गरेका थुप्रै जमिन नेपालतर्फ परेको धामीले बताए ।



**कञ्चनपुर-१० भुडामा पिलर निर्माण गर्न भारतले खनेको खाल्डो र सीमा देखाउँदै स्थानीय ।** *तस्बिर : कान्तिपुर*

### जहिल्यै सीमा विवाद

२०७४ मा भुडामै स्थानीयले खेतसम्म जाने सडकमा ग्राभेल हाल्न खोज्दा एसएसबीले अवरोध गरेको थियो । दशगजामा पर्ने भन्दै एसएसबीले ग्राभेल गर्न दिएन । त्यतिबेला सर्वेक्षक पूर्णबहादुर खड्काको टोली आएर नेपाली भूमि भएको भनेपछि बाटो निर्माण गर्न दिएको बेलौरी नगरपालिका १० का वडाध्यक्ष हरिलाल चौधरीले बताए ।


२०५३ मा महाकाली सिँचाइ आयोजनाको नहर निर्माणका क्रममा पनि विवाद भएको थियो । भारतीय पक्षले दशगजामै नहर निर्माण हुन लागेको भनेर अवरोध गरेको थियो । त्यतिबेला दुवैतर्फका सीमाविद् आएर नेपाली भूमिमै नहर निर्माण भइरहेको बताएपछि काम अघि बढेको महाकाली सिँचाइ आयोजनाअन्तर्गत दोस्रो चरणका ब्लक अध्यक्ष गोपाल पन्तले बताए । 'अहिले यही नहरको फेदमा भारतले पिलर गाड्दै छ,' उनले भने, 'नेपाल सरकारले निर्माण गरेको संरचना कसरी भारततर्फ जाँदै छ ?'

२०३८ सालमा पनि भारत उत्तर प्रदेशको पिलिभित जिल्लाको कम्बोजनगरदेखि नेपाली बस्तीमै भारतीय पक्षले नाली खन्न थालेको थियो । स्थानीयले ८३ जना भारतीय कामदारलाई फिर्ता पठाएको भुडाकै स्थानीय बासिन्दा देवसिंह थापाले बताए । 'यहाँ केही काम हुन थाल्यो कि विवाद भइहाल्छ,' उनले भने, 'भारतीय पक्षले पटक-पटक सीमा मिच्ने काम गरिरहेको छ, अहिले दर्ता जमिनमै पिलर हाल्न खोजिँदै छ ।'

पछिल्लो पटक भारतीय पक्षले दशगजामै एसएसबीको क्याम्प राखेको छ । यस विषयमा जिल्ला प्रशासनदेखि राजनीतिक दल सबैलाई पटक-पटक जानकारी गराइए पनि कुनै वास्ता नभएको थापा बताउँछन् ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः।
न चैनं क्लेदयन्त्यापो नशोषयति मारुतः ।।

# हार्दिक श्रद्धाञ्जलि



जन्मः१९८९ भाद्र १०

स्व.ः२०७६ फागुन १८

## स्व. भोजकला अर्याल

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (HISSAN) का उपाध्यक्ष तथा केएमसी नेटवर्कका प्रबन्ध निर्देशक श्री रामेश्वर अर्यालकी ममतामयी माता **भोजकला अर्याल**को ८७ वर्षको उमेरमा निधन भएको आज **१३ औं** दिनको पुन्य तिथिमा दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

शोकको यस घडीमा परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्न शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौ ।

**अध्यक्ष**
एवं
**उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल**
HIGHER INSTITUTIONS AND SECONDARY SCHOOLS' ASSOCIATION NEPAL (HISSAN)
ट्रेडटावर नेपाल, थापाथली, काठमाडौं | फोन नं: ०१-५१११०५५, ५१११०४० | e-mail: hissannepal@gmail.com | WWW.hissan.org.np

# उकालो...

हालै भारतको तेलंगना राज्यको आदिलाबादमा रहेको टिपेश्वर वनको एउटा बाघ पोथी (प्रेमिका) को खोजीमा दुई हजार किलोमिटर यात्रा गरेर महाराष्ट्र राज्यको ज्ञानगंगा जंगलसम्म पुगेको तथ्य सार्वजनिक भएको छ । उक्त बाघ नहर, खेत, जंगल र सडक हुँदै त्यो दूरी पार गरेको स्याटेलाइट रेडियो कलरको संकेतबाट थाहा भएको छ । यसबाट बाघले धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ ।

उच्च भूभागमा बाघको उपस्थितिले 'मानव-बाघ द्वन्द्व बढ्ने संकेत देखिएको' सुझाव विज्ञहरूले दिँदै आएका छन् । यसैलाई ध्यानमा राखेर सुदूरपश्चिम प्रदेशको शुक्लाफाँटा निकुञ्जको डडेलधुरासँग जोडिएको क्षेत्रमा द्वन्द्व न्यूनीकरण परियोजना सुरु गरिएको छ, जसको नाम हो- 'जलवायु परिवर्तनले बाघको बासस्थानमा ल्याउने परिवर्तन र त्यसको पूर्व तयारी ।'

बाघ संरक्षणमा सरकारलाई सहयोग गरिरहेका नेपालस्थित जुलोजिकल सोसाइटी अफ लन्डन (जेडएसएल) र राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) ले शुक्लाफाँटा निकुञ्जसँग जोडिएको बेदकोट, सुनदेवी र त्रिशक्ति क्षेत्रमा नमुना परियोजना थालेका हुन् । दुई वर्षअघिको गणनाअनुसार शुक्लाफाँटामा १६ वटा वयस्क बाघ छन् । परियोजना सञ्चालनका लागि जेडएसएल नेपालका राष्ट्रिय प्रतिनिधि हेमसागर बराल र एनटीएनसीका सदस्यसचिव यज्ञनाथ दाहालले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । जेडएसएलले आर्थिक सहयोग गर्नेछ भने प्राविधिक जनशक्ति एनटीएनसीका हुनेछन् ।

'बाक्लो बस्ती भएका क्षेत्रमा बाघ उक्लिएपछि हुन सक्ने सम्भावित मानव-बाघ द्वन्द्वलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर काम गर्न खोजिएको हो,' जेडएसएल नेपालका 'तराई कार्यक्रम प्रबन्धक' भगवानराज दाहालले भने ।

जलवायु परिवर्तनका कारण मृग प्रजातिको आनीबानी र तिनको बासस्थान पनि बदलिएकाले नेपाल र भारतका बाघको बासस्थान पनि बदलिँदै गएको हो । निकुञ्जभित्रका बाघ बस्ती बढी भएको क्षेत्रतिर स्थानान्तरण हुँदा मानवीय र पशुको क्षति बढ्न सक्ने भएकाले रोकथामका उपाय अवलम्बन गर्ने कार्यक्रमको उद्देश्य छ । 'पशु क्षति न्यून गर्न फलामे खोर बनाइनेछ,' दाहालले भने, 'नागरिकमा जनचेतनाको स्तर बढाउने र आयआर्जन तथा प्रकृतिमा आधारित पर्यटन कार्यक्रम सञ्चालन गरिनेछ ।' एक वर्षमा उक्त क्षेत्रका ६ हजार ५ सय घरधुरीलाई लाभ पुग्ने लक्ष्य छ ।

जंगलमा मात्र आश्रित समुदायलाई वैकल्पिक आयआर्जन हुने किसिमका कार्यक्रम दिइनेछ । बेदकोटका तीनवटा सामुदायिक वन उपभोक्ता समूहमा उक्त कार्यक्रम सञ्चालन गरिनेछ । बाघलगायत अन्य वन्यजन्तु बस्तीमा नछिरुन् भनेर विद्युतीय तारबार लगाइनेछ ।

स्थानीय सरकारसँग मिलेर वन्यजन्तु-मानव द्वन्द्व न्यूनीकरणमा अन्य क्षेत्रका सफल अभ्यासलाई पनि कार्यान्वयनमा ल्याइनेछ । तराईका निकुञ्जका मध्यवर्ती क्षेत्रमा विद्युतीय तारबारले पनि द्वन्द्व न्यूनीकरण गर्न सहयोग पुऱ्याएको छ ।

## बर्गिकृत डिस्प्ले

**BUILDING FOR SALE**
3 Storied Building in Kamaladi
Area : 5 Anna 1 Paisa 3 Daam



Location : Between Ghantagar and Kamaladi Ganeshthan adjoining Kamaladi Main Road
Contact Mr. Lama Mob: 9841225299

**छोटो अवधि तालीमको सूचना**
बालाजू स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजीले प्राविधिक शिक्षा तथा व्यावसायीक तालीम परिषद् बागमती प्रदेश र वैदेशिक रोजगारबाट प्रायोजीत सिपमुलक तालीम लिन इच्छुक उमेदवारहरुलाई १ हप्ता भित्र आवेदन दिन आव्हान गरिन्छ ।
तालीमको नाम
• टेलरीङ • शटरिङ्ग कार्पेटर • विल्डीङ इलेक्ट्रीसीयन • डकर्मी • स्टिल फिक्सचर • गार्मेन्ट फ्रेब्रिकेटर • वेसीक प्लम्वीङ • सहायक व्युटीसियन • रेफ्रिजेरेशन एण्ड एरकन्डिसन • मोवाईल रिपियरिङ
०१-४३५०२१३, ४३५०२२८

**आकर्षक घर विक्रिमा**
बुढानिलकण्ठ सिद्दार्थ कोलनी नजिकै ५.५ आना जग्गामा बनेको ४ बेडरुम ६ वाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न **रोजभिल्ला**को केहि घरहरु विक्रिमा।
९८४३०३६४६५ बिकाश जी

**School को Desks & Benches बिक्रिमा**
कक्षा १ देखि कक्षा ३ सम्म स्कुलमा प्रयोग भै राखेका Desks & Benches तुरुन्त बिक्रि गर्नु पर्ने भएकोले आवश्यक पर्नेहरूले कृपया हामीलाई सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं.: ०१-४३८८६५६/४३८८६९९/४३८७१९६

**आकर्षक घडेरी बिक्रिमा**
गौरीघाट नयाँबस्ती श्रीजना स्कुल अगाडी तु. पास गर्न मिल्ने ४ र ५ आनाका आकर्षक टुक्रा घडेरीहरू बिक्रिमा ।
इन्द्रेणी शाल्खा र पालुवारी साँखुमा सस्तो टुक्रा जग्गाहरू बिक्रिमा
९८५१०१४७९२

**बिक्रिमा**
Commercial Building
राधा भवन, टेकु (UWTC अगाडि) पाँचौ तल्लामा अफिसको लागि १४५० Sq.Ft. फ्ल्याट बिक्रिमा
Private 2 Car Parking, Washroom & Pantry
Lift & 24 hour security facilities available
सम्पर्कः ९८५१००२६४६

**आवश्यकता**
ब्यूटी सैलुनको लागी स्टाफ आवश्यकता
१. ब्राईडल मेकअप लेडिज -१
२. हयेर डिजाइनर लेडिज -१
३. हेयर कट लेडिज -१
सबै जानेको
९८५१०८४०४०

**CANADA**
Visa (free apply)
Visa for staff nurse & Other occupation
**EUROPE**
Croatia & Schengen Visit & Business Visa
Student Care Foundation
Contact
9863383884, 9815151535

**आकर्षक घडेरी बिक्रिमा**
गोठाटार तेजबिनायक चोकबाट फोर्स बसपार्क जाने बाटोमा नर्सरी पछाडी ३, ४ र ५ आनाका आकर्षक टुक्रा घडेरीहरू बिक्रिमा ।
तु. पास गर्नेलाई विषेश छुट
९८५१०५०१९७
९८४१३५५२७०

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**यौन-शक्ति बर्द्धक**
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने ।
हाइट बढ्ने स्टेपअप
Balkumari, Ktm.
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810, 9818941842

**यौन शक्ति**
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्वलताहरुको लागि विश्वस्तरीय हर्वल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन
कपाल झर्न रोकी पुनः उमार्न
चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
मोटोपना बढाउन/घटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फ्रि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711,
9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

**WANTED**
PASTRY CHEF
Requirements:
• Must apply standard Health & Safety and Food hygiene practices at all stages
• Proven experience as a pastry chef
• Attentive on providing the highest quality food.
• Creating of menus and new dishes
Experience: Min. 5 years as a pastry chef
Email at: Tohr0052115@gmail.com

**बिक्रीमा**
होटल, ट्रेनिङ सेन्टरबिक्रीमा ।
मुल्य:१३,००,०००।-मात्र
सामाखुसीचोक
९८५११५४५०७

**VACANCY**
Marketing Manager
Accountant
BBS/BBA Complete
Priority to the experienced candidates
KAROBAR CO-OPERATIVE LIMITED
Satdobato, Lalitpur
01-5151787, 9841305013
karobarsaving@gmail.com

**घरजग्गा बिक्रिमा**
इन्द्रचोक, काठमाडौं
काठमाडौंको प्रमुख व्यापारिक केन्द्र इन्द्रचोकमा अवस्थित घरजग्गा रु.१०,५०,००,०००/- मा तुरुन्त बिक्रिमा रहेको छ
दश करोड पचास लाख मात्र
नोटः दलालले कष्ट नगरिदिनु होला
सम्पर्क नं:-
९८०३७१४९३७

**अफिसलाई कर्मचारी**
नयाँ अफिसकोलागि विभिन्न पदहरुमा अनुभव भएका र नभएका केहि व्यक्तिहरु तुरुन्तै चाहियो।
समय : १० देखि ४ सम्म
तलब : १०,००० देखि १५,५००।-
योग्यता : SEE, +2
बसुन्धाराचोक
9869118633, 9801123252
नोटः आवश्यक परेमा खानबस्नेको व्यवस्था

नेपाल सरकारबाट मान्यता प्राप्त
**७५ कर्मचारीहरु आवश्यकता**
कामः अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SEE, +2माथि पढेनपढेका विद्यार्थी गृहिणी, महिला पुरुष जोकोहिले पनि गर्न सकिने ।
तलब: पार्टटाइमः २४,५००।-
फुलटाइमः ४८,५००।-
सुविधा : खाजागाडी भाडा रू२००।-प्रतिदिन
समयः- 12:00 to 4, 9:00 to 4:00
चावहिल चोक
9843564313, 9818872816

**VACANCY चाहियो**
एक न्यूज कम्पनीको लागि तपसिल बमोजिम कर्मचारीहरु चाहियो।
१. सहायक सम्पादक - १
२. न्यूज रिपोर्टर - केही
३. भिडियो प्रस्तोता - १
E-mail:newsincpvtltd@gmail.com
तनँहु स्थित कृषि फार्मको लागि पढ,लेख गर्न जान्ने एक कर्मचारी चाहियो,मोबाइल:९८४१२५०२८७

**बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*



घर बिक्रिमा



गाडि बिक्रिमा





जग्गा बिक्रिमा

* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# खेलकुद



## छनोट च्याम्पियन

बालुवाटार क्रिकेट क्लबले महावीर क्रिकेट क्लबलाई ६ विकेटले पराजित गरी बिहीबार काठमाडौं जिल्ला क्षेत्र छनोट प्रतियोगिता जितेको छ । महावीरले दिएको १ सय ५९ रनको लक्ष्य बालुवाटारले ३८.४ ओभरमै पूरा गर्‍यो ।

# कोरोनाको डरमा आईपीएल

मुम्बई (एएफपी)- कोरोना भाइरसको संक्रमण डरका कारण यसपालि इन्डियन प्रिमियर लिग (आईपीएल) बन्द रंगशालामा हुनसक्ने उच्च एक क्रिकेट पदाधिकारीले बताएका छन् । विश्वकै सबैभन्दा धनी प्रतियोगिताको आयोजकमाथि यसलाई रद्द गर्ने वा पछाडि सार्ने चर्को दबाब परिरहेको छ । पूर्वनिर्धारित कार्यक्रम अनुसार आईपीएल मार्च २९ देखि हुनुपर्ने हो ।

भारतका उच्च क्रिकेट पदाधिकारीबीच ट्वान्टी-२० क्रिकेटको सबैभन्दा ठूलो प्रतियोगिता गर्ने नगर्नेबारे शनिबार बैठक हुँदै छ । आर्थिक कारणले प्रतियोगिता रद्द गर्दा ठूलो नोक्सानी हुने डर रहेको छ । कुल ६० खेलको प्रतियोगिताले भारतीय अर्थबजारलाई ११ बिलियन डलर व्यापार दिनेछ । सन् २०१८ देखि २०२२ सम्मको प्रायोजक चिनियाँ मोबाइल कम्पनी भिभोले मात्र ३ सय ३० मिलियन दिनेछ ।

'हामी निर्धारित समयमै प्रतियोगिता सुरु गर्ने योजनामा छौं र यसका लागि दर्शकबिनाको विकल्प पनि हुनसक्ने छ,' ती उच्च पदाधिकारीले एएफपीसँग भने, 'अबको आईपीएल टीभीबाट प्रत्यक्ष प्रसारणका लागि मात्र हुन सक्नेछ । तर चिकित्सकीय जोखिम अत्यधिक रहेको स्थितिमा हामीले गर्नसक्ने भनेको पनि केही होइन ।' भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले यसअघि नै विजेताले पाउने पुरस्कार रकम घटाइसकेको छ । धेरै देशले विदेशीलाई प्रवेशाज्ञा र आफ्ना नागरिकलाई विदेश जानेमा कडाइ गर्न थालेका छन् । अस्ट्रेलियाका डेविड वार्नर र इंग्ल्यान्डका बेन स्टोक्सजस्ता ठूला स्टारसँगै ६० अन्तर्राष्ट्रिय खेलाडी संलग्न हुनेछन् । 'हाम्रो पहिलो उद्देश्य खेलाडी र दर्शकको स्वास्थ्यस्थितिमा कुनै हानी नहोन् भनेर नै हो,' ती पदाधिकारीले भने ।

### खेलाडीहरू क्वारेन्टाइनमा

म्याड्रिड- रियल म्याड्रिडको फुटबल र बास्केटबल टिमलाई बिहीबार क्वारेन्टाइनमा राख्न सुरु गरिएको छ । क्लबको बास्केटबल टिमका एक खेलाडी कोरोना भाइरसबाट संक्रमित भएपछि रियलले यो कदम चालेको हो । स्पेनी क्लबका अनुसार फुटबल खेलाडीले अभ्यासका सबै सुविधा बास्केटबल खेलाडीसँग पनि साझेदारी गर्ने हुँदा यस्तो आवश्यकता परेको हो ।

स्पेनिस फुटबल संघले अर्को साताका लागि दुई माथिल्लो डिभिजनका लिग रोक्नु अगाडि रियलको यो निर्णय आएको हो । लिग आयोजकले रियलका आफ्ना खेलाडीलाई अलग राख्ने भएपछि यस्तै समस्या अन्य क्लबका पनि देखिन सक्ने डरले प्रतिस्पर्धा दुई साता पछाडि सार्नुपरेको जनाएको छ । तर अहिलेसम्म स्पेनमा फुटबल खेल्ने खेलाडी उक्त भाइरसबाट संक्रमित भएका छैनन् ।

इटालीको फुटबल क्लब युभेन्ट्सले भने आफ्नो डिफेन्डर डानियल रुगानी कोरोना भाइरसबाट संक्रमित भएको पुष्टि गर्दै उनको सम्पर्कमा आएका सबैलाई क्वारेन्टाइनमा राख्ने निर्णय गरेको थियो । स्पेनिस लिग आयोजकले अबको केही दिनमा स्थिति कस्तो हुने हो, त्यसको आधारमा थप निर्णय गर्ने पनि जनाएको छ । रियलले शुक्रबार एइबरसँग खेल्ने कार्यक्रम थियो ।

त्यो खेल पनि स्पेनिस सरकारको निर्देशनअनुसार बन्द रंगशालामा आयोजना गर्ने कार्यक्रम थियो । रियलले अभ्यास केन्द्र पनि बन्द गर्ने र त्यसमा काम गरेका सबै कर्मचारीलाई पनि अलग्गै राख्ने जनाएको छ ।

### म ठीक छु : रुगानी

मिलान- इटाली र युभेन्ट्सका डिफेन्डर डानियल रुगानीले बिहीबार आफ्ना प्रशंसकलाई आफू स्वस्थ्य रहेको र चिन्ता नगर्न भनेका छन् । उनी कोरोना भाइरसबाट संक्रमित भएको पुष्टि हुने इटालीको पहिलो फुटबल खेलाडी हुन् । रुगानीले इन्स्टाग्राममा लेखेका छन्, 'मलाई लिएर जसले चिन्ता गरिरहनुभएको छ, उहाँहरूलाई भन्न चाहन्छु 'म ठीक छु' । म सबै चिकित्सक र नर्सहरूलाई धन्यवाद दिन चाहन्छु । उहाँहरूले यो गम्भीर स्थिति सम्हाल्न दिनरात काम गर्नुभएको छ ।'

# लिभरपुललाई एट्लेटिकोको प्रहार



च्याम्पियन्स लिगमा लिभरपुलविरुद्धको दोस्रो लेगमा दुई गोल गरेका एट्लेटिकोका मार्कोस लोरेन्टे ।

*तस्बिर : एपी*

लिभरपुल (एएफपी)- एट्लेटिको म्याड्रिडका व्यवस्थापक डिएगो सिमोनीले लिभरपुललाई ३-२ ले हराएर च्याम्पियन्स लिगबाट बाहिर पठाएसँगै आफ्नो खेलशैलीको रक्षा गरेका छन् । दोस्रो लेगमा अतिरिक्त समयमा हात पारेको सफलतासँगै एट्लेटिकोले समग्रमा ४-२ को जित निकाल्दै क्वाटरफाइनल यात्रा तय गर्‍यो ।

रोबर्टो फिर्मिनोको गोलमा अग्रता लिएपछि अन्तिम १६ को खेलमा डिफेन्डिङ च्याम्पियन लिभरपुलले एट्लेटिकोको बचाउ गर्ने क्रम समाप्त पार्ने अवस्थामा पुगेको थियो । जर्जिनियो विज्नाल्डमको पहिलो हाफको गोलपछि दोस्रो लेग अतिरिक्त ३० मिनेटको समयमा पुगेको थियो र यही अवधिमा फिर्मिनोले गोल गरेका थिए । लिभरपुललाई ९० मिनेटभित्र निरन्तर अवसर गुमाएको पीडा परेको थियो, जब लोरेन्टेले पेनाल्टी क्षेत्रबाहिरैबाट दुई गोल गरिदिए । त्यसपछि अल्भारो मोराटाले अतिरिक्त समयमा अर्को 'अवे' गोल गर्दै खेल मोडिदिए । यस हारले योर्गन क्लोपले लिभरपुल व्यवस्थापकको रूपमा युरोपेली प्रतियोगिताको दुवै लेगमा कहिल्यै नहारेको कीर्तिमान तोडिदियो र एट्लेटिकोको रक्षात्मक रणनीति पन्छाउन पनि सकेन । 'उनीहरूले जसरी खेले, मैले भेट्टाउनै सकिनँ,' क्लोपले भने, 'उनीहरूले पूर्णत फुटबल खेल्न सक्थे तर उनीहरू पछाडि उभिए र काउन्टर आक्रामणमात्रै गरे ।' अब एट्लेटिकोले अन्तिम आठमा प्रतिस्पर्धा गर्दा महादेशमै कोरोना भाइरसको तनाव हुनेछ ।

टिम सम्हालेको ८ वर्षयता दुईपल्ट फाइनलमा पुर्‍याएका सिमोनीले युरोपेली प्रतियोगितालाई फेरि एकपल्ट चर्चित बनाए । 'हामी जितका लागि खेल्छौं, जुन हामीसँग भएका पाखुराहरूले,' सिमोनीले भने, 'हाम्रो पहिचान, हाम्रा खेलाडीको विशेषता र हाम्रा प्रतिद्वन्द्वीको खुला खेल रोक्ने कामलाई सम्मान गर्नुपर्छ ।' उनले आफ्नो गोलकिपर जान ओब्लाकबारे भने, 'विश्वकै उत्कृष्ट ।' दर्शकले भरिएको एनफिल्डमा लिभरपुलले च्याम्पियन्स लिगमा अर्को भाग्य खोजिरहेको थियो । युरोपका अरु देशमा जस्तै बेलायतमा भने दर्शकलाई खेलमा सहभागी हुनबाट रोकिएको थिएन । अर्को दुई सातासम्म स्पेनमा भने दर्शकबिना नै खेल खेलाइने छ ।

युरोपेली च्याम्पियनले म्याड्रिडमा तीन साताअघि भएको पहिलो लेगमा १-० ले पराजित हुँदा गोलपोस्टमा एकपल्ट पनि प्रहार गर्न सकेको थिएन । तुरुन्तै जान ओब्लाकले निकै राम्रो काम गरे । तर, विज्नाल्डमको शक्तिशाली हेडरमा पहिलो हाफमै बराबरी गर्दा ओब्लाक सहयोगीविहीन रहे । त्यो गोलले पनि एट्लेटिकोको खेलशैलीमा परिवर्तन ल्याएन । उसले चुनौतीपूर्ण रूपमा ओब्लाककै वरिपरि खेल कायम राख्यो । स्लोभेनियन गोलकिपरले मोहम्मद सलाह, एलेक्स ओक्सलेड-च्याम्बरलिन र फिर्मिनोको प्रहार रोके । एन्डी रोबर्टसनले पोस्टमा प्रहार गरे । लिभरपुलले थुप्रै अवसर गुमायो र अन्ततः टोलीले त्यसको मूल्य चुकायो । यसका बाबजुद पनि लिभरपुल ३० वर्षयता पहिलोपल्ट प्रिमियर लिगको उपाधि जित्ने संघारमा छ । अतिरिक्त समयको चौथो मिनेटअघिसम्म पनि नम्बर ९ फिर्मिनोले पूरा सिजन घरेलु मैदानमा गोल गरेका थिएनन् । विज्नाल्डमको क्रसमा ब्राजिली फिर्मिनोको हेडर उत्कृष्ट रहेपछि ओब्लाकलाई उछिन्दै लिभरपुल अगाडि बढ्यो ।

'यो खेल हेर्ने सबैलाई थाह छ कि यो फरक हुनुपर्ने थियो,' क्लोपले भने, 'सुरुको ९० मिनेट मलाई मनपर्‍यो । तर, हामीले दोस्रो गोल धेरै ढिला गर्‍यौं ।' एट्लेटिकोको स्तब्ध पार्ने प्रहारसँगै लिभरपुल धेरै चाँडो अगाडि गएन । पाहुना टिमले लिभरपुलका गोलकिपर एड्रियनको कमैमात्र परीक्षण गर्‍यो । एलिसन बेकरलाई चोटको कारण गुमाएको लिभरपुलले त्यसको मूल्य चुकाउनुपर्‍यो ।

एड्रियनले सामान्य रूपमै क्लियर गरेको बल सिधै जाओ फेलिक्सतिर फालिदिए र फेलिक्सले लोरेन्टेलाई बल उपलब्ध गराए । अनि लोरेन्टेले गोल गरिदिए । 'पास सहयोगी थिएन । एड्रियन उत्कृष्ट खेलाडी हुन् । उनलाई माया गर्छु । तर यो क्षणमा उनको निर्णय गलत थियो,' क्लोपले भने । लोरेन्टे चिरपरिचित प्रतिद्वन्द्वी रियल म्याड्रिडबाट गत जुनमा विवादास्पद रूपमा एट्लेटिकोमा आबद्ध भएका थिए । लोरेन्टेको बुवा फ्रान्सिस्को गेन्टोले पनि रियलका लागि खेलेका थिए । उनले पनि एट्लेटिकोलाई अन्तिम आठमा पुर्‍याउँदै रोजिब्लान्को हिरोको रूपमा आफूलाई साबित गरेका छन् । उनले अतिरिक्त समयको पहिलो हाफको इन्ज्युरीमा अर्को गोल गरेका थिए । रियलका अर्का पूर्व खेलाडी मोराटाले शान्तपूर्वक गोल गरेपछि लिभरपुलले सन् २०१४ यता च्याम्पियन्स लिगमा घरेलु खेल पहिलोपल्ट हार्न पुग्यो ।

### नेयमरको गोल

पेरिस- नेयमरले आधार तयार गरेपछि बोरुसिया डर्टमन्डविरुद्ध २-० को जित निकालेको पेरिस सेन्ट जर्मन (पीएसजी) ले बुधबार रंगशालाबाहिर भेला भएका दर्शकसँगै खुसी मनाएका छन् । दर्शकबिना खेलाइएको दोस्रो लेगमा हात पारेको सफलतासँगै पीएसजीले च्याम्पियन्स लिगको क्वाटरफाइनल पुग्नका लागि समग्रमा ३-२ को जित हासिल गरेको हो । अन्तिम १६ को पहिलो लेगमा जर्मनीमा २-१ ले हारेको नतिजा उल्टाउनुपर्ने पीएसजीलाई चुनौती थियो । नेयमरले २८ औं मिनेटमा हेडर गोल गर्दै दोस्रो लेगलाई आकर्षक बनाए । त्यससँगै पार्क डे प्रिन्सेसबाहिर समर्थकहरू भेला भए । पाब्लो साराबियाको पासमा जुआन बर्नाटले गोल गरेपछि पीएसजीले २-० को जित हात पार्‍यो । यसमा किलियन एमबाप्पे वैकल्पिकका लागि मात्रै उपस्थित भए । पीएसजी २०१६ यता पहिलोपल्ट क्वाटरफाइनल पुगेको हो । इमरे चानले रातो कार्ड पाएपछि डर्टमन्डले १० खेलाडीमा खेल टुंग्याएको थियो ।



मनोज बडु

# संगीतालाई दार्चुलामा सम्मान

दार्चुला (कास)- १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण पदक जितेका खेलाडीलाई शैल्यशिखर नगरपालिकाले सम्मान गरेको छ । कुस्तीको ५५ केजी तौल समूहमा नेपाललाई स्वर्ण दिलाएकी संगीता धामीलाई शैल्यशिखर नगरपालिकाले बिहीबार गोकुलेश्वरमा १ लाख ५ हजार रुपैयाँसहित सम्मान गरेको हो ।

कुस्तीकी स्वर्णधारी संगीता अहिले कञ्चनपुरको भीमदत्त नगरपालिका-३ मा बस्छिन् । उनको पुर्ख्यौली घर दार्चुलाको मालिकार्जुन गाउँपालिका-४ हुनैनाथ हो । संगीताले अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेर दार्चुलाको शिर उँचो पारेकाले उनलाई सम्मान गरिएको शैल्यशिखर नगरपालिकाका प्रमुख अमरसिंह धामीले बताए ।

सम्मानित खेलाडी संगीताले आफ्नो प्रतिभालाई कदर गर्दै पुर्ख्यौली ठाउँमा सम्मान हुँदा धेरै खुसी लागेको सुनाइन् ।

# बालुवाटार विजेता

काठमाडौं (कास)- सुमन उदय र सोनु तामाङको अर्धशतकमा बालुवाटार क्रिकेट क्लबले महावीर क्रिकेट क्लबलाई ६ विकेटले पराजित गरी काठमाडौं जिल्ला क्षेत्र छनोट प्रतियोगिता जितेको छ ।

मूलपानी मैदानमा बिहीबार फाइनलमा टस हारेको महावीर ४६.१ ओभरमा १ सय ५८ रनमा अलआउट भयो । सुमनले ५० र सोनुले अविजित ५२ रन बनाएपछि बालुवाटारले ३८.४ ओभरमै लक्ष्य पूरा गर्‍यो । रिटायर्ड हर्ट हुनुअघि सुमनले ८२ बल खेल्दै ७ चौका प्रहार गरे । अर्का ओपनर सन्जय श्रेष्ठलाई शून्यमा गुमाए पनि सुमनले प्रवीण जोशी (२२) सँग दोस्रो विकेटमा ६३ रन जोडे । अविनाश सिंह ११ रनमा आउट भए । राष्ट्रिय टोलीका ओपनर सुवास खकुरेललाई दीपेन्द्र मैनालीले शून्यमा कट एन्ड बोल्ड गरे । विजयी रन छक्का प्रहार गर्दै अर्धशतक पूरा गरेका सोनुले ५८ बल खेल्दा ६ चौका र २ छक्का प्रहार गरे । महावीरका चन्द्रकुमार बुढा, ज्योति भण्डारी, दीपेन्द्र र जितेन्द्रसिंह ठकुरीले १-१ विकेट लिए ।

यसअघि विवत्सु थापाले ६७ रन बनाएपछि महावीरले चुनौतीपूर्ण स्कोर बनाएको थियो । ईपीएलको फ्रेन्चाइज टोली ललितपुर प्याट्रियट्समा परेका विवत्सुले १ सय ४९ बल खेल्दै ६ चौका र १ छक्का प्रहार गरे । अर्का ओपनर रविन जोशीले २१ रन बनाए । दीपेन्द्रले २३ र कप्तान सन्जम रेग्मीले १३ रन बनाए । बालुवाटारका सोनुले ४, सुमनले ३, अविनाश बस्याल, सन्जय र सक्षम काफ्लेले १-१ विकेट लिए । सोनु म्यान अफ द फाइनल र सुमन म्यान अफ द सिरिज भए । न्यु भिजनका नरेश चन्द उत्कृष्ट ब्याट्सम्यान, केसीटीसीका उज्ज्वल थापा उत्कृष्ट बलर चुनिए ।


MetLife

तपाईंसँगै जीवनमा अघि बढ्दै

बोनस दर प्रति हजार
रु.८५ सम्म

अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीको आ.व.२०७५/०७६ (१७ जुलाई २०१८ देखि १६ जुलाई २०१९) सम्मको बीमाङ्कीय मूल्यांकन अनुसार मुनाफामा सरिक हुने सम्पूर्ण जीवन बीमालेखहरुको लागि उक्त अवधिको प्रति वर्ष प्रति हजार बीमाङ्कमा निम्नानुसार बोनसदर निर्धारण भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दछौं ।

| बीमा योजना | बीमा अवधि (वर्ष) | बोनस | बीमालेख संख्या |
|---|---|---|---|
| सावधिक जीवन बीमा (Endowment Plan) | १-१५ | ६५ | ८,८२८ |
| | १६-२० | ७० | २,३७६ |
| | २१ वा सो भन्दा माथी | ८० | ४८८ |
| शिक्षा संरक्षण योजना (Education Protection Plan) | १-१५ | ६५ | ३४,०४० |
| | १६-२० | ७५ | १४,२०५ |
| | २१ वा सो भन्दा माथी | ८५ | २,२४६ |
| तीन किस्तामा भुक्तानी योजना (Three Payment Plan) | १-१५ | ५० | ३५,५८२ |
| | १६-२० | ६० | ५,०८७ |
| | २१ वा सो भन्दा माथी | ७० | ३,८८८ |

उपरोक्त अनुसारको बोनसदर मृत्यु दावी, समर्पण मूल्य दावी, चुक्ता मूल्य दावी, अवधि भुक्तानी दावी र चालू बीमालेखहरुमा लागू हुनेछ । साथै अर्को बीमाङ्कीय मूल्यांकन अनुसार बीमा समितिबाट अर्को व्यवस्था गर्न स्वीकृति नभएसम्म उल्लेखित दावीहरुमा समेत सोही बोनसदर लागू हुनेछ ।

अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी
नारायणी कम्प्लेक्स, पुल्चोक, पो. ब. नं. ११५९० फोन नं. ९७७-१-५५५५१६६
ईमेल: service-nepal@metlife.com.np, वेब: www.metlife.com.np



NepalHomes.com

8TH REAL ESTATE EXPO 2020

16-19 APRIL 2020 | 4-7 BAISHAKH 2077
BHRIKUTIMANDAP, KATHMANDU

BOOK YOUR SPACE NOW

EXHIBITOR'S PROFILE:
Land & Housing Developers; Property and Site Operators: Commercial, Hospitals, Parking space; Economic Regions: Regions, Cities, Municipalities; Professional institutes; Real Estate Agents; Financial Institutes; Insurance; Builders; Contractors; Urban Planners; Architects & Engineers; Valuators & Surveyors; Vastu/ Fengshui; Interior & Exterior Designers; Construction Materials; Paints and Construction Chemicals; Home appliances; Furniture & Furnishing; Decorative; Security & AI Systems

ORGANIZED BY: | JOINTLY MANAGED BY: | SALES & MARKETING PARTNER: | MEDIA PARTNERS:

FOR REGISTRATION & INFO:
BLUE BIRD MALL, THAPATHALI | exporealestate.np@gmail.com
+977-01-6200561 | MR. DEEPAK THAPA, 9851085785
MR. RAKESH MAHATO, 9843215499 | MR. RAMESH THAPA, 9841937024

# आर्मीमाथि मनाङको लय

**दीपक परियार** (पोखरा)

आहा-रारा गोल्डकप फुटबलको फाइनलमा मनाङ मर्स्याङ्दी र पुलिस क्लब फेरि भिड्ने भएका छन् । पोखरा रंगशालामा बिहीबार त्रिभुवन आर्मीलाई ३-२ ले हराएपछि मनाङले १८ औं संस्करणमा पुलिससँगको उपाधि भिडन्त पक्का गरेको हो । आहा-रारा गोल्डकपमा मनाङ र पुलिसको यो तेस्रो फाइनल भेट हुनेछ ।



१८ औं आहा-रारा गोल्डकपमा बिहीबार मनाङका अञ्जन विष्टलाई रोक्न खोज्दै आर्मीका खेलाडी (हरियो) । *तस्बिर : दीपक/कान्तिपुर*

प्रतिस्पर्धात्मक खेलमा मनाङले सुरुमै अग्रता लियो । मनाङका लागि चौथो मिनेटमै विदेशी खेलाडी फोरेन्टले गोल गरे । सुशील लामाको कर्नर प्रहार आर्मीका डिफेन्सले हेड गरेर क्लियर गर्न खोज्दा मनाङका अन्जन विष्टले भेटे । त्यो बल अन्जनले फोरेन्टलाई मिलाइदिएका थिए । खेलको २९ औं मिनेटमा विमल रानाले गोल गर्दै मनाङलाई २-० को स्पष्ट अग्रता दिलाए । अञ्जनकै पासमा विमल गोल गर्न सफल भए । अनमार्क विमलले सेकेन्ड बार च्याप्दै गरेको प्रहार आर्मीका गोलरक्षक विवश चौधरीले रोक्ने मौका पाएनन् ।

कप्तान भरत खवासले गोल गर्दै आर्मीलाई खेलमा फर्काए । खेलको ४२ औं मिनेटमा उनले गोल गरेका थिए । सुमन अर्यालको क्रसमा नवयुग श्रेष्ठले उपलब्ध गराएको हेडरमा कप्तान भरतले हेड गोल नै गरेका हुन् ।

दोस्रो हाफमा आर्मीले सुधारिएको खेल प्रदर्शन गरे पनि स्कोरिङमा समस्या देखियो । निरन्तर दबाब बनाइरहेको मनाङले दोस्रो हाफमा गोल थप्दै अन्तर फराकिलो बनायो । अञ्जनले गोल गर्दै खेल ३-१ को अवस्थामा पुऱ्याए । खेलको ८१ औं मिनेटमा विमलको पासमा विपक्षी गोलरक्षकलाई बिट गर्दै अञ्जनले मनाङको जित सुनिश्चित गरेका हुन् । आर्मीका विकास तामाङको गल्तीमा काउन्टर एटयाक गर्दै विमलले मिलाइदिएको पास बलमा अन्जनले वान भर्सेस वानको अवस्थामा गोल गरेका थिए ।

त्यो गोलको खुसी धेरैबेर भने टिक्न सकेन । आर्मीले कमब्याक गऱ्यो । ८३ औं मिनेटमै आर्मीका दीपकुमार लामाले गोल गरे । वैकल्पिक खेलाडी टंक बस्नेतको क्रसमा अनमार्क दीपले सेकेन्ड बार च्यापेर बललाई पोस्टको दिशा दिएका थिए । उनको गोलपछि पनि मनाङ अग्रता ३-२ रहिरह्यो । त्यसपछि आर्मीको प्रयास सफल हुन सकेन । मनाङका फोरेन्टले म्यान अफ द म्याच घोषित हुँदै ५ हजार रुपैयाँ पाए ।

चारपल्ट फाइनल पुगे पनि उपाधि उचाल्ने नपाएको आर्मी यसपल्ट पनि पोखराको मैदानमा अभागी ठहरियो । चार वर्षअघि मनाङसँग फाइनलमै पराजित साबिक उपविजेता आर्मीले जारी संस्करणमा सेमिफाइनलबाटै यात्रामा विराम लगाउनुपऱ्यो । राष्ट्रिय खेलाडीले भरिपूर्ण टिम भए पनि आर्मी डिफेन्समा निकै कमजोर देखियो । एकपछि अर्को मुभ बनाएको आर्मीका डिफेन्सले प्रभावशाली प्रदर्शन गर्न सकेन । जसको फाइदा मनाङले लियो । आर्मीले केही अवसर नपाएको भने होइन । १९ औं मिनेटमै कप्तान भरत खवासको प्रहार मनाङका गोलरक्षक सोजित गुरुङले बचाउ गरे । २२ औं मिनेटमा सन्तोष तामाङको फ्रिकिकमा जर्जप्रिन्स कार्कीको प्रहार आकासियो ।

आर्मीका प्रशिक्षक नवीन न्यौपानेले डिफेन्स कमजोर हुँदा हार बेहोर्नुपरेको स्वीकारे । 'हाम्रो डिफेन्समा ल्याकिङ देखियो,' उनले भने, 'पहिलो गोलल दबाब पनि थपियो ।' मिडफिल्डमा सन्तोष तामाङ डिपमा खेल्दा उनको स्थान कमजोर भएको उनले स्पष्ट पारे । भने, 'मनाङको टाइट मार्किङलाई भत्काउन नसक्दा कमब्याक गर्ने कोशिश गर्दागर्दै पनि चान्सेस मिस भयो ।' मनाङका प्रशिक्षक फुजा टोपेले म्याच निकै टफ भएको प्रतिक्रिया दिए । आर्मी सम्मानजनक टिम भएकाले आफ्नो जितले खुसी दिलाएको उनले सुनाए । यसअघि बुधबार पहिलो सेमिफाइनलमा नेपाल पुलिस क्लबले साबिक विजेता थ्रीस्टारलाई पराजित गर्दै फाइनलमा स्थान बनाएको छ । योसँगै मनाङ १० औंपल्ट र पुलिस नवौंपल्ट फाइनल पुगेका हुन् । आहा-रारामा दुवैले ५-५ पल्ट उपाधि जितेका छन् ।

## छोटकरी

### स्टचान्डिङ कमिटीमा २२ नेपाली

काठमाडौं (कास)- विश्व तेक्वान्दो एसिया स्टचान्डिङ कमिटीले आफ्नो विभिन्न उपसमितिमा नेपालका २२ तेक्वान्दोकर्मीलाई चयन गरेको छ । नेपाल तेक्वान्दो संघको सिफारिसका आधारमा तेक्वान्दो संघका पदाधिकारीहरूलाई विभिन्न कमिटीमा चयन गरिएको बताइएको छ । यसैबीच नेपाल तेक्वान्दो संघले गण्डकी प्रदेशमा चैत १९ देखि २३ सम्म हुने तेस्रो माउन्ट एभरेस्ट ओपन तेक्वान्दो च्याम्पियनसिप स्थगित गरेको छ । विश्वव्यापी फैलिरहेको कोरोना भाइरसका कारण प्रतियोगिता स्थगित गरिएको संघले जनाएको छ ।

### खुमलटार-टुसाल बराबर

काठमाडौं (कास)- सहिद स्मारक 'बी' डिभिजन लिगमा विहीबार खुमलटार युवा क्लब र टुसालले २-२ खेल्दै अंक बाँडेका छन् । मोहित गुरुङले टुसाललाई सातौं मिनेटमै अग्रता दिलाए पनि महेश राई र कप्तान सविन केसीले पहिलो हाफमै गोल गरेपछि खुमलटार २-१ ले अघि बढेको थियो । टुसालका सन्तोष दाहालले ६२ औं मिनेटमा गोल गर्दै खेल बराबरी गरेका थिए ।


## भर्ना सम्बन्धि सूचना

प्रकाशित मितिः २०७६/११/३०

त्रि.बि.चि.शा. अध्ययन सस्थान, डीनको कार्यालयको सूचना अनुसार शै.स. २०७६/०७७ का स्नातक तहका विभिन्न कार्यक्रमहरु (BDS, BPH, B. Pharmacy, B.Sc. MIT, B.Sc. MLT, B.Sc. Nursing, BNS) मा अध्ययनका लागि चितवन मेडिकल कलेज, भरतपुर मा सिटहरु खाली रहेको हुदाँ उक्त सिटहरुमा भर्ना हुन ईच्छुक बिद्यार्थीहरुलाई मिति २०७६ चैत्र ०२ गते, आईतबारसम्म सम्पर्क गर्नुहुन सम्वन्धित सम्पुर्ण विद्यार्थीहरुलाई अनुरोध गरिन्छ ।

**त्रि.बि.चि. शा. अध्ययन सस्थानको एक शैक्षिक कार्यक्रमको प्रवेश परिक्षा उतिर्ण भएका बिद्यार्थीहरुले प्रवेश योग्यता मिल्ने अर्को कार्यक्रममा भर्ना हुन पाईने छ ।**

CMC **चितवन मेडिकल कलेज**
०५६-५२०१७२, ९८०२९५५१४८ कलेज प्रशासन, भरतपुर- ५ (कैलाशनगर), चितवन


# जावलाखेल विजयी



बल पछ्याउँदै जावलाखेलका सुजित बुढाथोकी (रातो) र कर्साङका गणेश लिम्बू ।

**ओमप्रकाश ठाकुर** (सर्लाही)

वाग्मतीमा जारी चौथो राजर्षि जनक कप फुटबल प्रतियोगितामा बिहीबार सम्पन्न क्वाटरफाइनलमा प्रभु जावलाखेल युथ क्लब विजयी भएको छ । जावलाखेलले पाहुना टोली दार्जिलिङस्थित युनाइटेड कर्साङ फुटबल क्लबलाई २-० गोलले हराएर सेमिफाइनल यात्रा तय गरेको हो ।

सुरुदेखि जावलाखेलले खेलमा पकड जमाएको थियो । त्यसको फाइदा उनीहरूले उठाए । जावलाखेलको जितमा रुपबहादुर लामा र फोफोनाले गोल गरेका थिए । १३ औं मिनेटमा पाहुना टोलीका प्रशान्त राईबाट बल खोस्दै रुपबहादुरले बक्सबाहिरबाट गरेको प्रहार पोस्टमा छिरेको थियो । सुरुमै गोल खाएपछि कर्साङ टोली दबाबमा पऱ्यो । त्यसपछि कर्साङ आक्रामक ढंगमा उत्रिए पनि गोल सफल भएन । तीन विदेशी खेलाडीसहित मैदानमा रहेको जावलाखेलको आक्रामक प्रस्तुतिमा दर्शकले पनि भरपूर आनन्द उठाए । जावलाखेलको बलियो डिफेन्सलाई युनाइटेडले जति प्रयास गरे पनि चिर्न सकेन ।

त्यसपछि युनाइटेडले ६७ औं मिनेटमा अर्को गोल सामना गर्नुपऱ्यो । जावलाखेलको तर्फबाट सुजित बुढाथोकीले मिलाइदिएको पासमा विदेशी खेलाडी फोफोनाले गोल गरे । युनाइटेडका खेलाडीको धेरैजसो प्रहार जावलाखेलका गोलकिपर टेकेन्द्र थापाले बचाए । ७३ औं मिनेटमा युनाइटेडका करण राईले जावलाखेलका डिफेन्स बिट गर्दै लगेको बललाई पोस्टको दिशा दिन सकेनन् । जावलाखेलले सिक्किमको कञ्चनजंघा फुटबल क्लबसँग शनिबार दोस्रो सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ । म्यान अफ द म्याच जावलाखेलका रुपबहादुर लामा भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । शुक्रबार सेमिफाइनलमा पुलिस क्लब र सुदूरपश्चिमबीच प्रतिस्पर्धा हुनेछ ।


## निस्ट

**नेसनल मोडेल कलेज फर एडभान्स लर्निङ (NMCAL)**
खुसिबु, नयाँबजार, काठमाण्डौ

**ब्याचलर इन फार्मेशी (B. Pharmacy) मा केहि रिक्त सिटमा भर्ना सम्बन्धि अन्यन्त जरुरी सुचना**

IOM अन्तर्गतको को B. Pharmacy वा सो सरहको MBBS, BDS, BAMS, B. Sc. Nursing, B. Sc. MLT, B. Sc. MIT लगायत प्रबेश परीक्षामा उर्तिण गरि हाल सम्म पनि भर्ना नभएका बिद्यार्थीहरुलाई IOM को सुचना अनुसार मिति २०७६ चैत्र ०२ गते भित्र निवेदन दिई यस कलेजमा सम्पर्क गरि भर्ना हुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीका लागि
iomexam.edu.np, 4360096, 9841421401







कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा



# फाइट नाइट








शब्द/तस्बिर
प्रकाशचन्द्र तिमिल्सेना
coolprakash_2006@yahoo.com

नेपालमा भर्खरै फाइट कल्चर सुरु भएको छ। गत शनिबार जिमखाना मुवाथाईले ठमेलको एलओडीमा फाइट नाइट आयोजना गरेको हो। यो फाइटको तेस्रो संस्करण हो। फाइट हेर्न दर्शकको भीड थियो। त्यसमा पनि युवा पुस्ता बढी थिए। मुवाथाई र बक्सिङका चार/चार फाइट खेलाइएको थियो। जसमा भारत र थाइल्यान्डका एक/एक जनासहित १६ जनाको सहभागिता थियो।

मुख्य इभेन्टको मुवाथाईका ६० केजी तौलमा नेपालका करण वज्राचार्य र थाइल्यान्डका फाफायाओ सोरसोरजिराडेजको खेल प्रमुख आकर्षण थिए। फाफाओले करणलाई घाइते बनाउँदै जित आफ्नो पोल्टामा पार्न सफल भए। सहायक इभेन्टअन्तर्गतको बक्सिङमा ६५ केजी तौलमा नेपालका मनीष डंगोल (डाँकु) ले भारतका शिव कुमारलाई पहिलो चरणमै नकआउट गरे।

प्रत्येक फाइटको विजेताले २५ हजार र उपविजेताले २५ हजार नगद पुरस्कार हात पारे। उक्त खेल पाँच राउन्डमा खेलाइएको थियो। हरेक राउन्ड तीन मिनेटको थियो। जिमखाना फाइट नाइटको मुख्य आयोजक जिमखान मुवाथाई हो। नेपाल नेसनल मुवाथाई एसोसिएसन र बक्सिङ एसोसिएसन सहआयोजकका रूपमा थिए।

'हाम्रो नेपालमा पैसा तिरेर खेल हेर्न जाने चलन नै छैन,' जिमखाना फाइट नाइटका कोफउन्डर राहुल मोक्तान भन्छन्, 'हामी यसलाई कल्चरका रूपमा अघि बढाउन चाहन्छौं।' उनी थप्छन्, 'फाइट गेमको करियर बनाउन चाहने फाइटरलाई प्लेटफर्म दिन र अन्तर्राष्ट्रिय बजारमा लैजानका लागि यो सुरुवात गरिएको हो।' राहुलका अनुसार अबको योजना महिला फाइट गर्ने र अन्तर्राष्ट्रिय फाइट गराउने हो। तीन/तीन महिनामा फाइट नाइटको आयोजना हुँदै आएको छ।







# नेपाली जेट बोट

सप्तकोसीमा तीन वटा जेट बोट सञ्चालनमा छन्, तीनमध्ये एकचाहिँ नेपाली इन्जिनियरको समूहले तयार पारेको जेट बोट हो । १ करोड ५० लाख रुपैयाँमा बनेको जेट बोटमा एकपटकमा ३० जना अटाउन सक्छन् । पहिलोपटक जेट बोट बनेकाले सगरमाथाको उचाइबाट '८८४८-जेट बोट' नामकरण गरिएको निर्माणकर्ताहरूको भनाइ छ ।




■ सीमा तामाङ
tamangseema99@gmail.com

काठमाडौंका अभिषेक कार्की, तेह्रथुमका सुमन खत्री, लेखराज र रोहित रिजालको टोली गत वर्ष चतरा घुम्न गएको थियो । सप्तकोसी तर्ने क्रममा उनीहरूले जेट बोटमा यात्रा गरे । त्यसको एक महिनापछि फेरि उनीहरू चतरा जानुपर्ने भयो । सप्तकोसीमा चल्ने जेट बोट मर्मत गर्नुपर्ने अवस्थामा थियो । उनीहरूले जेट बोट मर्मत गर्ने प्रस्ताव गरे र बनाउन समय खर्चिए । उक्त जेट बोट बनाउँदा उनीहरूलाई पनि जेट बोट बनाउने रहर पलायो किनकि उनीहरूले त्यसअघि नै खुट्टाले चल्ने (प्याडल बोट) बनाएर केही अनुभव बटुलिसकेका थिए ।

आठ महिनाको अध्ययन र अनुसन्धानपछि गत वर्ष चैतमा उनीहरूले जेट बोट नै तयार पारे । ०७५ को चैत १६ गते बोटको पहिलो परीक्षणपछि यो वैशाखदेखि सप्तकोसीमा नेपालमै बनेको जेट बोट चल्न थालेको हो ।




'इन्जिन र जेटबाहेक सबै सामान नेपालको हो,' इन्जिनियर कार्कीले भने, 'बोटको डिजाइन हामी आफैंले बनाएका हौं ।' सिंगापुरबाट स्टाटर मोटर भएको मरिन इन्जिन र जेट मगाएर बोटलाई चाहिने अन्य अंगहरू नेपालमै बनाएको थियो ।

बाहिरबाट ल्याउँदा इन्जिन र बोटको मूल्य ८० लाख रुपैयाँ पर्‍यो । उक्त इन्जिनको क्षमता २९५ एचपी छ भने बोटको स्पिड ३५ नट छ । एक नट बराबर ६५ किलोमिटर प्रतिघण्टा गति हुन्छ । जीडीएस फाइबर वर्ल्डका सञ्चालक काठमाडौंका कार्की, तेह्रथुमका खत्री, जयलक्ष्मी फाइबर वर्ल्डका सञ्चालक रिजालद्वय हुन् । दुवै कम्पनी फाइबर ग्लाससँग सम्बन्धित काम गर्छन् ।

उक्त कम्पनी फाइबरको डमी, गमला, वाटर पार्कका सामग्री बनाउँछन् । चार जनाको समूहमा अभिषेक डिजाइनको काम गर्छन् । रोहित मेटलसँग सम्बन्धित काम गर्छन् । बाँकी निर्माणको जिम्मेवारी सुमन र लेखनाथले गर्छन् । भारतमा मेकानिकल इन्जिनियरमा डिप्लोमा गरेका लेखराजले उतै काम गर्नेसमेत मौका पाएका थिए ।

एक वर्षअघि प्याडल बोट निर्माण गर्ने क्रममा इन्जिनियरद्वय सुमन र लेखनाथको भेट भएको थियो । 'एउटै काम गर्ने भएपछि प्रतिस्पर्धाभन्दा पनि मिलेर गरौं भनेर हामीले प्याडल बोटको काम गर्‍यौं,' इन्जिनियर लेखनाथले भने, 'त्यहीँबाट सुरु भएको हाम्रो समूह अहिले पनि जेट बोट, ओबीएम बोटमा काम गर्दै छौं ।' एक वर्षमा एउटा जेट बोटसँगै सात वटा ओबीएम बोट निर्माण गर्न सकेपछि उनले कामले गति लिइरहेको सुनाए ।

त्यस्तै रोहित पनि भारतमै मेटलसँग सम्बन्धित डिप्लोमा गरेर आएका हुन् । उनी १४ वर्ष उतै बसेर पढाइसँगै मेटल अर्थात् फलामसँग सम्बन्धित काम पनि गरेका थिए । बाहिरबाट ल्याएर मात्र चलाइने जेट बोट नेपालमै पनि बनाउन सकिने उनले बताए ।

काठमाडौं विश्वविद्यालयबाट बी टेक गरेका कार्की र खत्री पाँच वर्षदेखि फाइबर ग्लाससँग सम्बन्धित काम गर्दै आएका छन् । 'जेट बोट पहिलोपटक भए पनि प्याडल बोट निर्माण र जेट बोटसमेत मर्मत गरिसकेका थियौं,' उनले भने । 'विदेशबाट डिजाइन गरेर ल्याइएको बोट समुद्रमा चल्ने गरी बनाइएको हुने उनले बताए । नेपालको नदीनालामा कतै धेरै पानी कतै थोरै, बालुवा, ढुंगाको समिश्रण भएकाले त्यसअनुसारको अध्ययनलाई जोड दिएर जेट बोट बनाउने उनले बताए ।

यही समूहले अर्को नयाँ 'ओबीएम बोट' पनि सञ्चालनमा ल्याइसकेको छ । ओबीएम भन्नाले 'आउट बोर्ड मोटर' हो । ओबीएमको बोटभन्दा बाहिर इन्जिन राखिन्छ । ओबीएम बोटको नाम माउन्ट मकालु राखेका छन् । यो बोट चलाउनका लागि ३ फिटभन्दा बढी पानी हुनुपर्छ । जेट बोट कम पानी भएको ठाउँमा पनि चलाउन सकिन्छ भने ओबीएमलाई धेरै पानी चाहिन्छ । अहिले कर्णालीका लागि दुई वटा जेट बोट र दुई वटा ओबीएम बोट निर्माण गरिरहेका छन् ।

> ६ देखि ८ फिट गहिरो नदीमा कुद्ने यो जेट बोट समुद्रमा पनि सहजै कुद्न सक्छ । सप्तकोसी टुरिजम एन्ड वाटर ट्रान्सपोर्टेसन कम्पनीले सञ्चालनमा ल्याएको जेट बोटको तौल ३ टन छ । यो बोट चतरा हुँदै भोजपुरको सिम्लेसम्म पुग्छ ।

---

# चितवन : सौराहा मात्रै होइन

■ विमल खतिवडा
tiwitter : @Bimaltirpali

चितवनमा घुम्ने ठाउँ भन्नेबित्तिकै प्रायः ले सम्झिने गन्तव्य हो सौराहा । यो स्थान देशकै लागि पनि मुख्य पर्यटकीय गन्तव्यमा पर्दछ । चितवन राष्ट्रिय निकुञ्जमा संरक्षित एकसिंगे गैंडा मुख्य आकर्षण हो । चितवनमा घुम्ने र रमाउने ठाउँ अरू पनि छन् । गाउँदेखि सहरी जनजीवनलाई यहाँ सजिलै देख्न सकिन्छ । त्यस्ता गन्तव्यमा पुग्दा समय बितेको पत्तो पाइँदैन । भरतपुर महानगरका पर्यटन विज्ञ विश्व सुवेदीका अनुसार संघीय सरकारले छनोट गरेको नेपालका १ सय गन्तव्यमा चितवनका सोमेश्वरगढी, बीस हजारी ताल र पटिहानी परेका छन् । स्थानीयस्तरबाट ६० वटा पर्यटकीय गन्तव्यको पहिचान गरिएको छ । यीमध्ये चितवनका ७ गन्तव्य :



## इच्छाकामना

चिसो ठाउँ । घमाइला डाँडापाखा । इच्छाकामना मन्दिरबाट देखिने लस्करै हिमशृंखला । यस्ता दृश्यले सबैलाई लठ्याउँछ । इच्छाकामना गाउँपालिकामा पर्ने यो ठाउँ समुद्री सतहबाट १८ सय मिटरको उचाइमा छ । फागुन-चैतमा फुल्ने लालीगुराँसले वरिपरिको वातावरण रंगीन बनाउँछ । यो बेला घुम्न आउनेको जमात बाक्लो हुन्छ । जिप, मोटरसाइकल लिएर फिस्लिङबाट २ घण्टाको यात्रामा पुग्न सकिन्छ इच्छाकामना । सूर्योदयसँगै यो ठाउँबाट मनास्लु, माछापुच्छ्रे, गणेश हिमाल देखिन्छन् । मुग्लिनबाट पैदल हिँडेर करिब ५ घण्टामा पुगिन्छ यहाँ ।

## लामो झरना

मुग्लिन बजारबाट नारायणगढतर्फ लागेपछि ७ किमि दूरी छिचोल्नसाथ पुग्ने ठाउँ हो जलवीरे । गर्मी मौसममा धेरैले यो ठाउँलाई गन्तव्य बनाउन बिर्सँदैनन् । मुग्लिन-नारायणगढ सडक खण्डमा पर्ने जलवीरेबाट करिब आधा घण्टा उकालो पैदल हिँडेपछि झरना पुगिन्छ । झरना छेउसम्म जिप, मोटरसाइकल सहजै पुग्छ । १०२ मिटर लामो झरनामा जो पुग्छ, घन्टौं भुल्छ । थकान मेटिएको अनुभूति गर्छ । गर्मी मौसममा अघिपछिभन्दा बढी भीड हुन्छ । पछिल्लो समय यहाँ फिल्म र म्युजिक भिडियो छायांकन गर्ने बढेका छन् । त्रिशूलीमा र्‍याफ्टिङ गर्न आउनेहरू यहाँ क्यानोनिङ गर्छन् ।





## पटिहानी

भरतपुर महानगरपालिका-२२ मा रहेको पटिहानी सूर्योदय र सूर्यास्तको दृश्य नियाल्नका लागि आकर्षक गन्तव्य हो । यो क्षेत्रको पर्यटन विकास गर्न स्थानीय सक्रिय छन् । यहाँ बनाइएको 'अम्रेला स्ट्रिट' ले सबैको ध्यान तानेको छ । जहाँ ५ सय छाता राखिएको छ । नजिकै चितवन निकुञ्ज पर्छ । सीतामाई देवालय, कमलपोखरी यही क्षेत्रमा पर्छ । ठूला ३ वटा र साना २५ होटल छन् । होटल थपिरहेको छ । राप्ती किनारमा बसेर साँझबिहान रमाउँदै थारू र बोटे संस्कृति नियाल्न सकिन्छ । नदी किनारमा चरिरहेका हरिण, मृग र हिँडिरहेका गैंडाले ध्यान खिच्छ ।

## उपरदाङगढी

चितवनको पुरानो सदरमुकाम हो उपरदाङगढी । पृथ्वीनारायण शाहका पनाति शत्रुभञ्जन शाहले किल्ला निर्माण गरी गढीको संरचना बनाएको मानिन्छ । यहाँबाट २०१४ सालमा सदरमुकाम भरतपुर सारिएको हो । सडकको पहुँच भएपछि यहाँ घुम्नेको भीड बढेको हो । पैदलै पुग्नेहरू पनि हुन्छन् । यहाँ एक रात बिताएर सूर्योदय नियाल्नुको छुट्टै मज्जा छ । वरिपरिका अग्ला पहाडले मन लोभ्याउँछ । ऐतिहासिक थलो भएकाले यहाँ पुराना पर्खाल, ढोकालगायत संरचनाको संरक्षण गरिएको छ । समुद्री सतहबाट १,२७५ मिटर उचाइमा रहेको यो गन्तव्य शक्तिखोरबाट करिब ५ किमि टाढा पर्छ ।



## मेघौली

मेघौली भरतपुरबाट २५ किमिमा पर्दछ । यो चितवन राष्ट्रिय निकुञ्ज तथा दुई ठूला नदी राप्ती र नारायणी नदीले घेरिएको सुन्दर टापुका रूपमा रहेको छ । थारू, कुमाल र मुसहरको संस्कृति यहाँ हेर्न सकिन्छ । मेघौली सामुदायिक वनको साढे ५ सय बिघामा राइनो पार्क निर्माण थालिएको छ । यही ठाउँमा मेघौली विमानस्थल छ । यो ठाउँबाट सहजै गैंडा देख्न पाइन्छ । जल यात्राका लागि गोलाघाट उपयुक्त गन्तव्य हो । साँझपख राप्ती र नारायणीको संगमस्थल गोलाघाटमा सूर्यास्तको दृश्यले मनमोहक पार्छ । जंगल सफारी सुरु गरिएको क्षेत्र पनि मेघौली नै हो ।





## सिराइचुली

पृथ्वी राजमार्गको हुग्दीबाट १४ किमि गाडी यात्रापछि सिराइचुलीको फेदी पुगिन्छ । समुद्री सतहबाट १,९४५ मिटर उचाइमा अवस्थित यो ठाउँ सूर्योदयको दृश्यावलोकनका लागि चर्चित छ । त्यसैले यहाँ एक रात बस्ने गरी जानु राम्रो हुन्छ । हात्तीबाङमा १० वटा होमस्टे छन् । यहाँबाट करिब ९० मिनेट पैदल हिँडाइमा सिराइचुलीको चुचुरो पुगिन्छ । सिराइचुलीबाट चेपाङ हिल देखिन्छ । जंगल र चराचुरुङ्गीको आवाजले मन प्रफुल्लित बनाउँछ । लालीगुराँस फुल्ने समयमा यहाँको जंगल सुन्दर देखिन्छ । ऐंसेलु र काफलको स्वाद लिन पाइन्छ ।

## सोमेश्वरगढी

माडी नगरपालिका ५ स्थित सोमेश्वरगढी भरतपुरबाट ५० किमि दूरीमा पर्छ । नगरपालिकाको सक्रियतामा राष्ट्रियस्तरका मूर्तिकार जम्मा गरेर ५० बढी ढुंगामा विभिन्न देवदेवीका मूर्ति कुँदिएको छ । यो नेपाल र भारतको सीमा पनि हो, जहाँ सोमेश्वर कालिकाको मन्दिर छ । चैते दसैं र ठूलो दसैंमा मेला लाग्छ । साना गाडी र मोटरसाइकल सहज रूपमा गढीसम्म पुग्छन् । लुम्बिनीमा जस्तै यहाँ पुरातात्त्विक वस्तुहरू पाइन्छन् । मूर्ति स्थापनापछि यहाँ आन्तरिक पर्यटक बढेको हो । यहाँबाट माडी र भरतपुरलाई हेर्न सकिन्छ । समुद्री सतहबाट १३०० मिटरमा रहेको यहाँ पाल्पाका राजा मंगलसेनले गढी बनाएको भनिन्छ ।




# पुरानो फोनलाई यसरी बनाउनुस् सीसीटीभी

■ हेलो शुक्रबार
hellosukrabar@gmail.com

केही वर्षमै स्मार्टफोन फेर्ने चलन बढ्दो छ । बजारमा आइरहने नयाँ-नयाँ फिचरसहितका स्मार्टफोनले प्रयोगकर्तालाई धेरै विकल्प दिएको छ । झन् अहिले त सस्तो मूल्यमा राम्रा फिचर भएका स्मार्टफोनहरू पाइन थालेको छ जसका कारण प्रयोगकर्तालाई पुरानो स्मार्टफोनले वर्षौं काम चलाउनुपर्ने बाध्यता छैन । नयाँ स्मार्टफोन किनेपछि पुरानोचाहिँ के गर्ने ?

बजारमा सस्तो र मध्यम मूल्यमा स्मार्टफोन पाइन थालेपछि पुरानो स्मार्टफोन खरिद गर्ने ग्राहक भेट्न पनि अब मुस्किल पर्न थालेको छ । नयाँ स्मार्टफोन लिएपछि पुरानोलाई के गर्ने भन्ने चिन्ता सधैं हुन्छ । पुरानो स्मार्टफोनलाई सदुपयोग गर्ने विभिन्न तरिका छन् । पुरानो स्मार्टफोन परिवारका कम उमेरका सदस्यलाई चलाउन दिने चलन पनि छ । तर, सधैं यस्तो अवस्था नहुन सक्छ ।

पुरानो फोनलाई सदुपयोग गर्ने धेरै तरिकामध्ये त्यसलाई सीसीटीभीका रूपमा प्रयोग गर्ने विकल्प पनि एक हो । पुरानो स्मार्टफोनलाई घरमा सीसीटीभीका रूपमा राख्ने र आफू जहाँ भए पनि घरको अवस्था भिडियोमार्फत हेर्न सकिने यो उपाय उत्तम पनि छ ।



तस्बिरहरू : एजेन्सी



> पुरानो फोनलाई सदुपयोग गर्ने धेरै तरिकामध्ये त्यसलाई सीसीटीभीका रूपमा प्रयोग गर्ने विकल्प पनि एक हो ।

पुरानो स्मार्टफोनलाई सीसीटीभी बनाउन कुनै रकम खर्चिनु पर्दैन । मात्र घरमा निरन्तर वाईफाई सुविधा भए पुग्छ । प्लेस्टोर वा आईओएस स्टोरबाट सीसीटीभीको सुविधा दिने एप डाउनलोड गरे पुग्छ । स्मार्टफोनलाई सीसीटीभीका रूपमा प्रयोग गर्न धेरै निःशुल्क एपहरू पाइन्छन् । तीमध्ये अल्फ्रेड एप पनि एउटा विकल्प हो । निःशुल्क र सशुल्क दुवै तरिकाले यसलाई प्रयोग गर्न सकिन्छ ।

स्मार्टफोनलाई सीसीटीभीका रूपमा प्रयोग गर्न उक्त स्मार्टफोनमा अल्फ्रेड एप डाउनलोड गर्नुहोस् । आफूले बोक्ने फोनमा पनि यही एप डाउनलोड गर्नुहोस् । दुवै स्मार्टफोनमा एउटै गुगल एकाउन्टबाट साइन अप गर्नुपर्ने हुन्छ ।

सीसी क्यामेराका रूपमा प्रयोग गरिने फोनमा डाउनलोड गरिएको एपमा गएर यसलाई क्यामेरा अप्सनमा क्लिक गर्नुहोस् र आफूले बोक्ने स्मार्टफोनलाई पनि भ्युअर मोडमा राख्नुहोस् । एपको सेटिङमा गएर मोसन डिटेक्ट अप्सन अन गर्न पनि सकिन्छ । जसका कारण क्यामेराले कुनै मानिस वा नयाँ वस्तु भेटेमा नोटिफिकेसन पठाउँछ । यस्तै, यसमा साउन रेकर्ड गर्ने अप्सन पनि छ । प्रयोगकर्ताले आफूले बोक्ने स्मार्टफोनको एपबाटै यी सबै फिचर अन र अफ गर्न मिल्छ ।

अल्फ्रेडको निःशुल्क भर्सनमा रेकर्ड गर्ने सुविधा हुन्न तर सशुल्क एप किनिएको छ भने भिडियो रेकर्ड गर्ने सुविधा पनि हुन्छ ।

विशेषगरी घरभित्र बालबालिका छन्, कुनै घरपालुवा जनावर पालिएका छन् भने आफू बाहिर हुँदा तिनले के गरिरहेका छन् भनेर हेर्न यो विकल्प उपयुक्त हुन्छ । घरायसी सुरक्षाको दृष्टिकोणले पनि यो उपयुक्त हुन सक्छ ।

## हेलो टेक

### एप्पल वाचमा नयाँ फिचर

तस्बिरहरू : एजेन्सी




एप्पल वाचले प्रयोगकर्ताको रगतमा भएको अक्सिजनको मात्रा पनि परीक्षण गर्न सक्ने गरी एप्पलले नयाँ फिचर सुरुवात गर्ने भएको छ । अहिले एप्पल वाचले प्रयोगकर्ताको मुटुको धड्कन अस्वाभाविक भए जानकारी दिने काम गर्न सक्छ । यो वर्ष सार्वजनिक हुने आईओएस १४ मा वाचले रगतमा भएको अक्सिजनको मात्रा परीक्षण गर्ने सुविधा हुनेछ ।

आईओएस १४ को फिचरहरू लिक गर्दै नाइनटुफाइभ नामक अनलाइनले आईओएसमा आउन लागेको नयाँ फिचर सार्वजनिक गरेको हो । यो फिचर कसरी कार्यान्वयन हुन्छ भन्ने जानकारी नभए पनि आगामी वाच सिरिज सिक्स वा वाच अपरेटिङ सेभेनको अपडेटमा यो फिचर आउन सक्ने अनुमान छ ।

### फेसबुक स्टोरिज इन्स्टामा



अहिले इन्स्टाग्राममा स्टोरिज हाल्दा त्यसलाई फेसबुकमा पनि सेयर गर्न मिल्छ । तर, फेसबुकमा स्टोरिज राख्दा इन्स्टाग्राममा पोस्ट गर्न मिल्दैन । फेसबुकले यो सुविधा अब दोहोरो बनाउने भएको छ । फेसबुकमा राखिएको स्टोरिज इन्स्टाग्राम स्टोरिजका रूपमा पोस्ट गर्ने सुविधाको फेसबुकले आधिकारिक रूपमा परीक्षण सुरु गरेको छ ।

अबको केही सातामै सबै प्रयोगकर्ताले पोस्ट गर्ने फेसबुक स्टोरिजलाई इन्स्टाग्राम स्टोरिजका रूपमा सेयर गर्न सक्नेछन् । फेसबुक र इन्स्टाग्रामको स्टोरिज क्रस पोस्टिङको सुविधाले प्रयोगकर्तालाई सहज हुने फेसबुकले जनाएको छ । प्रयोगकर्ताले फेसबुक एपको सेटिङमा गएर सेयर स्टोरिज टु इन्स्टाग्राम अप्सन इनेबल गरेर नयाँ फिचर प्रयोग गर्न सक्छन् । तर, तत्काल भने यो सबै प्रयोगकर्ताका लागि उपलब्ध छैन ।

### नयाँ आइफोनमा ढिलाइ



एप्पलले यो वर्ष सार्वजनिक गर्ने आइफोनको नाम सम्भवतः आइफोन ट्वेल्भ हुनेछ । दुई महिनायता फैलिएको कोरोना भाइरसको प्रकोपका कारण यो वर्ष आइफोन सार्वजनिक हुन ढिलाइ हुने भएको छ । एप्पलले कोरोना भाइरसको प्रकोपलगत्तै आफ्ना इन्जिनियरहरूलाई एसियाली मुलुकमा जान रोक लगाएको छ जसका कारण आइफोन निर्माण र सार्वजनिक गर्न ढिलाइ हुने भएको हो ।

इन्जिनियरहरूलाई एसियाली मुलुकमा रोक लगाएका कारण चीनमा उत्पादन भइरहेको फाइभजी सपोर्ट गर्ने आइफोनको परीक्षणमा ढिलाइ हुने समाचार संस्थाहरूले उल्लेख गरेका छन् । कोरोना भाइरसका कारण चीनसहित एसियाली बजारमा हुने आइफोनको बिक्री पनि उल्लेख्य घटेको छ । आइफोनको अधिकांश पार्ट चीनमा उत्पादन हुन्छ । कोरोना भाइरसको प्रकोपका कारण चीनको उत्पादन युनिटहरूसमेत बन्द भएका छन् ।

# संसार हल्लाइरहेको कोरियन ब्यान्ड

अनेकौं रेकर्ड बन्दै छ, बीटीएसको नाममा । कतिसम्म भने, विश्वविख्यात ब्यान्ड द बिटल्ससँग यसको तुलना हुन थालेको छ । कतिले त बिटल्सलाई बीटीएसले उछिनिसकेको दाबी गरिरहेका छन् ।



■ हेलो शुक्रबार
hellosukrabar@gmail.com

तस्बिरहरू : एजेन्सी



दुई वर्ष अगाडि टाइम म्यागजिनले दक्षिण कोरियन ब्यान्ड बीटीएसलाई कभरमा राख्यो र लेख्यो- 'नेक्स्ट जेनेरेसन लिडर्स ।' अर्को वर्ष यही म्यागजिनको संसारका सय प्रभावशाली व्यक्तिको सूचीमा बीटीएस पनि अटायो । त्यतिबेला ब्यान्डले 'प्रिन्सेस अफ पप' को उपमा पायो । यस अगावै संयुक्त राष्ट्रसंघको ७३ औं महासभामा बीटीसले आफ्नो 'लभ योरसेल्फ' अभियानबारे बोलेको थियो । टाइमको कभरमा पर्ने मात्र होइन, राष्ट्रसंघको महासभामा निम्तालु बन्ने पहिलो गैरअंग्रेजीभाषी सांगीतिक समूह थियो, बीटीएस ।

यस्ता अनेकौं रेकर्ड बन्दै छ, बीटीएसका नाममा । कतिसम्म भने, विश्वविख्यात ब्यान्ड द बिटल्ससँग यसको तुलना हुन थालेको छ । कतिले त बिटल्सलाई बीटीएसले उछिनिसकेको दाबी गरिरहेका छन् । कुनै समय एकै वर्षमा बिटल्सका तीन एल्बम विलबर्ड चार्टको अग्रस्थानमा पुगेका थिए, अहिले बीटीएसले यो इतिहास दोहोर्‍याएको छ । यसबीच कुनै ब्यान्डले यो उपलब्धि हासिल गरेका थिएनन् । यसको पछिल्लो एल्बम 'म्याप अफ सोल सेभेल' को बिक्री र्‍यापर इमिनेमको 'म्युजिक टु बी मडर्ड बाई' र जस्टिन बिबरको 'पर्पस' भन्दा माथि छ । लन्डनको प्रतिष्ठित वेम्ले स्टेडियमको कन्सर्टको टिकट 'सोल्ड-आउट' हुने पहिलो गैरअंग्रेजी ब्यान्ड पनि यही हो । संगीत पण्डितहरू भन्दैछन्- 'विश्व संगीतमा विद्यमान अंग्रेजी भाषाको हालीमुहाली बीटीएसले तोडेको छ ।'

खासगरी टिनएजरमा 'के-पप' अचाक्ली लोकप्रिय मानिन्छ । बीटीएस के-पपको अघोषित सद्भावना दूत हो, संसारका लागि । नेपालमा पनि यसका पारखी टन्नै छन् । प्रायः सबै गीत नेपालको युट्युब ट्रेन्डिङमा छाउँछ । बीटीएसको 'ब्ल्याक स्वान...' गीतले युट्युबमा ५ दिनमा ३ करोड १० लाख भ्युज बटुल्यो भने 'अन...' ले दुई सातामा १२ करोड १० लाख । त्यसैले त न्युयोर्क टाइम्सले लेख्यो, 'बीटीएस उच्च उडानमा छ ।'

ब्यान्डमा सात सदस्य छन्, २२ देखि २७ वर्षसम्मका । जिन, सुगा, जे-होप, आरएम, जिमिन, भी र जुङकुक । आरएमबाहेक अरू अंग्रेजी जान्दैनन् । हलिउड शोमा सबै सहभागी हुन्छन्, अरू कोरियन भाषामा बोल्छन्, आरएम अनुवाद गरिदिन्छन् । टिम लिडर र प्रवक्तासमेत रहेका आरएमले भनेका छन्, 'हामीलाई कोरियन हुनुमा गर्व छ अनि हाम्रो देशमा हामीप्रति गौरव छ ।'

यो ब्यान्डको सन् २०१० मा स्थापना भएको थियो । पहिलो स्टुडियो एल्बम 'टु कुल फो स्कुल' ले कोरियामा तहल्का मच्चायो । दोस्रो एल्बमपछि चाहिँ उनीहरू अमेरिकाको विलबर्ड चार्टमा देखापरे । तर, त्यतिबेला उनीहरूलाई गम्भीरतापूर्वक लिइएको थियो । टिनएज ब्यान्ड हुनुको नाताले केही वर्षमै हराउँछन् भन्ने आकलन गरियो । 'के-पप' का कतिपय ब्यान्डको हकमा यस्तै भएको थियो तर बीटीएस कहिल्यै ओझेलमा परेन । कोरियन र जापानिज गीत गाएर संसारभर प्रशंसक कमाइरहे । लोकप्रियताको यो ग्राफ अझ उकालो लागिरहेको छ ।

टिनएजरलाई भुतुक्क बनाउने गीत र डान्सले मात्र बीटीएसलाई विशिष्ट बनाएको भने होइन । उनीहरू जति चर्चित छन्, त्यति नै समाजप्रति सचेत र जिम्मेवार पनि । जब उनीहरू हिट हुँदै गए, कोरियासहित संसारभरका युवा पुस्ता कसरी डिप्रेसनसहित अन्य मानसिक समस्याबाट पीडित छन् भन्ने थाहा पाए । त्यसैले गीतहरूमा कहीं न कहीं मानसिक स्वास्थ्यको विषय उठाइरहेका हुन्छन् । आफूलाई माया गरौं भन्ने सन्देश बोकेको 'लभ योरसेल्फ' अभियान चलाउनुको कारण त्यही थियो । यसबाहेक हिंसाविरोधी अभियानमा पनि ब्यान्ड सक्रिय छ । सदस्य सुगाले भनेका छन्, 'पहिले आफूलाई माया गरौं । संसारले तपाईंबाट के चाहेको छ भन्नेतिर लाग्नुभयो भने निराश हुनुपर्छ । त्यसैले आफ्नो भित्री इच्छा र चाहना पहिल्याउनुपर्छ ।'

> खासगरी टिनएजरमा 'के-पप' अचाक्ली लोकप्रिय मानिन्छ । बीटीएस के-पपको अघोषित सद्भावना दूत हो, संसारका लागि । नेपालमा पनि यसका पारखी टन्नै छन् । प्रायः सबै गीत नेपालको युट्युब ट्रेन्डिङमा छाउँछ ।

यो वर्ष ओस्कार अवार्डमा दक्षिण कोरियाली सिनेमा 'प्यारासाइट' ले कमाल गर्‍यो । धेरैको दाबी छ, केही वर्षमा संगीतको ओस्कार मानिने ग्रामीमा बीटीएसले यस्तै कमाल गर्छ ।

*(एजेन्सीको सहयोगमा)*

# रोनाल्डो १००० नटआउट




■ हिमेश
twitter : @himeshratna

क्रिस्टियानो रोनाल्डो खेलाडी नै त्यस्ता हुन्, उनीबारे जति लेख्दा पनि नसकिने । एउटा सानो निहुँ चाहिन्छ, उनीबारे जत्ति पनि लेख्न सकिन्छ । अहिले त झन् ठूलो बहाना मिलेको छ र त्यो हो, उनले गत साता आफ्नो व्यावसायिक खेल जीवनको औपचारिक '१०००' औं खेल खेले । विश्व फुटबलमा यसरी हजार खेल खेल्ने निकै कम छन् । फेरि खेलेर पनि सफल हुनुपर्‍यो, खेल्नका लागि खेल्दैमा के स्वाद र ? रोनाल्डोले भने हजारौं खेल पनि खेले र ती सबैमा आफ्नो उपस्थिति पनि सिद्ध गरे ।

अहिले कोरोना भाइरसको सम्भावित संक्रमणका लागि पूरा विश्व भयभीत छ । खेलकुद मात्र कसरी अपवाद हुन सक्छ र ? त्यसमाथि इटाली झन् बेसी डराएको छ । त्यसैले रोनाल्डोको यो ऐतिहासिक खेल प्रत्यक्ष हेर्ने भाग्यमानी दर्शक कोही रहेनन् किनभने युभेन्ट्स र इन्टर मिलानबीचको खेल टुरिनको बन्द रंगशालामा भएको थियो । युभेन्ट्सको एलिनाज स्टेडियममा त्यस दिन कोही थिएनन् भन्दा हुन्छ, खेलाडी र खेल पदाधिकारीबाहेक ।

तर रोनाल्डो पनि के कमका थिए । खेल सुरु हुनु अगाडि खाली-खाली दर्शकदीर्घातर्फ फर्केर सुरुमा 'हाइफाइब' दिए अनि खेलको अन्त्यमा फेरि तिनै खाली-खाली दर्शकदीर्घातिर हेरेर हात हल्लाए । यो सबै 'सिम्बोलिक' नै थियो, अर्थ भने विशेष थियो । फेरि खेल आफैंमा ठूलो महत्त्वको थियो, दुई उपाधिको होडमा रहेका टिमबीचको खेल । यो खेल जितेर युभेन्ट्स शीर्ष स्थानमा उक्लिन सफल पनि रह्यो । कोरोना भाइरसकै कारण लिग यत्तिकैमा रोकिए युभेन्ट्स च्याम्पियन घोषित हुन बेर छैन ।

खेलपछि आफूले खेलेको हजारौं खेलको खुसी मनाउन रोनाल्डोले इन्स्टाग्रामको मद्दत लिए । उनले लेखे, 'हजारौं आधिकारिक खेल खेलेकामा निकै गर्व छ । यसमा प्राप्त महत्त्वपूर्ण जितले हामी लिग तालिकाको शीर्ष स्थानमा पनि पुगेका छौं । मेरा सबै सहकर्मी खेलाडी, प्रशिक्षक, परिवार, साथी र प्रशंसकहरूलाई धन्यवाद । उनीहरूकै कारणले म यहाँसम्म पुगेको हुँ ।' पछि युभेन्ट्सले पनि ट्वीटरबाट आफ्ना स्टार पोर्चुगाली खेलाडीलाई बधाई दियो ।

यो हजारौं ऐतिहासिक खेलपछि रोनाल्डोको जीवनको जुन तथ्यांक तयार हुन्छ, त्यो गज्जब छ र सबै व्यावसायिक खेलाडी पनि त्यसप्रति लोभिने खालको छ । जस्तो, यी हजार खेलमध्ये रोनाल्डोले आफ्नो देशका लागि १ सय ६४ खेल खेले । त्यसमध्ये पोर्चुगलले जितेको पछिल्लो युरो कप पनि सामेल छ । त्यसपछि क्लब फुटबलका ८ सय ३६ खेल छन् । यी खेल स्पोर्टिङ लिस्वन, म्यानचेस्टर युनाइटेड, रियल म्याड्रिड र अहिलेको युभेन्ट्सका लागि हुन् ।

त्यसो त रोनाल्डोको मैदानमा खास भूमिका विन्गरका रूपमा हो, तर पनि उनले अविश्वसनीय ढंगले ७ सय २५ गोल गरेका छन् । उनले क्लब फुटबलमा ६ लिग उपाधि जितेका छन् भने पाँच अवसरमा बेलन डे'अर पनि । यस्तै उनले जितेका पाँच युरोपेली च्याम्पियन्स लिगको उपाधि पनि कम्तीका होइनन् । त्यसैले त अहिलेको पुस्ताका खेलाडीमध्ये उनलाई सबैभन्दा सफल मानिन्छ । खासमा यी सबै तथ्यांकले उनी कस्ता खेलाडी हुन्, त्यो सबै छर्लङ्ग पार्छ ।

यो हजारौं खेलपछि धेरैले दुई प्रश्नको उत्तर खोज्ने प्रयास गरेका छन् । त्यसमध्ये पहिलो हो, रोनाल्डोले कसरी यति धेरै वर्ष 'फिट एन्ड फाइन' रहेर खेल्न सके त ? यसको उत्तर हो, विश्व फुटबलमा रोनाल्डो जत्तिको मिहिनेत गरेर खेल्ने खेलाडी अरू कोही छैन । उनी अरू खेलाडीभन्दा बेसी नै पसिना बगाउँछन् । आफ्नो व्यक्तिगत साना-साना तथ्यमा पनि उत्तिकै ध्यान दिन्छन् । अब दोस्रो प्रश्न, उनले कहिलेसम्म खेलिरहने छन् होला त ?


यसको उत्तर रोनाल्डोसँग मात्रै छ । ख्याल ख्यालमै उनले सही भनेका छन्, '४१ वर्ष हुँदासम्म खेल्नेछु ।' अचेल विश्व फुटबलमा एउटा नयाँ शब्दावली प्रयोगमा आउने गरेको छ र त्यो हो, 'गोट' अर्थात् 'जी, ओ, ए, टी' । त्यसको विस्तारित रूप हो, 'ग्रेटेस्ट अफ अल टाइम' । यो रोनाल्डो जस्ता खेलाडीकै लागि बनेको हो । यो शब्दावली लियोनल मेसीका लागि पनि प्रयोग हुन्छ । अब रोनाल्डोको चर्चा चल्दा बार्सिलोनाका अर्जेन्टिनी खेलाडी मेसी छुट्ने त कुरै भएन ।

रोनाल्डोले हजारौं खेल खेलेपछि ट्वीटरमा यी दुई खेलाडीमध्ये को राम्रो त भनेर राम्रै बहस चलेको पनि देखियो । रोनाल्डो किन राम्रो हो भनेर उनका समर्थकका आ-आफ्ना तर्क थिए । मेसी समर्थकका पनि आफ्नै तर्क थिए । फेरि रोनाल्डो र मेसी सर्वथा फरक प्रकृतिका खेलाडी पनि त हुन् । खासमा यो कहिले पनि नसकिने बहस हो र यसको अन्त्य कहिले पनि हुने छैन । तर हजारौं खेलपछि रोनाल्डो विशेष भने भएका छन्, हाम्रोतर्फबाट पनि उनलाई 'हाइफाइब' ।

## FRIDAY फेस



**मग्न**
पूर्वमिस नेपाल शृंखला खतिवडा र मलिना जोशी होटल अन्नपूर्णमा ।
*- महेश प्रधान*



**सुटिङमा सेल्फी**
नायिका केकी अधिकारी र लोकदोहोरी गायक प्रकाश सपुत पोखरामा सेल्फी खिच्दै ।
*- विमल खतिवडा*



**फुटबल फ्यान**
तेक्वान्दो खेलाडी सीना मादेन दशरथ रंगशालामा ।
*- केशव थापा*



**मीठो मुस्कान**
कलाकार लक्ष्मी बर्देवा र विपिन कार्की बालाजुमा ।
*- कविन अधिकारी*



**हामी दुई**
कलाकार श्वेता खड्का बालुवाटारमा ।
*- महेश प्रधान*






नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक २४ विराटनगर | ३० फागुन २०७६ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 13, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ

# अनअराइभल भिसा वैशाख १८ सम्म बन्द

- स्थल मार्गबाट पनि विदेशी आउन नपाउने
- भारततर्फको आउजाउ निश्चित नाकाबाट मात्रै
- हिमाल आरोहण र श्रम स्वीकृति बन्द

**जगदीश्वर पाण्डे** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको त्रास बढेसँगै नेपाल र भारतबीच आउजाउका लागि केही निश्चित सीमा नाका मात्र सञ्चालन गरिने भएको छ । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले व्यवस्थित भन्सारसहितका नाकाबाट मात्र स्वास्थ्य परीक्षण गरी आवागमनको व्यवस्था मिलाउने निर्णय गरेको छ । भारतीय स्वास्थ्य मन्त्रालयले पनि बुधबार सूचना जारी गर्दै 'सडक मार्ग हुँदै आउने विदेशीको आवागमनलाई पर्याप्त स्वास्थ्य परीक्षण सुविधा भएका अध्यागमन जाँच चौकीसहितका नाकामा सीमित गरिने' भनेको थियो ।

अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले कोभिड-१९ को महामारीबाट बच्न भारतसँग जोडिएका खास-खास नाकाबाट मात्र व्यवस्थित रूपमा आउजाउ गर्न गृह र परराष्ट्र मन्त्रालयले समन्वय गरेर काम गर्ने बताए । व्यवस्थित नाकामा काँकडभिट्टा, जोगबनी, रक्सौल, भैरहवा र कञ्चनपुर छन् । चीनतर्फका नाका बन्द गरिसकिएका छन् ।

खतिवडाले बैठकमा संक्रमण जोखिमको समीक्षा गरिएको बताए । 'दक्षिणतर्फ भारतमा पनि संक्रमित व्यक्तिहरू बढ्दै गरेकाले हामीले कस्तो सतर्कता अपनाउने भनेर बैठकमा छलफल गर्‍यौं,' उनले भने । बाँकी पृष्ठ ५

कोरोना संक्रमणसम्बन्धी थप समाचार पृष्ठ ५ मा





रासस | पर्वत पोर्तेल

प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक (बायाँ) । र, काँकडभिट्टास्थित पूर्वी नाकामा रहेको हेल्थ डेस्कमा युक्रेनी दम्पतीको ज्वरो नापिँदै । ज्वरो १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि हुनुका साथै रुघाखोकीसमेत लागेकाले आइसोलेसनमा बस्न आग्रह गर्दा नमानेपछि उनीहरूलाई भारततर्फ फर्काइएको छ । समाचार पृष्ठ ५ ।

## नेपाली र भुटानीबाहेकलाई भारत प्रवेशमा रोक

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

कोभिड-१९ को संक्रमण विस्तारसँगै भारतले शुक्रबारबाट लागू हुने गरी विदेशी नागरिकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएको छ । त्यस्तो रोक भिसा लिनुपर्ने मुलुकहरूका लागि मात्र भएकाले नेपालीले आउजाउ गर्न पाउनेछन् ।

भारतीय उच्च अधिकारीहरूको बुधबारको बैठकले शुक्रबार १२ बजेबाट लागू हुने गरी भिसा लिनुपर्ने मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको हो । नेपाल र भुटानका नागरिकले भारत पस्न भिसा लिनुपर्दैन । भारतले तेस्रो मुलुकका नागरिकलाई हवाई मार्ग हुँदै आउन रोक लगाएको हो । कोभिड-१९ संक्रमणको शंका लाग्यो भने हवाई मार्ग हुँदै भारत आउने नेपालीले १४ दिन क्वारेन्टाइनमा बस्नैपर्छ ।

भारतले कोभिड-१९ संक्रमणको जोखिम घटाउन स्थल मार्गका प्रवेशबिन्दुहरूमा पनि कडाइ गरेको छ । नेपालतर्फ पनि पर्याप्त स्वास्थ्य परीक्षण सुविधासहित केही ठूला नाका मात्र सञ्चालन गर्ने तयारी छ । अन्य साना नाका बन्द गरिए रोजगारीलगायतका प्रयोजनका लागि भारत आउने नेपाली प्रभावित हुनेछन् । यसले तराईका ग्रामीण भेगका बासिन्दालाई ज्यादा असर पार्नेछ ।

नेपाल-भारतबीचको १७५१ किलोमिटर खुला सीमामा औपचारिक रूपमा करिब दुई दर्जन नाका चलेका छन् । तीमध्ये पाँच प्रमुख नाका हुन् । दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता हरि ओडारीले नाकामा स्वास्थ्य परीक्षणबाहेक अन्य कुनै किसिमको अवरोध नभएको बताए । बाँकी पृष्ठ ५

## आपूर्तिमा असर पर्दैन : मन्त्रालय

**कृष्ण आचार्य र राजु चौधरी** (काठमाडौं)

कोभिड-१९ संक्रमण फैलिन नदिन मानिसको आउजाउमा कडाइ गरिए पनि नेपाल र भारतबीचको आपूर्ति प्रणालीमा असर नपर्ने सरकारले जनाएको छ । संक्रमणको जोखिमले मानिसको आउजाउमा कम हुँदै गई आपूर्ति प्रणालीमा समस्या देखिए के गर्ने भनेर विकल्पमा समेत गृहकार्य थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

'भारतीय दूतावासले नेपाली नागरिकको आउजाउ नरोक्ने भनिसकेको छ, त्यसैले हाम्रो व्यापारको प्रमुख मुलुक भारतसँगको आयात-निर्यातमा समस्या पर्दैन,' आपूर्ति सचिव वैकुण्ठ अर्यालले भने ।

नेपालमा दैनिक उपभोग्य, औषधि, पेट्रोलियम पदार्थसहित ६० प्रतिशतभन्दा बढी सामग्री भारतबाट आयात हुन्छ । नेपालबाट निर्यात पनि सबैभन्दा बढी भारतमै हुन्छ । तेस्रो मुलुकबाट पनि भारत हुँदै सामान नेपाल भित्र्याइन्छ । भन्सार विभागको तथ्यांकअनुसार यस वर्षको ७ महिनामा विश्वभरबाट आयात भएका सामग्रीमध्ये ६१ प्रतिशत भारतबाट हो । यस अवधिमा ८ खर्ब ३ अर्ब रुपैयाँको सामग्री आयात भएकामा भारतबाट करिब ४ खर्ब ९६ अर्ब रुपैयाँको सामान भित्रिएको छ । बाँकी पृष्ठ ५

**भित्र**

समाचार । २



'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

समाचार । २

अब मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

समाचार । ३

नेकपा एमसीसी कार्यदलको निष्कर्ष- 'पूरक सम्झौता गर्नु बेइमानी'

समाचार । १०

किशोरी अपहरण गर्ने चन्द समूहका १४ जना हतियारसहित पक्राउ

अर्थ वाणिज्य । १३



घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

# कञ्चनपुरको ५० बिघा भूभाग भारततिर

**भवानी भट्ट** (कञ्चनपुर)

- बेलौरी नगरपालिकाका ४० परिवारको जग्गा र महाकाली सिँचाइ आयोजनाको नहर पनि भारतपट्टि
- सीमास्तम्भ गाड्न भारतले नेपाली भूमिमा खाल्डो खन्न थाल्यो

तत्कालीन बैतडी जिल्ला पञ्चायतले कञ्चनपुरको सीमा क्षेत्रमा पूर्वसैनिकलाई बसोबास गराउने निर्णय गरेपछि दार्चुलाको लाली क्षेत्रका दिलराज पन्त भारतीय सेनाको जागिर छाडेर घर फर्किए । उनी हालको बेलौरी नगरपालिकाको भुडा क्षेत्रमा बसोबास गर्न थाले ।

त्यतिबेला उनले पाएको डेढ बिघा जमिन अहिले भारतीय क्षेत्रमा परेको छ । पछिल्लो पटक संयुक्त सीमा सर्भे टोलीले विगतको सीमाभन्दा निकै वर आएर पिल्लर गाड्न खोजेको छ । 'यही सीमा रक्षाका लागि हामी चोर र डाँकाहरूसँग लडेर यहाँ बस्यौं,' पन्त भन्छन्, 'अहिले त्यही जमिन पनि भारतमा पर्ने देखिएको छ ।'

साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ । चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ । यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा परेको छ ।

'हामीसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छौं, पानीपोत पनि तिरिरहेका छौं,' पन्त भन्छन्, 'अहिले आएर यो जमिन भारतमा कसरी पर्‍यो, जसको रक्षाका लागि हामीलाई बसाइयो, त्यही जमिन भारतमा कसरी हालियो ।' उनका अनुसार गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ । ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएका हुन् ।

खेमराज पन्तको पनि २०२८ मा बुबा जयदत्त पन्तले पाएको आधा बिघा जमिन अहिले भारतमा परेको छ । जयदत्त दिलराजसँगै २०२८ मा पूर्वसैनिकलाई सीमामा बसाउन थालेपछि यहाँ आएका हुन् । उनले पनि डेढ बिघा जमिन पाएका थिए । 'सुरुमा चार बिघा दिने भनिएको थियो, २०५४ मा नापी हुँदा डेढ बिघा मात्रै दिइएको हो,' खेमराजले भने, 'सरकारले यसरी दिएको जमिनमा अहिले संयुक्त टोलीले पिल्लर हाल्दै छ ।'

बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीको पनि अढाई बिघा जमिन पूरै भारततर्फ परेको छ । 'भारतीय भूभाग थियो भने हामीलाई कसरी लालपुर्जा दिइयो, अनि भारतीय भूभागमै नहर कसरी निर्माण भयो ?' उनले सोधे । उनका अनुसार ४० भन्दा बढी परिवारको ५ कट्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतमा जाने देखिएको छ । बाँकी पृष्ठ १४

सीमासम्बन्धी संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाटै हटाइयो पृष्ठ १४

# उकालो लाग्दै बाघ

स्याटेलाइट रेडियो कलरको रेकर्डमा एउटा बाघ प्रेमिका (पोथी) को खोजीमा नहर, खेत, जंगल र सडक हुँदै दुई हजार किमिसम्म हिंडेको देखिन्छ, जसले बाघ धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ

**अब्दुल्लाह मियाँ** (काठमाडौं)

पहाडी क्षेत्रका विभिन्न भेगमा चितुवा आतंक बढिरहेका बेला पाटे बाघ पनि उच्च भागतिर बसाइँ सर्न थालेका छन् । राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल कम भएकाले बाघ उँभो चढेका हुन् । भुटानमा ४२ सय र भारतको उत्तराखण्डमा २९ सय मिटरमा भेटिएका बाघ नेपालमा पनि ८ सय मिटर उचाइसम्म उक्लिसकेका छन् । चुरे र दुन क्षेत्रका बस्तीमा यिनीहरू देखिन थालिसकेका छन् ।



जलवायु परिवर्तनका कारण आहारमा आएको फेरबदलले बाघका आहार मृग प्रजाति र बँदेल उच्च भागतिर सर्दै गएकाले बाघ पनि उकालो लागेको हो । नेपाल र भारतमा बाघ प्रायः तल्लो तटीय क्षेत्रको सयदेखि दुई सय मिटर उचाइमा छन् । पछिल्लो अध्ययनले नेपालमा २ सय ३५ र भारतमा २ हजार ९ सय ६७ बाघ देखाएको छ । दुई वर्षअघिको सर्वेक्षणमा नेपालका १२ जिल्ला बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, सल्यान, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा बाघ भेटिएका थिए । डब्लूडब्लूएफ नेपालका बाघविज्ञ कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार उपलब्धता र कोलाहल नहुने हो भने नेपालमा पनि तल्लो क्षेत्रमा रहेका बाघ उच्च भागसम्मै जान सक्छन् । बाँकी पृष्ठ १४



## छोटकरी

### विधेयक पेस गर्न स्वीकृति

मोरङ (कास)- प्रदेश १ मन्त्रिपरिषद्को बिहीबारको बैठकले प्रदेश सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०७६ लाई प्रदेश सभामा पेस गर्न स्वीकृति दिएको छ । सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले धनकुटा औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०७६ लाई स्विकृति प्रदान गर्ने निर्णय भएको बताए । 'प्रदेश सहकारी नियमावली २०७६ स्विकृति प्रदान गर्नुका साथै प्रदेशस्तरीय सहकारी रजिष्टारको कार्यालय स्थापनाका लागि आवश्यक दरबन्दीलगायतको विषयमा समेत स्विकृति प्रदान गर्ने निर्णय भएको छ,' उनले भने, 'रेडियो, एफएम नियमावली २०७६ लाई पारित गरी प्रदेश सभामा पेस गर्न स्वीकृति दिइएको छ ।'

### पोखरीमा डुबेर मृत्यु

विराटनगर (कास)- मोरङको ग्रामथान गाउँपालिका-२, खुनियाकट्टामा पोखरीमा डुबेर ४० वर्षीय हरेराम सरदारको मृत्यु भएको छ । घरनजिकै रहेको पोखरीमा नुहाउने क्रममा डुबेर सिकिस्त भएका उनको विराटनगरस्थित एक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### दुर्घटनामा १२ घाइते

ओखलढुंगा (कास)- मानेभन्ज्याङ गाउँपालिका-४, केतुकेमा बिहीबार जिप दुर्घटना हुँदा १२ जना घाइते भएका छन् । चालक पर्साका अनिलकुमार सहनी र पर्साकै सुगन्भीदेवी मुखिया सिकिस्त छन् । वीरगन्जबाट रुम्जाटार आउँदै गरेको प्रदेश ३-०१२२च३१८३ नम्बरको बोलेरो जिप सडकदेखि करिब एक सय ५० मिटर तल खसेको प्रहरीले जनाएको छ । घाइतेको मिसन अस्पतालमा उपचार भइरहेको छ ।

### घरमै हत्या गरिएको अवस्थामा शव फेला

तेह्रथुम (कास)- आठराई गाउँपालिका-४, इवा तीनसल्लेमा एक महिलाको हत्या गरिएको अवस्थामा बिहीबार शव फेला परेको छ । २८ वर्षीया विन्दा पुरीको आफ्नै घरमा हत्या भएको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ । विन्दाका श्रीमान् वैदेशिक रोजगारीका लागि संयुक्त अरब इमिरेट्सको दुबईमा छन् । उनका १० वर्ष र १५ महिनाका दुई छोराहरू रहेको वडाअध्यक्ष श्यामकुमार भट्टराईले बताए । प्रहरीले घटनाको अनुसन्धानका लागि प्रदेश प्रहरी कार्यालय विराटनगरबाट तालिम प्राप्त कुकुरसहितको टोली आउने जनाएको छ ।

### लागूऔषधसहित तीन जना पक्राउ

विराटनगर (कास)- लागूऔषध खैरो हेरोइनसहित प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । झापाको मेचीनगर नगरपालिका-६, भन्सार गेटनजिकबाट झापा, अर्जुनधाराका १७ वर्षीय राजेश खड्का, १८ वर्षीय सुनीलकुमार मण्डल र १९ वर्षीय राजेश कालिकोटेलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीहरूको साथबाट दुई ग्राम खैरो हेरोइन बरामद गरिएको छ ।

### एईईमा प्रदेशबाट ८४ हजार परीक्षार्थी

धनकुटा (कास)- पहिलोपटक शिक्षा विकास निर्देशनालयमार्फत हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा प्रदेश १ बाट ८४ हजार एक सय ६ परिक्षार्थी सामेल हुने भएका छन् । साधारणतर्फ ७९ हजार सात सय २६, प्राविधिकतर्फ एक हजार सात सय ५५ र ग्रेडवृद्धितर्फ दुई हजार ६ सय २५ विद्यार्थी सहभागी हुँदै छन् । सबैभन्दा बढी मोरङबाट १८ हजार आठ सय २१ र सबैभन्दा कम तेह्रथुमबाट एक हजार आठ सय दुई जना विद्यार्थी सामेल हुनेछन् । यस्तै, ताप्लेजुङबाट दुई हजार चार सय, पाँचथरबाट तीन हजार आठ सय, इलामबाट चार हजार आठ सय, झापाबाट १६ हजार, सुनसरीबाट १३ हजार एक सय, धनकुटाबाट दुई हजार नौ सय, भोजपुरबाट तीन हजार एक सय, संखुवासभाबाट दुई हजार आठ सय, सोलुखुम्बुबाट एक हजार आठ सय, ओखलढुंगाबाट दुई हजार सात सय, खोटाङबाट तीन हजार सात सय र उदयपुरबाट ६ हजारभन्दा बढीले परीक्षा दिने जनाइएको छ । परीक्षा चैत ६ मा सुरु हुँदैछ ।

# उजाड चिया बगान, खण्डहर कारखाना

## चिया खेतीको इतिहाससँग जोडिएको इलामको सोक्तिम चिया बगान सुधारमा बेवास्ता



इलामको माई नगरपालिकामा रहेको सोक्तिम चिया प्रशोधन उद्योग । *तस्विर : कान्तिपुर*

**बिप्लव भट्टराई** (इलाम)

यहाँको पुरानो चिया बगान सोक्तिम चिया बगान उजाड बन्दै गएको छ । विसं १९२२ मा दक्षिणी इलामको सोक्तिममा चिया रोप्न सुरू गरिएको थियो । इलाम बजारमा त्यसको दुई वर्षअघि सुरु भएको हो ।

सोक्तिममा १९४० मा चिया प्रशोधन उद्योग स्थापना गरेर हरियोपत्ती प्रशोधन सुरु गरिएको थियो । अहिले बगान उजाड बन्दै गएको छ भने ऐतिहासिक कारखाना पनि खण्डहर बनेको छ । विराटनगर जुट मिलभन्दा पुरानो इलामको सोक्तिम चिया कारखाना ऐतिहासिक भए पनि हाल बेवास्ता गरिएको स्थानीयको आरोप छ । नेपाली चियाको इतिहाससँग जोडिएको सोक्तिमसहित इलाम र झापाका सात वटा चिया बगान र कारखाना २०५७ सालमा निजीकरण गरिएको हो । निजीकरण गरिएसँगै कारखानाको प्रयोग भएको छैन ।

माई नगरपालिका-९ मा रहेको बगानक्षेत्र कतिपय ठाउँमा मासिँदै गएको छ । चियाका बोट पुरानो भएका कारण उत्पादन पनि घट्दो छ । तर, सञ्चालकसँगै कुनै पनि सरकारी निकायले यो बगानलाई पुरानै अवस्थामा फर्काउने वा सुधार गर्ने प्रयास गरेका छैनन् ।

तत्कालीन बडाहाकिम गजराजसिंह थापाले इलामपछि सोक्तिममा चिया खेती सुरु गरेका थिए । बगानमा रहेको कारखानाको निजीकरणपछि मेसिन अन्यत्रै लगिएको स्थानीय बताउँछन् । पछिल्लो समय कारखानाका अन्य सामान पनि हराउन थालेका छन् । आधुनिक चिया प्रशोधन गर्ने सदरमुकामस्थित कारखाना पहिलो हो भने दोस्रो माई नगरपालिकाको सोक्तिम नै हो । एक सय ३६ वर्ष पुरानो सोक्तिम बगानमा चिया उत्पादन पनि घट्नु तथा कारखाना पनि बन्द हुँदा त्यहाँको इतिहासनै मेटिने खतरा छ । 'पहिले भएका मेसिन सबै लगे,' २०२२ सालदेखि बगानमा काम गरेका जयबहादुर तामाङले भने, 'कारखाना बन्द भएपछि हामीजस्तो दैनिक हाजिरा गर्नेको काम पनि हराएको छ ।'

स्थानीय तहमा जनप्रतिनिधि आएसँगै माई नगरपालिकाले बगान सञ्चालनको जिम्मा दिन संघीय सरकारसँग आग्रह गरेको छ । 'बगानलाई व्यवस्थित गर्न स्थानीय सरकारलाई दिने व्यवस्था गर्नु पर्छ,' माई नगरपालिका-९ का वडाध्यक्ष लिलाकुमार राईले भने ।

औद्योगिक इतिहास बोकेको सोक्तिम चिया कारखाना संरक्षण गरी चियाको अध्ययन गर्ने थलो बनाउनुपर्ने माग वर्षौंदेखि उठ्दै आएको छ । तर, सम्बन्धित पक्षले महत्व नदिँदा दिनानुदिन यसको पहिचान गुम्दै गएको छ ।

यता बगान पक्षले भने आफूले चिया बगानको जमिन रक्षाकै लागि पटकपटक मुद्दा मामिलामा जानु परेको बताउँदै आएको छ । मजदुर आन्दोलन, घट्दो श्रमिक जस्ता कारणले पनि कतिपय बगानलाई चाहेर पनि पुरानो अवस्थामा पुऱ्याउन नसकिएको त्रिवेणी संघाई ग्रुपको भनाइ छ ।

सरकारले चिया विकास निगमलाई निजीकरण गर्दा ६५ प्रतिशत स्वामित्व संघाईको र बाँकी ३५ प्रतिशत राज्यको हुने सम्झौता भएको थियो । इलाम र कन्याम बगानको अवस्था पनि क्रमशः खस्कँदो छ ।

# महिला सहकारी अब्बल

तेह्रथुम (कास)- महिलामात्र सेयर सदस्य रहेको गौखुरी महिला बहुउदेश्यीय सहकारी संस्था मेन्छ्यायाम गाउँपालिकाको अब्बल सहकारी संस्थामा दरिएको छ । २०६४ मा समूह बचतबाट सुरु भएको बचत अभियानले गौखुरी सहकारीको रुप लिएको हो । सहकारीमा आवद्ध केही महिलाले रोजगारी पाएका छन् भने धेरै व्यवसायी र उद्यमी बनेका छन् ।

संस्थामा जम्मा भएको रकम सस्तो ब्याजमा लिएर मेन्छ्यायाम गाउँपालिका-५ र ६ का ६ सय ३३ महिलाले उद्यम गरेर आयस्रोत बढाएका छन् । व्यवसाय गरेपछि आफूजस्ता धेरैको जीवनस्तरमा सुधार आएको मोराहाङ बजारमा होटल व्यवसाय गरेकी अञ्जु गौतमले बताइन् । उनले सहकारी संस्थाबाट ऋण लिएर होटल व्यवसाय सुरु गरेकी हुन् ।

तत्कालीन मोराहाङ गाविसका महिलालाई समेटेर सहकारी सञ्चालनमा ल्याइएको भए पनि कार्यक्षेत्र बढाइएको अध्यक्ष पुष्पादेवी गौतमले बताइन् । २० जना महिलाले मासिक प्रतिव्यक्ति २० रुपैयाँ संकलन गरेर सुरु गरेको सहकारीमा अहिले सेयर सदस्य महिलाको संख्या ६ सय ३३ पुगेको छ । बचत रकम ७९ लाख पाँच हजार पाँच सय रुपैयाँ पुगेको सहकारीकी व्यवस्थापक सुजता भट्टराईले जानकारी दिइन् ।

सहकारीमा टोल स्तरका एक सय १४ वटा समूह छन् । 'त्यो बेला सदस्य बनाउनका लागि हामीले घरदैलो अभियान नै सुरु गरेका थियौं,' कोषाध्यक्ष भीमा अधिकारीले भनिन् । हाल संस्थाको भौतिक सम्पत्तिसमेत गरेर एक करोड २० लाख रुपैयाँभन्दा बढी सम्पत्ति जम्मा भएको छ । बचत भएको ७९ लाख रुपैयाँभन्दा बढी रकम ऋण प्रवाह गरिएको छ ।

महिलाले चलाएको सहकारीले राम्रो प्रगति गरेको गाउँपालिका अध्यक्ष यादवबहादुर खापुङले बताए । महिलाका लागि आर्यआर्जनका कार्यक्रम यही सहकारीमार्फत टोलसम्म लैजाने तयारी गाउँपालिकाले गरेको अध्यक्ष खापुङको भनाइ छ ।

संस्थामा ऋण लिन धितो बन्धक राख्नु पर्दैन । सामूहिक जमानतमा बढीमा एक लाख ५० हजार रुपैयाँसम्म ऋण दिइन्छ । बाल बचत कार्यक्रम पनि छ । १६ वर्षमुनिका दुई सय १० जना बालबालिकाले २० लाख ५० हजार रुपैयाँ बचत गरेका छन् । उक्त रकम बालबालिकाले २० वर्ष उमेर पुगेपछि मात्रै आफ्नो खाताबाट निकाल्न पाउँछन् ।

# करोडौं लिएर सुनचाँदी व्यवसायी बेपत्ता

सुनसरी (कास)- सर्वसाधारणको १२ करोडभन्दा बढी रकमसहित धरान-३, कैलाशपथस्थित न्यू जयन्ती सुनचाँदी स्टोरका सञ्चालक बेपत्ता भएका छन् । सञ्चालक यौवन खड्गी र उनकी छोरी योजना एक महिनादेखि सम्पर्कबिहीन भएपछि स्थानीय चिन्तित बनेका छन् ।

१८ प्रतिशतसम्म ब्याज दिने लोभ देखाएपछि सर्वसाधारणले खड्गीको सुनचाँदी पसलमा पैसा जम्मा गरेका थिए । पसल बन्द गरेर बाबुछोरी बेपत्ता भएपछि राखेको रकम डुब्ने डरले दुई दिनदेखि सर्वसाधारणले उनको घर घेराउ गरेका छन् । वडा-३ का सदस्य विकास वनेपालीले वडा कार्यालयमा पीडितहरूले उक्त सुनचाँदी पसलमा राखेको रकम फिर्ताको माग गर्दै निवेदन दिएको बताए । उनले भने, '१८ प्रतिशत ब्याज पाउने भएपछि एउटै व्यक्तिले ६० लाख रुपैयाँसम्म राखेको देखिएको छ । आठ/दश लाख रुपैयाँ राख्ने त कति छन् कति ।' धरौटीमा राखिएको सुनचाँदी गहनाको हिसाब अझै निकाल्न सकिएको छैन ।



सुनसरीको धरान-३ कैलाशपथस्थित न्यू जयन्ती सुनचाँदी स्टोरका सञ्चालक १२ करोड लिएर बेपत्ता भएपछि पसलअघि जम्मा भएका स्थानीय । *तस्विर: कान्तिपुर*


खड्गीले आफ्नै घरमा सुनचाँदी पसल सञ्चालन गर्दै आएका थिए । अहिले दैनिक करिब एक सय जना भेला भएर खड्कीको घर घेराउ गरिरहेका छन् ।

स्थानीयले १२ करोडभन्दा बढी जम्मा गरेको दाबी गरे पनि खड्गीको सुनचाँदी पसलमा राख्न दिएको भनेर आउनेहरूको रकमको हिसाब गर्दा बिहीबार दिउँसोसम्म सात करोड रुपैयाँ बचत गरेको देखिएको छ । स्थानीय हरीप्रसाद साहीले आफैंले नौ लाख रुपैयाँ जम्मा गरेर राखेको बताए । उनले भने, 'अहिले खड्गी बेपत्ता छन् । उनको फोन पनि स्वीच अफ छ । पहिले-पहिले लामो समय पसल बन्द गर्दा सूचना टाँसेर जाने गरेका थिए । अहिले उनको नियत राम्रो देखिन्न ।' खड्गीकोमा काठमाडौं, विराटनगर, इटहरीसम्मका सर्वसाधारणले पैसा राखेका छन् ।

वडा-३ का अध्यक्ष आशबहादुर श्रेष्ठले पीडित सर्वसाधारले बेपत्ता खड्गीकी श्रीमतीसँग कागज गराउन पनि माग गरेको बताए । उनले भने, 'यतिका दिनसम्म श्रीमती गीता खड्गीले श्रीमान् हराएको भनेर उजुरी नदिएपछि हामीले दबाब दिएर प्रहरीमा उजुरी दिन लगाएका छौं ।' उनले श्रीमान् बेपत्ता भएको उजुरी दिन नमान्नुको पछाडि उनी सम्पर्कमै रहेको हुन सक्ने देखिएको उनले आशंका गरे ।

गीताले छोरी योजनालाई अष्ट्रेलिया पढ्न पठाउनका लागि बाबुछोरी नै काठमाडौं गएको तर कोरोना भाइरसका कारण जान नपाएको बताइन् । उनले यौवन (जेठाजु) को दाई पनि बिरामी भएकाले अस्पतालमा बस्दा आउन ढिलाइ भएको बताइन् ।

धरानमा पैसा राख्ने सर्वसधारणले सोधीखोजी गर्न थालेपछि १२ दिनअघिदेखि अचानक मोबाइल स्वीच अफ भएपछि सम्पर्क हुन नसकेको गीताले बताउँदै आएकी छन् । उनले भनिन्, 'पसलमा राखेको पैसा कहाँ के गर्नु भयो त्यो मलाई केही पनि थाहा छैन ।'













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | कान्ति क्षय | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकंक्षा पुर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | दुविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | वैभव प्राप्ति | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल चैत्र १ गते शनिबार तदनुरुप १४ मार्च २०२० चैत्र कृष्णपक्ष पञ्चमी तिथि दिनको १२:३० बजेसम्म उप्रान्त षष्टि तिथि, विशाखा नक्षत्र साझँको ६:२० बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, हर्षण योग रात्रिको ११:२५ बजेसम्म उप्रान्त वज्र योग, तैतिल करण दिनको १२:३० बजेसम्म उप्रान्त गर करण, तुला राशिमा चन्द्रमा दिनको १२:३८ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:३० | सुमनसँग (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ५:०० | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान | ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | भजन | ६:३० | फिल्म टनिक |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्युज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप (रिपिट) | ९:०० | हर्के हल्दार |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | फिल्म टनिक (रिपिट) |
| १०:३० | बलियो घर (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर न्यूज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | सुमनसँग (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | हर्के हल्दार (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | रजतपट (रिपिट) | १:३० | फिल्म टनिक (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | हेर्ने कथा (रिपिट) | २:३० | बलियो घर (रिपिट) |
| ३:०० | ह्वाट द फ्लप (रिपिट) | ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | कान्तिपुर समाचार | ४:०० | हर्के हल्दार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | सौराई (कृष्ण मल्ल) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | प्राविधिक डायरी | १६:०५ | द राहुल भुजेल सो |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (महिमा) | १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | आधा आकाश (कमला पन्थी) |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | शैली (भूपेन्द्र) | २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | फेमिना (दिपाञ्जली) | २२:०० | ओल्डी गोल्डी (स्मीता) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | इलिभेन्थ आवर (संजय) |
| १२:१० | टप अफ द टप्स (सागरिका) | २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| १३:०५ | के छ नेपाल (महेश) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (महेश) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

### काठमाडौंका महत्त्वपूर्ण नम्बर

| | |
|---|---|
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक २४ जनकपुर | ३० फागुन २०७६ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 13, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ

# अनअराइभल भिसा वैशाख १८ सम्म बन्द

- स्थल मार्गबाट पनि विदेशी आउन नपाउने
- भारततर्फको आउजाउ निश्चित नाकाबाट मात्रै
- हिमाल आरोहण र श्रम स्वीकृति बन्द

**जगदीश्वर पाण्डे** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको त्रास बढेसँगै नेपाल र भारतबीच आउजाउका लागि केही निश्चित सीमा नाका मात्र सञ्चालन गरिने भएको छ । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले व्यवस्थित भन्सारसहितका नाकाबाट मात्र स्वास्थ्य परीक्षण गरी आवागमनको व्यवस्था मिलाउने निर्णय गरेको छ । भारतीय स्वास्थ्य मन्त्रालयले पनि बुधबार सूचना जारी गर्दै 'सडक मार्ग हुँदै आउने विदेशीको आवागमनलाई पर्याप्त स्वास्थ्य परीक्षण सुविधा भएका अध्यागमन जाँच चौकीसहितका नाकामा सीमित गरिने' भनेको थियो ।

अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले कोभिड-१९ को महामारीबाट बच्न भारतसँग जोडिएका खास-खास नाकाबाट मात्र व्यवस्थित रूपमा आउजाउ गर्न गृह र परराष्ट्र मन्त्रालयले समन्वय गरेर काम गर्ने बताए । व्यवस्थित नाकामा काँकडभिट्टा, जोगबनी, रक्सौल, भैरहवा र कञ्चनपुर छन् । चीनतर्फका नाका बन्द गरिसकिएका छन् ।

खतिवडाले बैठकमा संक्रमण जोखिमको समीक्षा गरिएको बताए । 'दक्षिणतर्फ भारतमा पनि संक्रमित व्यक्तिहरू बढ्दै गरेकाले हामीले कस्तो सतर्कता अपनाउने भनेर बैठकमा छलफल गर्‍यौं,' उनले भने । **बाँकी पृष्ठ ५**

**कोरोना संक्रमणसम्बन्धी थप समाचार पृष्ठ ५ मा**




रासस | पर्वत पोर्तेल

प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक (बायाँ) । र, काँकडभिट्टास्थित पूर्वी नाकामा रहेको हेल्थ डेस्कमा युक्रेनी दम्पतीको ज्वरो नापिँदै । ज्वरो १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि हुनुका साथै रुघाखोकीसमेत लागेकाले आइसोलेसनमा बस्न आग्रह गर्दा नमानेपछि उनीहरूलाई भारततर्फ फर्काइएको छ । समाचार पृष्ठ ५ ।

## नेपाली र भुटानीबाहेकलाई भारत प्रवेशमा रोक

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

कोभिड-१९ को संक्रमण विस्तारसँगै भारतले शुक्रबारबाट लागू हुने गरी विदेशी नागरिकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएको छ । त्यस्तो रोक भिसा लिनुपर्ने मुलुकहरूका लागि मात्र भएकाले नेपालीले आउजाउ गर्न पाउनेछन् ।

भारतीय उच्च अधिकारीहरूको बुधबारको बैठकले शुक्रबार १२ बजेबाट लागू हुने गरी भिसा लिनुपर्ने मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको हो । नेपाल र भुटानका नागरिकले भारत पस्न भिसा लिनुपर्दैन । भारतले तेस्रो मुलुकका नागरिकलाई हवाई मार्ग हुँदै आउन रोक लगाएको हो । कोभिड-१९ संक्रमणको शंका लाग्यो भने हवाई मार्ग हुँदै भारत आउने नेपालीले १४ दिन क्वारेन्टाइनमा बस्नैपर्छ ।

भारतले कोभिड-१९ संक्रमणको जोखिम घटाउन स्थल मार्गका प्रवेशबिन्दुहरूमा पनि कडाइ गरेको छ । नेपालतर्फ पनि पर्याप्त स्वास्थ्य परीक्षण सुविधासहित केही ठूला नाका मात्र सञ्चालन गर्ने तयारी छ । अन्य साना नाका बन्द गरिए रोजगारीलगायतका प्रयोजनका लागि भारत आउने नेपाली प्रभावित हुनेछन् । यसले तराईका ग्रामीण भेगका बासिन्दालाई ज्यादा असर पार्नेछ ।

नेपाल-भारतबीचको १७५१ किलोमिटर खुला सीमामा औपचारिक रूपमा करिब दुई दर्जन नाका चलेका छन् । तीमध्ये पाँच प्रमुख नाका हुन् । दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता हरि ओडारीले नाकामा स्वास्थ्य परीक्षणबाहेक अन्य कुनै किसिमको अवरोध नभएको बताए । **बाँकी पृष्ठ ५**

## आपूर्तिमा असर पर्दैन : मन्त्रालय

**कृष्ण आचार्य र राजु चौधरी** (काठमाडौं)

कोभिड-१९ संक्रमण फैलिन नदिन मानिसको आउजाउमा कडाइ गरिए पनि नेपाल र भारतबीचको आपूर्ति प्रणालीमा असर नपर्ने सरकारले जनाएको छ । संक्रमणको जोखिमले मानिसको आउजाउमा कम हुँदै गई आपूर्ति प्रणालीमा समस्या देखिए के गर्ने भनेर विकल्पमा समेत गृहकार्य थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

'भारतीय दूतावासले नेपाली नागरिकको आउजाउ नरोक्ने भनिसकेको छ, त्यसैले हाम्रो व्यापारको प्रमुख मुलुक भारतसँगको आयात-निर्यातमा समस्या पर्दैन,' आपूर्ति सचिव वैकुण्ठ अर्यालले भने ।

नेपालमा दैनिक उपभोग्य, औषधि, पेट्रोलियम पदार्थसहित ६० प्रतिशतभन्दा बढी सामग्री भारतबाट आयात हुन्छ । नेपालबाट निर्यात पनि सबैभन्दा बढी भारतमै हुन्छ । तेस्रो मुलुकबाट पनि भारत हुँदै सामान नेपाल भित्र्याइन्छ । भन्सार विभागको तथ्यांकअनुसार यस वर्षको ७ महिनामा विश्वभरबाट आयात भएका सामग्रीमध्ये ६१ प्रतिशत भारतबाट हो । यस अवधिमा ८ खर्ब ३ अर्ब रुपैयाँको सामग्री आयात भएकामा भारतबाट करिब ४ खर्ब ९६ अर्ब रुपैयाँको सामान भित्रिएको छ । **बाँकी पृष्ठ ५**

**भित्र**

**समाचार । २**



'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

**समाचार । २**

अब मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

**समाचार । ३**

नेकपा एमसीसी कार्यदलको निष्कर्ष- 'पूरक सम्झौता गर्नु बेइमानी'

**समाचार । १०**

किशोरी अपहरण गर्ने चन्द समूहका १४ जना हतियारसहित पक्राउ

**अर्थ वाणिज्य । १३**



घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

# कञ्चनपुरको ५० बिघा भूभाग भारततिर

**भवानी भट्ट** (कञ्चनपुर)

- बेलौरी नगरपालिकाका ४० परिवारको जग्गा र महाकाली सिँचाइ आयोजनाको नहर पनि भारतपट्टि
- सीमास्तम्भ गाड्न भारतले नेपाली भूमिमा खाल्डो खन्न थाल्यो

सीमासम्बन्धी संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाटै हटाइयो
**पृष्ठ १४**

तत्कालीन बैतडी जिल्ला पञ्चायतले कञ्चनपुरको सीमा क्षेत्रमा पूर्वसैनिकलाई बसोबास गराउने निर्णय गरेपछि दार्चुलाको लाली क्षेत्रका दिलराज पन्त भारतीय सेनाको जागिर छाडेर घर फर्किए । उनी हालको बेलौरी नगरपालिकाको भुडा क्षेत्रमा बसोबास गर्न थाले ।

त्यतिबेला उनले पाएको डेढ बिघा जमिन अहिले भारतीय क्षेत्रमा परेको छ । पछिल्लो पटक संयुक्त सीमा सर्भे टोलीले विगतको सीमाभन्दा निकै वर आएर पिल्लर गाड्न खोजेको छ । 'यही सीमा रक्षाका लागि हामी चोर र डाँकाहरूसँग लडेर यहाँ बस्यौं,' पन्त भन्छन्, 'अहिले त्यही जमिन पनि भारतमा पर्ने देखिएको छ ।'

साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ । चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ । यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा परेको छ ।

'हामीसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छौं, पानीपोत पनि तिरिरहेका छौं,' पन्त भन्छन्, 'अहिले आएर यो जमिन भारतमा कसरी पर्‍यो, जसको रक्षाका लागि हामीलाई बसाइयो, त्यही जमिन भारतमा कसरी हालियो ।' उनका अनुसार गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ । ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएका हुन् ।

खेमराज पन्तको पनि २०२८ मा बुबा जयदत्त पन्तले पाएको आधा बिघा जमिन अहिले भारतमा परेको छ । जयदत्त दिलराजसँगै २०२८ मा पूर्वसैनिकलाई सीमामा बसाउन थालेपछि यहाँ आएका हुन् । उनले पनि डेढ बिघा जमिन पाएका थिए । 'सुरुमा चार बिघा दिने भनिएको थियो, २०५४ मा नापी हुँदा डेढ बिघा मात्रै दिइएको हो,' खेमराजले भने, 'सरकारले यसरी दिएको जमिनमा अहिले संयुक्त टोलीले पिल्लर हाल्दै छ ।'

बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीको पनि अढाई बिघा जमिन पूरै भारततर्फ परेको छ । 'भारतीय भूभाग थियो भने हामीलाई कसरी लालपुर्जा दिइयो, अनि भारतीय भूभागमै नहर कसरी निर्माण भयो ?' उनले सोधे । उनका अनुसार ४० भन्दा बढी परिवारको ५ कट्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतमा जाने देखिएको छ । **बाँकी पृष्ठ १४**

# उकालो लाग्दै बाघ

स्याटेलाइट रेडियो कलरको रेकर्डमा एउटा बाघ प्रेमिका (पोथी) को खोजीमा नहर, खेत, जंगल र सडक हुँदै दुई हजार किमिसम्म हिँडेको देखिन्छ, जसले बाघ धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ

**अब्दुल्लाह मियाँ** (काठमाडौं)

पहाडी क्षेत्रका विभिन्न भेगमा चितुवा आतंक बढिरहेका बेला पाटे बाघ पनि उच्च भागतिर बसाइँ सर्न थालेका छन् । राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल कम भएकाले बाघ उँभो चढेका हुन् । भुटानमा ४२ सय र भारतको उत्तराखण्डमा २९ सय मिटरमा भेटिएका बाघ नेपालमा पनि ८ सय मिटर उचाइसम्म उक्लिसकेका छन् । चुरे र दुन क्षेत्रका बस्तीमा यिनीहरू देखिन थालिसकेका छन् ।



जलवायु परिवर्तनका कारण आहारमा आएको फेरबदलले बाघका आहार मृग प्रजाति र बँदेल उच्च भागतिर सर्दै गएकाले बाघ पनि उकालो लागेको हो । नेपाल र भारतमा बाघ प्रायः तल्लो तटीय क्षेत्रको सयदेखि दुई सय मिटर उचाइमा छन् । पछिल्लो अध्ययनले नेपालमा २ सय ३५ र भारतमा २ हजार ९ सय ६७ बाघ देखाएको छ । दुई वर्षअघिको सर्वेक्षणमा नेपालका १२ जिल्ला बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, सल्यान, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा बाघ भेटिएका थिए । डब्लूडब्लूएफ नेपालका बाघविज्ञ कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार उपलब्धता र कोलाहल नहुने हो भने नेपालमा पनि तल्लो क्षेत्रमा रहेका बाघ उच्च भागसम्मै जान सक्छन् । **बाँकी पृष्ठ १४**



## छोटकरी

### हत्या आरोपित १४ वर्षपछि पक्राउ

राजविराज (कास)- प्रहरीले १४ वर्षअघि हत्यामा संलग्न रहेको आरोप लागेका दुई जनालाई बिहीबार पक्राउ गरेको छ। जिल्ला प्रहरीका अनुसार सप्तरीको साबिक डिमन गाविस-१ का सुकदेव यादव र विनोदकुमार यादवलाई गरिएको हो। सुकदेव र विनोद बाबुछोरा हुन्। उनीहरूमाथि २०६२ असोज १७ गते साबिक डिमन-१ का दिलीपकुमार यादवलाई गोली हानी हत्या गरेको आरोप लागेको थियो। कर्तव्य ज्यान मुद्दामा प्रहरीको फरार सूचीमा रहेका उनीहरूलाई जिल्ला प्रहरी सुनसरी र इलाका प्रहरी कञ्चनपुर सप्तरीको संयुक्त टोलीले सुनसरीको इनरुवाबाट नियन्त्रणमा लिएको प्रहरी निरीक्षक बाबुराम कार्कीले बताए। उनीहरूमाथि अनुसन्धान प्रक्रिया सुरु गरिएको प्रहरीले जनाएको छ। साँधसिमाना मिचेको विषयमा विवाद भएपछि गोली चल्दा दिलीपको मृत्यु भएको थियो।

### एक नगरका दुई कार्यालय

सर्लाही (रासस)- सर्लाहीको बलरा नगरपालिकामा दुई स्थानमा कार्यालय राखेर नगरको काम गरिएको छ। नगरप्रमुख र उपप्रमुखबीचको विवादले बेग्लाबेग्लै स्थानमा कार्यालय राखेर नगरको काम थालिएको हो। नगरको आफ्नो कार्यालय हुँदाहुँदै नगरप्रमुख अभयकुमार सिंहले आफ्नो गाउँ हथियौलको एक निजी घरमा नगरपालिकाको कार्यालय राखेका छन्। नगरबासी भने सेवा लिन कहाँ जाने भन्ने अन्योलमा परेका छन्। कर्मचारीलाई नगरप्रमुखको वा उपप्रमुख कसको कार्यालयमा बसेर काम गर्ने भन्ने चिन्ता भएको छ। स्थानीय निकायको निर्वाचनलगत्तै नगरप्रमुख र उपप्रमुखबीच विवाद सुरु भएको थियो। एउटै पार्टीबाट निर्वाचित भए पनि उनीहरूबीच मनमुटाव हुँदै आएको छ। नगरप्रमुख सिंह र नगरउपप्रमुख रामसखी देवी राजपाबाट निर्वाचित भएका हुन्। उपप्रमुख रामसखीले नगरप्रमुख एकलौटी ढंगले चलेको, नगरको विकास लगायतका काममा आफूहरूसँग समन्वय नगरेको आरोप लगाएकी छन्। नगरप्रमुख सिंहले भने नगरको कार्यालयमा बसेर काम गर्न सक्ने वातावरण नभएको बताए। 'सहज तरिकाले काम गर्न नपाएकाले नगरपालिकाको अर्को कार्यालय खोल्न बाध्य भएको हुँ,' उनले भने।

# सड्न थाल्यो बरामद काठ

## अदालतमा परेको मुद्दा किनारा नलाग्दा हजारौं क्युफिट काठ लिलामी हुन सकेको छैन

**शिव पुरी** (रौतहट)


रौतहटको चन्द्रपुरस्थित सशस्त्र वन रक्षक सुरक्षागार्ड कार्यालय परिसरमा राखिएको सालको गोलिया। *तस्बिर- शिव/कान्तिपुर*

समयमै मुद्दा किनारा नलाग्दा चोरीनिकासी र तस्करबाट बरामद गरिएको काठ डिभिजन वनअन्तर्गतका पोस्टमा नष्ट हुन थालेको छ। वन कर्मचारीको टोलीले बरामद गरेको सालको गोलिया र कुकाठ सड्न थालेका हुन्। यस्ता काठको मुद्दा किनारा लाग्न ढिलाइ हुने र झन्झटिलो कानुनी प्रक्रियाका कारण व्यवस्थापन गर्न कठिनाइ भएको हो। सरकारी निकायले कानुनी प्रक्रिया पूरा गरी लिलाम बिक्री गरेमा सडेका काठ दाउराको रुपमा समेत सदुपयोग हुने र सरकारलाई लाखौं रुपैयाँ राजस्व असुलीमा टेवा पुग्ने थियो। तर अदालतमा मुद्दा चलेपछि फैसला नभइन्जेलसम्म काठ व्यवस्थापन गर्न नपाइने प्रावधान छ।

तत्कालीन चोचा र चेतनगर इलाका रेन्जपोस्ट अन्तर्गत पोस्टहरूमा ठूलो मात्रामा सालको गोलीया त्यतिकै कुहिँदै गएको छ। डिभिजन वनको सशस्त्र वनरक्षक कार्यालयको परिसरमा रहेको सालको ५ हजार क्युफिट गोलिया कुहिएर कामै नलाग्ने भएको छ। धन्सार जंगलमा २० वर्षअघि बरामद भएको उक्त काठको अहिलेसम्म मुद्दा छिनोफानो हुन नसकेको डिभिजन वन प्रमुख विनोद सिंहले बताए। 'मुद्दा चलिरहेको अवस्थामा त्यसको किनारा नलागुन्जेल केही गर्न मिल्दैन,' उनले भने, 'केही काठ दाउरा कुहिएको छ। यसलाई समयमा सदुपयोग गर्न सकिएन।'

वन कार्यालयका अनुसार पछिल्लो डेढ दशकयता बरामद भएका ६ हजार क्यूफिट काठ सालको गोलिया कुहिँदै गएको छ। आपूर्ति समितिलाई हस्तान्तरण गरिएको ५ हजार क्यूफिट काठ पनि कुहिएको छ। पुरानो र कुहिएको भएकाले उपभोक्ताले समेत लैजान नमान्दा अलपत्र परेको छ। साझेदारी वनमा ५ हजार २ सय क्युफिट काठ र केही दाउरा लिलाम हुन नसकेर त्यतिकै थन्किएको छ। त्यस्तै सामुदायिक वनमा ३० हजार ८ सय क्युफिट काठ लिलामको प्रक्रियामा छ। सरकारले वनको वैज्ञानिक व्यवस्थापनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नसक्दा लाखौंको काठ दाउरा कुहिँदै गएको हो।

आफ्नै वनजंगलको रुखको उपयोग गर्न नसक्दा काठ व्यवसायीहरूले पछिल्लो ६ वर्षयता विदेशबाट काठ आयात गर्दै आएका छन्। नेपाली काठको तुलनामा विदेशी सस्तो पर्ने काठ व्यवसायी राजु धामीले बताए। 'सरकारले वन व्यवस्थापनमा ध्यान नदिएसम्म काठमा आत्मनिर्भर हुन सकिन्न,' उनले भने। स्थानीय काठ व्यवसायीहरूले चीन, भारत, इन्डोनेसिया, मलेसिया लगायत देशबाट काठका गोलिया, चिरान, प्लाई, झ्यालढोकामा प्रयोग हुने फ्रेमलगायत काठका सामान आयात गरिरहेका छन्। 'सामुदायिक वनमा संकलन भएका काठ दाउरा व्यवस्थापन प्रक्रियामा लैजान भनिएको छ,' प्रमुख सिंहले भने, 'ढिला गरे कुहिने र कामै नलाग्ने सम्भावना हुन्छ।' सिंहले जिल्लाभरका तत्कालीन रेन्जपोस्टहरूमा लामो समयसम्म त्यतिकै बसेको काठ दाउराको लगत र अवस्थाबारे तथ्यांक राख्न थालेको जानकारी दिए।

# साइकलमा कुखुरा तस्करी

रौतहट (कास)- इलाका प्रहरी कोपवाको गस्ती टोलीले बुधबार रौतहटको बौधीमाईबाट भारतबाट तस्करी गरी ल्याएको ४८ वटा कुखुरा बरामद गर्‍यो। त्यसअघि प्रहरी चौकी बेलबिछवाको गस्ती टोलीले राजदेवी-९ ब्रह्मपुरीबाट दुईटा साइकलमा भारतबाट ल्याइएको ७७ वटा कुखुरा नियन्त्रणमा लिएको थियो। सशस्त्र प्रहरी ११ नम्बर गण हेडक्वार्टर गौरले केही दिनअघि भारतबाट तस्करी गरी ल्याइएका २ हजार ४ सय वटा कुखुराको चल्ला बरामद गरी गाडेको थियो।

सरकारले कोरोना भाइरसबाट प्रभावित मुलुकबाट आयात हुने पशुपन्छीमा कडाइ गर्ने नीति लिए पनि भारतबाट नेपालतर्फ कुखुरा तस्करीमा कमी आएको छैन। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले क्वारेन्टाइनमा कडाइ गर्न निर्देशन दिएको छ। तर खुला सीमाका कारण कुखुरा तस्करी रोक्न सकेको छैन। प्रहरीले सीमाक्षेत्रमा कडाइ गरेको दाबी गरे पनि ससानो संख्यामा भारतबाट नेपालतर्फ कुखुरा तस्करी हुँदै आएको हो।

नेपालको तुलनामा भारतमा कुखुरा सस्तो छ, जसले गर्दा तस्करी भइरहेको व्यवसायी बताउँछन्। कुखुरा व्यवसायी संघ रौतहटका अध्यक्ष रामविनोद पाण्डेका अनुसार भारतमा कुखुरा प्रतिकिलो ४८ देखि ६४ नेपाली रुपैयाँ पर्छ। नेपालमा १ सय ६० देखि ८० रुपैयाँसम्म पर्छ। झण्डै दोब्बर फाइदा हुने हुँदा भारतीय कुखुरा तस्करी बढेको हो। बर्डफ्लू र कोरोनाका कारण भारतमा कुखुरा सस्तो छ। तस्करीका लागि धेरैजसोले साइकल प्रयोग गरेको पाइन्छ। अहिले जिल्लाका अधिकांश बजारमा व्यापारीले भारतीय कुखुरा बिक्री गर्दै आएका छन्।

भारतीय कुखुरा भित्रिन थालेकाले व्यवसायीहरू त्रसित भएको अध्यक्ष पाण्डेले बताए। 'सीमामा तैनाथ प्रहरीले रोक्नुपर्ने हो। तर त्यसो हुन सकेको छैन,' उनले भने, 'भारतीय कुखुराको तस्करी बढेको बढ्यै छ।' कुखुरा तस्करी रोक्न संघले कुखुरा व्यवसायीलाई समेटेर ११ सदस्य रहने ४ वटा समूह बनाएको छ। ती समूहले सीमाक्षेत्रबाट भित्रिने कुखुराको निगरानी गर्ने पाण्डेले बताए। उनका अनुसार तस्करीको कुखुरासहित मानिसलाई क्वारेन्टाइनमा बुझाइनेछ। केही दिनअघि राजपुरमा व्यवसायीको समूहले कुखुरा तस्करलाई पक्रेर क्वारेन्टाइन कार्यालयमा बुझाएको थियो।

जिल्ला प्रहरी प्रमुख एसपी रविराज खड्काले साइकलबाट चोर बाटो हुँदै भारतीय कुखुरा भित्रिने गरेको बताए। 'हामीले पछिल्लो समय कडा निगरानी र गस्ती गरेका छौं,' उनले भने, 'लुकिछिपी ल्याउने समूहलाई पक्रेर कारबाही गर्छौं।' उनले सीमाक्षेत्रका सबै युनिटलाई कडा रुपमा सीमामा गस्ती गर्न निर्देशन दिएको बताए। सशस्त्रका एसपी रवीन्द्र कर्णकारले सीमाक्षेत्रका चोरबाटो पहिचान गरी निगरानी गर्दै आएको जानकारी दिए। '२४ सै घण्टा सीमाक्षेत्रमा सशस्त्रको गस्ती हुन्छ,' उनले भने, 'भ्याएसम्म रोकेका छौं।'

# बजेट खर्च गर्नै सकस

## चालु आर्थिक वर्षको दोस्रो चौमासिक बित्नै लाग्दा धनुषाका अधिकांश पालिकाले विकास बजेट खासै खर्च गर्न सकेका छैनन्

**सन्तोष सिंह** (धनुषा)



धनुषको मुखयापट्टी मुसरनियामा बजेट सक्न ड्रम काटेर बनाइएको फोहोर संकलन गर्ने भाँडो। *तस्बिर : सन्तोष/कान्तिपुर*

धनुषाको मुखियापट्टी मुसरनिया गाउँपालिकामा पहिलोपटक पुग्ने सेवाग्राही अलमलिन्छन्। कार्यालय समयमै पुगे पनि कर्मचारी र जनप्रतिनिधि भेट्न मुस्किल हुँदा सेवाग्राहीलाई काम पूरा गर्न पाउँदैनन्। प्रशासकीय अधिकृत सत्यनारायण साह र लेखापाल रामनरेश साह महत्वपूर्ण काम भए मात्र कार्यालय पुग्छन्। उनीहरूले जनकपुरको डेराबाटै काम गर्न थालेपछि कार्यालय सुनसान छ।


प्रशासकीय प्रमुख साहले ढिलोचाँडो भए पनि कार्यालय आउने गरेको दाबी गरे। प्रदेशमा समायोजन भएका लेखापाल महिना दिनमा कहिलेकाहीँ मुस्किलले कार्यालय आएर हाजिरी गर्ने गरेको कर्मचारी स्रोतले बतायो। अर्को लेखापाल नआएकाले समायोजनमा प्रदेशमा परेका लेखापाल कहिलेकाहीँ मात्र कार्यालय आउँदा पनि काममा कुनै असर नपरेको प्रमुख प्रशासकीय अधिकृत साहले बताए। 'कार्यालयसँग सम्बन्धित काम जनकपुरबाटै गर्नु परेकोले काम गरेर आउँछु,' प्रशासकीय प्रमुख साहले भने, 'कार्यालयमा कर्मचारी अभाव छ। सीमित कर्मचारीबाट सबै काम सञ्चालन गर्नु पर्दा कार्यालयमा कर्मचारी भेट हुँदैन।' गाउँपालिका कार्यलयमा शिक्षा, कृषि, पशु, प्राविधिक संयोजक छैन। पाँच जनाको भरमा गाउँपालिका कार्यालय सञ्चालन भएको छ।

गाउँपालिकाको चालु आर्थिक वर्षको पुँजीगत बजेट १० करोड ५८ लाख र सशर्त अनुदान ७ करोड ६८ लाख रुपैयाँ छ। चालु आवको ८ महिनामा विकास योजना सुरु गर्न नसक्दा बजेट खर्च हुन सकेको छैन। सडक ढलान, कृषि सडक निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी र मठमन्दिर निर्माण उपभोक्ता समितिबाट गर्ने तयारी भए पनि प्रक्रिया अगाडि बढेको छैन। कार्यालयले ४ करोड २७ लाख खर्च गर्न १ सय १३ वटा योजनाका लागि उपभोक्ता समिति गठन प्रक्रिया अगाडि बढाएको प्रशासकीय अधिकृत सत्यनारायण साहले बताए। मुखियापट्टीसँगै जोडिएको नगराइन नगरपालिकाको पनि बजेट खर्च सुस्त छ। चालु आवको दोस्रो चौमासिक बित्नै लाग्दा खासै खर्च हुन सकेको छैन।

नगरपालिकामा तीन महिनासम्म लेखा अधिकृत नहुँदा खर्च गर्न समस्या भएको प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसीले बताए। नगरपालिकाले ८ महिनामा तलब मात्रै बाँडेको छ। विकासे बजेट खर्च नभएको केसीले बताए। जिल्लाको धनौजी गाउँपालिकाको पनि बजेट खर्च नाजुक छ। गाउँपालिकाको परिषद् भए पनि योजना बाँडफाँटमा प्रमुख र उपप्रमुखको विवादले महिनौंसम्म काम नै अगाडि बढ्न सकेन। विभिन्न योजनाका लागि उपभोक्ता समिति गठन गरी प्रक्रिया अगाडि बढाइएको प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्द सिंहले बताए।

धनुषाका पालिकाहरू कर्मचारी अभाव, जनप्रतिनिधिबीचको मनमुटाव र कुशल कार्यालय प्रमुखको अभावले सुस्त देखिएका छन्। कार्यालयको सेवा समेत प्रभावकारी बन्न सकेको छैन। जनप्रतिनिधिले प्रभावकारी रुपमा काम गर्न नसक्दा जनतामा नैराश्य बढेको जनकपुरका बुद्धिजीवी सुरेन्द्र लाभले बताए। 'जनप्रतिनिधि इमानदार छैनन्, भ्रष्टाचार बढेको छ,' उनले भने। धनुषाका पालिकाले वित्तीय अनुशासन समेत पालन गरेका छैनन्। प्रदेशको लेखानियन्त्रक कार्यालय जनकपुरका अनुसार धनुषाका १८ मध्ये ५ स्थानीय तहले मात्र नियमानुसार वित्तीय प्रतिवेदन बुझाएका छन्। प्रतिवेदन नबुझाउने १३ स्थानीय तहको अनुदान रोक्का गरिएको छ। जनकपुर उपमहानगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, गणेशमान चारनाथ नपा, धनुषाधाम नपा, नगराइन नपा, मिथिला नपा, कमला नपा, मिथिला विहारी नपा, हंसपुर नपा, जनकनन्दनी गापा, बटेश्वर गापा, मुखियापटी मुसरनिया गापा तथा औरही गापाले प्रदेश लेखा नियन्त्रक कार्यालयमा वित्तीय विवरण बुझाएका छैनन्।

धनुषाधाम नगरपालिकाका प्रमुख बालेश्वर मण्डलले प्रमुख कार्यकारी अधिकृत नहुँदा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई वित्तीय अभिलेख बुझाउन नसकेको बताए। धनुषाका १८ स्थानीय तहमध्ये अधिकांश निमित्त कार्यकारी अधिकृतको भरमा सञ्चालित छन्। शिक्षा, स्वास्थ्य तथा कम्प्युटर तर्फका कर्मचारीहरू प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत छन्। जनकपुर उपमहानगरपालिकामा शिक्षा संयोजक मेहलाल यादव, क्षीरेश्वरनाथ नगरपालिमा शिक्षा संयोजक उमेशलाल कर्ण लामो समयदेखि निमित्त भएर काम गर्दै आएका छन्।













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | कान्ति क्षय | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकंक्षा पुर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | दुविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | वैभव प्राप्ति | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल चैत्र १ गते शनिबार तदनुरुप १४ मार्च २०२० चैत्र कृष्णपक्ष पञ्चमी तिथि दिनको १२:३० बजेसम्म उप्रान्त षष्ठि तिथि, विशाखा नक्षत्र साँझको ६:२० बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, हर्षण योग रात्रिको ११:२५ बजेसम्म उप्रान्त वज्र योग, तैतिल करण दिनको १२:३० बजेसम्म उप्रान्त गर करण, तुला राशिमा चन्द्रमा दिनको १२:३८ बजेसम्म उप्रान्त वृश्चिक राशिमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्यूज |
| ९:०० | ह्वाट द फ्लप (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | बलियो घर (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | सुमनसङ्ग (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार (रिपिट) |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हेर्नै कथा (रिपिट) |
| ३:०० | ह्वाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | सुमनसङ्ग (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | फिल्म टनिक |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हर्के हल्दार |
| १०:०० | फिल्म टनिक (रिपिट) |
| १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्यूज रिपीटेड |
| १:३० | फिल्म टनिक (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हर्के हल्दार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | प्राविधिक डायरी |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (महिमा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | शैली (भूपेन्द्र) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (सागरिका) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (महेश) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (महेश) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | द राहुल भुजेल सो |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ओल्डी गोल्डी (स्मीता) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२०६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेन्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |


**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक २४ पोखरा | ३० फागुन २०७६ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 13, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ

# अनअराइभल भिसा वैशाख १८ सम्म बन्द

- स्थल मार्गबाट पनि विदेशी आउन नपाउने
- भारततर्फको आउजाउ निश्चित नाकाबाट मात्रै
- हिमाल आरोहण र श्रम स्वीकृति बन्द

**जगदीश्वर पाण्डे** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको त्रास बढेसँगै नेपाल र भारतबीच आउजाउका लागि केही निश्चित सीमा नाका मात्र सञ्चालन गरिने भएको छ। उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले व्यवस्थित भन्सारसहितका नाकाबाट मात्र स्वास्थ्य परीक्षण गरी आवागमनको व्यवस्था मिलाउने निर्णय गरेको छ। भारतीय स्वास्थ्य मन्त्रालयले पनि बुधबार सूचना जारी गर्दै 'सडक मार्ग हुँदै आउने विदेशीको आवागमनलाई पर्याप्त स्वास्थ्य परीक्षण सुविधा भएका अध्यागमन जाँच चौकीसहितका नाकामा सीमित गरिने' भनेको थियो।

अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले कोभिड-१९ को महामारीबाट बच्न भारतसँग जोडिएका खास-खास नाकाबाट मात्र व्यवस्थित रूपमा आउजाउ गर्न गृह र परराष्ट्र मन्त्रालयले समन्वय गरेर काम गर्ने बताए। व्यवस्थित नाकामा काँकडभिट्टा, जोगबनी, रक्सौल, भैरहवा र कञ्चनपुर छन्। चीनतर्फका नाका बन्द गरिसकिएका छन्।

खतिवडाले बैठकमा संक्रमण जोखिमको समीक्षा गरिएको बताए। 'दक्षिणतर्फ भारतमा पनि संक्रमित व्यक्तिहरू बढ्दै गरेकाले हामीले कस्तो सतर्कता अपनाउने भनेर बैठकमा छलफल गर्‍यौं,' उनले भने। **बाँकी पृष्ठ ५**

**कोरोना संक्रमणसम्बन्धी थप समाचार पृष्ठ ५ मा**





प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक (बायाँ)। र, काँकडभिट्टास्थित पूर्वी नाकामा रहेको हेल्थ डेस्कमा युक्रेनी दम्पतीको ज्वरो नापिँदै। ज्वरो १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि हुनुका साथै रुघाखोकीसमेत लागेकाले आइसोलेसनमा बस्न आग्रह गर्दा नमानेपछि उनीहरूलाई भारततर्फ फर्काइएको छ। समाचार पृष्ठ ५।

रासस / पर्वत पोर्तेल

## नेपाली र भुटानीबाहेकलाई भारत प्रवेशमा रोक

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

कोभिड-१९ को संक्रमण विस्तारसँगै भारतले शुक्रबारबाट लागू हुने गरी विदेशी नागरिकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएको छ। त्यस्तो रोक भिसा लिनुपर्ने मुलुकहरूका लागि मात्र भएकाले नेपालीले आउजाउ गर्न पाउनेछन्।

भारतीय उच्च अधिकारीहरूको बुधबारको बैठकले शुक्रबार १२ बजेबाट लागू हुने गरी भिसा लिनुपर्ने मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको हो। नेपाल र भुटानका नागरिकले भारत पस्न भिसा लिनुपर्दैन। भारतले तेस्रो मुलुकका नागरिकलाई हवाई मार्ग हुँदै आउन रोक लगाएको हो। कोभिड-१९ संक्रमणको शंका लाग्यो भने हवाई मार्ग हुँदै भारत आउने नेपालीले १४ दिन क्वारेन्टाइनमा बस्नैपर्छ।

भारतले कोभिड-१९ संक्रमणको जोखिम घटाउन स्थल मार्गका प्रवेशबिन्दुहरूमा पनि कडाइ गरेको छ। नेपालतर्फ पनि पर्याप्त स्वास्थ्य परीक्षण सुविधासहित केही ठूला नाका मात्र सञ्चालन गर्ने तयारी छ। अन्य साना नाका बन्द गरिए रोजगारीलगायतका प्रयोजनका लागि भारत आउने नेपाली प्रभावित हुनेछन्। यसले तराईका ग्रामीण भेगका बासिन्दालाई ज्यादा असर पार्नेछ।

नेपाल-भारतबीचको १७५१ किलोमिटर खुला सीमामा औपचारिक रूपमा करिब दुई दर्जन नाका चलेका छन्। तीमध्ये पाँच प्रमुख नाका हुन्। दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता हरि ओडारीले नाकामा स्वास्थ्य परीक्षणबाहेक अन्य कुनै किसिमको अवरोध नभएको बताए। **बाँकी पृष्ठ ५**

## आपूर्तिमा असर पर्दैन : मन्त्रालय

**कृष्ण आचार्य र राजु चौधरी** (काठमाडौं)

कोभिड-१९ संक्रमण फैलिन नदिन मानिसको आउजाउमा कडाइ गरिए पनि नेपाल र भारतबीचको आपूर्ति प्रणालीमा असर नपर्ने सरकारले जनाएको छ। संक्रमणको जोखिमले मानिसको आउजाउमा कम हुँदै गई आपूर्ति प्रणालीमा समस्या देखिए के गर्ने भनेर विकल्पमा समेत गृहकार्य थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

'भारतीय दूतावासले नेपाली नागरिकको आउजाउ नरोक्ने भनिसकेको छ, त्यसैले हाम्रो व्यापारको प्रमुख मुलुक भारतसँगको आयात-निर्यातमा समस्या पर्दैन,' आपूर्ति सचिव वैकुण्ठ अर्यालले भने।

नेपालमा दैनिक उपभोग्य, औषधि, पेट्रोलियम पदार्थसहित ६० प्रतिशतभन्दा बढी सामग्री भारतबाट आयात हुन्छ। नेपालबाट निर्यात पनि सबैभन्दा बढी भारतमै हुन्छ। तेस्रो मुलुकबाट पनि भारत हुँदै सामान नेपाल भित्र्याइन्छ। भन्सार विभागको तथ्यांकअनुसार यस वर्षको ७ महिनामा विश्वभरबाट आयात भएका सामग्रीमध्ये ६१ प्रतिशत भारतबाट हो। यस अवधिमा ८ खर्ब ३ अर्ब रुपैयाँको सामग्री आयात भएकामा भारतबाट करिब ४ खर्ब ९६ अर्ब रुपैयाँको सामान भित्रिएको छ। **बाँकी पृष्ठ ५**

**भित्र**

समाचार । २



'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

समाचार । २
अब मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

समाचार । ३
नेकपा एमसीसी कार्यदलको निष्कर्ष- 'पूरक सम्झौता गर्नु बेइमानी'

समाचार । १०
किशोरी अपहरण गर्ने चन्द समूहका १४ जना हतियारसहित पक्राउ

अर्थ वाणिज्य । १३



घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

# कञ्चनपुरको ५० बिघा भूभाग भारततिर

- बेलौरी नगरपालिकाका ४० परिवारको जग्गा र महाकाली सिँचाइ आयोजनाको नहर पनि भारतपट्टि
- सीमास्तम्भ गाड्न भारतले नेपाली भूमिमा खाल्डो खन्न थाल्यो

**भवानी भट्ट** (कञ्चनपुर)

तत्कालीन बैतडी जिल्ला पञ्चायतले कञ्चनपुरको सीमा क्षेत्रमा पूर्वसैनिकलाई बसोबास गराउने निर्णय गरेपछि दार्चुलाको लाली क्षेत्रका दिलराज पन्त भारतीय सेनाको जागिर छाडेर घर फर्किए। उनी हालको बेलौरी नगरपालिकाको भुडा क्षेत्रमा बसोबास गर्न थाले।

त्यतिबेला उनले पाएको डेढ बिघा जमिन अहिले भारतीय क्षेत्रमा परेको छ। पछिल्लो पटक संयुक्त सीमा सर्भे टोलीले विगतको सीमाभन्दा निकै वर आएर पिल्लर गाड्न खोजेको छ। 'यही सीमा रक्षाका लागि हामी चोर र डाँकाहरूसँग लडेर यहाँ बस्यौं,' पन्त भन्छन्, 'अहिले त्यही जमिन पनि भारतमा पर्ने देखिएको छ।'

साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ। चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ। यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा परेको छ।

'हामीसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छौं, पानीपोत पनि तिरिरहेका छौं,' पन्त भन्छन्, 'अहिले आएर यो जमिन भारतमा कसरी पर्‍यो, जसको रक्षाका लागि हामीलाई बसाइयो, त्यही जमिन भारतमा कसरी हालियो।' उनका अनुसार गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ। ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएका हुन्।

खेमराज पन्तको पनि २०२८ मा बुबा जयदत्त पन्तले पाएको आधा बिघा जमिन अहिले भारतमा परेको छ। जयदत्त दिलराजसँगै २०२८ मा पूर्वसैनिकलाई सीमामा बसाउन थालेपछि यहाँ आएका हुन्। उनले पनि डेढ बिघा जमिन पाएका थिए। 'सुरुमा चार बिघा दिने भनिएको थियो, २०५४ मा नापी हुँदा डेढ बिघा मात्रै दिइएको हो,' खेमराजले भने, 'सरकारले यसरी दिएको जमिनमा अहिले संयुक्त टोलीले पिल्लर हाल्दै छ।'

बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीको पनि अढाई बिघा जमिन पूरै भारततर्फ परेको छ। 'भारतीय भूभाग थियो भने हामीलाई कसरी लालपुर्जा दिइयो, अनि भारतीय भूभागमै नहर कसरी निर्माण भयो ?' उनले सोधे। उनका अनुसार ४० भन्दा बढी परिवारको ५ कट्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतमा जाने देखिएको छ। **बाँकी पृष्ठ १४**

सीमासम्बन्धी संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाटै हटाइयो
**पृष्ठ १४**




# उकालो लाग्दै बाघ

स्याटेलाइट रेडियो कलरको रेकर्डमा एउटा बाघ प्रेमिका (पोथी) को खोजीमा नहर, खेत, जंगल र सडक हुँदै दुई हजार किमिसम्म हिँडेको देखिन्छ, जसले बाघ धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ

**अब्दुल्लाह मियाँ** (काठमाडौं)



पहाडी क्षेत्रका विभिन्न भेगमा चितुवा आतंक बढिरहेका बेला पाटे बाघ पनि उच्च भागतिर बसाइँ सर्न थालेका छन्। राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल कम भएकाले बाघ उँभो चढेका हुन्। भुटानमा ४२ सय र भारतको उत्तराखण्डमा २९ सय मिटरमा भेटिएका बाघ नेपालमा पनि ८ सय मिटर उचाइसम्म उक्लिसकेका छन्। चुरे र दुन क्षेत्रका बस्तीमा यिनीहरू देखिन थालिसकेका छन्।

जलवायु परिवर्तनका कारण आहारमा आएको फेरबदलले बाघका आहार मृग प्रजाति र बँदेल उच्च भागतिर सर्दै गएकाले बाघ पनि उकालो लागेको हो। नेपाल र भारतमा बाघ प्रायः तल्लो तटीय क्षेत्रको सयदेखि दुई सय मिटर उचाइमा छन्। पछिल्लो अध्ययनले नेपालमा २ सय ३५ र भारतमा २ हजार ९ सय ६७ बाघ देखाएको छ। दुई वर्षअघिको सर्वेक्षणमा नेपालका १२ जिल्ला बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, सल्यान, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा बाघ भेटिएका थिए। डब्लूडब्लूएफ नेपालका बाघविज्ञ कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार उपलब्धता र कोलाहल नहुने हो भने नेपालमा पनि तल्लो क्षेत्रमा रहेका बाघ उच्च भागसम्मै जान सक्छन्। **बाँकी पृष्ठ १४**

## छोटकरी

### धौलागिरि क्याम्पसमा पुस्तकालय

बागलुङ (कास)- धौलागिरि बहुमुखी क्याम्पसमा अत्याधुनिक पुस्तकालय निर्माण सुरु भएको छ । अपांगमैत्री, विद्युतीय सामग्रीमार्फत अध्ययन गर्न पाइने र हरेक विद्यार्थीको सहज पहुँच बढाउने गरी पुस्तकालय निर्माण थालिएको हो । यसअघि पुस्तकालय तीन तलामाधि हुँदा सहजै पहुँच थिएन । क्याम्पस प्रमुख रामप्रसाद उपाध्यायले १ करोड ४२ लाख रुपैयाँको लागतमा दुईतले पुस्तकालय भवन बन्न लागेको बताए । भवनका लागि निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमअन्तर्गत संघीय सांसद सूर्य पाठकले ५० लाख रुपैयाँ विनियोजन गरेपछि निर्माणको काम थालिएको हो । क्याम्पसमा २ हजार विद्यार्थी अध्ययनरत छन् ।

### रुखबाट खसेर मृत्यु

तनहुँ (कास)- देवघाट गाउँपालिका-५ देउतीखोला पुरानो बस्तीका ७० वर्षीय लालबहादुर बोटेको रुखबाट खसेर बुधबार मृत्यु भएको छ । साँजको रुखबाट घाँस झार्ने क्रममा रुखको हाँगा भाँचिएर अन्दाजी ३० मिटर तल भुईमा खस्दा लालबहादुरको मृत्यु भएको प्रहरीले जनाएको छ ।

### चन्द समूहका इन्चार्ज पक्राउ

दमौली (रासस)- नेत्रविक्रम चन्द समूहका तनहुँ इन्चार्ज पूर्णजित पुन पक्राउ परेका छन् । गत माघ २८ गते राति जनयुद्ध दिवसको पोस्टर टाँस्ने क्रममा म्याग्दे गाउँपालिका-३ जामुनेबाट पक्राउ परेका पुनलाई जिल्ला अदालतका न्यायाधीश वासुदेव पौडेलको इजलासले सामान्य तारेखमा रिहा गर्ने आदेश दिएलगत्तै बिहीबार प्रहरीले फेरि पक्राउ गरेको हो । प्रहरीले पुनको विरुद्धमा जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहारसम्बन्धी र जिल्ला अदालतमा विस्फोटक पदार्थ र आगजनीसम्बन्धी मुद्दा दर्ता गरेको थियो । गत साउन १५ गते घिरिङ गाउँपालिका-२ घुर्लीछापमा र पुस २६ गते भीमाद नगरपालिका-५ मिछुर्लुङमा भएको एनसेलको टावर आगजनीको घटनामा पुनलाई दोषी देखाइएको छ । पुनसँगै पक्राउ परेका विप्लव समूहका विद्यार्थी नेता पर्वत सेढाईं भने जिल्ला प्रशासनको आदेशपछि पाँच हजार रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् । अदालतबाटै पक्राउ परेका पुनलाई गोरखा पठाइने प्रहरीले जनाएको छ ।

# सांसद बजेटमा कांग्रेसको आपत्ति

## प्रत्यक्ष र सामानुपातिक सांसदबीचको विवादले प्रदेशका ३६ मध्ये ४ निर्वाचन क्षेत्रको बजेट खर्च हुन सकेको छैन

**कान्तिपुर संवाददाता** (गण्डकी)

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालनका लागि विवाद भएका क्षेत्रमा प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले आफूखुसी निर्णय गरेको प्रमुख प्रतिपक्षी दल कांग्रेसले आरोप लगाएको छ । आफूहरूको सहमतिबिनै एकलौटी निर्णय गरेकाले मान्य नहुने कांग्रेसले बताएको हो ।

प्रत्यक्ष र सामानुपातिक सांसदबीचको विवादले प्रदेशका ३६ मध्ये ४ निर्वाचन क्षेत्रको सांसद बजेट खर्चमा अझै पनि विवाद छ । ती निर्वाचन क्षेत्रका योजना छनोट हुन सकेको छैन । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम सम्बन्धमा मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङको संयोजकत्वमा फागुन १८ मा बसेको बैठकले निर्णय गरेको थियो । 'समानुपातिकतर्फ एक सांसद रहेका निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फका लागि ७० र समानुपातिकतर्फ ३० प्रतिशत रकम विनियोजन हुने गरी पेस भएका आयोजनामध्येबाट ५ दिनभित्र छनोट गर्न सम्बन्धित सांसदलाई अनुरोध गर्ने, समानुपातिकतर्फ दुई सांसद रहेका निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ निर्वाचित सांसदका लागि ६० प्रतिशत र समानुपातिकतर्फको लागि २०/२० प्रतिशत रकम विनियोजन हुने गरी पेश भएका आयोजनामध्येबाट ५ दिनभित्र छनोट गर्न सम्बन्धित सांसदलाई अनुरोध गर्ने र कुनै सांसदले योजना छनोट नगरेमा पेस भएका योजना सूचीमध्येबाट कार्यालयले नै छनोट गरी पठाउने' निर्णयमा उल्लेख छ ।

निर्णय कार्यान्वयन गर्न फागुन १९ मा विवादित निर्वाचन क्षेत्रका चारवटै जिल्लाको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयमा पत्राचारसमेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको छ । विवाद भएका तनहुँ-१ को क, पर्वत-१ को क, बाग्लुङ-१ को क र नवलपरासी सुस्ता पूर्व-१ को ख गरी ४ निर्वाचन क्षेत्रमा बजेट बाँडफाँट हुने गरी योजनाहरूको सूची पेस गर्नसमेत सम्बन्धित क्षेत्रका सांसदलाई मुख्यमन्त्री कार्यालयले पत्राचार गरेको छ ।



प्रदेशसभाको बिहीबारको बैठक । कांग्रेसका सांसदले विरोध गरेपछि सभा अवरुद्ध भएको थियो । *तस्बिर : प्रतीक्षा काफ्ले/कान्तिपुर*

'हाम्रो उपस्थितबिनै एकलौटी गरिएका निर्णय मान्य छैन,' कांग्रेस संसदीय दलका उपनेता मेखलाल श्रेष्ठले भने, 'सरकारले पेलेर काम गरेको छ । प्रतिपक्ष दलका सांसदलाई योजना नदिने, निर्वाचन क्षेत्रमा पनि छुटाएर लैजाने गर्न खोजेको हो । मुख्यमन्त्री कार्यालयमा नै निवेदन परेपछि बोलाएर सहमतिमा नै फाइनल हुन्छ भनेको झन् विवादित बनाइयो ।'

असार मसान्तसम्म बजेट सक्ने गरी काम हुनुपर्नेमा फागुन महिनाको अन्तिमसम्म पनि केही निष्कर्ष निस्कन सकेको छैन । प्रदेश सरकारले प्रदेशका सबै सांसदले बाँडफाँट गर्ने गरी ७२ करोड रुपैयाँ विनियोजन गरेको थियो । उक्त बजेट बाँडफाँटको लागि निर्वाचित सांसदको नेतृत्वमा समानुपातिक सांसद सदस्य रहने गरी समिति बनाइएको हुन्छ । प्रदेशको कार्यविधिले प्रतिशत र रकम नतोकेका कारण समझदारीमा रकम बाँडफाँट गर्नुपर्ने प्रत्यक्ष निर्वाचित सांसदको भनाइ छ । समानुपातिकका सांसदले एक करोड रुपैयाँ पाउनुपर्ने माग गर्दै आएका छन् । दुई करोडका २५ वटा योजना अनिवार्य हुनुपर्नेछ, जसमा दुईवटा योजना २५ लाखभन्दा कम गर्न पाइने छैन । अन्य योजनामा १०/१५ लाख रुपैयाँ विनियोजन गर्न पाइने व्यवस्था छ ।

### प्रदेशसभामा अवरोध कायमै

गण्डकी (कास)- कांग्रेसले आफ्नो माग सम्बोधन नभएको भन्दै प्रदेशसभा बैठक बिहीबार पनि अवरुद्ध गरेको छ । निर्वाचन पूर्वाधार विकास क्षेत्र कार्यक्रममा मुख्यमन्त्रीले एकलौटी निर्णय गरेको, प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बहुमतको आधारमा पारित गर्न लागेको, योजना छनोटमा पक्षपात गरेको भन्दै कांग्रेसले बुधबारको बैठक अवरुद्ध गरेको थियो । यी विषयमा सम्बोधन हुनुपर्ने माग कांग्रेसको छ ।

रातो किताबमा छनोट नै नभएका योजना पनि मन्त्रीहरूले शिलान्यास गर्दै पैसा बाँड्दै हिँड्ने गरेको, प्रदेशसभा सचिवालयभित्र गठन भएका सचिवालय र निर्देशिका समिति एउटै बनाउन लागेपछि आफूहरूले संसद संसद गरेको कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपालीले बताए । सभामुख नेत्रनाथ अधिकारीले मुख्यमन्त्री संसद्लाई सम्बोधन गर्न आउने आश्वासन दिँदै संसद् बैठक अघि बढाउन अनुरोध गरेका थिए । तर मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ आउन नसक्ने जानकारी पाएपछि बैठक अवरुद्ध गरिएको हो ।

सभामुखले संसद् अवरुद्ध गर्नुको कारणबारे मुख्यमन्त्रीलाई जानकारी दिइएको र यस विषयमा छलफल भइरहेको बताएका छन् । विधायन समितिबाट २० महिनापछि प्रतिवेदनसहित सदनमा फिर्ता आएको प्रदेशसभा सचिवालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा कांग्रेसले संशोधन हालेको थियो । तर, उक्त संशोधनलाई समितिले सदनबाटै टुंग्याउने भन्दै बहुमतले निर्णय गरेको हो ।

सोही निर्णय र संशोधनलाई बहुमतका आधारमा बेवास्ता गरेको भन्दै कांग्रेसले सदन अवरुद्ध गर्न बाध्य भएको बताएको छ । सत्तापक्षले उक्त विधेयक विधायन समितिमा सहमति भएकाले प्रदेशसभा बैठकमा प्रतिवेदनसहित पेस गर्न लागिएको दाबी गरेको छ ।

# स्वास्थ्य बिमा गर्ने बढे

**प्रकाश बराल** (बागलुङ)

कार्यक्रम लागू भएको ४ वर्ष पछिमात्र जानकारी पाएर जैमिनी नगरपालिका-१ की भद्रकला पाध्यानीले स्वास्थ्य बिमा गराइन् । वर्षेनि हजारौं रुपैयाँ उपचारमा खर्च भइरहेकोमा यो वर्ष सहज उपचार पाएको उनले बताइन् । बिमा गरेको व्यक्तिले १ लाख रुपैयाँसम्मको उपचार पाउने थाहा पाएको भए सुरुमै बिमा गर्ने उनको भनाइ छ । ज्येष्ठ नागरिकहरूलाई सरकारले अनिवार्य बिमा गराउनुपर्नेमा बेवास्ता भएको उनको गुनासो छ ।

गलकोट नगरपालिका-५ की डम्बरकुमारी कँडेल स्वास्थ्य स्वयंसेविका हुन् । उनले २ वर्षपछिमात्र बिमाको सुबिधाबारे बताउन थालिन् । 'सुरुको वर्ष धेरैले विश्वासै गरेनन्, अप्ठ्यारोमा परेकाले उपचार सेवा पाएपछि मात्र बुझाउन सजिलो भयो,' उनले भनिन्, 'अहिले बिमा गरेकाहरूकै भीडले प्राथमिक स्वास्थ्य केन्द्रमा थेगी नसक्नु छ ।' सेवाग्राही र स्वास्थ्यक्षेत्रका व्यक्तिले पनि सुरुमा बिमाबारे चासो राखेका थिएनन् । उनीहरूले चासो राख्न थालेपछि बिमाका सेवाग्राही बढेका छन् ।

बिमाको महत्व बुझेपछि बिरामीको भीड लाग्ने गरेको स्वास्थ्य केन्द्रका वरिष्ठ अहेब प्रकाश पौडेलले बताए । सोझै पोखरा जानेले पनि गाउँमै उपचार गराउन थालेको उनको अनुभव छ । 'गत वर्षमात्र यहाँका ८ हजार ४ सय ७६ जनाले स्वास्थ्य बिमा गरेका छन्,' पौडेलले भने, 'यो क्रम बढिरहेको छ, उनीहरूले विश्वास गरेर यही उपचारमा पनि आउन थालेका छन् ।' अघिल्लो वर्ष ७ हजार ३ सयले उपचार पाएकोमा एक वर्षमा एक हजार बढेको उनले बताए ।

स्वास्थ्य बिमा गरेकाहरूले गत बर्षदेखि १ लाख रुपैयाँसम्मको उपचार सेवा निःशुल्क पाउने व्यवस्था बनेको छ । बिमा गरेका मध्ये ८० प्रतिशतले उपचार र स्वास्थ्य परीक्षणमा आउने गरेको उनले बताए । गलकोट नगरपालिकाले स्वास्थ्य संस्थामै आएर गर्भ परीक्षण गराउने र सुत्केरी हुनेलाई प्रोत्साहन भत्तासमेत दिएको छ । भत्ता पाउने भएपछि स्वास्थ्य संस्थामै गएर परीक्षण गर्ने र सुत्केरी हुनेको संख्या समेत बढेको छ । चारपटक स्वास्थ्य परीक्षण गरेर सुत्केरी हुनेलाई ४ हजार ५ सय रुपैयाँ भत्ता दिने व्यवस्था गरेको हो । सरकारले दिने १ हजार ५ सय समेत थपेर उनीहरूले ६ हजार रुपैयाँ पाउँछन् । बिमा अभियान सुरु भए पनि गत वर्षदेखि मात्र यसको संख्या बढेको छ । धौलागिरी अञ्चल अस्पतालमा अहिले अधिकांश बिरामीले बिमा गरेको सेवा पाउन थालेका छन् । 'बिमा गरेकाहरू धेरै आउँछन्,' प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा.शैलेन्द्र पोखरेलले भने । झण्डै ३० हजार जिल्लाबासी बिमा अभियानमा जोडिइसकेका छन् ।

गलकोटस्थित हरिचौर प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शय्याको अस्पतालमा विकास गर्न थालेपछि सेवाग्राहीको भीडै लाग्ने गरेको वडाध्यक्ष नारायणध्वज मल्लले बताए । गलकोट र ताराखोला गाउँपालिकालाई लक्षित गरेर अस्पताल निर्माण थालिएको हो । उपचारका लागि सदरमुकाम जानुपर्ने बाध्यता हटाउन डाक्टरसहितको दरबन्दी र अस्पताल भवन बनाउन लागिएको मल्लले बताए ।

पुराना भवन उपयोग बिहिन जस्तै भएपछि अघिल्लो बर्ष निर्माण भएको सानो भवनबाटै सेवा थालेर ७ करोड १० लाख रुपैयाँमा भवन निर्माणाधीन छ ।

अस्पताल सञ्चालनमा आएपछि बीमित र अन्य बिरामीको उपचार सहज बनाउन सकिने पौडेलले बताए । यहाँ एक जना डाक्टरको दरबन्दी छ । नगरपालिकाले करारका अर्का डाक्टर राखेर अस्पतालकै रुपमा उपचार सेवा दिने तयारी भइरहेको नगरप्रमुख भरत शर्मा गैरेले बताए ।

# घरेलु उत्पादनको पैंचो पसल

**अगन्धर तिवारी** (पर्वत)

गाउँघरमा एउटाकोमा अत्तो पर्दा छिमेकीको घरबाट सापटी ल्याएर गर्जो टार्ने पुरानो चलन अहिले हराउँदै गएको छ । अन्नपात वा यस्तै सामानको बदलामा सामान नै फिर्ता दिने पुरानो चलनलाई आधुनिक र व्यावसायिक बनाउनकै लागि बिहादीको एक गाउँमा पैंचो पसल सुरु भएको छ ।

स्थानीय ३० किसानको संयुक्त प्रयासमा बिहीबारदेखि पैंचो पसल सञ्चालनमा ल्याइएको हो । अगुवा किसान रामप्रसाद पराजुलीको अध्यक्षतामा गठित स्वयंसेवी कृषक समूहले पसल सञ्चालनमा ल्याएको हो । समूहमा व्यावसायिक कृषिमा लागेका यादव गिरी, सूर्य पुरी, शिव थापा, मिनमायाँ क्षेत्री, सावित्रा पराजुली लगायत किसान सदस्य छन् ।

पसलमा स्थानीयस्तरमा उत्पादन हुने कृषि उपज किसानसँग लिएर बजारबाट आउने सामान फिर्ता दिइन्छ । त्यसबाहेक किसान आफूले उत्पादन गरेको बाहेक अरु खाद्यान्न तथा तरकारी आवश्यक परेमा छिमेकीले उत्पादन गरेको सामानसँग साटेर लिनसक्ने व्यवस्था छ ।



पर्वतको बिहादी-२ बर्राचौरमा सुरु गरिएको पैंचो पसलमा सामान ल्याएका किसान । *तस्बिर : कान्तिपुर*


बिहादी-२ बर्राचौरस्थित पसलमा अहिले गाउँमा उत्पादित अदुवा, काउली, साग, बन्दा, आलु, धान, मकै, कोदो लगायतका तरकारी तथा खाद्यान्नको कारोबार सुरु गरिएको अध्यक्ष रामप्रसाद पराजुलीले बताए । 'पैंचो लेनदेन पुरानो संस्कार हो,' उनले भने, 'हामीले त्यसलाई अहिलेको परिवर्तित समाजसंग जोड्न मात्रै खोजेका हौं ।' २ महिनाको तयारीपछि पसल सञ्चालनमा ल्याइएको हो । किसानले अभियानलाई गाउँपालिकाभर विस्तारको योजना बनाएका छन् ।

'एक वर्षभित्रै पालिकाभर पुर्‍याउने योजनामा छौं,' समूहका सदस्य एवं पसलका व्यवस्थापक मेकबहादुर कुँवरले भने, 'व्यवस्थित गर्नसके यहाँ आबद्ध परिवार पसलबाटै आत्मनिर्भर हुन सकिन्छ ।' समूहमा आबद्ध किसानले आफ्नै उत्पादन बिक्री गर्ने योजना बनाएका छन् । अध्यक्ष पराजुलीका अनुसार अदुवा, साग, काउली, पिंडालु, बन्दा, लसुन, प्याज, आलु, अमृसो, मरिच, काँक्रो लगायतका लागि बिहादी उपयुक्त क्षेत्र हो । अम्रिसो, मरिच लगायतका बहुबर्से बालीमा आत्मनिर्भर हुनेगरी उत्पादन सुरु गर्न थालिएको उनले बताए । 'बेमौसमी लसुन, प्याज राम्रो हुन्छ,' पराजुलीले भने, 'यही सिजनमा मैले आठ-दश क्विन्टल उत्पादन गर्दै छु ।' किसानले पैंचो पसलमा ल्याउने उत्पादनको सूचीअनुसार खेती सुरु गरिसकेका छन् । परिवारपिच्छे फरक उत्पादन हुँदा एउटाले उत्पादन गरेको वस्तु सहजै अर्को परिवारले उपभोग गर्न पाउने किसानहरूले बताए ।

### खाद्यान्न तथा तरकारी आवश्यक परेमा छिमेकीले उत्पादन गरेको सामानसँग साटेर लिनसकिने

त्यसबाहेक किसान आफूले उत्पादन गरेको वस्तु गाउँमा बढी भए बजार पठाउने योजना छ । 'यहाँबाट उत्पादन गरेको वस्तु बजार पठाएर त्यही पैसाले उताको सामान ल्याउँछौं,' समूहका सदस्य यादव गिरीले भने, 'त्यसो गर्दा हामीलाई चाहिने बजारको सामान लिँदा पैसा खर्च हुँदैन । आफ्नै सामानले साटेजस्तो हुन्छ ।' पसलका लागि जम्मा बिक्रीको १० प्रतिशत मुनाफा लिने नियम छ । सबैको एकमुष्ठ मुनाफा बोनसको रुपमा वर्षमा एकपटक वितरण गर्ने समूहको निर्णय छ ।

किसानले उत्पादन गरेको हरेक सामानको छुट्टाछुट्टै खाता बनाएर सञ्चालनमा ल्याउन सुरु गरिएको छ । 'सामानको विवरण र कारोबार अभिलेख गरी व्यक्तिगत खातामा दर्ता गर्नेछौं,' अध्यक्ष पराजुलीले भने, 'हाम्रो सानो प्रयासमा सबैले साथ दिए गाउँको कृषि उपजको बजारीकरणमा कोशेढुंगा हुनेछ ।'













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | कान्ति क्षय | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकंक्षा पुर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | दुविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | वैभव प्राप्ति | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल चैत्र १ गते शनिबार तदनुरुप १४ मार्च २०२० चैत्र कृष्णपक्ष पञ्चमी तिथि दिनको १२:३० बजेसम्म उप्रान्त षष्टि तिथि, विशाखा नक्षत्र साँझको ६:२० बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, हर्षण योग रात्रिको ११:२५ बजेसम्म उप्रान्त वज्र योग, तैतिल करण दिनको १२:३० बजेसम्म उप्रान्त गर करण, तुला राशिमा चन्द्रमा दिनको १२:३८ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | ह्वाट द फ्लप (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | बलियो घर (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | सुमनसङ्ग (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार (रिपिट) |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हेर्नै कथा (रिपिट) |
| ३:०० | ह्वाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | सुमनसङ्ग (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | फिल्म टनिक |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हर्के हल्दार |
| १०:०० | फिल्म टनिक (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | फिल्म टनिक (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हर्के हल्दार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | प्राविधिक डायरी |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (महिमा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | शैली (भूपेन्द्र) |
| १०:०० | स्पोर्ट्स् डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (सागरिका) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (महेश) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (महेश) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | द राहुल भुजेल सो |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेटोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ओल्डी गोल्डी (स्मीता) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि १११९/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२११ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)





नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक २४ बुटवल | ३० फागुन २०७६ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 13, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



# अनअराइभल भिसा वैशाख १८ सम्म बन्द

- स्थल मार्गबाट पनि विदेशी आउन नपाउने
- भारततर्फको आउजाउ निश्चित नाकाबाट मात्रै
- हिमाल आरोहण र श्रम स्वीकृति बन्द

**जगदीश्वर पाण्डे** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको त्रास बढेसँगै नेपाल र भारतबीच आउजाउका लागि केही निश्चित सीमा नाका मात्र सञ्चालन गरिने भएको छ। उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले व्यवस्थित भन्सारसहितका नाकाबाट मात्र स्वास्थ्य परीक्षण गरी आवागमनको व्यवस्था मिलाउने निर्णय गरेको छ। भारतीय स्वास्थ्य मन्त्रालयले पनि बुधबार सूचना जारी गर्दै 'सडक मार्ग हुँदै आउने विदेशीको आवागमनलाई पर्याप्त स्वास्थ्य परीक्षण सुविधा भएका अध्यागमन जाँच चौकीसहितका नाकामा सीमित गरिने' भनेको थियो।

अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले कोभिड-१९ को महामारीबाट बच्न भारतसँग जोडिएका खास-खास नाकाबाट मात्र व्यवस्थित रूपमा आउजाउ गर्न गृह र परराष्ट्र मन्त्रालयले समन्वय गरेर काम गर्ने बताए। व्यवस्थित नाकामा काँकडभिट्टा, जोगबनी, रक्सौल, भैरहवा र कञ्चनपुर छन्। चीनतर्फका नाका बन्द गरिसकिएका छन्।

खतिवडाले बैठकमा संक्रमण जोखिमको समीक्षा गरिएको बताए। 'दक्षिणतर्फ भारतमा पनि संक्रमित व्यक्तिहरू बढ्दै गरेकाले हामीले कस्तो सतर्कता अपनाउने भनेर बैठकमा छलफल गर्‍यौं,' उनले भने। बाँकी पृष्ठ ५

कोरोना संक्रमणसम्बन्धी थप समाचार पृष्ठ ५ मा




रासस | पर्वत पोर्तेल

प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक (बायाँ)। र, काँकडभिट्टास्थित पूर्वी नाकामा रहेको हेल्थ डेस्कमा युक्रेनी दम्पतीको ज्वरो नापिँदै। ज्वरो १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि हुनुका साथै रुघाखोकीसमेत लागेकाले आइसोलेसनमा बस्न आग्रह गर्दा नमानेपछि उनीहरूलाई भारततर्फ फर्काइएको छ। समाचार पृष्ठ ५।

## नेपाली र भुटानीबाहेकलाई भारत प्रवेशमा रोक

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

कोभिड-१९ को संक्रमण विस्तारसँगै भारतले शुक्रबारबाट लागू हुने गरी विदेशी नागरिकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएको छ। त्यस्तो रोक भिसा लिनुपर्ने मुलुकहरूका लागि मात्र भएकाले नेपालीले आउजाउ गर्न पाउनेछन्।

भारतीय उच्च अधिकारीहरूको बुधबारको बैठकले शुक्रबार १२ बजेबाट लागू हुने गरी भिसा लिनुपर्ने मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको हो। नेपाल र भुटानका नागरिकले भारत पस्न भिसा लिनुपर्दैन। भारतले तेस्रो मुलुकका नागरिकलाई हवाई मार्ग हुँदै आउन रोक लगाएको हो। कोभिड-१९ संक्रमणको शंका लाग्यो भने हवाई मार्ग हुँदै भारत आउने नेपालीले १४ दिन क्वारेन्टाइनमा बस्नैपर्छ।

भारतले कोभिड-१९ संक्रमणको जोखिम घटाउन स्थल मार्गका प्रवेशबिन्दुहरूमा पनि कडाइ गरेको छ। नेपालतर्फ पनि पर्याप्त स्वास्थ्य परीक्षण सुविधासहित केही ठूला नाका मात्र सञ्चालन गर्ने तयारी छ। अन्य साना नाका बन्द गरिए रोजगारीलगायतका प्रयोजनका लागि भारत आउने नेपाली प्रभावित हुनेछन्। यसले तराईका ग्रामीण भेगका बासिन्दालाई ज्यादा असर पार्नेछ।

नेपाल-भारतबीचको १७५१ किलोमिटर खुला सीमामा औपचारिक रूपमा करिब दुई दर्जन नाका चलेका छन्। तीमध्ये पाँच प्रमुख नाका हुन्। दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता हरि ओडारीले नाकामा स्वास्थ्य परीक्षणबाहेक अन्य कुनै किसिमको अवरोध नभएको बताए। बाँकी पृष्ठ ५

## आपूर्तिमा असर पर्दैन : मन्त्रालय

**कृष्ण आचार्य र राजु चौधरी** (काठमाडौं)

कोभिड-१९ संक्रमण फैलिन नदिन मानिसको आउजाउमा कडाइ गरिए पनि नेपाल र भारतबीचको आपूर्ति प्रणालीमा असर नपर्ने सरकारले जनाएको छ। संक्रमणको जोखिमले मानिसको आउजाउमा कम हुँदै गई आपूर्ति प्रणालीमा समस्या देखिए के गर्ने भनेर विकल्पमा समेत गृहकार्य थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

'भारतीय दूतावासले नेपाली नागरिकको आउजाउ नरोक्ने भनिसकेको छ, त्यसैले हाम्रो व्यापारको प्रमुख मुलुक भारतसँगको आयात-निर्यातमा समस्या पर्दैन,' आपूर्ति सचिव वैकुण्ठ अर्यालले भने।

नेपालमा दैनिक उपभोग्य, औषधि, पेट्रोलियम पदार्थसहित ६० प्रतिशतभन्दा बढी सामग्री भारतबाट आयात हुन्छ। नेपालबाट निर्यात पनि सबैभन्दा बढी भारतमै हुन्छ। तेस्रो मुलुकबाट पनि भारत हुँदै सामान नेपाल भित्र्याइन्छ। भन्सार विभागको तथ्यांकअनुसार यस वर्षको ७ महिनामा विश्वभरबाट आयात भएका सामग्रीमध्ये ६१ प्रतिशत भारतबाट हो। यस अवधिमा ८ खर्ब ३ अर्ब रुपैयाँको सामग्री आयात भएकामा भारतबाट करिब ४ खर्ब ९६ अर्ब रुपैयाँको सामान भित्रिएको छ। बाँकी पृष्ठ ५

**भित्र**

समाचार । २



'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

समाचार । २

अब मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

समाचार । ३

नेकपा एमसीसी कार्यदलको निष्कर्ष- 'पूरक सम्झौता गर्नु बेइमानी'

समाचार । १०

किशोरी अपहरण गर्ने चन्द समूहका १४ जना हतियारसहित पक्राउ

अर्थ वाणिज्य । १३



घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

# कञ्चनपुरको ५० बिघा भूभाग भारततिर

**भवानी भट्ट** (कञ्चनपुर)

- बेलौरी नगरपालिकाका ४० परिवारको जग्गा र महाकाली सिँचाइ आयोजनाको नहर पनि भारतपट्टि
- सीमास्तम्भ गाड्न भारतले नेपाली भूमिमा खाल्डो खन्न थाल्यो

सीमासम्बन्धी संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाटै हटाइयो
पृष्ठ १४

तत्कालीन बैतडी जिल्ला पञ्चायतले कञ्चनपुरको सीमा क्षेत्रमा पूर्वसैनिकलाई बसोबास गराउने निर्णय गरेपछि दार्चुलाको लाली क्षेत्रका दिलराज पन्त भारतीय सेनाको जागिर छाडेर घर फर्किए। उनी हालको बेलौरी नगरपालिकाको भुडा क्षेत्रमा बसोबास गर्न थाले।

त्यतिबेला उनले पाएको डेढ बिघा जमिन अहिले भारतीय क्षेत्रमा परेको छ। पछिल्लो पटक संयुक्त सीमा सर्भे टोलीले विगतको सीमाभन्दा निकै वर आएर पिल्लर गाड्न खोजेको छ। 'यही सीमा रक्षाका लागि हामी चोर र डाँकाहरूसँग लडेर यहाँ बस्यौं,' पन्त भन्छन्, 'अहिले त्यही जमिन पनि भारतमा पर्ने देखिएको छ।'

साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ। चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ। यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा परेको छ।

'हामीसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छौं, पानीपोत पनि तिरिरहेका छौं,' पन्त भन्छन्, 'अहिले आएर यो जमिन भारतमा कसरी पर्‍यो, जसको रक्षाका लागि हामीलाई बसाइयो, त्यही जमिन भारतमा कसरी हालियो।' उनका अनुसार गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ। ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएका हुन्।

खेमराज पन्तको पनि २०२८ मा बुबा जयदत्त पन्तले पाएको आधा बिघा जमिन अहिले भारतमा परेको छ। जयदत्त दिलराजसँगै २०२८ मा पूर्वसैनिकलाई सीमामा बसाउन थालेपछि यहाँ आएका हुन्। उनले पनि डेढ बिघा जमिन पाएका थिए। 'सुरुमा चार बिघा दिने भनिएको थियो, २०५४ मा नापी हुँदा डेढ बिघा मात्रै दिइएको हो,' खेमराजले भने, 'सरकारले यसरी दिएको जमिनमा अहिले संयुक्त टोलीले पिल्लर हाल्दै छ।'

बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीको पनि अढाई बिघा जमिन पूरै भारततर्फ परेको छ। 'भारतीय भूभाग थियो भने हामीलाई कसरी लालपुर्जा दिइयो, अनि भारतीय भूभागमै नहर कसरी निर्माण भयो?' उनले सोधे। उनका अनुसार ४० भन्दा बढी परिवारको ५ कट्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतमा जाने देखिएको छ। बाँकी पृष्ठ १४

# उकालो लाग्दै बाघ

स्याटेलाइट रेडियो कलरको रेकर्डमा एउटा बाघ प्रेमिका (पोथी) को खोजीमा नहर, खेत, जंगल र सडक हुँदै दुई हजार किमिसम्म हिँडेको देखिन्छ, जसले बाघ धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ

**अब्दुल्लाह मियाँ** (काठमाडौं)



पहाडी क्षेत्रका विभिन्न भेगमा चितुवा आतंक बढिरहेका बेला पाटे बाघ पनि उच्च भागतिर बसाइँ सर्न थालेका छन्। राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल कम भएकाले बाघ उँभो चढेका हुन्। भुटानमा ४२ सय र भारतको उत्तराखण्डमा २९ सय मिटरमा भेटिएका बाघ नेपालमा पनि ८ सय मिटर उचाइसम्म उक्लिसकेका छन्। चुरे र दुन क्षेत्रका बस्तीमा यिनीहरू देखिन थालिसकेका छन्।

जलवायु परिवर्तनका कारण आहारमा आएको फेरबदलले बाघका आहार मृग प्रजाति र बँदेल उच्च भागतिर सर्दै गएकाले बाघ पनि उकालो लागेको हो। नेपाल र भारतमा बाघ प्रायः तल्लो तटीय क्षेत्रको सयदेखि दुई सय मिटर उचाइमा छन्। पछिल्लो अध्ययनले नेपालमा २ सय ३५ र भारतमा २ हजार ९ सय ६७ बाघ देखाएको छ। दुई वर्षअघिको सर्वेक्षणमा नेपालका १२ जिल्ला बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, सल्यान, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा बाघ भेटिएका थिए। डब्लूडब्लूएफ नेपालका बाघविज्ञ कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार उपलब्धता र कोलाहल नहुने हो भने नेपालमा पनि तल्लो क्षेत्रमा रहेका बाघ उच्च भागसम्मै जान सक्छन्। बाँकी पृष्ठ १४



# सहमतिबाटै राजधानीको टुंगो : मुख्यमन्त्री

## 'लुम्बिनी, राप्ती र भेरी अञ्चलको मनोविज्ञानलाई सम्मान हुने गरी प्रदेशको केन्द्र तोकिने'

**घनश्याम गौतम** (रूपन्देही)

प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले स्थायी राजधानी माग गर्ने नभई निर्माण गर्ने विषय भएकाले 'संवेदनशीलता' बुझ्न आग्रह गरेका छन् । दुई वर्षसम्म पनि प्रदेशको नाम र राजधानी नसल्टिँदा जनदबाब बढेको छ । बिहीबार प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै उनले सहमतिका माध्यमबाट प्रदेशको केन्द्र तोकिने बताउँदै दबाबलाई कम गर्न खोजेका हुन् । त्यसका लागि प्रदेश सभा सदस्यले निर्वाचनका बेला गरेका बाचा भुल्नुपर्ने उनले सुझाए । साझा मनोविज्ञानबाट मात्र मिलनविन्दु फेला पर्ने भएकाले आफूले निर्वाचनका बेला गरेका वाचा बिर्सेको उनको दाबी थियो ।

प्रतिपक्षसहित प्रदेशसभाका सदस्यलाई एउटा निर्वाचन क्षेत्रबाट निर्वाचित भएर आए पनि अब सिंगो प्रदेश सभालाई बलियो बनाउने गरी अघि बढ्न सुझाव दिए । 'मैले चुनावका बेला भनेका कुरा भुलिसकें,' उनले भने, 'त्यसैले राजधानी माग गर्ने होइन, निर्माण गर्ने कुरा हो ।' निर्वाचन क्षेत्र मात्र हेर्दा प्रदेश बलियो नबन्ने उनको तर्क थियो ।

स्थायी राजधानीको विषय धेरै समय लम्ब्याउन नहुने भन्दै चालु अधिवेशनबाटै यसको टुंगो लगाउने गरी अघि बढ्नुपर्नेमा उनको जोड थियो । 'आग्रहबाट मुक्त भएर अघि बढौं,' उनले भने, 'आग्रह राखियो भने साझा भावनाको प्रतिनिधित्व हुन सक्दैन ।' नामकरण र स्थायी राजधानीको टुंगो लगाउने विषय मुख्यमन्त्री, पदाधिकारी र विपक्षी दलका नेताको मात्र जिम्मेवारी नभएर सबै सदस्यको भएको उनले बताए । प्रदेशमा साबिकका तीन अञ्चलका (लुम्बिनी, राप्ती र भेरी) सदरमुकाम छन् । यहाँ बुटवल, दाङ र नेपालगन्ज ठूला सहर छन् । तीनैवटा सहरले राजधानीको दाबी गरिरहेका छन् । आञ्चलिक मनोविज्ञानको सम्मान हुनेगरी सहमतिमा केन्द्र तोक्नुपर्ने बाध्यता रहेको मुख्यमन्त्रीको कथन थियो ।



बिहीबार प्रदेशसभा बैठकमा बोल्दै मुख्यमन्त्री शंकर पोखरेल । *तस्बिर : घनश्याम/कान्तिपुर*

दुई वर्ष बितिसक्दा पनि टुंगो नलागेको भन्दै प्रदेशसभा बैठकमा सत्तापक्षदेखि प्रतिपक्ष र साना दलका प्रदेशसभा सदस्यले नियमित रूपमा राजधानी र नामकरणको विषय उठाउँदै आएका छन् । बिहीबारको बैठकमा पनि यो विषय उठाउने तयारी सदस्यले गरेका थिए । त्यसको संकेत पाएका मुख्यमन्त्री पोखरेलले बैठकको सुरुमै समय लिएर सरकारले गरेका काम, कोरोना भाइरस (कोभिड-१९) को सतर्कता र राजधानीको विषयमा बोलेका हुन् ।

स्थायी राजधानी र नामकरण सिफारिस गर्न प्रदेश सभाकै विशेष समितिले संकलन गरेको सुझावसहितको प्रतिवेदन प्रदेशसभा सचिवालयमा दर्ता भइसकेको छ । सचिवालयले सुझाव सरकारलाई हस्तान्तरण गर्नेछ । प्रतिवेदन सचिवालयले छिट्टै सरकारलाई बुझाउने नेकपाका प्रमुख सचेतक भूमिश्वर ढकालले बताए । 'प्रतिवेदन प्राप्त भएपछि सरकारले छलफल सुरु गर्नेछ,' उनले भने, 'त्यसमा राजनीतिक सहमति जुटाएर बल्ल बैठकमा पेस हुन्छ ।'

स्थायी राजधानी जहाँ भए पनि सबैको सहमतिमा प्रदेशसभाबाट यही अधिवेशनमा टुंगो लगाउने उनले बताए ।

### तीन विधेयक छलफलमा

प्रदेश सभामा पेस भएका तीन विधेयक बिहीबारको बैठकले दफावार छलफलमा पठाएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पेस गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी कानुनमा संशोधन गर्न बनेको विधेयक र लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई बैठकले सर्वसम्मत रूपमा दफावार छलफलमा पठाएको हो ।

विधेयक पेस गर्दै मुख्यमन्त्री पोखरेलले स्थानीय तहका पदाधिकारी कार्यबोझका हिसाबले अत्यन्तै व्यस्त रहने भएकाले सरकारको आर्थिक भार बढ्ने भए पनि केही न केही सुविधा दिनैपर्ने जरुरी देखिएपछि विधेयक पेस गरेको बताए ।

त्यस्तै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पेस गरेको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि दफावार छलफलमा गएको छ । तीनवटै विधेयक प्रदेशको अर्थ, उद्योग तथा पर्यटन समितिमा दफावार छलफल हुनेछ ।

# छोटकरी

## बलात्कारीलाई १२ वर्ष कैद

कपिलवस्तु (कास)- १४ वर्षीया बालिकालाई बलात्कार गरेको अभियोगमा बुद्धभूमि नगरपालिका-९, इमिलियाका १८ वर्षीय योगेश श्रेष्ठलाई १२ वर्ष कैद र एक लाख रुपैयाँ जरिवानाको फैसला भएको छ । जिल्ला अदालतका न्यायाधीश लोकजंग शाहको एकल इजलासले उक्त फैसला सुनाएको हो । यसअघि श्रेष्ठ पुर्पक्षका लागि थुनामा थिए । बलात्कारमा संलग्न अन्य चार बालकलाई भने आठ वर्ष सुधारगृहमा राख्न भनिएको छ । २०७५ माघ र फागुनमा ति बालिकालाई ६ जना मिलेर ललाइफकाइ बलात्कार गरेका थिए । पीडित बालिकाकी आमाले गत वैशाख ११ मा प्रहरीमा जाहेरी दिएकी थिइन् । लगत्तै आरोपी श्रेष्ठ पक्राउ परेका थिए । अर्का आरोपी बुद्धभूमि नगरपालिका-९, इमिलियाका युवराज भुसाल फरार छन् । उनका हकमा मुद्दा मुल्तबीमा राखिएको स्रेस्तेदार चिन्तामणि शर्माले बताए ।

## सहकारीको शाखा गैरकानुनी भन्दै उजुरी

पाल्पा (कास)- रम्भा गाउँपालिका-४ स्थित लालीगुराँस बचत तथा ऋण सहकारी संस्थाले माथागढी गाउँपालिकाको खहरेमा गैरकानुनी ढंगबाट शाखा सञ्चालन गरेको आरोप लागेको छ । माडी क्षेत्रमा क्रियाशील सात सहकारी संस्थाका अध्यक्षले हस्ताक्षर गरेर कारबाहीका लागि गाउँपालिकामा पत्र बुझाएका छन् । सहकारी ऐन नियमविपरीत शाखा खोलेको भन्दै कौडे, सराई फूलबारी, माण्डव्य कृषि सहकारी, माछापुच्छ्रे, माथागढी, रुप्से खहरे र माडी कृषि सहकारीले उजुरी गरेका हुन् । गाउँपालिका र जनप्रतिनिधिको मौखिक सहमतिमा ६ महिनादेखि गैरकानुनी रूपमा कारोबार गरेकाले उजुरी गरेको माछापुच्छ्रेका अध्यक्ष रेखीराम रानाले बताए ।

## बच्चा चोरलाई पाँच वर्ष जेल

पाल्पा (कास)- प्रवासस्थित लुम्बिनी मेडिकल कलेजबाट नवजात शिशु चोरी गर्ने गल्याङ नगरपालिका-५ की ३६ वर्षीया विमकला पाण्डेलाई पाँच वर्ष जेल र ५० हजार रुपैयाँ जरिवाना तोकिएको छ । जिल्ला अदालतका न्यायाधीश खड्कबहादुर केसीको इजलासले नवजात शिशुलाई बन्धक बनाएको ठहर गर्दै सजाय सुनाएको हो । मेडिकल कलेजबाट नवजात शिशु अपहरण गरेको आरोपमा पाण्डेलाई प्रहरीले असार २८ मा गिरफ्तार गरेको थियो । तानसेन-९, डाँडाडुमकी २२ वर्षीया जमुना रानाले असार २७ गते बिहान शिशु जन्माएकी थिइन् । सुत्केरी अर्धचेत अवस्थामा रहेका बेला सहयोग गर्ने बहानामा पाण्डेले शिशु चोरेर भागेकी थिइन् ।

## पिउने पानीका लागि घण्टौं लाइन

अर्घाखाँची (कास)- हिउँद लागेसँगै जिल्लामा खानेपानीको संकट चुलिएको छ । हिउँदमा कुवा सुक्ने र पानीको सतह घट्ने हुँदा पिउनेपानीको समेत संकट भएको हो । वर्षा नलाग्दासम्म असुरकोटकी माया बैजालीलाई पानीको अभाव थेग्नुपर्छ । खोला किनारमा अस्थायी कुवा बनाएर पिउने पानीको जोहो गरेको उनले बताइन् । सन्धिखर्क नगरपालिकाको वाङ्लामा हिउँदमा कुवा र धारामा लाइन लाग्छ । एक दिनअघि गाग्री लाइनमा राख्नुपर्छ । यहाँ खन जालकाँडाको पानी ल्याइएको छ । घण्टौं पालो पर्खेपछि मात्रै पानी मिल्ने वाङ्लाकी विमला श्रेष्ठले बताइन् ।

## राममणि क्याम्पसको लेखा शाखामा तालाबन्दी

तिलोत्तमा (कास)- २१ बुँदे शैक्षिक माग राख्दै आन्दोलनमा उत्रिएको अनेरास्ववियू राममणि बहुमुखी क्याम्पस कमिटीले बिहीबार क्याम्पसको लेखा शाखामा तालाबन्दी गरेको छ । १० दिनअघि क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेको अनेरास्ववियूले माग पूरा नभएको भन्दै बिहीबार लेखा शाखामा ताला लगाएको हो । तालाबन्दीपछि आर्थिक कारोबार प्रभावित भएको क्याम्पस प्रशासनले जनाएको छ । माग पूरा गर्न एक साताको अल्टिमेटम दिए पनि चासो नदेखाएकाले ताला लगाएको अनेरास्ववियू क्याम्पस कमिटी अध्यक्ष सागर न्यौपानेले बताए ।

# मुख्य सडकमा दिनैपिच्छे दुर्घटना

**मधु शाही** (बाँके)

तरकारी खरिद गर्न गत बुधबार रुपैडिया (भारत) जाने तर्खरमा थिइन् । भित्री सडक हुँदै रत्न राजमार्गअन्तर्गत पिपरी चोक पुगेपछि उनको साइकलको चेन फुस्कियो । सडक किनारमा रोकेर कोहलपुर-९ की ४५ वर्षीया रामपति थारुले साइकल बनाउन थालिन् । यत्तिकैमा रा१ख २१८८ नम्बरको टिपरले कुल्चिँदा उनको घटनास्थलमै मृत्यु भयो । त्यसपछि पिपरी चोक तनावग्रस्त बन्यो । स्थानीयले चक्काजाम गरे । त्यसै दिन कोहलपुर चौराहदेखि सुर्खेत जाने सडकमा मोटरसाइकलले ठक्कर दिँदा एक पैदलयात्रीको घटनास्थलमै मृत्यु भएको थियो ।

दुवै दुर्घटनाको आक्रोश नसेलाउँदै बिहीबार बिहान कोहलपुर चौराहमै भे१ख २९२९ नम्बरको माइक्रो बसले ठक्कर दिँदा अटोरिक्सा चालक वैजनाथ गाउँपालिका-२, मकैबारीका जयबहादुर रोकाको मृत्यु भयो । घाइते भएका रिक्सामा सवार तीन जनाको नेपालगन्ज मेडिकल कलेजमा उपचार भइरहेको छ । कोहलपुरको केन्द्रबाटै पूर्व-पश्चिम राजमार्ग अघि बढ्छ । नेपालगन्ज, सुर्खेत हुँदै काठमाडौंसम्म जाने/आउने बस यही बाटो भएर चल्छन् । यात्रुको भीड लाग्छ । तर, फराकिलो सडकमा पनि प्रत्येक दिन दुर्घटना भइरहेका छन् । यातायातको सुविधा भए पनि सर्वसाधारणले भने असुरक्षा महसुस गरिरहेका छन् ।

गत मंसिरमा कोहलपुर-नेपालगन्ज सडक खण्डमा स्कुल जाँदै गरेकी १२ वर्षीया प्रकृति चन्दले सडक दुर्घटनाकै कारण दुवै खुट्टा गुमाइन् । त्यसको दुई दिनपछि कोहलपुर-१, चौराहस्थित नेपालगन्जबाट आउँदै गरेको भे७प २१५५ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर रेलिङमा ठोक्किँदा चालक सुभास कार्कीको मृत्यु भयो । चालु आर्थिक वर्षको ६ महिनामा जिल्लामा ८० वटा दुर्घटना भए, जसमा २८ जनाको मृत्य भएको छ । यीमध्ये आधा दुर्घटना कोहलपुर-नेपालगन्ज सडक खण्डमा भएका छन् । दुर्घटना बढेपछि कारण पत्ता लगाउन कोहलपुर नगरपालिका, जिल्ला ट्राफिक प्रहरी र सरोकारवालाबीच छलफल गरी प्रतिवेदन तयार गरिएको छ ।

कोहलपुरका मुख्य सडकमा आवश्यकताभन्दा बढी क्रसिङ राखिएकाले दुर्घटना निम्तिएको, चालकले तीव्र गतिमा सडक गुडाएको र ट्राफिक नियम पालना नगर्दा दुर्घटना भएको बाँके ट्राफिक प्रहरी प्रमुख पविन्द्रबहादुर बमले बताए । 'कोहलपुर चौराहदेखि नेपालगन्ज जाने बाटोमै ५० मिटरकै फरकमा धेरै क्रसिङ खोलिएका छन्,' उनले भने, 'यति धेरै क्रसिङ आवश्यक नै छैन ।'

डिभाइडर राख्न नगरपालिकासँग प्रस्ताव गरे पनि बेवास्ता गरेको उनले सुनाए । कोहलपुर नगरपालिका प्रमुख लुटबहादुर रावतले अत्यधिक सहरीकरणको विस्तारसँगै सवारी दुर्घटना बढ्दै जाँदा चुनौती थपिएको बताए । 'पाँच लाख रुपैयाँ माग गरिएको थियो,' उनले भने, 'त्यति रकम पनि छुट्याउन नसक्दा डिभाइडर राख्न सकिएको छैन ।'

# शौचालय बनाउन वन फँडानी

**नवीन पौडेल** (परासी)

पश्चिम नवलपरासीको बर्दघाटस्थित पारिजात सामुदायिक वनमा सयौंको संख्यामा रूख काटिएका छन् । पूर्व-पश्चिम राजमार्गसँग जोडिएको यस क्षेत्रमा सिसौ, साल, किटका रूख काटिएका हुन् ।

स्थानीयले शनिबार दिउँसो रूख काटिएको बताए पनि अहिलेसम्म संलग्न पत्ता लागेका छैनन् । डिभिजन वन र सामुदायिक वनले अज्ञात समूहले वन फँडानी गरेको बताए । स्थानीयले वन क्षेत्रमा भौतिक संरचना बनाउन उपभोक्ताले फँडानी गरेको आरोप लगाएका छन् । अहिलेसम्म करिब दुई बिघा क्षेत्रफलमा रहेका १ सय १९ रूख काटिएका छन् ।

प्रदेश ५ सरकारले स्मार्ट शौचालय निर्माण गर्न जग्गा माग गरेको स्थानका रूख काटिएका हुन् । पूर्वी नाकामा स्मार्ट शौचालय निर्माण गर्न प्रदेशले स्थानीय तहसँग जग्गा माग गरेको थियो ।



पारिजात सामुदायिक वनमा अज्ञात समूहले रूख कटान गरेको क्षेत्र । *तस्बिर : नवीन/कान्तिपुर*

सामुदायिक वनका अध्यक्ष चुरामणि भण्डारी र डिभिजन वन प्रमुख रामनारायण शाहले रूख कटानबारे ढिलो मात्रै जानकारी पाएकाले कसले फँडानी गर्‍यो भन्नेबारे यकिनसाथ भन्न नसक्ने बताए । 'बर्दघाट नगरपालिकाले शौचालय बनाउन जग्गा मागेको थियो,' वन उपभोक्ता समूहका अध्यक्ष भण्डारीले भने, 'जग्गा दिने प्रक्रिया सुरु गरेका थियौं । अहिले एकाएक रूख काटिएको छ । उपभोक्ताले रूख काटेका छैनन् । कसले काट्यो भनेर अनुसन्धान हुँदै छ ।' नगरपालिकाको मागपत्रअनुसार सामुदायिक वनले २१औं वार्षिक साधारणसभाबाट शौचालय बनाउन वन ऐन विपरीत नहुने गरी जग्गा उपलब्ध गराउन सिफारिस दिने निर्णय गरेको थियो । डिभिजन वन प्रमुख शाहले सिफारिस पत्रका आधारमा आफूले वन ऐन, २०७६ को दफा ४२ बमोजिम प्रक्रिया पूरा गरेर मात्र भौतिक निर्माण गर्न पाइने जानकारी गराएको बताए । 'शौचालय निर्माण गर्ने स्थानमा एकाएक रूख काटिनु वन ऐनविपरीत हो,' उनले भने, 'दोषी पत्ता लगाउने काम हुँदै छ ।'

नगरपालिका प्रमुख धीरज शर्मा बस्यालले प्रदेश सरकारको कार्यक्रमअनुसार शौचालय निर्माणका लागि नियमानुसार सामुदायिक वनसँग जग्गा माग गरिएको जानकारी दिए । 'पूर्व-पश्चिम राजमार्ग चौडा बनाउने कामअन्तर्गत अहिले सडक छेउका रूख कटान गरिएको छ,' उनले भने, 'सडक डिभिजनले रूख कटान गरेको देखेर स्थानीयले पनि केही बोटविरुवा फँडानी गरे होलान् । स्थानीयलाई सिमाना थाहा नभएर यस्तो गरेको हुन सक्छ ।'

# विद्युत् आयोजना मर्मत भएन

रुकुम पूर्व (कास)- सिस्ने गाउँपालिका-८ स्थित ९० किलोवाटको विद्युत् आयोजना मर्मत नहुँदा सर्वसाधारण टुकीको भरमा बस्न बाध्य छन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको २ करोड १३ लाख र बाँकी स्थानीयको श्रमदानमा झण्डै चार करोड रुपैयाँको लगानीमा जामाखोला लघु जलविद्युत् आयोजना निर्माण भएको थियो ।

२०७२ माघ २६ मा विद्युत् आयोजना उद्घाटन हुँदा स्यालापाखा मुलुककै दोस्रो अँध्यारोमुक्त गाविस घोषणा भएको थियो । डेढ वर्षअघिदेखि बिजुली उत्पादन बन्द छ । पहिरोका कारण भत्किएको विद्युत् गृह भग्नावशेषमा परिणत भएको छ । मर्मत गरिएको छैन ।

विद्युत् निर्माण उपभोक्ता समिति, वडा र गाउँपालिकाको ध्यान नपुगेपछि आयोजना अलपत्र परेको हो ।

२०७५ असोज ३० बिहान पहिरोले धपेस्थित विद्युत् गृह र नहर भत्काएको थियो । आयोजनमा क्षति पुर्‍याएपछि विद्युत् प्राधिकरणको विद्युत् गाउँमा जडान गरिएको छ । त्यसले काम नगरेको स्थानीय उपभोक्ताले बताए । उपभोक्ता समिति अध्यक्ष सन्तोष बुढा मगरले पुनर्निर्माणको काम भइरहेको बताए ।

गत वर्ष गाउँपालिकाले ४० लाख रुपैयाँ बजेट छुट्याएको थियो । त्यसमध्ये २१ लाख रुपैयाँ खर्च भएको थियो । चालु वर्षमा पुनर्निर्माणका लागि ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
RELEASED TODAY
AAMA : 12:00 PM
BAAGHI 3 : 9:00 AM, 2:45 PM, 5:45 PM, 8:45 PM
BLOODSHOT : 8:45 AM, 2:15 PM, 5:00 PM, 7:45 PM
THAPPAD : 11:15 AM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* *Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info: Kathmandu: 01-4442220 Narayanghat: 056-522079 Nepalgunj: 081-411330 Pokhara: 061-522630/47 Birtamode: 023-543083 Butwal: 071-541506 Biratnagar: 021-512644 qfxcinemas.com

गोपी कृष्ण
Showing Time 8:20, 11:20, 2:20, 5:20
• अंग्रेजी Medium • Baaghi 3 • Bhoot • सेन्टी भाइरस
• आमा • साङ्लो • लभ डाइरिज

GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
• Baaghi 3 • Aama • Sanglo • Love Diaries
• Dhulo • Sentivirus • Bhoot

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | कान्ति क्षय | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकंक्षा पुर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | दुविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | वैभव प्राप्ति | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल चैत्र १ गते शनिबार तदनुरुप १४ मार्च २०२० चैत्र कृष्णपक्ष पञ्चमी तिथि दिनको १२:३० बजेसम्म उप्रान्त षष्टि तिथि, विशाखा नक्षत्र साझँको ६:२० बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, हर्षण योग रात्रिको ११:२५ बजेसम्म उप्रान्त वज्र योग, तैतिल करण दिनको १२:३० बजेसम्म उप्रान्त गर करण, तुला राशिमा चन्द्रमा दिनको १२:३८ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | ह्वाट द फ्लप (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | बलियो घर (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | सुमनसँग (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार (रिपिट) |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हेर्ने कथा (रिपिट) |
| ३:०० | ह्वाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | सुमनसँग (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | फिल्म टनिक |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हर्के हल्दार |
| १०:०० | फिल्म टनिक (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | फिल्म टनिक (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हर्के हल्दार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | प्राविधिक डायरी |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (महिमा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | शैली (भूपेन्द्र) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (सागरिका) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (महेश) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (महेश) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | द राहुल भुजेल सो |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ओल्डी गोल्डी (स्मीता) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६११७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०११३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०११३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०२०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)





नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक २४ सुर्खेत | ३० फागुन २०७६ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 13, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ

# अनअराइभल भिसा वैशाख १८ सम्म बन्द

- स्थल मार्गबाट पनि विदेशी आउन नपाउने
- भारततर्फको आउजाउ निश्चित नाकाबाट मात्रै
- हिमाल आरोहण र श्रम स्वीकृति बन्द

**जगदीश्वर पाण्डे** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको त्रास बढेसँगै नेपाल र भारतबीच आउजाउका लागि केही निश्चित सीमा नाका मात्र सञ्चालन गरिने भएको छ। उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले व्यवस्थित भन्सारसहितका नाकाबाट मात्र स्वास्थ्य परीक्षण गरी आवागमनको व्यवस्था मिलाउने निर्णय गरेको छ। भारतीय स्वास्थ्य मन्त्रालयले पनि बुधबार सूचना जारी गर्दै 'सडक मार्ग हुँदै आउने विदेशीको आवागमनलाई पर्याप्त स्वास्थ्य परीक्षण सुविधा भएका अध्यागमन जाँच चौकीसहितका नाकामा सीमित गरिने' भनेको थियो।

अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले कोभिड-१९ को महामारीबाट बच्न भारतसँग जोडिएका खास-खास नाकाबाट मात्र व्यवस्थित रूपमा आउजाउ गर्न गृह र परराष्ट्र मन्त्रालयले समन्वय गरेर काम गर्ने बताए। व्यवस्थित नाकामा काँकडभिट्टा, जोगबनी, रक्सौल, भैरहवा र कञ्चनपुर छन्। चीनतर्फका नाका बन्द गरिसकिएका छन्।

खतिवडाले बैठकमा संक्रमण जोखिमको समीक्षा गरिएको बताए। 'दक्षिणतर्फ भारतमा पनि संक्रमित व्यक्तिहरू बढ्दै गरेकाले हामीले कस्तो सतर्कता अपनाउने भनेर बैठकमा छलफल गर्‍यौं,' उनले भने। **बाँकी पृष्ठ ५ ▶▶**

**कोरोना संक्रमणसम्बन्धी थप समाचार पृष्ठ ५ मा**



रासस



पर्वत पोर्तेल

**प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक (बायाँ)। र, काँकडभिट्टास्थित पूर्वी नाकामा रहेको हेल्थ डेस्कमा युक्रेनी दम्पतीको ज्वरो नाप्दै। ज्वरो १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि हुनुका साथै रुघाखोकीसमेत लागेकाले आइसोलेसनमा बस्न आग्रह गर्दा नमानेपछि उनीहरूलाई भारततर्फ फर्काइएको छ।** समाचार पृष्ठ ५।

## नेपाली र भुटानीबाहेकलाई भारत प्रवेशमा रोक

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

कोभिड-१९ को संक्रमण विस्तारसँगै भारतले शुक्रबारबाट लागू हुने गरी विदेशी नागरिकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएको छ। त्यस्तो रोक भिसा लिनुपर्ने मुलुकहरूका लागि मात्र भएकाले नेपालीले आउजाउ गर्न पाउनेछन्।

भारतीय उच्च अधिकारीहरूको बुधबारको बैठकले शुक्रबार १२ बजेबाट लागू हुने गरी भिसा लिनुपर्ने मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको हो। नेपाल र भुटानका नागरिकले भारत पस्न भिसा लिनुपर्दैन। भारतले तेस्रो मुलुकका नागरिकलाई हवाई मार्ग हुँदै आउन रोक लगाएको हो। कोभिड-१९ संक्रमणको शंका लाग्यो भने हवाई मार्ग हुँदै भारत आउने नेपालीले १४ दिन क्वारेन्टाइनमा बस्नैपर्छ।

भारतले कोभिड-१९ संक्रमणको जोखिम घटाउन स्थल मार्गका प्रवेशबिन्दुहरूमा पनि कडाइ गरेको छ। नेपालतर्फ पनि पर्याप्त स्वास्थ्य परीक्षण सुविधासहित केही ठूला नाका मात्र सञ्चालन गर्ने तयारी छ। अन्य साना नाका बन्द गरिए रोजगारीलगायतका प्रयोजनका लागि भारत आउने नेपाली प्रभावित हुनेछन्। यसले तराईका ग्रामीण भेगका बासिन्दालाई ज्यादा असर पार्नेछ।

नेपाल-भारतबीचको १७५१ किलोमिटर खुला सीमामा औपचारिक रूपमा करिब दुई दर्जन नाका चलेका छन्। तीमध्ये पाँच प्रमुख नाका हुन्। दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता हरि ओडारीले नाकामा स्वास्थ्य परीक्षणबाहेक अन्य कुनै किसिमको अवरोध नभएको बताए। **बाँकी पृष्ठ ५ ▶▶**

## आपूर्तिमा असर पर्दैन : मन्त्रालय

**कृष्ण आचार्य र राजु चौधरी** (काठमाडौं)

कोभिड-१९ संक्रमण फैलिन नदिन मानिसको आउजाउमा कडाइ गरिए पनि नेपाल र भारतबीचको आपूर्ति प्रणालीमा असर नपर्ने सरकारले जनाएको छ। संक्रमणको जोखिमले मानिसको आउजाउमा कम हुँदै गई आपूर्ति प्रणालीमा समस्या देखिए के गर्ने भनेर विकल्पमा समेत गृहकार्य थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

'भारतीय दूतावासले नेपाली नागरिकको आउजाउ नरोक्ने भनिसकेको छ, त्यसैले हाम्रो व्यापारको प्रमुख मुलुक भारतसँगको आयात-निर्यातमा समस्या पर्दैन,' आपूर्ति सचिव वैकुण्ठ अर्यालले भने।

नेपालमा दैनिक उपभोग्य, औषधि, पेट्रोलियम पदार्थसहित ६० प्रतिशतभन्दा बढी सामग्री भारतबाट आयात हुन्छ। नेपालबाट निर्यात पनि सबैभन्दा बढी भारतमै हुन्छ। तेस्रो मुलुकबाट पनि भारत हुँदै सामान नेपाल भित्र्याइन्छ। भन्सार विभागको तथ्यांकअनुसार यस वर्षको ७ महिनामा विश्वभरबाट आयात भएका सामग्रीमध्ये ६१ प्रतिशत भारतबाट हो। यस अवधिमा ८ खर्ब ३ अर्ब रुपैयाँको सामग्री आयात भएकामा भारतबाट करिब ४ खर्ब ९६ अर्ब रुपैयाँको सामान भित्रिएको छ। **बाँकी पृष्ठ ५ ▶▶**

**भित्र**

**समाचार । २**



'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

**समाचार । २**

अब मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

**समाचार । ३**

नेकपा एमसीसी कार्यदलको निष्कर्ष- 'पूरक सम्झौता गर्नु बेइमानी'

**समाचार । १०**

किशोरी अपहरण गर्ने चन्द समूहका १४ जना हतियारसहित पक्राउ

**अर्थ वाणिज्य । १३**



घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

# कञ्चनपुरको ५० बिघा भूभाग भारततिर

**भवानी भट्ट** (कञ्चनपुर)

- बेलौरी नगरपालिकाका ४० परिवारको जग्गा र महाकाली सिँचाइ आयोजनाको नहर पनि भारतपट्टि
- सीमास्तम्भ गाड्न भारतले नेपाली भूमिमा खाल्डो खन्न थाल्यो

सीमासम्बन्धी संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाटै हटाइयो
**पृष्ठ १४**

तत्कालीन बैतडी जिल्ला पञ्चायतले कञ्चनपुरको सीमा क्षेत्रमा पूर्वसैनिकलाई बसोबास गराउने निर्णय गरेपछि दार्चुलाको लाली क्षेत्रका दिलराज पन्त भारतीय सेनाको जागिर छाडेर घर फर्किए। उनी हालको बेलौरी नगरपालिकाको भुडा क्षेत्रमा बसोबास गर्न थाले।

त्यतिबेला उनले पाएको डेढ बिघा जमिन अहिले भारतीय क्षेत्रमा परेको छ। पछिल्लो पटक संयुक्त सीमा सर्भे टोलीले विगतको सीमाभन्दा निकै वर आएर पिल्लर गाड्न खोजेको छ। 'यही सीमा रक्षाका लागि हामी चोर र डाँकाहरूसँग लडेर यहाँ बस्यौं,' पन्त भन्छन्, 'अहिले त्यही जमिन पनि भारतमा पर्ने देखिएको छ।'

साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ। चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ। यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा परेको छ।

'हामीसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छौं, पानीपोत पनि तिरिरहेका छौं,' पन्त भन्छन्, 'अहिले आएर यो जमिन भारतमा कसरी पर्‍यो, जसको रक्षाका लागि हामीलाई बसाइयो, त्यही जमिन भारतमा कसरी हालियो।' उनका अनुसार गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ। ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएका हुन्।

खेमराज पन्तको पनि २०२८ मा बुबा जयदत्त पन्तले पाएको आधा बिघा जमिन अहिले भारतमा परेको छ। जयदत्त दिलराजसँगै २०२८ मा पूर्वसैनिकलाई सीमामा बसाउन थालेपछि यहाँ आएका हुन्। उनले पनि डेढ बिघा जमिन पाएका थिए। 'सुरुमा चार बिघा दिने भनिएको थियो, २०५४ मा नापी हुँदा डेढ बिघा मात्रै दिइएको हो,' खेमराजले भने, 'सरकारले यसरी दिएको जमिनमा अहिले संयुक्त टोलीले पिल्लर हाल्दै छ।'

बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीको पनि अढाई बिघा जमिन पूरै भारततर्फ परेको छ। 'भारतीय भूभाग थियो भने हामीलाई कसरी लालपुर्जा दिइयो, अनि भारतीय भूभागमै नहर कसरी निर्माण भयो ?' उनले सोधे। उनका अनुसार ४० भन्दा बढी परिवारको ५ कट्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतमा जाने देखिएको छ। **बाँकी पृष्ठ १४ ▶▶**

# उकालो लाग्दै बाघ

स्याटेलाइट रेडियो कलरको रेकर्डमा एउटा बाघ प्रेमिका (पोथी) को खोजीमा नहर, खेत, जंगल र सडक हुँदै दुई हजार किमिसम्म हिंडेको देखिन्छ, जसले बाघ धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ

**अब्दुल्लाह मियाँ** (काठमाडौं)

पहाडी क्षेत्रका विभिन्न भेगमा चितुवा आतंक बढिरहेका बेला पाटे बाघ पनि उच्च भागतिर बसाइँ सर्न थालेका छन्। राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल कम भएकाले बाघ उँभो चढेका हुन्। भुटानमा ४२ सय र भारतको उत्तराखण्डमा २९ सय मिटरमा भेटिएका बाघ नेपालमा पनि ८ सय मिटर उचाइसम्म उक्लिसकेका छन्। चुरे र दुन क्षेत्रका बस्तीमा यिनीहरू देखिन थालिसकेका छन्।

जलवायु परिवर्तनका कारण आहारमा आएको फेरबदलले बाघका आहार मृग प्रजाति र बँदेल



उच्च भागतिर सर्दै गएकाले बाघ पनि उकालो लागेको हो। नेपाल र भारतमा बाघ प्रायः तल्लो तटीय क्षेत्रको सयदेखि दुई सय मिटर उचाइमा छन्। पछिल्लो अध्ययनले नेपालमा २ सय ३५ र भारतमा २ हजार ९ सय ६७ बाघ देखाएको छ। दुई वर्षअघिको सर्वेक्षणमा नेपालका १२ जिल्ला बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, सल्यान, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा बाघ भेटिएका थिए। डब्लूडब्लूएफ नेपालका बाघविज्ञ कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार उपलब्धता र कोलाहल नहुने हो भने नेपालमा पनि तल्लो क्षेत्रमा रहेका बाघ उच्च भागसम्मै जान सक्छन्। **बाँकी पृष्ठ १४ ▶▶**



## छोटकरी

### कोरोनाबारे आपतकालीन कार्ययोजना

कालीकोट (कास)- कोराना भाइरसको संक्रमण हुन नदिन जिल्ला विपद् व्यवस्थापन समितिले ६ बुँदे आपतकालीन कार्ययोजना निर्माण गरेको छ। स्वास्थ्य सेवा कार्यालयको सहजीकरणमा सरोकारवालाको बैठकले कार्ययोजना निर्माण गरेको हो। समितिले मजदुरीका लागि भारत गएका स्थानीय फर्किने बेला भएकाले विशेष सतर्कता अपनाउने निर्णय गरेको छ। सबै स्थानीय तहले बाहिरबाट आउने व्यक्तिको निगरानी राख्ने र आवश्यक परे हेल्थ डेस्क स्थापना गर्ने निर्णय गरिएको समितिका अध्यक्ष एवं निमित्त प्रमुख जिल्ला अधिकारी बमबहादुर नेपालीले बताए। समितिले जिल्लामा सभा समारोह आयोजना नगर्न आग्रह गरेको छ। कार्ययोजनामा चैत ६ गतेबाट सुरु हुने एसईई परीक्षामा पनि अभिभावकलाई भीडभाड नगर्न पनि आग्रह गरिएको छ। यसको लागि जिल्लाका २० वटै परीक्षा केन्द्रमा स्वास्थ्यकर्मीले अभिमुखीकरण गर्नेछन्।

### 'ऐन विकास अनुकूल भएनन्'

सुर्खेत (कास)- प्रदेशका ऐन-कानुन विकासमैत्री नहुँदा अझै पनि संघीय सरकारको अनुभूति गर्न नसकिएको सरोकारवालाले बताएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले वीरेन्द्रनगरमा आयोजना गरेको सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी अन्तर्क्रियाका सहभागीले यस्तो बताएका हुन्। पूर्व सहसचिव सुशील पाण्डेले प्रदेश सरकाले सार्वजनिक खरिद प्रक्रियालाई ध्यान दिन आवश्यक रहेको बताए। प्रदेश सरकारको बजेट हेर्दा दीर्घकालीन सोच नभेटिएको उनको भनाइ छ। सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयका संयोजक रमेशप्रसाद सिवाकोटीले प्रदेश सरकारको 'खल्ती' बाट आएका योजना बढी हुँदा प्रदेशको बजेट खर्च न्यून देखिएको बताए। 'जनस्तरबाट छलफल नभई जथाभावी योजना छनोट गर्दा पनि बजेट खर्च हुन सकेन,' उनले भने, 'सरकारले लक्षित क्षेत्रको आवश्यकता नहेर्दा पनि विकास दिगो बन्न सकेको छैन।' स्थानीय तहले नीति र कानुन मिचेरै विकास योजना अघि बढाउँदा बेरुजु बढिरहेको सेजनका अध्यक्ष भीम गौतमले बताए। बजेटको सही सदुपयोग नहुँदा कर्णालीले वर्षौंदेखि विभिन्न अभाव झेल्दै आएको उनको भनाइ छ। प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले कर्मचारीको काम गर्ने प्रविधि पुरानो हुँदा जनताले सरकारको अनुभूति गर्न नसकेको बताए। 'प्रदेश सरकारलाई संघीय र स्थानीय सरकारभन्दा धेरै बोझ र चुनौती छ,' उनले भने, 'प्रदेशको राजस्व सीमा पनि कम हुँदा पनि विकासमा समस्या देखियो।'

# गोदाममा पुस्तक, विद्यार्थी खाली हात

## बजेट पठाउन ढिलो हुँदा शैक्षिक सत्र सुरु भएको एक महिनासम्म पाठ्यपुस्तक पुगेको छैन

**एलपी देवकोटा** (जुम्ला)

फागुन १ गतेदेखि नयाँ शैक्षिक सत्र सुरु हुने जुम्लाका अधिकांश सामुदायिक विद्यालयका विद्यार्थीले अझै पाठ्यपुस्तक पाउन सकेका छैनन्। स्थानीय तहले रकम निकासामा ढिलाइ गर्दा सदरमुकामस्थित पुस्तक पसलका गोदाममा पाठ्यपुस्तक थन्किएका छन्।

व्यवसायीले यस वर्ष समयमै पाठ्यपुस्तक जिल्लामा पुर्‍याएका थिए। तर, विद्यालयले अझैसम्म पुस्तक लगेका छैनन्। 'वर्षौंदेखि पाठ्यपुस्तक समयमै विद्यार्थीको हातमा पुग्न सकेको छैन,' विद्यार्थीका हातहातमा पुस्तक पुग्नुपर्ने माग गर्दै अदालतमा रिट दायर गरेका अधिवक्ता पदमबहादुर शाहीले भने, 'विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा गएपछि झन् समस्या देखिएको छ।' उनले विद्यार्थीले पाठ्यपुस्तक नपाएको भन्दै अदालतमा मुद्दासमेत दायर गरेका छन्।

किताब समयमै पुर्‍याए पनि अधिकांश विद्यालयले खरिद नगरेको पुस्तक व्यवसायी गणेश रोकायाले बताए। 'गोदामभरि किताब छन्, लिनको लागि भने कोही आएका छैनन्,' उनले भने, 'स्थानीय तहको ढिलाइका कारण विद्यालयलाई समयमै पाठ्यपुस्तक खरिदमा अलमल भएको देखिन्छ।' केही विद्यालयलाई उधारो पुस्तक दिएको उनले बताए। उनको गोदामबाट ७२ विद्यालयले मात्र पुस्तक लगेका छन्।

पुस्तक व्यवसायीका अनुसार जिल्लामा २२ हजार सेट पाठ्यपुस्तक आवश्यक भए पनि करिब १० हजार पुस्तक बिक्री हुन्छन्। व्यवसायीले जनक शिक्षा सामग्री केन्द्र, सुर्खेतबाट पुस्तक खरिद गरी ल्याउँछन्। विद्यालयले भुक्तानी दिन ७/८ महिना लगाउँदा एकैपटक सबै पुस्तक जिल्लामा नपुग्ने रोकायको भनाइ छ।

गत वर्ष जुम्लामा पाठ्यपुस्तक बिक्रीका लागि डिपो सञ्चालन गरिएको थियो। यस वर्ष भने व्यवसायीले छुट्टाछुट्टै किताब बिक्री गरिरहेका छन्। जिपी स्टेशनरीले एक महिनामा करिब ९ हजार सेट किताब बिक्री गरिसकेको जनाएको छ। स्टेसनरीले सिँजा क्षेत्रमा किताब बिक्रीको जिम्मा पाएको छ।

पालिकाहरू भने यस वर्ष पाठ्यपुस्तक खरिदमा खासै समस्या नभएको बताउँछन्। चन्दननाथ नगरपालिकाका शिक्षा शाखा प्रमुख खडानन्द चौलागाईंले एक साताअघि विद्यार्थी संख्याका आधारमा विद्यालयको खातामा रकम पठाइसकिएको बताए। 'हामीबाट कुनै समस्या भएको छैन,' उनले भने, 'शिक्षकले को व्यापारीबाट किताब किन्ने भन्ने निर्णय लिन नसक्दा विद्यार्थीले पाठ्यपुस्तक पाउन नसकेका हुन्।'



जुम्लास्थित एक स्टेसनरीको गोदाममा थन्किएका सामुदायिक विद्यालयका पाठ्यपुस्तक देखाउँदै व्यवसायी। *तस्बिर : एलपी/कान्तिपुर*

### अदातलमा रिट

जुम्लालगायत साविक कर्णालीका हिमाली जिल्लामा शैक्षिक सत्र सुरु भए पनि पाठ्यपुस्तक नपुगेको भन्दै अदालतमा रिट दायर भएको छ। शैक्षिक सत्र सुरु भएको तेस्रो सातासम्म पुस्तक नपुगेको भन्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को तर्फबाट अधिवक्ता शाहीले उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा रिट दर्ता गराएका हुन्।

नेपालको संविधानको धारा ४६ को उपधारा १४४ को १ (२) बमोजिम परमादेश आदेश जारी गररिपाऊँ भन्दै रिट दायर गरिएको छ। इन्सेकले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्, कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, प्रदेशको सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र पाँचै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखलाई विपक्षी बनाइएको छ।

जुम्ला इजलासले बिहीबारै सरकारका नाममा अन्तरिम आदेश जारी गर्दै विद्यार्थी विद्यालयमा उपस्थित भएकै दिन हातहातमा पुस्तक हुनुपर्ने भएकाले तत्कालै पाठ्यपुस्तक पुर्‍याउने व्यवस्था गर्न आदेश दिएको छ।

# चुनढुंगा उत्खननमा अवरोध

सल्यान (कास)- शारदा नगरपालिका-६ कजेरीस्थित खामेलेकका बासिन्दाले चुनढुंगा उत्खननमा रोक लगाएका छन्। जथाभावी उत्खननका कारण गाउँ जोखिममा परेको भन्दै खामेलेखबासीले सिमेन्ट उद्योगको कच्चापदार्थ निकाल्न रोकेका हुन्।

चुनढुंगा उत्खननका लागि विश्वकर्मा सिमेन्टले सरकारसँग २० वर्षअघि सम्झौता गरेको थियो। दाङमा स्थापना भएको सिमेन्ट कम्पनीले उत्खननका लागि पटकपटक प्राविधिकलाई खानी क्षेत्रमा पठाए पनि स्थानीयले काम सुरु गर्न दिएका छैनन्। गाउँलाई जोखिममुक्त गराउनुपर्ने र प्रभावित क्षेत्रका बासिन्दालाई रोजगारी दिनुपर्ने प्रमुख माग रहेको स्थानीय इन्द्रबहादुर बुढाथोकीले बताए। 'सिमेन्ट उद्योग अर्कै ठाउँमा सञ्चालन हुँदा अन्यत्रका मानिसले रोजगारी पाएका छन्,' उनले भने, 'जथाभावी उत्खनन हुने भएपछि आएका प्राविधिकलाई फिर्ता पठाएका हौं।' चुनढुंगा खानी भएको क्षेत्रमा सामुदायिक वन भएकाले पनि अवरोध गरिएको उनले बताए। उत्खननका कारण जंगल र वन्यजन्तु पनि संकटमा पर्ने उनको भनाइ छ।

२०४० सालमा खानी तथा भूगर्भ विभागले खामेलेकमा रहेको चुनढुंगाको अध्ययन गरेको थियो। उक्त खानीमा कर्णाली प्रदेशमा सबैभन्दा गुणस्तरीय चुनढुंगा रहेको विभागको भनाइ छ। विभागको अध्ययनअनुसार खानीबाट सय वर्षसम्म चुनढुंगा निकाल्न सकिनेछ। विभागको अध्ययनपछि दाङमा सञ्चालित अन्य सिमेन्ट उद्योगले पनि चासो देखाएका छन्।

उत्खननबाट कौछे, हलचौर, मधमकाँडा र टाकुराका करिब एक हजार घरधुरी प्रभावित हुने स्थानीय बलबहादुर यरीले बताए। चुनढुंगा खानीलाई केही टाठाबाठाले कमाइ खाने भाँडोको रुपमा प्रयोग गरेको उनको आरोप छ। 'चुनढुंगा खानी उत्खननले पर्यावरणीय सन्तुलनमा पनि असर पर्ने देखियो,' उनले भने, 'वातावरण संरक्षणका लागि पनि उत्खनन गर्न दिएका छैनौं।'

स्थानीयको माग पूरा नभएसम्म उत्खनन सुरु नहुने शारदा नगरपालिका-६ का वडाध्यक्ष भीकराज बुढाथोकीले बताए। उनले सम्बन्धित व्यवसायी र प्रदेश सरकारसँग स्थानीयको माग सम्बोधन गर्न आग्रह गरिए पनि बेवास्ता भएको गुनासो गरे। शारदा नगरपालिका प्रमुख सुरेश अधिकारीले खानी उत्खननको अधिकार प्रदेश सरकारसँग पटकपटक पत्राचार गरिएको बताए। 'बस्ती व्यवस्थापन र रोजगारीको प्रक्रिया पूरा गरे उत्खननबारे सोच्न सकिन्छ,' उनले भने, 'जसका लागि प्रदेश सरकार र उद्योग सञ्चालकले स्थानीयको हितलाई ध्यान दिन जरुरी छ।'

# भेरीमा र्‍याफ्टिङ सरर

**हरि गौतम** (रुकुम पश्चिम)

सानीभेरी र ठूलीभेरी नदीमा सजिलै र्‍याफ्टिङ गर्न सकिने भएको छ। जिल्लाका विभिन्न पाँच पालिका भएर बग्ने सानीभेरी र ठूलीभेरी नदीमा र्‍याफ्टिङको सफल परीक्षण भएको हो।

बाँफिकोट, सानीभेरी, मुसीकोट, चौरजहारी र आठबीसकोट पालिकाका विभिन्न स्थानमा र्‍याफ्टिङको सफल परीक्षण गरिएको छ। चार दिन लगाएर गरिएको अध्ययनपछि वर्षायामका केही महिनाबाहेक अरु समयमा सजिलै र्‍याफ्टिङ गर्न सकिने निष्कर्ष निकालिएको संस्कृति तथा पर्यटन विकास केन्द्रको भनाइ छ। केन्द्रले स्थानीय तहसँग समन्वय गरी नमुना जलयात्रा परीक्षण गरेको हो। केन्द्रका अध्यक्ष पहलसिङ घर्तीमगरले पर्यटन प्रवर्द्धन तथा सडकको वैकल्पिक रुटको रुपमा जलयात्रा गराउन परीक्षण गरिएको बताए। 'प्राविधिकसहितको टोलीले सफल परीक्षण गरेपछि व्यावसायिक रुपमा र्‍याफ्टिङ सञ्चालनको पहल सुरु गरेका छौं,' उनले भने, 'यस पटकको परीक्षणले स्थानीय तहका प्रतिनिधि र पर्यटन व्यवसायी उत्साही देखिएका छन्।'

उनका अनुसार आइतबारदेखि बुधबारसम्म दुबै नदीमा जलयात्रा परीक्षण गरिएको हो। केन्द्रले परीक्षणपछि विस्तृत प्रतिवेदन निर्माणको काम सुरु गरिसकेको छ। प्रतिवेदनका आधारमा लगानीको यकिन गरिने केन्द्रले जनाएको छ। विस्तृत प्रतिवेदनमा जीआइएसमार्फत कुन रुटको दूरी कति, स्टेशन कता भन्नेलगायत विवरण आउने घर्तीमगरले बताए। सातजना प्राविधिकको टोलीले दुई डुंगामार्फत परीक्षण गरेको थियो।



रुकुम पश्चिमको सानीभेरी नदीमा जलयात्रा परीक्षण गरिँदै। *तस्बिर : हरि/कान्तिपुर*

बाँफिकोट गाउँपालिका-४ छिन्खेतदेखि मुसीकोट नगरपालिका र सानीभेरी गाउँपालिका भएर सानीभेरी नदी र ठूलीभेरी मिसिएको रिम्ना दोभानसम्मको जलयात्रा परीक्षण गरिएको छ। सानीभेरी गाउँपालिकाको रिम्नादेखि चौरजहारी नगरपालिका हुँदै रुकुम पश्चिम र सल्यानको सिमाना बाँसखोलासम्मको जलयात्रा पनि सफल भएको केन्द्रले जनाएको छ। केन्द्रका अनुसार आठबीसकोट नगरपालिकाको राडीबाट रिम्नासम्म ठूलीभेरी नदीमा जलयात्राबारे पनि परीक्षण गरिएको थियो।


जलयात्राको परीक्षण सफल भएपछि नियमित जलयात्रा गराउन आवश्यक कार्यविधि निर्माणमा जुटेको सानीभेरी गाउँपालिका अध्यक्ष नरबहादुर पुनले बताए। 'जलयात्रालाई मध्यपहाडी लोकमार्ग, स्थानीय खाना, होमस्टे र आसपासका गाउँसँग जोडिनेछ,' उनले भने, 'दुवै नदीमा नियमित र्‍याफ्टिङ सञ्चालन भए समग्र जिल्लाको पर्यटन प्रवर्द्धन हुनेछ।' जोखिमयुक्त यात्रा गर्न रुचाउनेका लागि सानीभेरी नदीको जलयात्रा उपयुक्त हुने प्रारम्भिक निष्कर्ष निकालिएको उनको भनाइ छ।

# एमयूलाई उत्कृष्ट बनाउने प्रतिबद्धता

वीरेन्द्रनगर (कास)- मध्यपश्चिमाञ्चल विश्वविद्यालय (एमयू)का नवनियुक्त उपकुलपति नन्दबहादुर सिंहले काम ठग्ने प्रवृत्तिको अन्त्य गर्ने बताएका छन्। बिहीबार वीरेन्द्रनगरस्थित केन्द्रीय कार्यालयमा पदभार ग्रहण गर्दै उनले राम्रो काम गर्ने प्राध्यापक र कर्मचारीलाई उचित मूल्यांकन गर्ने र जिम्मेवारीबाट भाग्नेलाई दायरामा ल्याइने बताए।

नेपालका विश्वविद्यालयहरूमा 'हाटा' (हाजिर गर्ने, टाप कस्ने) प्रवृत्ति हावी रहेको भन्दै उनले एमयूमा त्यसो हुन नदिने बताए। उनले प्राध्यापकहरूलाई अख्तियारको ढोकामा जानुपर्ने अवस्थाको अन्त्य गर्ने प्रतिबद्धता पनि जनाए। 'शिक्षामा भ्रष्टाचार हुने देश सभ्यतामा सबैभन्दा तल हुने गर्छ, विश्वविद्यालयका पदाधिकारी र प्राध्यापक अख्तियार पुग्नु दुर्भाग्य हो,' उनले भने, 'प्रोफेसर बिग्रिए देश बिग्रन्छ, त्यसैले म विश्वविद्यालयका प्रोफेसर बिग्रन दिन्नँ।' एमयूका संस्थापक पदाधिकारीका साथै अन्य विश्वविद्यालयका पदाधिकारीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएकोप्रति इंगित गर्दै उनले यस्तो बताएका हुन्।

उपकुलपति सिंहले सबै विचारको सम्मान गर्ने बताए। विश्वविद्यालयमा आउने विद्यार्थीलाई प्राध्यापकका फरक विचारका पीडित बन्न नदिने उनले प्रतिबद्धता जनाए। 'विचारका आधारमा विद्यार्थीलाई पीडा दिने प्राध्यापक शैक्षिक अपराधी हो,' उनले भने, 'तर कुनै विद्यार्थीले पढ्दैन र अपराध गर्छ, शक्ति देखाएर विश्वविद्यालयको सम्पत्ति ध्वस्त गर्छ भने राज्य चुप लागेर बस्ने छैन।' कर्णालीको भूगोल सुहाउँदो प्राविधिक शिक्षा विश्वविद्यालयमा लागू गर्ने उनले बताए। एमयूलाई अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक थलो बनाउन केही दिनमै कार्ययोजना बाहिर ल्याउने उनको भनाइ छ। एमयूले करिब पाँच महिनापछि उपकुलपति पाएको हो।













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | कान्ति क्षय | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकंक्षा पुर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | दुविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | वैभव प्राप्ति | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल चैत्र १ गते शनिबार तदनुरुप १४ मार्च २०२० चैत्र कृष्णपक्ष पञ्चमी तिथि दिनको १२:३० बजेसम्म उप्रान्त षष्टि तिथि, विशाखा नक्षत्र साझँको ६:२० बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, हर्षण योग रात्रिको ११:२५ बजेसम्म उप्रान्त वज्र योग, तैतिल करण दिनको १२:३० बजेसम्म उप्रान्त गर करण, तुला राशिमा चन्द्रमा दिनको १२:३८ बजेसम्म उप्रान्त वृश्चिक राशिमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हवाट द फ्लप (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | बलियो घर (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | सुमनसँग (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हर्के हल्दार (रिपिट) |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हेर्ने कथा (रिपिट) |
| ३:०० | हवाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | सुमनसँग (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | फिल्म टनिक |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हर्के हल्दार |
| १०:०० | फिल्म टनिक (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | फिल्म टनिक (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हर्के हल्दार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | प्राविधिक डायरी |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (महिमा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | शैली (भूपेन्द्र) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (सागरिका) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (महेश) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (महेश) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | द राहुल भुजेल सो |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ओल्डी गोल्डी (स्मीता) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०२ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०२/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८९८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक २४ गोदावरी | ३० फागुन २०७६ शुक्रबार चैत्र कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 13, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ

# अनअराइभल भिसा वैशाख १८ सम्म बन्द

- स्थल मार्गबाट पनि विदेशी आउन नपाउने
- भारततर्फको आउजाउ निश्चित नाकाबाट मात्रै
- हिमाल आरोहण र श्रम स्वीकृति बन्द

**जगदीश्वर पाण्डे** (काठमाडौं)

कोरोना भाइरस (कोभिड-१९) संक्रमणको त्रास बढेसँगै नेपाल र भारतबीच आउजाउका लागि केही निश्चित सीमा नाका मात्र सञ्चालन गरिने भएको छ । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले व्यवस्थित भन्सारसहितका नाकाबाट मात्र स्वास्थ्य परीक्षण गरी आवागमनको व्यवस्था मिलाउने निर्णय गरेको छ । भारतीय स्वास्थ्य मन्त्रालयले पनि बुधबार सूचना जारी गर्दै 'सडक मार्ग हुँदै आउने विदेशीको आवागमनलाई पर्याप्त स्वास्थ्य परीक्षण सुविधा भएका अध्यागमन जाँच चौकीसहितका नाकामा सीमित गरिने' भनेको थियो ।

अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले कोभिड-१९ को महामारीबाट बच्न भारतसँग जोडिएका खास-खास नाकाबाट मात्र व्यवस्थित रूपमा आउजाउ गर्न गृह र परराष्ट्र मन्त्रालयले समन्वय गरेर काम गर्ने बताए । व्यवस्थित नाकामा काँकडभिट्टा, जोगबनी, रक्सौल, भैरहवा र कञ्चनपुर छन् । चीनतर्फका नाका बन्द गरिसकिएका छन् ।

खतिवडाले बैठकमा संक्रमण जोखिमको समीक्षा गरिएको बताए । 'दक्षिणतर्फ भारतमा पनि संक्रमित व्यक्तिहरू बढ्दै गरेकाले हामीले कस्तो सतर्कता अपनाउने भनेर बैठकमा छलफल गर्‍यौं,' उनले भने । बाँकी पृष्ठ ५

कोरोना संक्रमणसम्बन्धी थप समाचार पृष्ठ ५ मा


रासस


पर्वत पोर्तेल

प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठक (बायाँ) । र, काँकडभिट्टास्थित पूर्वी नाकामा रहेको हेल्थ डेस्कमा युक्रेनी दम्पतीको ज्वरो नापिँदै । ज्वरो १ सय ४ डिग्री फरेनहाइटभन्दा माथि हुनुका साथै रुघाखोकीसमेत लागेकाले आइसोलेसनमा बस्न आग्रह गर्दा नमानेपछि उनीहरूलाई भारततर्फ फर्काइएको छ । समाचार पृष्ठ ५ ।

## नेपाली र भुटानीबाहेकलाई भारत प्रवेशमा रोक

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

कोभिड-१९ को संक्रमण विस्तारसँगै भारतले शुक्रबारबाट लागू हुने गरी विदेशी नागरिकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएको छ । त्यस्तो रोक भिसा लिनुपर्ने मुलुकहरूका लागि मात्र भएकाले नेपालीले आउजाउ गर्न पाउनेछन् ।

भारतीय उच्च अधिकारीहरूको बुधबारको बैठकले शुक्रबार १२ बजेबाट लागू हुने गरी भिसा लिनुपर्ने मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको हो । नेपाल र भुटानका नागरिकले भारत पस्न भिसा लिनुपर्दैन । भारतले तेस्रो मुलुकका नागरिकलाई हवाई मार्ग हुँदै आउन रोक लगाएको हो । कोभिड-१९ संक्रमणको शंका लाग्यो भने हवाई मार्ग हुँदै भारत आउने नेपालीले १४ दिन क्वारेन्टाइनमा बस्नैपर्छ ।

भारतले कोभिड-१९ संक्रमणको जोखिम घटाउन स्थल मार्गका प्रवेशबिन्दुहरूमा पनि कडाइ गरेको छ । नेपालतर्फ पनि पर्याप्त स्वास्थ्य परीक्षण सुविधासहित केही ठूला नाका मात्र सञ्चालन गर्ने तयारी छ । अन्य साना नाका बन्द गरिए रोजगारीलगायतका प्रयोजनका लागि भारत आउने नेपाली प्रभावित हुनेछन् । यसले तराईका ग्रामीण भेगका बासिन्दालाई ज्यादा असर पार्नेछ ।

नेपाल-भारतबीचको १७५१ किलोमिटर खुला सीमामा औपचारिक रूपमा करिब दुई दर्जन नाका चलेका छन् । तीमध्ये पाँच प्रमुख नाका हुन् । दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता हरि ओडारीले नाकामा स्वास्थ्य परीक्षणबाहेक अन्य कुनै किसिमको अवरोध नभएको बताए । बाँकी पृष्ठ ५

## आपूर्तिमा असर पर्दैन : मन्त्रालय

**कृष्ण आचार्य र राजु चौधरी** (काठमाडौं)

कोभिड-१९ संक्रमण फैलिन नदिन मानिसको आउजाउमा कडाइ गरिए पनि नेपाल र भारतबीचको आपूर्ति प्रणालीमा असर नपर्ने सरकारले जनाएको छ । संक्रमणको जोखिमले मानिसको आउजाउमा कम हुँदै गई आपूर्ति प्रणालीमा समस्या देखिए के गर्ने भनेर विकल्पमा समेत गृहकार्य थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

'भारतीय दूतावासले नेपाली नागरिकको आउजाउ नरोक्ने भनिसकेको छ, त्यसैले हाम्रो व्यापारको प्रमुख मुलुक भारतसँगको आयात-निर्यातमा समस्या पर्दैन,' आपूर्ति सचिव बैकुण्ठ अर्यालले भने ।

नेपालमा दैनिक उपभोग्य, औषधि, पेट्रोलियम पदार्थसहित ६० प्रतिशतभन्दा बढी सामग्री भारतबाट आयात हुन्छ । नेपालबाट निर्यात पनि सबैभन्दा बढी भारतमै हुन्छ । तेस्रो मुलुकबाट पनि भारत हुँदै सामान नेपाल भित्र्याइन्छ । भन्सार विभागको तथ्यांकअनुसार यस वर्षको ७ महिनामा विश्वभरबाट आयात भएका सामग्रीमध्ये ६१ प्रतिशत भारतबाट हो । यस अवधिमा ८ खर्ब ३ अर्ब रुपैयाँको सामग्री आयात भएकामा भारतबाट करिब ४ खर्ब ९६ अर्ब रुपैयाँको सामान भित्रिएको छ । बाँकी पृष्ठ ५

## भित्र

समाचार । २



'अनि हिउँ छिचोल्दै नेपाल फर्किएँ'

समाचार । २

अब मानव बेचबिखन मुद्दा अन्तर्राष्ट्रिय अदालतमा

समाचार । ३

नेकपा एमसीसी कार्यदलको निष्कर्ष- 'पूरक सम्झौता गर्नु बेइमानी'

समाचार । १०

किशोरी अपहरण गर्ने चन्द समूहका १४ जना हतियारसहित पक्राउ

अर्थ वाणिज्य । १३



घरफिर्ती केन्द्रमा नेपालीको चाप बढ्यो

# कञ्चनपुरको ५० बिघा भूभाग भारततिर

**भवानी भट्ट** (कञ्चनपुर)

- बेलौरी नगरपालिकाका ४० परिवारको जग्गा र महाकाली सिँचाइ आयोजनाको नहर पनि भारतपट्टि
- सीमास्तम्भ गाड्न भारतले नेपाली भूमिमा खाल्डो खन्न थाल्यो

तत्कालीन बैतडी जिल्ला पञ्चायतले कञ्चनपुरको सीमा क्षेत्रमा पूर्वसैनिकलाई बसोबास गराउने निर्णय गरेपछि दार्चुलाको लाली क्षेत्रका दिलराज पन्त भारतीय सेनाको जागिर छाडेर घर फर्किए । उनी हालको बेलौरी नगरपालिकाको भुडा क्षेत्रमा बसोबास गर्न थाले ।

त्यतिबेला उनले पाएको डेढ बिघा जमिन अहिले भारतीय क्षेत्रमा परेको छ । पछिल्लो पटक संयुक्त सीमा सर्भे टोलीले विगतको सीमाभन्दा निकै वर आएर पिल्लर गाड्न खोजेको छ । 'यही सीमा रक्षाका लागि हामी चोर र डाँकाहरूसँग लडेर यहाँ बस्यौं,' पन्त भन्छन्, 'अहिले त्यही जमिन पनि भारतमा पर्ने देखिएको छ ।'

साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ । चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ । यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा परेको छ ।

'हामीसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छौं, पानीपोत पनि तिरिरहेका छौं,' पन्त भन्छन्, 'अहिले आएर यो जमिन भारतमा कसरी पर्‍यो, जसको रक्षाका लागि हामीलाई बसाइयो, त्यही जमिन भारतमा कसरी हालियो ।' उनका अनुसार गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ । ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएका हुन् ।

खेमराज पन्तको पनि २०२८ मा बुबा जयदत्त पन्तले पाएको आधा बिघा जमिन अहिले भारतमा परेको छ । जयदत्त दिलराजसँगै २०२८ मा पूर्वसैनिकलाई सीमामा बसाउन थालेपछि यहाँ आएका हुन् । उनले पनि डेढ बिघा जमिन पाएका थिए । 'सुरुमा चार बिघा दिने भनिएको थियो, २०५४ मा नापी हुँदा डेढ बिघा मात्रै दिइएको हो,' खेमराजले भने, 'सरकारले यसरी दिएको जमिनमा अहिले संयुक्त टोलीले पिल्लर हाल्दै छ ।'

बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीको पनि अढाई बिघा जमिन पूरै भारततर्फ परेको छ । 'भारतीय भूभाग थियो भने हामीलाई कसरी लालपुर्जा दिइयो, अनि भारतीय भूभागमै नहर कसरी निर्माण भयो ?' उनले सोधे । उनका अनुसार ४० भन्दा बढी परिवारको ५ कट्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतमा जाने देखिएको छ । बाँकी पृष्ठ १४

सीमासम्बन्धी संकल्प प्रस्ताव संसद्को कार्यसूचीबाटै हटाइयो
पृष्ठ १४

# उकालो लाग्दै बाघ

स्याटेलाइट रेडियो कलरको रेकर्डमा एउटा बाघ प्रेमिका (पोथी) को खोजीमा नहर, खेत, जंगल र सडक हुँदै दुई हजार किमिसम्म हिँडेको देखिन्छ, जसले बाघ धेरै यात्रा गर्न सक्ने पुष्टि भएको छ

**अब्दुल्लाह मियाँ** (काठमाडौं)

पहाडी क्षेत्रका विभिन्न भेगमा चितुवा आतंक बढिरहेका बेला पाटे बाघ पनि उच्च भागतिर बसाइँ सर्न थालेका छन् । राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल कम भएकाले बाघ उँभो चढेका हुन् । भुटानमा ४२ सय र भारतको उत्तराखण्डमा २९ सय मिटरमा भेटिएका बाघ नेपालमा पनि ८ सय मिटर उचाइसम्म उक्लिसकेका छन् । चुरे र दुन क्षेत्रका बस्तीमा यिनीहरू देखिन थालिसकेका छन् ।



जलवायु परिवर्तनका कारण आहारमा आएको फेरबदलले बाघका आहार मृग प्रजाति र बँदेल उच्च भागतिर सर्दै गएकाले बाघ पनि उकालो लागेको हो । नेपाल र भारतमा बाघ प्रायः तल्लो तटीय क्षेत्रको सयदेखि दुई सय मिटर उचाइमा छन् । पछिल्लो अध्ययनले नेपालमा २ सय ३५ र भारतमा २ हजार ९ सय ६७ बाघ देखाएको छ । दुई वर्षअघिको सर्वेक्षणमा नेपालका १२ जिल्ला बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, सल्यान, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुरमा बाघ भेटिएका थिए । डब्लूडब्लूएफ नेपालका बाघविज्ञ कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार उपलब्धता र कोलाहल नहुने हो भने नेपालमा पनि तल्लो क्षेत्रमा रहेका बाघ उच्च भागसम्मै जान सक्छन् । बाँकी पृष्ठ १४



# आयुर्वेदिक उपचार गर्ने बढे



बैतडी (कास)- दशरथचन्द नगरपालिका-६ शेराका सुरेन्द्र कार्कीलाई शरीर पोल्ने समस्याले सताएको थियो। रोगले च्यापेपछि त्यस्तै समस्या भोगेर सञ्चो भएका एकजना साथीले आयुर्वेदिक उपचारबाट सञ्चो भएको बताएपछि उनी पनि जिल्ला आयुर्वेद औषधालयमा उपचार गराउन थाले। केही दिनको उपचारपछि आराम अनुभव भएपछि आयुर्वेदिक उपचारमा विश्वास बढेको उनले बताए। 'पहिलाभन्दा त धेरै सञ्चो भइसक्यो,' कार्कीले भने, 'वर्षौंदेखिको समस्याबाट छुटकारा पाइन्छ कि भन्ने आस बढेको छ।'

यसअघि बिरामी भएपछि सरकारी तथा निजी अस्पतालमा गए पनि खासै फरक नपरेको उनले सुनाए। 'सेका लाएर (दुखेको अंगमा सेक्ने प्रविधि) उपचार गरेपछि ठिक हुन्छ भन्ने सुनेर आयुर्वेदिक औषधालयमा गएको हुँ। त्यसबाट धेरै सञ्चो भयो,' उनले भने।

१४ वर्षअघि शरीरमा चोट लागेर दशरथचन्द-११ कि नन्दादेवी चन्दले शरीर दुख्ने समस्या खेप्दै आएकी थिइन्। पीडाले राति निद्रा पर्दैनथ्यो। आयुर्वेदिक उपचार गराएपछि भने धेरै फरक परेको उनको अनुभव छ। 'अहिले त रातभर आनन्दले सुत्न पाइएको छ,' उनले भनिन्, 'बाफबाट सेक्ने र औषधि खाँदा फाइदा पुर्‍यायो।'

पछिल्लो समय यहाँका स्थानीय आयुर्वेदिक उपचार विधिमा आकर्षित भएका छन्। दुई वर्ष अघिसम्म आयुर्वेदिक उपचार गराउन आउनेहरू फाट्टफुट्ट मात्र हुन्थे। अहिले दैनिक २५ जना उपचार गर्न आउने गरेको जिल्ला आयुर्वेदिक औषधालयले जनाएको छ। जडिबुटी र प्राकृतिक चिकित्सा पद्धतिबाट उपचार हुने भएकाले विश्वास बढेको औषधालयका प्रमुख नरेन्द्रप्रसाद कलौनीले बताए।

बैतडीमा चार वटा आयुर्वेद औषधालयहरू छन्। दशरथचन्द-४ मा बैतडी आयुर्वेद, २ मा मुस्याचौर आयुर्वेद, मेलौली नगरपालिकामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र सिगास गाउँपालिकाको गाजरीमा गाजरी आयुर्वेद औषधालय सञ्चालनमा छन्। ती औषधालयमा बाथरोग, कब्जियत, पायल्स, खोकी, दम, उच्च रक्तचाप लगायतका २७ भन्दा बढी रोगहरूको उपचार हुने गरेको वरिष्ठ वैद्यसमेत रहेका कलौनी बताउँछन्। उनका अनुसार चार वटै कार्यालयमा आउने सेवाग्राहीको संख्या जोड्दा दैनिक सय नाघ्छ। पछिल्लो ६ महिनामा आठ हजार चार सय ९७ बिरामीले सेवा लिएका उनले बताए।

पछिल्लो समयमा प्रचार र रोग निको हुने गरेको चर्चा बढ्दै गएपछि बिरामीहरू उपचारका लागि आउने गरेको आयुर्वेद स्वास्थ्यकर्मी बताउँछन्। स्थानीय तहले आयुर्वेदिक उपचार पद्धतिलाई प्रवर्द्धन गर्ने नीति लिएपछि प्रभाव बढेको कलौनीको बुझाइ छ। योग शिविर, स्वास्थ्य शिविरलगायत कार्यक्रममा स्थानीय तहले बजेट व्यवस्थापन गर्न प्राथमिकता दिन थालेको उनले बताए। सेवाप्रति स्थानीयको विश्वास बढेको देखेर आवश्यक सहयोग गर्ने योजना बनाएको दशरथचन्द नगरपालिकाकी उपप्रमुख मीना चन्द बताउँछिन्।



कञ्चनपुरको बेलौरी नगरपालिका-१० भुडामा उखु रोप्दै किसान। जिल्लाको दक्षिणी भेगका अधिकांश किसान आर्थिक उपार्जनका लागि उखु खेतीमा निर्भर छन्। *तस्बिर : भवानी भट्ट/कान्तिपुर*

# जता सडक, उतै बजार

नयाँ सडक बन्नु र यसअघिको सडकको रुट परिवर्तन हुँदा पुराना र चल्तीका बजारमा व्यवसाय गर्दै आएका अधिकांश पलायन भएका छन्। कतिपय भने सडकको पहुँचसँगै विस्तार भएका नयाँ बजारतर्फ स्थानान्तरण भएका छन्।

**मनोज बडू** (दार्चुला)

लिकार्जुन गाउँपालिका-७, जौलजीवी चल्तीको बजार थियो। भारतीय सडकको भरमा रहेको दार्चुला २०६४ मा सडक सञ्जालमा जोडिएपछि भने यो बजार सुनसान हुन पुग्यो। सदरमुकाम खलंगापछिको दोस्रो ठूलो बजार थियो, जौलजीवी। भारतसँगको सीमा नाका र सडक नहुँदासम्म भारतीय बजारमा निर्भर लेकम क्षेत्रका स्थानीयको किनमेल गर्ने स्थान यही बजार थियो। अहिले त्यस्तो छैन।

स्थानीय बहादुर चन्दले उक्त बजार दार्चुलामा सडक नबन्दासम्म जिल्लाकै बढी चल्तिको बजार रहेको सुनाए। 'साबिकको मध्य लेकम क्षेत्र भएर महाकाली राजमार्ग निर्माण भएपछि यहाँ चहलपहल घटेको हो,' उनले थपे, '२०७० मा महाकाली नदीमा आएको बाढीले नेपाल-भारत जोड्ने झोलुंगे पुल बगाएपछि त ठप्पै भयो।' तीन वर्षपछि उक्त पुल पुनर्निर्माण त भयो, तर बजारको चहलपहल फर्किएन। सडक विस्तारसँगै नयाँ बजार बन्न थालेपछि पुराना बजार रित्तिँदै गएका हुन्। जौलजीवी उकु, डाँडाकोट, शंकरपुर, मालिकार्जुन, हुनैनाथ, रिठौचापाता, खरकडा, ग्वानी, रानिशिखर, धुलीगढालगायत ठाउँहरूको मुख्य बजार थियो। हाल सबै ठाउँमा सडक सञ्जाल जोडिएपछि स्थानीयस्तरमै बजार विस्तार भएका उनको भनाइ छ। जौलजीवी नाका भएर चलेका सलेती, गौज्यागाडा, पस्ती, आनन्द बजार र मार्मा क्षेत्रको भैसेबगडलगायतका बजार अहिले चल्तिमा छैनन्।


त्यस्तै दुहूबासीका लागि पिपलचौरीको भाडी बजार किनमेलको केन्द्र थियो। अहिले त्यहाँको बजार हिकिलामा विस्तार भइरहेको छ। हिकिला दुहू गाउँपालिकाको केन्द्र हो। हिकिला हुँदै तिंकर सडकको ट्र्याक खन्न थालिएपछि भाडीसँगै जैतपुर, तिमुरबाटा, पिपलचौरीलगायतका बजार विस्थापित भएको स्थानीय परमानन्द भट्टले बताए। भाडी बजारमा पिपलचौरी, हिकिला, बासपाली, धारी, गरमोरालगायत स्थानबाट किनमेलका लागि मानिसहरू आउँथे। 'दुहु क्षेत्रको मुख्य बजार भाडीमा दुई/तीन वर्ष अघिसम्म चहलपहल हुन्थ्यो,' उनले भने, 'सडक हिकिला हुँदै गएपछि बजार सुनसान बन्न पुगेको छ।' यात्रुहरू व्यापारका लागि मुख्य उपभोक्ता रहने तर सुदूरपश्चिमकै 'लाइफलाइन' मानिने महाकाली करिडोरले नछोएपछि भाडी बजार ठप्पजस्तै बनेको हो।

व्यापार हुन छाडेपछि स्थानीय व्यवसायी र व्यापारीले पेसा परिवर्तन गरेका छन्। केही भने आसपासका नयाँ बजारतर्फ सरेका छन्।

खलंगा-देथला सडक निर्माण हुनु अगाडिसम्म महाकाली नगरपालिका-३ काटै बजारमा चहलपहल हुन्थ्यो। बजारको अर्कोपट्टिबाट (महाकाली नदी पारि) सडक निर्माण भएपछि काटै बजार पूर्णरुपमा बन्द भएको छ। यही सडकमा पर्ने सेला, मुल्लाको बजारको व्यवसाय पनि प्रभावित भएको छ। गोकुलेश्वर-खार-दल्लेक-खलंगा सडकमा पर्ने धुलीगडा, सिप्टी लगायतका बजार विस्थापित भइसके। पञ्चायतकालमा बनाइएका गोरेटा र घोडेटाहरू पनि अहिले चलनचल्तिमा छैनन्। सडकको रुट पनि परिवर्तन भएकाले पुराना र चल्तीका बजारमा व्यवसाय गर्दै आएका अधिकांशले आफ्नो पेसा, व्यवसाय तथा व्यापार छाडिसकेका छन्।

दल्लेक सडक नबन्दासम्म यो मार्ग भएर मुल्ला, मैखोली, खार, इयरकोट, सिप्टी, शेरी, तपोवन, सितोला, घुसा खण्डेश्वरीलगायत ठाउँका बासिन्दाहरू सदरमुकाम आवतजावत गर्थे। 'पुराना चहलपहल हुने बजार क्षेत्रसँग सडक नजोडिँदा आवतजावत घट्दै गएको छ,' काटैका स्थानीय भोजराज जोशीले भने, 'खारभन्दा माथि जाने मानिसहरू सदरमुकामको काम सकेर राति बास बस्न काटै आउँथे। बिहानै उठेर उनीहरू आफ्नो गन्तव्यमा जान्थे।'

महाकाली करिडोर र धुलगिडा-खार-दल्लेक-खलंगा सडक खण्डमा पर्ने मेतखेत, बगौरा, ऐरिछाना, पन्याबाज, दल्लेक, होपरीगाड, गरमोरा, हिकिला, सुन्सेरा लगायतका बजारहरू भने चम्किन थालेका छन्। सडक सञ्जालले बस्तीहरू जोडिएपछि धेरै सुविधा भएको व्यास गाउँपालिका-४, सुन्सेराका कृष्णानन्द भट्ट बताउँछन्। सडक पुगेपछि मात्रै अन्य सेवासुविधा पनि बिस्तारै मिल्ने उनको भनाइ छ।



दार्चुलाको शैल्यशिखर नगरपालिकास्थित पनेबाजमा सडक पुगेसँगै खुलेका नयाँ पसल। *तस्बिर : मनोजू/कान्तिपुर*

# पुन:स्थापनाको बजेट आएन

**डीआर पन्त** (डडेलधुरा)

झन्डै ३० वर्ष उनी हलिया बसे। भागेश्वर-४ का लालबहादुर माली थरका कारण हलियामा सूचीकृत हुन भने सकेनन्। लालबहादुरको मृत्युपछि छोरा रामले पनि उस्तै सास्ती भोगे। चार वर्षको प्रयासपछि मात्र मुक्त हलियामा सूचीकृत भएका रामले सरकारको पुन:स्थापना कार्यक्रमअन्तर्गत पाउनु पर्ने रकम हात पार्न भने सकेनन्। प्रमुख जिल्ला अधिकारीलाई गुहारेपछि मात्रै मालपोत कार्यालयले उनलाई बैंक खाता खोल्न भन्यो। तर, रकम पाउने समयमा भने पुन:स्थापना कार्यक्रम स्थानीय तहको जिम्मेवारी आयो। यसपछि त झन सहज हुन्छ भन्ने ठानेका उनलाई सोचेजस्तो भएन। उनी हालसम्म पनि उक्त रकम पाउनबाट वञ्चित छन्।


गन्यापधुरा-३ का जयबहादुर भूलले पनि तीन वर्षदेखि हलिया पुन:स्थापना कार्यक्रमबाट पाउनु पर्ने रकम पाएका छैनन्। गत वर्षको रकम गाउँपालिकाले बाँडेन। पहिलो किस्ता पाएर घर निर्माण सुरु गरे पनि रकम नपुगेर अधुरै छ। अहिले त अधुरै घर पनि भत्किने अवस्थामा छ। 'पटक-पटक मालपोत कार्यालय धाएँ, कहिले १० हजार मागियो, कहिले १५ हजार। दिन नसकेपछि मेरो खातामा रकम आएन,' भूलले दुखेसो पोखे, 'गाउँपालिकाले गत वर्षको रकम हिनामिना गर्‍यो भन्ने सुनेको हुँ।' स्थानीय तहमा जिम्मेवारी आएको सुनेर खुसी भएका धेरैले अहिले सास्ती भोग्नुपरेको उनले गुनासो गरे।

सरकारले हलिया पुन:स्थापना कार्यक्रम स्थानीय तहको क्षेत्राधिकारमा राखेको दुई वर्ष पुग्न थालेको छ। तर, हालसम्म कार्यक्रम नै सुरु हुन सकेको छैन। घर र जग्गा नभएका मुक्त हलियालाई पाँच लाख २५ हजार, जग्गा भएका तर घर नभएकालाई तीन लाख २५ हजार, जग्गा र सामान्य घर भएकालाई मर्मतस्वरुप एक लाख २५ हजारदेखि एक लाख ५० हजारसम्म दिने सरकारले तोकेको थियो।

संघीय सरकारले गत वर्ष कार्यक्रमअन्तर्गतको बजेट अन्तिम चौमासिकमा पठाएको थियो। उक्त बजेट स्थानीय तहले हलियालाई वितरण गर्न नसकेर आएको केही दिनमै फिर्ता पठाए। सशर्त अनुदान अन्तर्गतको उक्त बजेट एक महिनामै कार्यान्वयन गर्न नसक्ने अवस्था आएपछि फिर्ता पठाएको स्थानीय तहहरू बताउँछन्। केही स्थानीय तहले भने रकमान्तर गरेर अन्य शीर्षकमा समेत खर्च गरेका थिए।

अन्य विकास बजेट आव अन्त्यमा पठाउँदा अनियमितता र काममा गुणस्तर कायम हुन सकेको देखिँदैन। मुक्त हलिया पुन:स्थापनाको बजेटमा पनि संघीय सरकारले खेलवाड गरेकोमा मुक्त हलिया अगुवा राजु भूलले गुनासो गरे। यो वर्ष पनि अहिलेसम्म उक्त कार्यक्रमको बजेट नआएको नवदुर्गा गाउँपालिका प्रमुख कविन्द्र बिष्टले बताए। 'आर्थिक वर्षको अन्त्यमा आएको बजेट कार्यान्वयन गर्न नसकेर गत वर्ष रकम फिर्ता भएको हो। अहिले पनि समयमा रकम आएको छैन,' उनले भने। वर्गीकरणमा परेका मुक्त हलियालाई विभिन्न उद्देश्यका लागि रकम उपलब्ध हुने प्रावधान छ। घर निर्माण, जग्गा खरिद, घर मर्मतका लागि दिनुपर्ने बजेट एकै महिनामा कार्यान्वयन गर्न नसकिने उनी बताउँछन्।

समयमा अख्तियारी दिनुपर्ने माग राख्दै भूमिसुधार मन्त्रालयसमेत पुगेको बताउँदै गाउँपालिका प्रमुख विष्टले मन्त्री र सचिवसँग भेटेरै कुरा राखे पनि सुनुवाइ नभएको बताए। कार्यक्रमको संरचनाअनुसार पहिलो किस्ताबाट आधा काम सम्पन्न भएपछि दोस्रो किस्ता र पुरै काम सम्पन्न भएपछि अन्तिम किस्ता रकम पाउने प्रकृया तय गरिएको छ। यसअघि प्रजिअ अध्यक्ष रहेको पुन:स्थापना कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई जिम्मेवारी दिएपछि संघीय सरकारले चासो राख्न छोडेको गुनासो मुक्त हलिया अगुवा र स्थानीय तहका प्रतिनिधिहरूको छ।










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | कान्ति क्षय | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकंक्षा पुर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | दुविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | वैभव प्राप्ति | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल चैत्र १ गते शनिबार तदनुरुप १४ मार्च २०२० चैत्र कृष्णपक्ष पञ्चमी तिथि दिनको १२:३० बजेसम्म उप्रान्त षष्टि तिथि, विशाखा नक्षत्र साँझको ६:२० बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, हर्षण योग रात्रिको ११:२५ बजेसम्म उप्रान्त वज्र योग, तैतिल करण दिनको १२:३० बजेसम्म उप्रान्त गर करण, तुला राशिमा चन्द्रमा दिनको १२:३८ बजेसम्म उप्रान्त वृश्चिक राशिमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:३० | सुमनस[illegible]ग (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ५:०० | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान | ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | भजन | ६:३० | फिल्म टनिक |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्युज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप (रिपिट) | ९:०० | हर्के हल्दार |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | फिल्म टनिक (रिपिट) |
| १०:३० | बलियो घर (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर न्यूज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | सुमनस[illegible]ग (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | हर्के हल्दार (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | रजतपट (रिपिट) | १:३० | फिल्म टनिक (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | हेर्ने कथा (रिपिट) | २:३० | बलियो घर (रिपिट) |
| ३:०० | ह्वाट द फ्लप (रिपिट) | ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | कान्तिपुर समाचार | ४:०० | हर्के हल्दार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | | | |
|---|---|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | सौराई (कृष्ण मल्ल) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | प्राविधिक डायरी | १६:०५ | द राहुल भुजेल सो |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (महिमा) | १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | आधा आकाश (कमला पन्थी) |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | शैली (भूपेन्द्र) | २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| १०:०० | स्पोर्ट्स् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | फेमिना (दिपाञ्जली) | २२:०० | ओल्डी गोल्डी (स्मीता) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | इलिभेन्थ आवर (संजय) |
| १२:१० | टप अफ द टप्स (सागरिका) | २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| १३:०५ | के छ नेपाल (महेश) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (महेश) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)